# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०५

मूल्य रु. २५/-, भारतमा भा.रु. १८/-



किन आयो नेपालमा अमेरिकी सेना ?



# नेपाल र ओलीबीचको बहस

## एमाले महाधिवेशनबाट जनताको अपेक्षा


The Formidable
POWER of 15 HORSES
Packed into a high power motorcycle
with exceptional ECONOMY
The male among bikes doesn't have a challenger yet !
2 YEARS UNLIMITED WARRANTY
pulsar
DEFINITELY MALE
"Solid Muscles"
PRISMA-O&M/10157/02
Instant Finance* available in Kathmandu
• 180 cc, 15 BHP with electric starter and disc brake - Price Rs. 1,31,900/- • 150 cc, 12 BHP with electric starter and disc brake - Price Rs. 1,17,900/- • 150 cc, 12 BHP with disc brake - Price Rs. 1,09,900/-
To check out your Pulsar visit any of the following showrooms.
HH Sole Authorised Dealer :
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No.: 220094 / 230001
Golchha Organisation
Bhatbhateni Super Market Complex, Tel: 438104; Bhaktapur, Tel: 611777; Pokhara, Tel: 22315; Narayangadh, Tel: 23689; Rajbiraj,Tel: 20502; Birgunj, Tel: 22646; Hetauda, Tel: 20265; Lahan, Tel: 60987; Biratnagar, Tel: 24476; Janakpur, Tel: 21300; Dharan, Tel: 22682; Damak, Tel: 82096; Dang, Tel: 60743; Dhangadi, Tel: 22058; Birtamode, Tel: 40028; Butwal, Tel: 44549; Bhairawa, Tel: 22967; Palpa, Tel: 20946; Nepalgunj, Tel: 22751;Taulihawa, Tel: 60416, Ilam, Tel: 40236, Mahakali Tel: 24311.
Kawasaki
NEPAL'S LARGEST SELLING BIKES
( Conditions Apply)*

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २१, पूर्णाङ्क- १०५
माघ-फागुन - २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ


**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
श्याम खड्का
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
कार्यालय
"मूल्याङ्कन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

**मूल्य : रु. २५/-**


## नेकपा एमालेको सातौं महाधिवेशन



# माधव नेपाल र खड्ग ओलीबीचको बहस

○ एमाले महाधिवेशनबाट जनताको अपेक्षा
○ एमालेलाई डा. चैतन्य मिश्र र खगेन्द्र संग्रौलाको सुझाव

## बहस

○ किन चाहियो संविधानसभा यतिखेर ?
– श्याम श्रेष्ठ
○ अग्रगामी निकासको माध्यमः संविधानसभा
– शंकर पोखरेल
○ वर्तमान राजनीतिको निकास
– डा. लोकराज बराल



## किन आयो नेपालमा अमेरिकी सेना ?

## ब्यारेकमा दुई किशोरीको जघन्य बलात्कार




## एशियाली सामाजिक मंचको सन्देश


**हाम्रो मूल्यांकन :**
● एमाले महाधिवेशनबाट जनताको अपेक्षा ४
**आवरण कथा :**
● अध्यक्ष प्रणाली हुँदैमा समस्या हल हुन्छ भन्ने छैन – *माधव नेपाल* ५
● अध्यक्षात्मक प्रणालीबाट पार्टीमा जनवाद कसरी आउँछ ? -*खड्गप्रसाद ओली* ७
● एमालेको निम्ति वैचारिक सरोकार – *डा. चैतन्य मिश्र* ९
● किन चाहियो संविधानसभा यतिखेर ? – *श्याम श्रेष्ठ* ११
**घटना र प्रवृत्ति :**
● किन आयो अमेरिकी सेना ? – *सुधीर शर्मा* ३८
ब्यारेकमा दुई किशोरीको जघन्य बलात्कार – *विनोद ढुंगेल* ४१
**बहस :**
● अग्रगामी निकासको माध्यमः संविधानसभा – *शंकर पोखरेल* १४
● वर्तमान राजनीतिको निकास – *डा. लोकराज बराल* १६
**नीति–संस्कृति :**
● बाह्र वर्षभरि पार्टीहरुको एजेण्डा नबनेको कुरा – *हरिगोविन्द लुइँटेल* १७
**विश्वग्राम :**
● एशियाली सामाजिक मंचको सन्देश – *पद्मलाल विश्वकर्मा* १९
**अर्थतन्त्र :**
● यस्तो पनि कहीं सरकारको लक्ष्य हुन्छ ? – *राघवध्वज पन्त* २१
**बहस :**
● हामीले बुझेको मार्क्सवादबारे टिप्पणी – *घनश्याम भुसाल* २२
**पर्दा/रंगमञ्च :**
● ढुंगे युगतिर बाजुरेलीहरु – *गोविन्द वर्तमान* २४
● संगीतका नाममा मूल्यहीन आदर्शको खेती – *नारायण अमृत* २४
**कविता :**
● कृपया, मलाई मेरो टाउको देऊ ! – *आहुति* २६
● अब मन्दिर मानिसहरुलाई यातना घर... – *मीनबहादुर विष्ट* २६
**कथा :**
● मेरी माइज् – *सुधा त्रिपाठी* २७
**दर्शन :**
● बुद्ध दर्शनका योगदानहरु – *प्रज्ञानरत्न* २८
**किताब :**
● यो एउटी कविताको मात्र कथा हैन – *उर्मिला पोखरेल* ३०
**विज्ञान :**
● मानव क्लोन के ठट्टा नै हो ? – *तुल्सीदास महर्जन* ३१
**इतिहास :**
● ईश्वरानन्द श्रेष्ठाचार्य – *प्रो. माणिकलाल श्रेष्ठ* ३३
**कम्युनिष्ट विश्व**
● अमेरिकाको मृत्यु–उत्सव -*राजेन्द्र महर्जन* ३४
**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९ । फोटो : ए.बी.सी. फोटोज् । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

# एमाले महाधिवेशनबाट जनताको अपेक्षा

**जुन** राजनीतिक दल जति ठूलो र शक्तिशाली हुन्छ, त्यसको दायित्व पनि त्यति नै ज्यादा र गह्रौं हुन्छ । त्यसले गर्ने निर्णय र अपनाउने नीति र कार्यक्रमले देश र जनतालाई पुऱ्याउने सकारात्मक/नकारात्मक असर पनि त्यति नै बढ्ता हुन्छ । एमाले यतिखेर देशको सर्वाधिक ठूलो वामपन्थी राजनीतिक दल हो । त्यसैले यसको नीति-निर्णय गर्ने सबैभन्दा उच्च थलो पार्टी महाधिवेशनप्रति जनताको अपेक्षा स्वभाविक रूपले ज्यादा छ ।

एमालेको सकारात्मकता के हो भने यसको संगठनको जालो देशव्यापी छ र त्यसको जरो भूइँ तहसम्म पुगेको छ । सामन्तवाद र साम्राज्यवादसँगको यसको निरन्तर संघर्षको उज्वल इतिहास छ । यसका अधिकांश नेताहरू संघर्षको मैदानबाट आएका छन् । २०४६ सालको ऐतिहासिक जन-आन्दोलनमा यसको भूमिका अत्यन्त महत्वपूर्ण र जुझारू रहेको थियो । अहिले पनि एमाले प्रतिगमनविरोधी कित्तामै उभिएर प्रजातन्त्र पुनर्स्थापनाको निम्ति संघर्ष गर्दैछ ।

परन्तु यतिखेर जनताको सर्वाधिक चिन्ता के भइरहेछ भने एमाले नेतृत्व पहिलेझैं सामन्तवाद-साम्राज्यवादविरोधी संघर्षमा सुस्पष्ट, जुझारू र दृढ रहेको पाइँदैन । यो अब जनमुखी र जन-संघर्षमुखी कम, सत्तामुखी र सुविधामुखी ज्यादा हुन गएको छ । असोज १८ को शाही घोषणा र त्यसपछिका शाही कदमहरूका विरूद्धमा यसको भूमिका र आवाज नेपाली कांग्रेस जति पनि स्पष्ट, दृढ र पूर्वानुमानयोग्य हुन सकेको छैन । फलस्वरूप, जनसमुदायमा एमालेको छवि नेपाली कांग्रेसको भन्दा पनि कम वामपन्थी र ज्यादा ढुलमुल हुन गएको छ । यो ठीक कुरो भएन । जनताको अपेक्षा छ कि एमालेले नै अहिलेको प्रतिगमनविरोधी संघर्षको अगुवाई गरोस् । एमालेको वर्तमान महाधिवेशनले यस्तो दिशा दिर्नेश गरोस् कि सत्ताको निम्ति जे पनि गर्ने, सत्ताको निम्ति जनताको समर्थनभन्दा ज्यादा दरवार र दाताहरूको समर्थनमा आधारित हुने वर्तमान अजनमुखी चरित्र एमाले नेतृत्वले त्यागोस् ।

नेपाल अहिले इतिहासको सबैभन्दा गम्भीर राजनीतिक-आर्थिक संकटको भासमा फँसेको छ । देश यति ज्यादा संकटग्रस्त भएको समयमा एमालेको महाधिवेशन यो संकटको सर्वांगिण अग्रगामी निकास के के हुनसक्छन् भन्ने सवालमा मूलतः केन्द्रित हुनुपर्ने हो । तर त्यसो भइरहेको देखिँदैन । देशको यतिबेलाको मुख्य मुद्दा भनेको संविधानसभाको सवालमा वहस नभएर देश र जनताको निम्ति कुनै अर्थ नराख्ने अध्यक्ष कि महासचिवीय प्रणालीजस्ता सवालमा एमालेको वहस केन्द्रित भइरहेछ । एमालेका दस्तावेजहरू पनि वर्तमान चौतर्फी राजनीतिक-आर्थिक संकटलाई कुन कुन उपायहरू र बाटाहरू अपनाएर छिचोल्ने, अब भावी नेपालको स्वरूप र खाका के हुनुपर्छ, विगतमा संविधान, राज्य-व्यवस्था र पार्टीका काम कारवाहीमा के के सवलता र गल्ती कमजोरी भए ? ती अब कसरी सच्याउने ? प्रतिगमन र माओवादी विद्रोहले ल्याएका चुनौतीहरू कसरी हल गर्ने ? जस्ता आधारभूत सवालमा मुख्य रूपले केन्द्रित पाइन्नन् । यो ज्यादै दुःखको कुरो भएको छ । जनताको अपेक्षा छ कि एमाले महाधिवेशनले यी सवालहरूका बारेमा गम्भीर वहस छलफल गरेर वस्तुनिष्ठ अग्रगामी सोचहरू ल्याओस् । महाधिवेशन सकिँदा देशको वर्तमान संकटको एउटा उज्यालो, सुस्पष्ट, अग्रगामी बाटो पाओस् । व्यर्थका सवालमा महाधिवेशनको बहुमूल्य समय र शक्ति कदापि खर्च नहोस् । अब संविधानसभा बेगर अर्को उपायले प्रतिगमन र माओवादी विद्रोहको समस्यालाई समाधान गर्न सक्दैन भन्ने कुरा महाधिवेशनले अनुभूति गरोस् ।

पार्टी नेतृत्व र कार्यकर्ता तहमा चरित्र र संस्कृतिको व्यापक स्खलन एमालेको यतिखेरको मुख्य रोग भएको देखिन्छ । महासचिवको विगत र वर्तमान प्रतिवेदनमा यो स्खलनको थोरै अनुभूति भेटिन्छ । परन्तु यो पर्याप्त देखिन्न । नेतृत्व तहमा त वर्गकै रूपान्तरण भएर हिजोको निम्न पूँजीवादी वर्ग अब रातारात भूइँफुट्टा मध्यम वर्गमा रूपान्तरित भएको देखिन्छ । दृढता र जुझारूपनमा व्यापक ह्रास, ढलुमुलपन, सत्ता र सुविधामुखी चरित्र त्यसैको परिणामझैं प्रतीत हुन्छ । नेता-कार्यकर्तामै संस्कृति र चरित्रमा स्खलनको यो समस्या कसरी हल गर्ने ? एमाले महाधिवेशनले मूर्त उपाय सुझाओस् । हाम्रो विचारमा नेतृत्व तहदेखि नै समाजवादी सांस्कृतिक आन्दोलन चलाउनु, पार्टीभरि शुद्धिकरण आन्दोलन चलाउनु र पार्टी ठूलो पार्ने नाममा बेठीक तत्वलाई पार्टी प्रवेशमा रोक लाउने प्रणाली यसका लागि उपयोगी कदम हुन सक्छन् । सर्वप्रथम, नेतृत्व नमूना हुनुपऱ्यो । अनि यो दायित्व कार्यकर्तामा झर्नुपऱ्यो ।

पार्टीको जनवादीकरण अर्को मुख्य सवाल हो, जसमा एमाले महाधिवेशनले ध्यान दिनुपर्दछ । विचार द्वन्द र विचार प्रवाह थुनेर पार्टी कहिल्यै वैचारिक रूपमा एकताबद्ध र विकसित हुन सक्दैन । विचार अभिव्यक्तिको व्यापक स्वतन्त्रता र काम-कारवाहीमा एकरूपताले मात्र पार्टी एकता मजबूत र पार्टीलाई गतिशील बनाउन सक्छ । राजनीति बहुदलीय जनवाद भएजस्तै संगठनमा विचार अभिव्यक्तिको मामलामा पनि बहुदलीय जनवादलाई संस्कृति र आचरणको तहमा लागु गर्नु पऱ्यो । केवल महाधिवेशनको समयमा मात्र होइन, अरू बेला पनि आलोचनात्मक मत वा भिन्न मत सार्वजनिक तवरले राख्न पाइने स्वतन्त्रता हुनुपऱ्यो । अनि, अराजकता रोक्न काम कारवाहीमा हमेशा एकरूपता हुनुपऱ्यो, तत्कालीक राजनीतिक विषयमा कडाइपूर्वक बहुमतको निर्णय व्यवहारमा कार्यान्वयन हुनुपऱ्यो । सोभियत संघको समाजवादमा यही विचार अभिव्यक्तिको स्वतन्त्रता नभएर कुण्ठित भएर यसको अवसान त्यति सजिलो भएको हो र त्यहाँ नोकरशाहीतन्त्र मजबूत भएको हो । एमाले महाधिवेशनले यस्तो जनवादको बारेमा सोचोस् भन्ने हाम्रो कामना छ ।

महाकाली संझौतामा भएको महाभूललाई एमाले नेतृत्वले यो महाधिवेशनले सच्याओस् भन्ने हामी अपेक्षा गर्दछौं । हामी एमाले महाधिवेशनको शानदार सफलताको कामना गर्दछौं । ☐

*१२ माघको बिहान मर्निङ्ग वाकमा निक्लिरहेको बखत रिंगरोडलाई हुस्सुले धपक्कै ढाकेको बेला पारेर ललितपुर बागडोलमा सशस्त्र प्रहरी बलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उनकी श्रीमती नुडुप श्रेष्ठ र अंगरक्षक सइ सूर्य रेग्मीको एउटा सशस्त्र जत्थाबाट गोली हानेर जघन्य हत्या भएको छ । यो हत्या माओवादी छापामारहरूबाट भएको सुरक्षा सूत्रहरू बताइरहेछन्, तर यो पंक्ति लेख्दासम्म माओवादीहरूले यसलाई सकारिसकेका छैनन् । नेपालमा प्रहरीका यति उच्चपदस्थ अधिकारीको हत्या भएको यो पहिलो पटक हो ।*


*राजधानीमै प्रहरी प्रमुखको हत्याले सर्वसाधारण नागरिकहरू बीच त असुरक्षाको गंभीर भय उत्पन्न*



## राजधानीमा सशस्त्र प्रहरी प्रमुखको हत्या

*गरेको छ नै, अब उच्चपदस्थ सरकारी कर्मचारी र सुरक्षा प्रमुखहरूले समेत राजधानीमै असुरक्षित महशूस गर्न थालेका छन्, हत्या जोसुकैले गरेको किन नहोस्, राष्ट्रिय राजनीतिमा यसले ठूलो अनिष्ट सृजना गर्ने देखिन्छ । संभावित वार्तामा यसले तत्कालै नकारात्मक असर पुऱ्याउने छ । यसैको निहुँमा प्रभुत्वकारी विदेशीहरूलाई नांगो रूपमा देशमा घुस्न सजिलो हुनेछ । यसैको बहानामा प्रतिगामी तत्वहरू ज्यादा दमनकारी र उद्दण्ड भएर निक्लिन संभव छ । यस हिसावले यस प्रकारको व्यक्तिहत्या सर्वथा गलत र निन्दनीय कार्य हो । यो हत्याकाण्डको अविलम्ब न्यायिक छानवीन हुनुपर्दछ ।* ☐

# अध्यक्ष प्रणाली हुँदैमा समस्या हल हुन्छ भन्ने छैन



**- माधव नेपाल,** *महासचिव नेकपा (एमाले)*

■ **नेकपा एमालेको सातौं महाधिवेशनको वहसको मूल विषय के हो ?**

- नेकपा एमालेको सातौं महाधिवेशनको मूल विषय भनेको राष्ट्रिय राजनीति हो । असोज १८ गतेको शाही घोषणापछि दरवारको नेतृत्वमा प्रतिगमन र पुनरूत्थानवादी शक्तिहरूसित जनताको अन्तरविरोध बढ्दा टड्कारो, तीखो र प्रत्यक्ष हुन पुगेको छ । त्यसैले यो सवाललाई प्रष्ट पार्दै सातौं महाधिवेशनको लागि हामीले 'प्रतिगमनको विरूद्ध, प्रजातन्त्रको रक्षा गरौं र शान्तिको स्थापनाको निम्ति दृढताका साथ अगाडि बढौं' भन्ने नारालाई अगाडि सारेका छौं ।

■ **सातौं महाधिवेशनमा अध्यक्षात्मक संगठनात्मक प्रणाली, महाधिवेशनबाटै अध्यक्ष र केन्द्रीय कमिटीका सदस्यहरू छान्ने, दुई कार्यकालभन्दा बढी लगातार पार्टीको प्रमुख पदमा बस्न नपाइने, राष्ट्रिय परिषद्‌लाई केन्द्रीय कमिटीका कामहरूको आवश्यक मूल्यांकन गर्न सक्ने निकायको रूपमा विकास गर्ने कुराहरूलाई लिएर पार्टीको विधान संशोधन गर्नुपर्ने प्रस्ताव आएको छ । त्यसमा तपाईको धारणा के छ ?**

- यो विधान संशोधनको कुरालाई केन्द्रीय कमिटीका लगभग सबैजसो सदस्यहरूले महत्वपूर्ण विषय होइन भनिसकेका छन् । किनभने हाम्रो पार्टीको पाँचौं महाधिवेशनमा संगठन कस्तो निर्माण गर्ने भन्ने कुरा व्यापक रूपमा छलफल भएको थियो । त्यतिबेला पार्टीलाई कुन किसिमको सगठनात्मक ढाँचामा लैजाने भन्ने कुरामा विभिन्न कोणबाट कुराहरू आएका थिए । र, त्यसैबेला सगठनात्मक ढाँचा कस्तो बनाउने भन्ने कुरामा आएको द्वन्दलाई मदन भण्डारीले प्रष्ट पार्नु भएर समाधान गर्नुभएको थियो ।

अहिले पनि सगठनमा प्रजातान्त्रीकरणको कुरा आइरहेको छ । निश्चित रूपमा कम्युनिष्ट पार्टीभित्र बढी जनवाद हुनुपर्छ र हुँदै आएको पनि छ । अझै पनि पार्टीभित्र जनवादलाई कसरी व्यापक रूपमा मूर्त रूप दिन सकिन्छ भन्नेबारेमा हामीले सातौं महाधिवेशनमा व्यापक छलफल गर्नैपर्छ । तर हामीले अनुभव गरेर सर्वशक्तिमान गरिएको राष्ट्रिय परिषद्‌बाट फेरि केन्द्रीय कमिटी सर्वशक्तिमान भएको छ । त्यसमा फेरि किन छलफल चलाइरहनु पर्‍यो ? कुनै पनि फरक विचार र मान्यताहरू छन् भने त्यसलाई सम्मान गर्ने छलफलमा आउन दिने वातावरण भने बनाउनुपर्छ ।

तर अध्यक्ष प्रणाली हुँदैमा र उत्तराधिकारी तय हुँदैमा समस्या हल हुन्छ भन्ने कुरा हुँदैन । अध्यक्ष प्रणाली भएको चीनमा र महासचिव भएको रूसमा पनि त्यो समस्या पैदा भएको थियो । चीन यत्रो वर्षको अनुभवपछि महासचिव र सामूहिक नेतृत्व प्रणालीमा गयो ।

पार्टी एउटा विधान र सिष्टमबाट चल्छ । त्यसलाई मिच्ने काम कहीं कतैबाट हुन्छ भने त्यो व्यक्ति र संस्था आलोचनाको पात्र बन्छ । कम्युनिष्ट पार्टीभित्र व्यक्ति जहिले पनि संगठनको र बहुमतको अधीनमा, तल्लो कमिटी माथिल्लो कमिटीको अधीनमा, सबै सदस्यहरू केन्द्रीय कमिटीको अधीनमा र सिंगो पार्टी महाधिवेशनको अधीनमा रहने गरेको छ । योभन्दा अरू वैज्ञानिक परिपाटी छ भने त्यसलाई अगाडि ल्याऊँ, छैन भने हल्का फुल्का ढंगले जाने कुरा गर्नु हुँदैन ।

■ **पार्टीमा अध्यक्ष रहँदा काम गर्न सजिलो थियो, प्रजातान्त्रिक पनि थियो । अध्यक्ष हटेपछि महासचिवले कमिटीले गरेको निर्णयमा समस्या पैदा भयो भन्ने बहाना बनाएर व्यक्तिगत निर्णय लाद्न थालेकोले अध्यक्ष प्रणाली हुँदा अध्यक्ष, उपाध्यक्ष तथा महासचिव भएको सानो कमिटीले निर्णय गर्दा त्यो निर्णय पारदर्शी, न्यायपूर्ण हुन्छ भन्ने कुरा आएको छ नि ?**

- प्रणालीको हिसावले एकात्मक नेतृत्व र सामूहिक नेतृत्व मात्रै हुन्छ । कमिटीको नेताको नाम अध्यक्ष वा महासचिव जे राखेतापनि त्यो संरचनाको कुरा मात्रै हो । अध्यक्ष प्रणाली भनेको एकल नेतृत्व प्रणाली हो, त्यहाँ अध्यक्ष सर्वशक्तिमान हुन्छ । महासचिव भएको पार्टीमा महासचिव सर्वशक्तिमान हुँदैन । ऊ कमिटीको नेता हुन्छ । हाम्रो पार्टीमा अध्यक्ष भएको बेला पनि पार्टीको प्रमुख नेता महासचिव नै थियो । किनभने पार्टीको प्रवक्ता उही थियो । सबै तल्ला कमिटीको अनुगमन गर्ने निर्णय लागु गर्ने अधिकार महासचिवलाई नै थियो । हाम्रो पार्टीमा महासचिवलाई छुट्टै निर्णय गर्ने अधिकार हाम्रो विधानले दिएको छैन र अहिलेसम्म एक्लैले निर्णय गरेर कुनै काम भएको पनि छैन । भएको भए बैठकमा आउँथ्यो र माइन्यूटमा लेखिन्थ्यो ।

■ **यी प्रस्तावहरू पास भयो भने महासचिवको पद छोड्नुपर्ला भन्ने डरले यसको विरोध गर्नु भएको त होइन ?**

- महासचिवको पद त मैले महाधिवेशनको हलमा गएर छोड्नै पर्छ । त्यसपछि महासचिव को हुन्छ, केन्द्रीय कमिटीमा को को आउँछन् र उनीहरूले कसलाई नेता चुन्छन् भन्ने कुरा मलाई थाहा छैन । थाहा नभएको कुरामा किन आत्तिने ? दोस्रो कुरा, कार्यकालको बारेमा छलफल गर्नैपर्ने भएको छ । नमरून्जेल र काम गर्नै नसक्ने हुँदासम्म पद ओगटिराख्ने राम्रो कुरा होइन । कम्युनिष्ट पार्टीमा त्यो प्रवृत्ति ज्यादा देखिएको छ । त्यसैले मैले साथीहरूलाई भनेको पनि छु- महासचिव, स्थायी कमिटीका सदस्यहरू, सांसदहरू, मन्त्रीहरू तथा अन्य तल्ला कमिटीहरूको पदको निम्ति पनि कार्यकाल तय गर्नुपर्छ । त्यस बेलामा छलफल गरौं र छलफल गर्दा जे कुरा उत्तम हुन्छ, त्यो निर्णय गरौं ।

हाम्रो पार्टीभित्र सक्षम र योग्य व्यक्तिहरूको विशाल परिवार छ । एकसेएक खुवी र क्षमता भएका नेताहरू छन् । सबैको योगदानबाट नै पार्टी अगाडि बढिरहेको छ । त्यसैले महाधिवेशनबाट पनि अधिकतम क्षमता भएका योग्य व्यक्तिहरू नेतृत्वमा चुनिने छन् र त्यही टिमले आफूमध्येबाट सक्षम र योग्य व्यक्तिलाई महासचिवमा चयन गर्नेछ ।

■ **महाधिवेशनको लागि प्रतिनिधि छनौट गर्ने क्रममा कतिपय जिल्लाहरूमा कुटपिट र जालसाजी भयो भन्ने आरोप छ । यस्तो किन भइरहेको छ ?**

- यस्तो कुरा आइरहेको छैन । यो सबै एमाले पार्टीविरोधी कुप्रचार मात्रै हो ।

■ **असोज १८ गते भएको शाही घोषणा र त्यसबाट बढ्दै गएको प्रतिगमनका विरूद्ध र ०४६ सालको जनआन्दोलनका उपलब्धिहरूलाई जोगाउनको लागि महासंघर्ष गर्नुपर्ने बेलामा तपाईहरू पार्टीको महाधिवेशन गर्नतिर लाग्नु भयो । के यो महाधिवशन गर्ने उपयुक्त समय हो ?**

- महाधिवेशन गर्नु एउटा सम्वैधानिक र कानूनी वाध्यता थियो । ५ वर्षभित्र महाधिवेशन गर्नैपर्छ भन्ने सम्वैधानिक वाध्यता छ । त्यो नहुनेबित्तिकै अदालती विवादको विषय बन्छ ।

**पार्टीलाई निषेध गरेर चालेको राजाको कदम हामी मान्न तयार छैनौं**

एमाले विवादमा फसोस् भन्ने चाहनेहरूले यो कु-प्रचार गरेका हुन् । एमालेले आन्दोलनलाई स्थगित गरेर महाधिवेशन गऱ्यो भन्ने कुरा सही होइन । यसले आन्दोलन र महाधिवेशनलाई सँगसँगै लिएर जाँदैछ । आन्दोलनको श्रृङ्खलाको रूपमा महाधिवेशनलाई बुझ्नुपर्दछ । र, महाधिवेशनले आन्दोलनलाई वैचारिक रूपमा पनि गति प्रदान गर्ने र त्यहाँ जनताको सहभागिताले अर्को बल प्रदान गर्ने काम गर्छ ।

**■ प्रतिगमनको खतराबाट देशलाई जोगाउन तुरून्तै सशक्त संघर्ष गर्नुपर्ने आवश्यकता थियो, महाधिवेशनलाई केही समय पर सार्दा पनि त्यस्तो ठूलो वैधानिक समस्या आउँदैनथ्यो । एमालेका कार्यकर्ताहरू तुरून्तै संघर्ष गर्नुपर्छ भन्ने पक्षमा थिए । पार्टी केन्द्र भने त्यो पक्षमा भएन । उनीहरूको ध्यान अन्त मोड्नेको लागि महाधिवेशनको घोषणा गरेको हो भन्ने कुरा पनि आइरहेको छ नि ?**

– कुरा गर्नेहरूको मुख त कसैले थुन्नै सक्दैन । कार्यकर्ताहरूको चाहना पनि महाधिवेशन छिट्टै सक्नुपर्छ भन्ने नै थियो । त्यसैले हामीले माघ महिनामा महाधिवेशन सकेर आन्दोलनमा जाने निर्णय गरेका हौं । आन्दोलनको मौसम पनि आउँदैछ । हामीले आन्दोलनलाई नै ध्यानमा राखेर जनकपुरमा पाँच-दश लाख मानिसहरूलाई आमसभामा उतार्न लागेका छौं । यो आमसभा अत्यन्तै प्रभावशाली भयो भने त्यसले सबै कुरालाई मेकअप गर्छ र आउने दिनको आन्दोलनलाई अझै ऊर्जा प्रदान गर्छ ।

**■ देशमा अहिले राजनैतिक तथा आर्थिक रूपले ठूलो संकट पैदा भइरहेको छ । यो बीस वर्षमा पहिलो पटक देशको अर्थतन्त्र ऋणात्मक भएको छ । अर्कोतिर माओवादी विद्रोहको समस्या पनि त्यतिकै टड्कारो रूपमा रहेको छ । तपाईहरूको महाधिवेशनमा यो कुरा बहसको प्रमुख विषय भइरहेको छैन । खालि अध्यक्ष र महासचिवीय संगठनात्मक प्रणालीजस्तो कुनै महत्व नभएको विषयमा बहस सीमित भइरहेको देखिन्छ । यस्तो किन भइरहेको छ ?**

– मैले माथि नै भनें, हाम्रो महाधिवेशनको मूल विषय भनेको राष्ट्रिय राजनीति नै हो । चार पार्टीको बैठकले पनि आन्दोलनलाई अगाडि बढाउनुपर्छ भन्ने निष्कर्ष निकालेको छ । देशको राजनीतिबाट हाम्रो ध्यान अन्त लानको लागि विभिन्न पक्षले कोशिस गरिरहेका छन् । तर अहिले देशको ज्वलन्त समस्याबाट हाम्रो ध्यान अन्त लाने कुरालाई हामीले निरूत्साहित गरेका छौं ।

**■ उसो भए देशमा भएको यो समस्याको समाधानको उपाय के हो भन्ने ठान्नुभएको छ त ?**

– समग्र समस्याको समाधानको उपाय के हो भन्दा पनि पहिलो कुरा भनेको पुरानो आर्थिक-संरचनामा परिवर्तन हुनुपर्छ, सामन्ती शोषणको प्रणालीलाई समाप्त पार्नुपर्छ । त्यसका लागि क्रान्तिकारी भूमिसुधारदेखि लिएर छुवाछुतलाई उन्मुलन गर्ने, सामन्तवादको आधार भत्काउने, पुरानो सामाजिक र मानवीय सम्बन्धमा परिवर्तन गर्ने तथा सामाजिक तथा आर्थिक सुधारका व्यापक पाइलाहरू चाल्नुपर्दछ । दोस्रो कुरा, ०४६ सालको आन्दोलनको उपलब्धिको रक्षा गर्नेमात्र नभएर जनताको सार्वभौम शक्तिलाई बलियो बनाउने, जनाधिकारको विस्तार गर्ने, प्रतिगमनका शक्तिहरूलाई ध्वस्त गर्ने र जनताको अधिकारमाथि धावा बोल्ने शक्तिलाई ध्वस्त पार्ने काम हामीले गर्नुपर्दछ । यसका लागि पनि गरीबी निवारण, बरोजगारी समस्याको समाधान, उत्पादकत्वमा बृद्धि गर्ने पाइला चाल्नुपर्दछ । यसका लागि हामी अहिले नै नयाँ जनवादी ढंगबाट जान नसके पनि आमूल परिवर्तनका दिशातर्फ उन्मुख हुने तथा अग्रगामी र व्यापक सुधारको पाइला चाल्नुपर्दछ ।

जहाँसम्म माओवादी समस्याको कुरा छ, यो समस्या मूलतः राजनैतिक समस्या हो । त्यसैले यसलाई राजनैतिक ढंगले नै समाधान गर्नुपर्दछ । यसको निम्ति उनीहरूले संविधानसभालाई अगाडि सारिरहेका छन् । संविधानसभा आउनेवित्तिकै जादुको छडी चल्छ भन्ने मान्यता राख्नेहरू पनि यहाँ छन् । तर संविधानसभा भएको भारत, पाकिस्तानजस्ता मुलुकहरूको समस्या समाधान भएको पनि देखिएको छैन । त्यसैले सबैभन्दा पहिला राजासहितको संविधान कि राजारहितको संविधान ? – त्यसलाई प्रष्ट पार्नु जरूरी छ । माओवादीहरू राजासहितको गोलमेच सम्मेलन भन्दैछन् । यसबाट राजालाई सक्रिय राजनीतिमा ल्याउन खोजिएको देखियो । राजासहितको संविधान हो भने संविधानसभा किन भन्ने प्रश्न छ । गणतन्त्र नै ल्याउने हो भने संविधानसभाबाट गणतन्त्र आउने कुरा भएन । यी सबै प्रश्नको समुचित जवाफ आएको छैन । संविधानलाई मास्दै जाने अवस्था भयो भने त्यतिबेला के गर्ने भन्ने प्रश्न पनि आफ्नो ठाउँमा छ । त्यसैले संविधानसभाको सम्बन्धमा परिस्थिति परिपक्व भएपछि मात्र कुनै कदम चाल्नुपर्दछ । अहिले जनताको निर्णयलाई नै स्वीकारको तहमा जाने हो भने जनमत संग्रहबाट यो समस्याको छिनोफानो गर्न सक्छौं । त्यस्तै स्थिति आयो भने संविधानसभा परिस्थितिको वाध्यता पनि हुनसक्ला । तर अहिले यो मुलुकलाई अग्रगामी निकास चाहियो । समस्यालाई शक्तिको बलले दवाएर अगाडि जाने कि सहमतिको बाटो खोजेर अग्रगमनतर्फ जाने ? म ठान्दछु- वार्ताद्वारा अग्रगमनको बाटोलाई सुनिश्चित गर्दै समाधानको बाटो पहिल्याउनु नै सबभन्दा उपयुक्त, तर्कसंगत र बुद्धिमत्तापूर्ण कुरा हुन सक्दछ ।

**■ अहिलेसम्म नेपालमा जति पनि संविधान आए, ती सबै राजाबाट दिइएका संविधान भए । त्यसले गर्दा नै राजाबाट ती संविधानहरू अपहरण भएका छन् । संविधानसभाबाट निर्माण भएको संविधान भयो भने त्यो जनताले निर्माण गरेको संविधान हुन्छ । र, त्यो अहिलेको संविधानभन्दा प्रगतिशील हुन्छ । त्यसमा पनि तपाईहरू किन विरोध गरिरहनुभएको छ ?**

– ०४७ सालको संविधान बनाउन माओवादीहरू किन सहभागी भएनन् ? एकता केन्द्रका नेता निर्मल लामा त्यहीं हुनुहुन्थ्यो । उहाँ त्यति बेलाको शक्ति सन्तुलनको आधारमा चल्नुभएको होइन र ? त्यति बेलाको र अहिलेको शक्ति सन्तुलनमा के भिन्नता आएको छ र ? फेरि त्यो संविधान जनताको र आन्दोलनको शक्तिले निर्माण भएको संविधान हो । त्यतिबेला पनि प्रतिगमनको शक्तिले संविधानलाई आफ्नो इच्छाअनुसार नै बनाउन खोजेका थिए । ती सबै कुरालाई असफल पारेर नै हामीले यो उपलब्धि हासिल गरेका थियौं । त्यसैले संविधानसभाले संविधान बनाउँदा मात्र ठीक ठाक हुन्छ भनेर भन्नु गलत हुन्छ । कि त राजा हटाउने कुरा गर्नुपऱ्यो नि त्यसोभए । त्यो पनि नगर्ने । राजासहितको गोलमेच सम्मेलन गर्ने भन्ने । राजासमेतको गोलमेच सम्मेलन गर्ने भनेपछि राजालाई स्वीकार गर्नुपर्छ कि पर्दैन ? जब राजालाई स्वीकार गरिन्छ भने यो संविधानभन्दा उत्तम संविधान कसरी बन्छ ?

**■ राजा रहने कि नरहने, व्यवस्था कस्तो हुने भन्ने कुरा त संविधानसभाको निर्वाचनपछि त्यसैले तय गर्छ नि, होइन र ?**

– त्यो कुरालाई के राजाले स्वीकार गर्छन् ? राजाको हातमा सेना छ कि छैन ? त्यसो भएपछि संविधानसभाको सवालमा ठूलो लडाइँ हुने र रक्तपात हुने देखिन्छ । विदेशी शक्तिहरू ओइरिन थालेका छन् । यो कुरा बुझेर कदम चल्नुपर्ने होइन र ? पहिलेभन्दा अझै खतरनाक ढंगले रक्तपात हुन्छ । के त्यो निम्त्याउनु बुद्धिमानी हुन्छ र ? त्यसैले समस्याको टुंगो बन्दूकको मैदानबाट नगरौं, जनमतको मैदानबाट गरौं । जनमतको मैदानबाट गर्दा अहिलेको संविधानलाई आधार बनाएर, त्यसैलाई परिमार्जन गरेर अगाडि बढ्ने उपाय नै सबैभन्दा उपयुक्त हुन्छ भन्ने हामीलाई लागिरहेको छ । त्यो पनि यदि चित्तबुझ्दो छैन भने जनमत संग्रहमा जाऔं र त्यसले गरेका फैसलालाई मान्ने ढंगले जाऔं ।

**■ संविधानसभा गर्दा तपाईहरूको हातबाट माओवादीहरूले राजनीति हत्याउलान् भन्ने डरले त्यसको विरोध गरिरहनुभएको त होइन ?**

– लागेको छैन, त्यसोभए जनमत संग्रहमा जिते भैगो नि । कि जनमत संग्रहमा जाँदा आफूलाई जनताले पत्याउँदैन भन्ने माओवादीलाई लागेको हो कि ?


**■ राजालाई रिझाएर सत्तामा जान संविधानसभाको विरोध गरिएको हो भन्ने कुरा पनि त छ नि ?**

– राजा विरेन्द्रसँग कार्यगत एकता गर्नेहरूले त्यसो भन्न सक्तछैन् । उनीहरूले भन्नै सुहाउँदैन यस्ता कुराहरू ।



**एमाले विवादमा फसोस् भन्ने चाहनेहरुले यो कु-प्रचार गरेका हुन् । एमालेले आन्दोलनलाई स्थगित गरेर महाधिवेशन गऱ्यो भन्ने कुरा सही होइन**

बाँकी ४५ पेजमा



# अध्यक्षात्मक प्रणालीबाट पार्टीमा जनवाद कसरी आउँछ ?

■ खड्गप्रसाद ओली ■

**○ अहिले पार्टीभित्र प्रजातन्त्रलाई लिएर तपाईंले उठाउनुभएका मुख्य प्रश्न र प्रस्तावहरू के के हुन् ?**

– १० वर्ष अगाडि आयोजित हाम्रो पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनबाट कम्युनिष्ट आन्दोलनलाई प्रजातान्त्रीकरण गर्ने कुरा हामीले गरेका थियौं, पार्टीलाई फराकिलो बनाउने, समय र परिस्थितिसुहाउँदो ढंगले लाने, आफ्नै ढंगले मौलिक पारामा अगाडि लाने तथा मार्क्सवाद, लेनिनवादको सृजनात्मक प्रयोगलाई मूर्त रूप दिने कुरा गरेका थियौं । तर विभिन्न कारणहरूले गर्दा मार्क्सवाद, लेनिनवादको सिद्धान्तको अवधारणा अनुरूप संगठनात्मक क्षेत्रमा सृजनात्मक प्रयोग गर्न सकेनौं । यो कुरा सातौं महाधिवेशनमा गर्नु पर्छ भनेर हामीले भनेका छौं ।

चौथो महाधिवेशनमा जनताको बहुदलीय जनवादका आधारहरू तयार गरिए । पाँचौं महाधिवेशनले चौथो महाधिवेशनद्वारा लिइएका मोडहरूलाई संस्थागत, व्यवस्थित, सिद्धान्तकृत तथा सुदृढीकृत गर्ने कुराहरू गरेर जनताको बहुदलीय जनवादलाई कार्यक्रमको रूपमा स्थापित गऱ्यो । छैठौं महाधिवेशनले त्यसको कार्यनीतिक पक्षमा रहेका अस्पष्टता र विवादहरूलाई पनि समाप्त पाऱ्यो । अब सातौं महाधिवेशनमा सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद ढलेको अनुभवलाई समीक्षा गरेर कम्युनिष्ट आन्दोलनको अध्यावधिकरण, आधुनिकीकरण गर्नुपर्छ र कम्युनिष्ट आन्दोलनको प्रजातान्त्रिकरण पनि गरिनु पर्छ । हाम्रो राजनीति, सिद्धान्त र कार्यक्रमलाई बदलिँदो परिस्थितिसंग अनुकूल बनाउने काम गनुपर्छ । त्यसैकारण अहिले हामीले कम्युनिष्ट आन्दोलनभित्र संगठनमा प्रजातान्त्रीकरण र सामुहिक नेतृत्वको प्रणालीको कुरा गरेका हौं । पार्टीभित्र हावी रहेको संकिर्णता, साँगुरोपना र व्यक्तिमा शक्ति केन्द्रित गर्ने खालका प्रवृत्तिले गर्दा मार्क्सवाद समय समयमा पछारिने गरेको छ । यही कारणले गर्दा सोभियत संघ तथा पूर्वी यूरोप ढलेको थियो । यही अनुभवबाट हामीले पाठ सिक्नुपर्छ ।

त्यसैले हामीले संगठनात्मक पद्धतिको प्रजातान्त्रीकरणको विषयलाई अगाडि सारेका हौं । र, यसको निम्ति हामीले विधान संशोधनसम्बन्धी प्रस्ताव ल्याएका छौं । यसमा पार्टीमा एक व्यक्तिको नेतृत्व हुने महासचिवीय प्रणालीको ठाउँमा अध्यक्ष, उपाध्यक्ष र महासचिव रहेको सामुहिक नेतृत्वको प्रणाली विकास गर्ने प्रस्ताव राखेका छौं । त्यसको अर्थ भनेको नेतृत्वको 'कोर अफ द लिडरशीप' खडा गर्नु हुन्छ । यसबाट शक्ति व्यक्तिमा केन्द्रित नभएर संस्थामा केन्द्रित हुन्छ । व्यक्ति स्थापित नभएर संस्था स्थापित हुन्छ । त्यस्तै गरेर कम्युनिष्ट आन्दोलनभित्र सहज प्रतिस्पर्धाबाट नेतृत्व निर्माण हुने र नेतृत्व स्थापित तथा विस्थापित हुने कुरालाई सहज र स्वभाविक रूपमा नलिएर नेतृत्व आजीवन कार्यकालको रूपमा रहने परिपाटी देखिएको छ । यस परिपाटीले विगतको आन्दोलनमा गम्भीर समस्या पैदा गऱ्यो । अहिले पनि त्यही भएको छ । त्यसकारण दुई कार्यकालभन्दा बढी लगातार नेतृत्वमा बस्न नपाइने र दुई कार्यकालपछि अर्को नेतृत्व ल्याउनु पर्ने प्रस्ताव पनि हामीले अगाडि सारेका छौं । यदि पार्टीमा उसको अति नै जरूरी छ भने एक कार्यकाल बाहिर बसेर फेरि आउन सक्छ ।

तर दुःखद कुरा के भइदियो भने बहालवाला तथा छैठौं महाधिवेशनबाट हामीले छानेको नेतृत्व र उहाँको पक्ष यस कुरामा सहमत हुन सकेनन् । हाम्रो यो कुरालाई पदबाट कसैलाई हटाउने र कसैले पद प्राप्त गर्ने कुरा हो कि भन्ने अर्थमा मान्छेहरूले बुझून् भन्ने ढंगले सन्देश प्रवाहित गर्ने खालका प्रयासहरू भए । यसबाट वहसलाई अलिकति दिशाहीन बनाउने काम हुन गयो । वस्तुतः यो व्यक्ति वा व्यक्तिको ओहदासंग सम्बन्धित प्रश्न नै होइन । यो त आन्दोलनका अनुभवहरूले देखाएको एउटा सुधारको अनिवार्य आवश्यकता हो ।

**○ तपाईंको यो अध्यक्षात्मक प्रणालीबाट पार्टीभित्र जनवाद कसरी आउँछ त ?**

– पहिलो कुरा त यो संगठन प्रणालीको मुद्दा हामीले उठायौं । त्यसमा मानिसहरूको ध्यानाकर्षण गऱ्यौं र वहसमा उतार्‍यौं । र, कार्यकर्ता पंक्तिमा शक्ति व्यक्तिमा हो र होइन भन्ने एउटा वहस चलायौं । यसबाट कार्यकर्ताहरूमा चेतना आएको छ । त्यसले अब पार्टीमा प्रजातन्त्रको माग गर्छ । अब जुनसुकै नेताले पनि प्रजातन्त्रप्रति प्रतिबद्ध हुनै पर्ने हुन्छ ।

दोश्रो कुरा, अध्यक्षसहितको व्यवस्था हामीले हिजोपनि अपनाइरहेका हौं । अध्यक्षसहितको व्यवस्था गर्दा पार्टीभित्र काम गर्न असजिलो भएको थिएन । अहिले अध्यक्ष नभएपछि हामीलाई पार्टीभित्र काम गर्न असजिलो भएको छ । यो महासचिवीय संगठनात्मक प्रणालीमा वर्षौंवर्ष खाइनखाई खटेका कार्यकर्ताहरूलाई एउटा व्यक्तिको पक्षमा लागेन र उसको प्रसंशक हुन मानेन भनेर टपक्क टिपेर फाल्न सक्ने संभावना प्रवल छ ।

तेश्रो कुरा, व्यक्तिको निर्णयभन्दा समूहको निर्णय धेरै राम्रो, न्यायपूर्ण, युक्तिसंगत, विधिसंगत, पारदर्शी र परिपूर्ण हुन्छ । त्यहाँ अधिकारको पनि बाँडफाँड हुन्छ । महासचिवीय प्रणालीमा व्यक्तिको स्वविवेकीय अधिकार प्रयोग हुन्छ । त्यो कुरा हामीले भोगिसकेका छौं । यसमा अक्सरतया के हुने गरेको छ भने कुनै कमिटीले फलानालाई फलाना जिम्मेवारी दिने निर्णय गर्छ, तर पछि कार्यान्वयन गर्ने बेलामा त्यहाँ एउटा समस्या निकाल्न लगाइन्छ र यस्तो यस्तो समस्या आइपऱ्यो, कमिटी बसेर निर्णय गर्ने समय भएन, त्यसैले महासचिवकै निर्णयअनुसार त्यो काम गर्ने भनेर महासचिवको व्यक्तिगत निर्णय लागु हुन्छ । त्यसैले नेतृत्वमा एउटा व्यक्तिमात्र नभएर एउटा छरितो र सानो निकाय भयो भने तथा कुनै पनि निर्णय व्यक्तिले नगर्ने त्यही निकायले गर्ने भन्ने भयो भने व्यक्तिवादी खेलहरू बन्द हुन्छन् । अहिलेसम्म कम्युनिष्ट आन्दोलनमा जतिपनि एकता, विभाजन भयो त्यसको पछाडि सामुहिक नेतृत्व प्रणाली नहुनु र एकल नेतृत्व प्रणाली हुनु नै हो । नेताहरूबीचको मनमुटाव र अन्तरविरोधलाई सैद्धान्तिक रूप दिएर पार्टीहरू फुट्ने गरेका छन् । यस्ता कुराहरूबाट हामी मुक्त हुनुपर्छ । त्यसैले विधानमा पनि हामीले स्वस्थताका पक्षहरूको ग्यारेण्टी गरका छौं ।

**नेताहरुबीचको मनमुटाव र अन्तरविरोधलाई सैद्धान्तिक रुप दिएर पार्टीहरु फुट्ने गरेका छन् । यस्ता कुराहरुबाट हामी मुक्त हुनुपर्छ**

❍ सोभियत संघ ढल्नुमा र नेपालकै पार्टीहरू फुट्नुमा पार्टीभित्र जनवाद नभएको कारण देखिन्छ । पार्टीभित्र जनवाद हुनको लागि उठाइनु पर्ने सवाल त कामकारवाहीमा एकरूपता र अभिव्यक्तिमा व्यापक स्वतन्त्रता होइन र ? तपाईहरू यो सवालमा वहस नगरिकन खालि अध्यक्ष र महासचिवीय प्रणालीमा भने वहस गरिरहनुभएको छ नि ?

- हामीले त्यो कुरा पनि उठाएका छौं ।

❍ पाँचौं र छैठौं महाधिवेशनमा जुन किसिमले राजनैतिक र वैचारिक सवालमा कार्यकर्ताहरूको बीच व्यापक वहस र छलफल भएको थियो, त्यस्तो छलफल अहिले भएको देखिंदैन नि ?

-हाम्रो सिद्धान्त, कार्यक्रम र कार्यनीतिको प्रश्न टुंगिसकेको छ । त्यसलाई सबै साथीहरूले मान्नु भएको छ । त्यो एउटा राम्रो कुरा हो । अब बाँकी कुरा भनेको विचारसंग सम्बन्धित संगठनात्मक पक्षको हो । विचारलाई कार्यान्वयन गर्ने अंग भनेको संगठन हो । विचारअनुसार संगठनात्मक पक्षलाई लानुपर्छ भन्ने कुरा विचारभन्दा पृथक होइन । हामी अहिले संगठनात्मक क्षेत्रमा प्रजातान्त्रीकरणको सवाललाई लिएर वहस चलाइरहेका छौं ।


❍ अहिले आर्थिक तथा राजनैतिक रूपले गम्भीर संकटमा छ, देश प्रतिगमनको बाटोमा गइरहेको छ । तपाईहरूको महाधिवेशनको छलफल-वहसको मुख्य विषय यो बनेको देखिंदैन । खालि अध्यक्षात्मक र महासचिवीय प्रणालीको बारेमा मात्र वहस सीमित भएको देखिन्छ । यस्तो किन भएरहेको छ ?

- त्यस विषयमा छलफल भइरहेको छैन भन्ने कुरा होइन । तर नेपालका पत्रकार र बुद्धिजीविहरूलाई त्यस्ता गम्भीर विषयमा जाने न रूचि छ न त मतलव नै छ । पत्रकारहरूलाई कसको भनाइलाई कसरी बढाइचढाइ गर्ने र कसरी पत्रिका बिकाउने माध्यम बनाउने र एमालेभित्र कसरी फाटो बढाउन सकिन्छ भन्ने कुराहरूमा मात्र रूचि छ । अहिले हामीले देशको संकटको बारेमा पनि वहस गरिरहेका छौं । तर एउटा कुरा, अहिले हामी जनआन्दोलन होइन, पार्टीको महाधिवेशन गरिरहेका छौं । पार्टीको महाधिवेशनमा पार्टीका आन्तरिक समस्याहरू, पार्टीलाई प्रजातान्त्रिक बनाउने कुराहरू पनि उठ्छन् ।

❍ असोज १८ गते राजाबाट भएको शाही घोषणा र त्यसबाट देशमा ल्याइएको प्रतिगमनको विरूद्धमा महासंघर्ष गर्नु पर्ने बेलामा तपाईहरूले महाधिवेशन गर्न लागिरहनु भएको छ । तपाईहरू संघर्षबाट भाग्नको लागि महाधिवेशन गर्न लागिरहेको भन्ने कुरा आइरहेको छ । यसमा तपाई के भन्नुहुन्छ ?

- हाम्रो देशको संविधानले ५ वर्षको समयावधिभित्र पार्टीको महाधिवेशन गर्नु पर्छ, निर्वाचित नेतृत्व बनाउनुपर्छ भनेको छ । आन्दोलनबाट भाग्न महाधिवेशन गर्न लागेको भन्नेहरूले नेपाल अधिराज्यको संविधान २०४७ हेरेका छन् कि छैनन् ? हाम्रो पार्टी एउटा वैधानिक पार्टी हो, यो भूमिगत तथा कानूनभन्दा बाहिरको पार्टी होइन । वैधानिक पार्टीको हैसियतले यसले वैधानिकतालाई निरन्तरता दिन आधारभूत कुराहरूको पालना गर्नु पर्छ । त्यसैलाई ध्यानमा राखेर नेकपा एमालेले सातौं महाधिवेशन गर्न लागेको हो ।

नेपालको परिस्थितिलाई ध्यानमा राखेर डेढ महिनाको छोटो अवधिमा नै यति ठूलो पार्टीको महाधिवेशन सम्पन्न गर्न लागिएको छ । यसले महाधिवेशनको लागि धेरै समय लिएन । आन्दोलन, जन सचेतनतातिरै यसले समय दिइरह्यो । अर्को कुरा, यो महाधिवेशन नितान्त वैधानिकता र औपचारिकताको प्रश्न मात्र पनि होइन, देशका समस्याहरूसंग गाँसेर यसलाई हेरिनुपर्छ । अहिले देशको अर्थतन्त्र धरासायी भएको छ, मुलुकलाई प्रतिगमनतर्फ फर्काउने प्रयासहरू भइरहेका छन् र माओवादी समस्या टड्कारो रूपमा देखा परिरहेको छ । यी समस्याहरूको समाधान गर्नसक्ने गरी महाधिवेशनले प्रतिफल निकाल्नुपर्छ । त्यसैले महाधिवेशनलाई हामीले एउटा आन्दोलनकै रूपमा लिएका छौं । महाधिवेशनपछि देशको राजनीतिलाई सही दिशामा लाने प्रयास गर्ने भनेका नै छौं । त्यसकारण हामी आन्दोलनबाट भाग्नेका होइनौं । अबको केही दिनपछि हाम्रो महाधिवेशन सकिन्छ र त्यसपछि हामी फेरि आन्दोलनतिर नै लाग्ने छौं ।



**हामी सिद्धान्ततः संविधानसभाका विरोधी होइनौं । तर व्यवहारतः त्यसलाई माग बनाउनुभन्दा अगाडि त्यसको संभावना र संभाव्यतालाई हामीले हेर्नुपर्छ ।**

❍ देशमा भइरहेको प्रतिगमनको विरूद्धमा फलदायी संयुक्त संघर्ष गर्नको निम्ति यो महाधिवेशनले के कस्ता नीति र कार्यक्रमहरू ल्याउँदैछ त ?

- यस महाधिवेशनले देशलाई प्रतिगमनतर्फ लाने प्रयासलाई स्पष्टतः इन्कार गर्छ, जनताको हक अधिकारको पक्षमा उभिन्छ, खालि उभिने मात्र नभएर संघर्षशील ढंगले अगाडि बढ्ने निर्देश गर्छ । र, पार्टी त्यसअनुसार नै अगाडि बढ्छ । हाम्रो नीति प्रतिगमनको प्रयासमा असहमत र जनअधिकारका पक्षमा सहमत सबै शक्तिहरूलाई लिएर संघर्षमा जाने र मिलेर काम गर्ने सोचमा छ र यो महाधिवेशन त्यसैअनुसार जान्छ ।

अहिले देशमा भइरहेको आर्थिक तथा राजनैतिक संकट, प्रतिगमनको समस्या तथा माओवादी विद्रोहको समाधान कसरी गर्न सकिन्छ भन्ने लाग्छ तपाईलाई ? प्रतिगमनतर्फको कदमलाई रोक्न आन्दोलन बाहेक अरू कुनै उपाय नै छैन । माओवादी समस्याको समाधान पनि हिंसाको बदला हिंसा नै बाट समाधान हुँदैन । त्यसकारण माओवादी समस्याको समाधान शान्तिपूर्ण वार्ताबाट गर्नुपर्छ । त्यसको लागि सार्थक वार्तालाई अगाडि बढाउनु पर्छ । माओवादीहरू पनि शान्तिपूर्ण निकास खोज्न तयार हुनुपर्छ र राज्य पक्ष पनि त्यो स्थितिमा जान तयार हुनुपर्छ । नागरिक समाजले शान्तिपूर्ण वार्ताको लागि परिस्थिति तयार गर्ने काम गर्नुपर्छ र दुवै पक्षलाई वार्ताको लागि दवाब दिनुपर्छ ।

❍ अहिले देशमा संविधासभाको पक्षमा व्यापक कुराहरू उठिरहेका छन् । देशको संकटको निकासको लागि एउटा बाटो संविधानसभा नै हो भन्ने कुरा पनि आइरहको छ । नेपाली कांग्रेसले पनि आफ्नो संगठनभित्र संविधानसभाबारे छलफल गर्न छुट दिएको छ । तर , एमाले पार्टीभित्र त्यो छुट दिइरहेको छैन । किन यस्तो भइरहेको छ ?

- एक दुईजनाले बोल्ने क्रममा एउटा प्रसंगमा त्यसरी वहस गर्नु हुंदैन भन्ने कुरा आयो । तर त्यो हाम्रो पार्टीको नीति होइन । त्यो हाम्रो पार्टीको नीति हुन पनि सक्दैन । संविधानसभाबारे हाम्रो पार्टीमा छलफल हुन सक्छ र भइरहेको पनि छ । हामी संविधानसभाका विरोधी होइनौं र जनताको अभिमतबाट निर्णय गर्ने कुरामा हामी असहमत छैनौं । हाम्रो निम्ति संविधानसभालगायत सबै विकल्पहरू खुला छन् । सबै विकल्पहरू खुला राखेर हामी छलफल गर्न चाहन्छौं । माओवादीहरूको तर्फबाट संविधानसभा मागको रूपमा आएको छ । सरकारको तर्फबाट संविधानसभा अस्वीकार भएको छ । संविधानसभाबाट साँच्चै समस्याको समाधान हुन्छ भने संविधानसभामा जान हामीलाई आपत्ति छैन । हामी सिद्धान्ततः संविधानसभाका विरोधी होइनौं । तर व्यवहारतः त्यसलाई माग बनाउनुभन्दा अगाडि त्यसको संभावना र संभाव्यतालाई हामीले हेर्नुपर्छ । संविधानसभा संसारका सबै राजनैतिक रोगहरूको औषधि हो भनेर हामी आँखा चिम्लेर भन्न सक्दैनौं । संविधानसभाको प्रश्नमा हामी छलफल गर्न तयार छौं र खुला छौं ।

❍ महाधिवेशनबाट तपाई के अपेक्षा गर्नुहुन्छ ?

- यो सातौं महाधिवेशन नेकपा एमालेको निम्ति मात्र होइन सिंगै नेपालको कम्युनिष्ट आन्दोलनका निम्ति र नेपालको प्रजातान्त्रिक आन्दोलनका निम्ति पनि ऐतिहासिक परिघटना सावित हुने छ । यसले संगठनात्क क्षेत्रमा उठाइरहेका कुराहरूलाई अनुमोदन गरेर अगाडि बढ्ने छ । र, पास गर्नेछ । र, यसले संगठनात्मक प्रजातान्त्रीकरण, सामुहिक नेतृत्व र समयानुकूल नीतिकासाथ जनताको बहुदलीय जनवाद अनुकूलका सांगठनिक नीतिहरू र तिनीहरूलाई संचालन गर्ने नीतिहरू प्राप्त गर्नेछ । त्यस्तै गरेर, देशमा उत्पन्न संकटको समाधान गर्न सक्नेगरी नेकपा एमालेलाई सक्षम, सबल र एकताबद्ध पार्टीको रूपमा प्रस्तुत गर्न यो महाधिवेशन सफल हुनेछ । र, यो सातौं महाधिवेशन साँच्चै एकताको महाधिवेशन हुनेछ । ❑

**सातौं महाधिवेशनको पूर्वसन्ध्यामा एमालेको शुभचिन्तक बुद्धिजीवी समुदायले काठमाण्डौमा आयोजना गरेको गंभीर अन्तर्क्रिया कार्यक्रम**

# एमालेको निम्ति वैचारिक सरोकार

**सातौं** महाधिवेशनको पूर्वसन्ध्यामा एमालेको शुभचिन्तक बुद्धिजीवी समुदायले यही माघ १२ गते आइतबार काठमाण्डौमा एउटा गम्भीर छलफल आयोजना गऱ्यो । नेपाल अध्ययन केन्द्रको आयोजनामा भएको त्यस अन्तरक्रियात्मक कार्यक्रममा सातौं महाधिवेशनका निम्ति छानिएका एमालेका प्रतिनिधिहरूको पनि सहभागिता थियो । आगामी महाधिवेशनका निम्ति सैद्धान्तिक, वैचारिक एजेण्डाहरूलाई किनारामा फालेर केवल पार्टी जीवनको आन्तरिक विषयसँग सम्बद्ध संगठनात्मक विषयमा नै विवाद उठाइएकोमा सहभागी वक्ताहरूले विभिन्न स्तरमा प्रतिक्रिया गरेका थिए । ती प्रतिक्रियाहरूमा एमालेले आफूलाई प्रगतिशील पार्टीका रूपमा स्थापित गर्न वैचारिक विषयहरूमा सुस्पष्टताहरू आर्जन गर्नुपर्ने आशयहरू ध्वनित भएका थिए ।

अन्तर्क्रियालाई मूर्त रूपमा अघि बढाउन समाजशास्त्री डा. चैतन्य मिश्रलाई विषयगत प्रस्तोताका रूपमा राखिएको थियो । त्यस्तो त आयोजक संस्थाले वरिष्ठ विद्वानहरू डा. पीताम्बर शर्मा र गोविन्द भट्टलाई पनि यस अन्तरक्रियाको प्रमुख वक्ताका रूपमा आमन्त्रण गरेको थियो । तर उहाँहरू दुवै आइपुग्नु भएन । तसर्थ, डा. चैतन्य मिश्रद्वारा प्रस्तुत विचारहरूको वृत्तभित्र नै अन्तरक्रिया संचालन भयो ।

"गैरसम्वैधानिक र गैरप्रजातान्त्रिक प्रकृयाबाट आएको प्रतिगामी सत्ताविरूद्ध कसरी प्रतिकार गर्ने भन्ने विषयमा एमालेको सातौं महाधिवेशनका निम्ति तयार गरिएको दस्तावेजमा उपयुक्त विवेचना भएको जस्तो मलाई लाग्दैन ।"

मूलतः एमालेको दस्तावेजमा आधारित भएर डा. चैतन्य मिश्रले उपर्युक्त भनाइबाट आफ्नो विचार शुरू गर्नुभएको थियो । उहाँले असोज १८ गतेको प्रतिगामी कदम एकैपटक उब्जेको नभएर दुई वर्ष अघिदेखि नै क्रमवद्ध रूपमा त्यसका निम्ति पृष्ठभूमि तयार गरिएको बताउँदै ती अवधिहरूमा एमालेले सजग प्रतिपक्षको भूमिका समेत निर्वाह गर्न नसकेको टिप्पणी गर्नुभएको थियो ।

उहाँले त्यस अवसरमा भन्नुभयो : "आतंकवाद नियन्त्रण गर्ने नाममा बनाइएको स्वेच्छाचारी कानून, स्थानीय निकायहरूको विघटन र संसद विघटनजस्ता कामहरूको एकमुष्ठ योगबाट निस्केको परिणाम नै असोज १८ गतेको प्रतिगामी कदम हो । यस्तो प्रतिगमनको प्रक्रिया दुई वर्षअघि नै शुरू भैसकेको थियो । खासगरी १ वर्ष अघिदेखि यो प्रक्रिया छिटोछिटो अघि बढेको हो । त्यसबेला नै एमालेजस्तो पार्टीले राजनीतिक कार्यक्रमहरू तय गरेर सडक संघर्षमा प्रभावकारी कार्यक्रमहरू राख्नुपर्थ्यो । तर त्यसो गरिएन । गत एक वर्षमा एमालेको छवि अल्छी, यथास्थितिवादी र निस्तेज रूपमा प्रस्तुत भएको छ जस्तो मलाई लाग्छ ।"

वर्तमान जटिल परिस्थितिसँग जुध्न एमाले कांग्रेसभन्दा पछाडि परेको धारणा पनि उहाँले व्यक्त गर्नुभयो । उहांको भनाइ थियो- "वर्तमान परिस्थितिसँग जुध्ने कुरामा, माओवादीसँग वार्ता कसरी गर्ने भन्ने कुरामा एमाले नेपाली कांग्रेस र कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला जति पनि स्पष्ट देखिँदैन । एमालेका गत दुई वर्षदेखिका क्रियाकलापहरू हेर्दा त्यो पार्टी आफ्ना तेजिला कार्यकर्ताहरूलाई निस्तेज पार्न लागेको हो कि भन्ने देखिन्छ ।"



"वर्तमान परिस्थितिसँग जुध्ने कुरामा, माओवादीसँग वार्ता कसरी गर्ने भन्ने कुरामा एमाले नेपाली कांग्रेस र कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला जति पनि स्पष्ट देखिँदैन"

**- डा. चैतन्य मिश्र**

एमालेको ७८ र २२ पेजे दस्तावेजमाथि टिप्पणी गर्दै उहाँले के पनि भन्नुभयो भने वर्तमान परिस्थिति र प्रतिगमनविरूद्ध संघर्षको क्रममा अरू राजनीतिक दलहरूसँग कसरी सहयोग लिने वा दिने भन्ने बारेमा पनि दस्तावेज स्पष्ट छैन । उहाँले दस्तावेजमा भावी सहकार्यको विषयले पाउनु पर्ने ठाउँ नपाएको र सहकार्यको सम्भावना अघि नबढाएको उल्लेख गर्दै नेपाली कांग्रेससँग संघर्षमा सहकार्यका निम्ति थोरै चर्चा गरेर कांग्रेसको आलोचनामा बढी ठाउँ खर्च गरेको विषयलाई पनि आलोचनात्मक टिप्पणी गर्नुभएको थियो ।

चुनाव नै संकटको निकास हो भन्ने एमालेको ठम्याईबारे पनि पुनर्विचार गरिनुपर्ने तथा संयुक्त संघर्षमा जाने हो भने संघर्षका अडानहरूबारे पनि संयुक्त निर्णय लिनुपर्छ भन्ने विचार प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा उहाँले थप्नुभयो : "संघर्ष संयुक्त चरित्रको हुने हो भने नाराहरू पनि संयुक्त चरित्रको हुनुपर्छ ।"

सातौं महाधिवेशन पर्खालभित्र गर्न लागेजस्तो देखिन्छ, त्यस्तो हुनु हुँदैनथ्यो भन्दै उहाँले भन्नुभयो : "राजनीतिक कार्यकर्तासँग मात्र होइन, जनतासँग समेत वार्ता गर्दै संघर्ष र महाधिवेशनको कार्यक्रम तथा कार्यदिशा तय गरिनुपर्ने थियो, तर पार्टी सदस्यहरूबीचमै पनि सघन र विस्तृत छलफल नगरिकन महाधिवेशनको दस्तावेज तयार गरिएको जस्तो देखिन्छ ।"

जनता एमालेको सरकार बनाउन आतुर छन् भनिएको छ, तर किन र कसरी यो कुरा व्यक्त हुन्छ भन्नेबारे दस्तावेज स्पष्ट नभएको पनि उहाँले बताउनुभयो ।

आम नेपाली जनताको दैनन्दिनका समस्या, दुःख पीडाहरूलाई राजनीतिक विषयबाट बाहिर पारिएको, राजनीतिको केन्द्रविन्दुमा जनजीविकाको विषय पार्नुपर्थ्यो तर नपारिएको, रोजगार-शिक्षा-स्वास्थ्यजस्ता विषयलाई राजनीतिक विषयभन्दा बाहिर पारिएको र यसरी दस्तावेजमा थुप्रै त्रुटीहरू भएको विचार उहाँले व्यक्त गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो : "बेरोजगारीको समस्या ठूलो राजनीतिक समस्या हो, तर त्यसमा ध्यान दिइएको छैन । जमीनमा जनताको पहुँच केन्द्रीय समस्या हो, तर दस्तावेजमा यो विषय अस्पष्ट छ । वडाल आयोगको अप्रकाशित र अमूर्त प्रतिवेदनको हवाला दिएर भूमिमाथि पहुँचको विषयलाई टुङ्ग्याइएको छ ।"

उहाँका थप भनाइहरू यस्ता थिए : "अहिले प्रजातन्त्र सिंहदरबारमा र चुनावमा मात्र सीमित भएको छ । सिंहदरवार र चुनावमात्रको प्रजातन्त्र

कि जनजीवनमा प्रजातन्त्र भन्ने अन्यौल छ । त्यसैले यसबेला प्रजातन्त्रको पुनःपरिभाषा गर्नुपर्ने देखिन्छ । एमालेले यसतर्फ पनि ध्यान देओस् भन्ने अपेक्षा गर्न सकिन्छ ।"

"अन्य पार्टीका तुलनामा एमाले अझै पनि प्रजातान्त्रिक पद्धतिमा चलेको पार्टी हो, तर १० वर्षयता एमालेभित्र जनवादी केन्द्रीयता विकृत भएको छ । नेतृत्व चयन गर्ने प्रक्रिया पर्याप्त प्रजातान्त्रिक छैन । नेताको फेर समातेर नेता हुने प्रवृत्ति देखिन्छ । त्यस्तै, एमालेले केही वर्षयतादेखि संसदीय संघर्षमा सम्पूर्ण समय खर्चेको र सडक संघर्ष ज्यादै नै छायाँमा परेको देखिन्छ । सडक संघर्षलाई कम आँक्ने प्रवृत्ति एमालेको निम्ति प्रत्युत्पादक हुनसक्छ । संसदीय संघर्ष सँगसँगै सडक संघर्षका लागि मुलुकमा पर्याप्त ठाउँ छ । तर त्यसो गरिएको छैन । त्यसले गर्दा पनि संघर्षको परीक्षाबाट उत्तीर्ण भएर आउने स्थानीय नेतृत्वको अभाव देखिन्छ । यसले गर्दा नेताको फेर समाप्ते प्रवृत्तिलाई नै प्रोत्साहन मिलेको छ ।"

"त्यसैले, जस्तोसुकै संकटको बीचमा पनि जनता र पार्टीबीच सम्बन्ध र सम्पर्क गहन पार्नुपर्छ । त्यो अहिले भएन, तर यस तथ्यलाई भविष्यको निम्ति शिक्षाका रूपमा लिनुपर्दछ । त्यस्तै, गएको १० वर्षले बहुदलीय जनवादलाई के गऱ्यो भन्ने प्रश्नको उत्तर खोजिएको छैन । बहुदलीय जनवादलाई व्याख्या, परिमार्जन र अद्यावधिक गर्नुपर्ने कुरा दस्तावेजमा छैन । यी सबै दृष्टिबाट हेर्दा सातौं महाधिवेशनका निम्ति मस्यौदा गरिएको एमालेको दस्तावेजमा विचार, दृष्टिकोण, आँट र संकल्प नपुगेको देखिन्छ ।"

अन्तरक्रियाका अर्का वरिष्ठ सहभागी खगेन्द्र संग्रौलाको भनाइ थियो : "एमालेको भिन्न मतको दस्तावेजमा समेत वैचारिक तत्व शून्यप्रायः छ । एमालेभित्र दुईथरिका बीच अहिले चलेको विवाद सारमा कुर्सी युद्ध हो । दुई पक्षबीच सम्वादको शैली पनि अस्वस्थ छ । त्यसले पार्टीको आन्तरिक गुटबन्दीलाई मलजल गरेर एमालेमा बाँकी रहेको थोरै ऊर्जालाई पनि नष्ट गर्छ । तसर्थ एमालेले तीनवटा काम गर्नु जरूरी छ ।

एक, यसले अतीतको कठोर आत्मसमीक्षा गर्नुपऱ्यो ।

दुई, वर्तमानको वस्तुनिष्ठ विश्लेषण गर्नुपऱ्यो ।

तीन, अग्रगमनको मूर्त बाटो तय गर्नुपऱ्यो ।"

पार्टीभित्र वैचारिक मूल्यहरूको स्खलन भएकोतर्फ ध्यानाकर्षण गर्दै अन्तरक्रियामा एमालेका पार्षद नारायण ढकालले भन्नुभयो- "अहिले एमालेमा मूल्य र शक्तिबीच चर्को अन्तरविरोध छ । मूल्यसहितको शक्ति हुनुपर्ने हो । राजनीतिको आत्मा पनि त्यही हो । तर त्यस्तो हुन सकेको छैन ।"

त्यस्तै, राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष माधव अधिकारीले भन्नुभयो : "अहिले पनि मतदाता पंक्तिमा एमाले सबभन्दा लोकप्रिय छ, तर कार्यकर्ता पंक्तिमा यसप्रति क्रमशः वितृष्णा



**एमालेले तीनवटा काम गर्नु जरूरी छ । एक, यसले अतीतको कठोर आत्मसमीक्षा गर्नुपऱ्यो । दुई, वर्तमानको वस्तुनिष्ठ विश्लेषण गर्नुपऱ्यो । तीन, अग्रगमनको मूर्त बाटो तय गर्नुपऱ्यो ।"**

**- खगेन्द्र संग्रौला**

बढिरहेको छ । एमालेले अहिले पनि संकटको निकासतर्फ प्रकाश हाल्न सकेन । सक्लाजस्तो पनि देखिएन । एमालेको छवि अझै बिग्रेलाजस्तो छ । एमाले एउटा त्यस्तो ठूलो जुलूस भएको छ, जसको अगाडि कुनै ब्यानर छैन । अथवा, त्यो पार्टी बेहुलो नभएको जन्तीजस्तो छ । यसको दस्तावेज हेर्दा हाम्रा आशाहरूमा तुषारापात भएका छन् ।"

एमालेका महाधिवेशन प्रतिनिधि राजन भट्टराईले रेडियो र टेलिभिजनमा हेर्दा हामी ०४६ सालअगाडिको अवस्थामा पुगेका हौं कि जस्तो अवस्थामा छौं, भन्नुभयो । उहाँले थप्नुभयो : "यस्तो अवस्थामा पार्टीको आन्तरिक विषयमा मात्र केन्द्रित भएर ठीक भएन जस्तो धेरैले अनुभव गरेका छन् । महत्वपूर्ण विषयहरू कम उठेका छन् । उठेकामा पनि रूप पक्ष बढी र सार पक्ष कम देखिन्छ । एमालेका त्रुटीहरू छलफलका विषय बन्नुपर्छ । "

छलफलका अर्का सहभागी पुस्कर गौतमले बहुदलीय प्रजातन्त्रमा आएको संकटबाट मुक्त गर्ने एमालेको कार्यक्रम नै छैन भन्दै यो राजनीतिक पार्टीका रूपमा नै देखिएको छैन भन्नुभयो । उहाँले अगाडि भन्नुभयो : "अहिले बहुदलीय प्रजातन्त्रको नेतृत्व गिरिजाले गरेका छन्, एमालेले होइन । एमाले राजनीतिभन्दा बाहिर गएर कार्यनीतिक कुरामा रिंगिरहेको छ ।"

उक्त कार्यक्रममा एमालेका योगेश भट्टराई, लोककृष्ण भट्टराई, प्रकाश ज्वाला, केशव पाण्डे आदिले पनि आफ्ना विचारहरू राख्नुभएको थियो ।

नेपाल अध्ययन केन्द्रका अध्यक्ष घनश्याम भुसालको सभापतित्वमा भएको सो कार्यक्रमलाई टीकाराम भट्टराई र झलक सुवेदीले संचालन गर्नुभएको थियो ।

त्यस छलफलमा उब्जेका विचारहरूलाई एमालेको महाधिवेशन हलसम्म पुऱ्याउन सकेमा उपयोगी हुने विचार सहभागीहरूले गरेका थिए । त्यस्तै, ढिलो भए पनि राम्रो काम गरेकोमा थुप्रै सहभागीले आयोजकहरूलाई धन्यवाद दिएका थिए ।

❑ गोविन्द वर्तमान


प्रतिक्षाको समय सकियो

अगामी चैत्र महिनादेखि बजारमा आउँदैछ

बाल पत्रिका

प्रतिभा

आँना बाल-बालिकाहरूका लागि आफ्नो प्रति सुरक्षित गर्नुहोस् ।

प्रकाशक

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.

पो.ब.नं. : ७०५०, काठमाण्डौ

E-mail: yuwa@ntc.net.np

# किन चाहियो संविधानसभा यतिखेर ?

■ श्याम श्रेष्ठ

**नेपालको** राजनीतिमा यतिबेला ने.क.पा. (एमाले) निर्णायक स्थानमा छ । ऊ जुन पक्षमा गयो, राजनीतिक शक्ति-सन्तुलनको तराजु त्यतैपट्टि ज्यादा भारी हुने स्थिति देशमा विद्यमान देखिन्छ । यस परिप्रेक्ष्यमा माघको तेस्रो हप्तामा हुनलागेको एमालेको सातौं महाधिवेशनले राष्ट्रिय राजनीतिमा गम्भीर महत्व राख्दछ ।

तर अचम्मको कुरा के भइरहेछ भने यति निर्णायक नीति-निर्णय गर्ने राष्ट्रिय महाधिवेशनमा वर्तमान राष्ट्रिय राजनीतिका निर्णायक मुद्दाहरूमा सार्वजनिक बहस, छलफल भइरहेको छैन । बहस चलिरहेछ- अध्यक्ष प्रणाली ठीक कि महासचिव प्रणाली ठीक जस्तो झिनोमसिनो सवालमा । एमालेजस्तो निर्णायक राजनीतिक शक्तिले सिंगो देश गम्भीरतम राजनीतिक-आर्थिक संकटको भासमा डुविरहेको अहिलेको परिस्थितिमा त्यो भासबाट देशलाई निकाल्ने सर्वांगीण उपायहरूका बारेमा, विगतका गल्तीहरूका बारेमा, भविष्यको राज्य-व्यवस्थाको स्वरूप र खाकाका बारेमा बहस छलफल केन्द्रित नगरिकन राष्ट्रको ध्यान व्यर्थको झिनामसिना सवालहरूमा स्थानान्तरण गर्न किन चाहेको होला ? धेरै नेपालीलाई प्रश्न उठिरहेछ ।

संकटग्रस्त वर्तमान नेपालमा उठिरहेका बहस छलफलमध्ये संविधानसभाको बहसले राष्ट्रको सर्वाधिक ध्यान तानेको स्थिति छ । यो सवालमा एमाले महाधिवेशनको वरपर खै बहस छलफल चलाउन दिइएको ? दक्षिणपन्थी भनिएको नेपाली कांग्रेसले आफ्नो पार्टीमा संविधानसभाको सम्बन्धमा महाधिवेशन नभएको बेलामा समेत सार्वजनिक बहस छलफल खुला गर्न सक्दा आफूलाई 'बहुदलीय जनवादी' र 'वामपन्थी' भन्ने एमालेमा नै त्यो अहं सवालमा सार्वजनिक बहस किन वर्जित गरिएको ? के अहं महत्वका सवालमा महाधिवेशनको बेला सार्वजनिक बहस छलफल गर्ने क. मदन भण्डारीले थालेको जनवादी प्रक्रिया अब आएर अप्रासंगिक र अनावश्यक भएको हो ?

## किन चाहियो संविधानसभा ?

कुनै पनि नारा वा कार्यक्रम आफैंमा अलग थलग रूपमा ठीक वा बेठीक भन्ने कुरा हुँदैन । समय र परिस्थितिका सन्दर्भमा नै कुनै पनि नारा वा कार्यक्रम उचित वा अनुचित ठहरिने गर्दछ । संविधानसभाका सन्दर्भमा पनि यही कुरा लागु हुन्छ । संविधानसभा भन्ने वित्तिकै त्यो हरेक समयका लागि सही नारा हुन सक्दैन ।

यतिबेला संविधान सभाको निर्वाचनको नारा ठीक कि बेठीक भन्नाका लागि हामीले सर्वप्रथम विना आग्रह पूर्वाग्रह असोज १८ को शाही घोषणा र त्यसपछिका शाही कदमहरूको सार र चरित्रबारे निर्क्यौल गर्नुपर्ने हुन्छ । के ती शाही घोषणा र कदमहरूबाट नेपालमा केवल सरकारको मात्र परिवर्तन भएको हो कि त्यसबाट नेपालको राज्य-व्यवस्थाको स्वरूप र चरित्रमै गुणात्मक परिवर्तन आएको छ ?

राजनीतिमा सामान्य ज्ञान राख्ने जोसुकैले पनि ठम्याउन सक्ने कुरा हो- असोज १८ को शाही घोषणाले र राजाका त्यसपछिका कदमले खालि शेरबहादुर मन्त्रिपरिषदका ठाउँमा लोकेन्द्र मन्त्रिपरिषद् ल्याएको र बदलेको होइन, यसले त नेपालको राज्य-व्यवस्थामै गुणात्मक हेरफेर ल्याएको छ । त्यसबाट नेपालको सम्वैधानिक राजतन्त्र सक्रिय र निरंकुश राजतन्त्रमा रूपान्तरित भएको छ ; कानूनको शासन हुकूम र अध्यादेशको शासनमा बदलिएको छ; सर्वाधिकारसम्पन्न निर्वाचित मन्त्रिपरिषद् राजाको थपनाको अधिकारविहीन कठपुतली मन्त्रिपरिषदमा परिवर्तित भएको छ ।

२०४७ सालको नयाँ संविधानको सार र प्राण भनेको राज्यसत्ताको स्रोत जनता हुनु, प्रभुसत्ता जनतामा निहीत हुनु, कार्यकारी अधिकार निर्वाचित सरकारमा निहीत हुनु, राजा सम्वैधानिक हुनु र देशमा बहुदलीय संसदीय व्यवस्था कायम हुनु हो । हालैको शाही घोषणा र कदमबाट नेपालमा यतिबेला केवल बहुदलीयताको बाहिरी आवरणमात्र बाँकी छ, २०४७ सालको संविधानको सार र प्राणको चाहिँ अपहरण भएको छ ।

यो परिस्थितिमा गुदीविहीन र प्राणविहीन संविधान नै काखी च्यापीराख्नुको तुक के रहन्छ ? राजाबाट विद्यमान संविधानलाई गुदीविहीन बनाउने काम भइसकेपछि जनताले जानुपर्ने अपरिहार्य बाटो भनेको नयाँ संविधानको निर्माण नै हो । नयाँ संविधान निर्माण गर्ने सबैभन्दा लोकतान्त्रिक विधि भनेको संविधानसभाको निर्वाचन नै हो । यसरी संविधान सभाको निर्वाचन देशको यतिखेरको वस्तुगत आवश्यकता बन्न गएको हो ।

२०४७ सालको संविधान निरंकुश र सक्रिय राजा र प्रजातन्त्र पक्षधर आन्दोलनकारी जनताबीचको अधिकार बाँडफाँडको एउटा सम्झौता थियो । असोज १८ को घोषणा र त्यसपछिका घटनाहरूमा राजाले त्यो द्विपक्षीय सम्झौतालाई एकतर्फी रूपमा तोडी नै सके र पुरानै सक्रिय र निरंकुश राजतन्त्र देशमा स्थापित नै गरिसके । जब राजा द्विपक्षीय सम्झौता एक्लै तोडेर आफ्नो अनुकूलको पुरानै निरंकुश राज्य-व्यवस्थामा फर्कन्छन् भने, केवल जनताले मात्र यथास्थितिको पक्षपोषक भएर पुरानै सम्झौता र राज्य-व्यवस्थामा प्रतिवद्ध भइराख्नु किन जरूरी ? जनताले पनि आफ्नै अनुकूलको नयाँ लोकतान्त्रिक राज्य-व्यवस्थामा किन पदार्पण नगर्ने ? र, त्यसका लागि संविधानसभा किन नगर्ने ? यस कोणबाट पनि संविधानसभा यतिखेरको देशको आवश्यकता बन्न गएको हो ।

प्रजातन्त्र पक्षधर पार्टीहरूले यस बीचमा राजालाई पुरानो सम्झौतामा कायम हुन कम दवाव दिएका होइनन् । तर राजाबाट पार्टीहरूले गरेको शान्तिपूर्ण सहमतिको प्रत्येक प्रयत्नलाई लत्याउने, लात हान्ने र धोका दिने काम सिवाय केही भएको देखिँदैन । यो स्थितिमा नयाँ संविधान पुनर्लेखन गर्नु सिवाय अर्को कुनै विकल्प नै बाँकी देखिँदैन । शान्तिपूर्ण सहमति खोज्दा जुन गोडाले लगातार लात मारेकोमात्रै छ, त्यही गोडामा फेरि पनि अन्तहीन ढंगले सहमति खोज्दै छाँद मार्न जानु कत्तिको बुद्धिमत्तापूर्ण निर्णय हुन्छ ?

देशमा माओवादी विद्रोहले पैदा गरेको चरम राजनीतिक-आर्थिक र सामाजिक संकटलाई निवारण गर्न पनि संविधानसभा देशको वस्तुगत आवश्यकता भएको छ । यो संकटलाई जति बढी लम्ब्यायो, देश उति आर्थिक-राजनीतिक रूपले तवाह हुने निश्चित छ । अहिले नै आर्थिक क्षेत्रमा तीनवटा भयावह संकटको संकेत त देखिइनै सके । पहिलो, नेपालको आर्थिक वृद्धिदर -०.६३ मा झरेको छ । अर्थात्, अर्थतन्त्र अब तीव्र गतिमा ओरालो लागेको छ । औद्योगिक उत्पादन त अझ -१० प्रतिशतका दरले ओरालो लागिरहेछ । पर्यटन लगभग ढलिसकेको छ । दोस्रो, गृहयुद्धका कारणले राज्यको ढुकुटीको व्यापक सैनिकीकरण भएकाले ६-७ वर्षमै राज्य टाट पल्टेको छ । राजस्वले उसँग जति पैसा उठ्छ, त्यसले उसको साधारण खर्च पनि धान्दैन । र, विकास निर्माणको निम्ति खर्च गर्न राज्यसित एक सुका दाम पनि छैन । यो

**यो सवालमा एमाले महाधिवेशनको वरपर खै बहस छलफल चलाउन दिइएको ?**

स्थितिमा देश अर्को १-२ वर्ष गयो भने के हुन्छ ? राज्यसित राज्यै चलाउन, अस्पताल चलाउन, स्कूल चलाउन, कर्मचारीलाई तलब ख्वाउनसमेत पैसा हुने छैन । राज्य पूर्णतया परनिर्भर र भीखमंगा राज्यमा बदलिनेछ । उद्योग व्यवसायहरू प्रायशः धराशायी भइसक्ने छन् । तेस्रो, गाउँहरूबाट उत्पादनशील जनशक्ति दिनहुँ हजारौंको संख्यामा बाहिरी देशमा पलायन गर्न थालेका छन् । यही स्थिति यथावत् रह्यो भने नेपालका गाउँहरू निकट भविष्यमै उत्पादनविहीन अनिकालग्रस्त गाउँमा बदलिने छन् ।

राजनीतिक संकट पनि अत्यन्त तीव्र बनेको छ । केन्द्रीय राज्यको अस्तित्व जिल्ला सदरमुकाम र शहरबजार वरपरभन्दा उता देखिनै छोडेको छ र यो स्थिति हेर्न रोल्पा, रूकुम जानुपर्दैन, राजाधानीको सबैभन्दा निकट जिल्ला काभ्रे, नुवाकोट र सिन्धुपाल्चोक गए पुग्छ । अर्को कुरा, देशमा यतिखेर न निर्वाचित संसद छ, न निर्वाचित स्थानीय निकाय, न विधिको शासन छ, न निर्वाचित सरकार । देश पूर्णतया हचुवामा र हुकूममा चलिरहेछ । बेलायती वेष्ट मिनिस्टर ढाँचाको पुरानो संसदीय राज्य-व्यवस्था र संविधान मूलतः फेल खाइसकेको छ, तर नयाँ राज्य-व्यवस्था र संविधान पनि निर्मित भइसकेको छैन । राज्य-व्यवस्था शून्यताको यो स्थितिमा, हचुवातन्त्र र जंगलको न्यायको यो स्थितिमा देश कति दिन चल्नसक्छ ? त्यसमाथि थप, विगत ७ वर्षमा ६ हजारभन्दा ज्यादा नेपालीहरूको अनाहकमा ज्यान गइसकेको छ । हत्याहिंसाको यो श्रृंखला नेपालले कति दिन थेग्न सक्छ ? विगत ७ वर्षको अनुभवले के देखाएको छ भने सैन्य दमनबाट माओवादी विद्रोहले पैदा गरेको संकट समाधान गर्न असंभव छ ।

यो भयावह अवनति, अशान्ति र चरम आर्थिक-राजनीतिक संकटको निरन्तरताभन्दा संविधानसभाको निर्वाचन धेरै सस्तो पर्दैन र, जुन विद्रोहीहरूको मुख्य र न्यूनतम राजनीतिक माग पनि हो ? यस हिसावले पनि संविधानसभा यतिखेरको वस्तुगत आवश्यकता बन्न गएको छ ।

यस परिप्रेक्ष्यमा, शाही प्रतिगमनले ल्याएको राजनीतिक समस्या र माओवादी विद्रोहीले पैदा गरेको चरम संकट- दुवैलाई संबोधन र समाधान गर्ने मध्यमार्ग संविधानसभाको चुनाव बनेको छ ।

## बहसका विषयहरू

**○ संविधान संशोधनबाट के हुन सक्दैन र संविधानसभा चाहियो ?**

संविधानसभाको कुरो उठ्दा अक्सरतया तर्क आउने गरेको छ- संविधान संशोधनबाटै के कुरो हुन संभव छैन र संविधानसभा चाहियो ? जुन कुरो संविधान संशोधनबाटै हुनसक्छ, त्यसको निम्ति जोखिमपूर्ण संविधानसभामै जाने किन ?

नेपालको यथार्थ नियाल्ने हो भने गएको जेठ ८ गते संसद विघटन हुनुअघि हाम्रो देश वास्तवमा संविधान संशोधनकै बाटो हिंड्न तैयार भएको थियो । संसदभित्रका ६ वटा दलहरूको सहमतिमा संविधानमा दुईवटा महत्वपूर्ण संशोधन हुनलागेै थिए : एउटा, सेनालाई सुस्पष्ट रूपमा निर्वाचित संसद र सरकारको मातहतमा ल्याउने कुरा र अर्को, संविधानमा जनमत संग्रहको प्रावधान राखेर जनमत संग्रहमार्फत् संविधानको कुनै पनि महत्वपूर्ण प्रावधान बदल्न सकिने कुरा । हामी सबैको पनि त्यस संविधान संशोधनको प्रस्तावमा सहमति थियो । जब माओवादीले पनि ६ वटा दलको मागबमोजिम लिखित पत्र पठाएर यी संशोधनमा आफ्नो सहमति जनायो, अब देश यही बाटोमा हिंडेरै संकटको समाधानतर्फ उन्मुख हुने परिपक्का भयो । परन्तु राजाको निम्ति यो बाटो स्वीकार्य भएन । दरबारले राजाको सहमतिविना संविधानमा कुनै संशोधन हुन नसक्ने किचलोमात्र उठाएन, प्र.मं. शेरबहादुर देउवालाई चेसको गोटीझैं प्रयोग गरेर मध्यरातमा संसद विघटन गराउने कार्यसमेत भयो र देउवा स्वयंले पछि यो तथ्यको उद्घाटन गरे पनि । त्यसैले, संविधान संशोधनको बाटो त खुद राजाबाटै अवरूद्ध भएको हो ।

अहिले त देशमा न संसद छ, न त निकट भविष्यमै चुनाव हुनसक्ने स्थिति नै । यो स्थितिमा कसरी देश संविधान संशोधनको बाटोमा जानसक्छ ? माओवादीसित वार्ता नभई संसदको सार्थक चुनाव नै हुन सक्दैन, संविधानसभा नभई माओवादीसित सफल वार्ता नै हुन सक्दैन । यो दुष्चक्रमा देश फँसिसक्यो । संविधान संशोधनको बाटो राजाबाटै थुनिएको स्थितिमा यो दुष्चक्रबाट देशलाई बाहिर निकाल्न पनि संविधानसभा आवश्यक भएको छ ।

> **संविधान संशोधनबाट के हुन सक्दैन र संविधानसभा चाहियो ?**
>
> **के क्रान्तिको समयमा मात्र संविधानसभा चाहिने हो ?**
>
> **गणतन्त्र ल्याउनु छैन भने किन चाहियो संविधानसभा ?**
>
> **संविधान सभाबाट माओवादी विद्रोह साम्य हुन्छ नै भन्ने ग्यारेन्टी के ?**

अर्को महत्वपूर्ण कुरा, यो संविधानमा त्यस्ता व्यवधानहरू छन्, जसले गर्दा जनतालाई वास्तविक अर्थमा सार्वभौम बनाउने गरी जनमत संग्रहमार्फत् वा संविधान संशोधनको प्रस्तावमार्फत् संविधानका हरेक व्यवस्था परिवर्तनीय बनाउन संभव छैन । "संविधानको प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी"मात्र संविधानमा संशोधन गर्न सकिने व्यवस्था छ । "प्रस्तावनाको भावना" भन्नाले के के पर्छ, कुनै स्पष्टता छैन । त्यसको व्याख्या गर्ने हक सर्वोच्च अदालतलाई मात्र छ । संकटकालमा पनि संसदीय चुनाव संभव छ भनेर फैसला दिने अदालतले यसलाई व्याँख्या गर्दा के के भन्ला, विगतका फैसलाहरूका आधारमा सहजै अनुमान लाउन सकिन्छ । अनि, अर्को मुख्य कुरो, माओवादी विद्रोहलाई पनि संविधान संशोधनबाट साम्य पार्नु संभव देखिँदैन ।

पूँजीवादी प्रजातन्त्रलाई पूर्ण बनाउन सेना नागरिक सरकारको मातहतमा स्पष्टतः हुनैपर्छ र सार्वभौम जनताले शान्तिपूर्ण ढंगले जनमत संग्रहमार्फत् संविधानको कुनै पनि आधारभूत प्रावधान बदल्न सक्ने व्यवस्था हुनैपर्छ । यस्तो व्यवस्था भएको खण्डमा माओवादी वा कसैले पनि व्यवस्था बदल्न हतियार लिएर जंगल पस्नु पर्ने आवश्यकता नै बाँकी रहँदैन । तर यी दुवै कुरा मुख्यतया तल्लो कुरा, संविधान संशोधनको बाटोबाट हासिल हुन संभव देखिँदैन । देशको यतिखेरको मुख्य समस्या- माओवादी विद्रोहले पैदा गरेको संकट नै संविधान संशोधनबाट समाधान हुनसक्दैन । यही परिप्रेक्ष्यमा संविधानसभाको निर्वाचनको जरूरत भएको हो । त्यसमाथि थप संविधान संशोधनको संभावित बाटो त राजा स्वयंले बन्द गरिसकेको जगजाहेर तथ्य होइन र ?

**○ के क्रान्तिको समयमा मात्र संविधानसभा चाहिने हो ?**

संविधानसभाको सम्बन्धमा बहस चल्दा उठ्ने गरेको एउटा प्रमुख तर्क के देखिन्छ भने क्रान्तिपछि परिवर्तित नयाँ राजनीतिक प्रणालीलाई व्यवस्थित गर्न मात्रै नयाँ संविधान निर्माण गरिने हो र त्यसका लागि संविधानसभा चाहिने हो । संविधानसभाले नयाँ व्यवस्था दिने होइन । नेपालमा त्यस्तो स्थिति नै छैन, त्यसैले किन चाहियो संविधानसभा ?

पहिलो कुरा त, संविधानसभा भनेको हमेशा राजनीतिक क्रान्तिकै बेलामात्रै जरूरी हुन्छ भन्ने धारणा नै त्रुटीपूर्ण छ । कुनै पनि कारणले संविधानको पुनर्लेखनको जरूरत पर्‍यो भने सबैभन्दा लोकतान्त्रिक संविधान निर्माण विधिका रूपमा संविधानसभाको आवश्यकता र सन्दर्भिकता हुनसक्छ । हमेशा यो जरूरी छैन कि क्रान्तिपछि आउने नयाँ व्यवस्थालाई सुव्यवस्थित गर्नमात्रै संविधानसभाको आवश्यकता पर्न जान्छ ।

दोस्रो कुरा, नेपालमा राजाले गरेको प्रतिगमनकै कारणले विद्यमान संविधान सारविहीन वा प्राणविहीन हुन गयो, विद्यमान राज्य-व्यवस्था फेल खायो । २०४६ सालमा राजा र जनताबीच भएको द्विपक्षीय सम्झौता एकतर्फी ढंगले तोडेर आफ्नो अनुकूलको पुरानो निरंकुश शासन व्यवस्थामा राजा त गइनैसके, अब जनताले चैं त्यही पुरानो सम्झौता काखी च्यापेर यथास्थितिको पक्षपोषणमात्र गरिराख्ने कि उनीहरूले पनि आफ्नो अनुकूलको नयाँ अग्रगामी राज्य-व्यवस्थाको लागि संविधानको पुनर्लेखन गर्ने ? यो आधारभूत प्रश्न सृजना भएको छ । फलस्वरूप, अब राजतन्त्र बाँकी राख्ने कि नराख्ने, राख्ने हो भने नयाँ ढंगले राजा र जनताबीचको सम्बन्ध टुंग्याउन र राज्याधिकारको बाँडफाँड गर्न संविधानको पुनर्लेखनको आवश्यकता पर्‍यो र त्यसका निम्ति संविधानको आवश्यकता पर्‍यो र त्यसका निम्ति संविधानसभा चाहियो । यसलाई के भन्ने ?

तेस्रो कुरा, यो प्रतिगमनको घटना हुन्नथ्यो भने पनि अर्को कारणले पनि यहाँ संविधानसभाको आवश्यकता भइसकेको थियो । त्यो हो- वर्तमान राज्य-व्यवस्था र संविधानविरूद्ध माओवादीबाट भएको सशस्त्र विद्रोहको कारण । राज्यले यो विद्रोहलाई राज्ययन्त्रको तर्फबाट सैन्य दमन गरेर साम्य पार्नु संभव नै रहेन, न त उचित नै । न राज्यले सशस्त्र विद्रोहीलाई परास्त गर्नसक्ने, न त

विद्रोहीले केन्द्रीय राज्य कब्जा गरेर त्यसलाई टिकाउन सक्ने स्थिति नै देशमा विद्यमान देखियो । फलस्वरूप, देशको अर्थतन्त्र उद्योगधन्दा आधारभूत रूपमा ढल्न लाग्यो । अनि, विद्रोहीको मुख्य माग रह्यो- संविधानको पुनर्लेखन । यो स्थितिमा संकट समाधानको उपाय के ? कि त भन्नु पर्‍यो- राष्ट्रको सार्वभौमिकता स्वाहा भए पनि अन्तर्राष्ट्रिय सेना गुहारेर सैन्य दमनबाटै संकट समाधान गर्नु पर्‍यो भनेर । होइन, त्यो उपाय बिल्कुलै नाजायज र आत्मघाती हुन्छ भने संविधानको पुनर्लेखन गर्नुभन्दा अर्को लोकतान्त्रिक, शान्तिपूर्ण र जायज बाटो के हुनसक्छ विद्रोहलाई साम्य पार्नका लागि ?

त्यसैले, केवल राजनीतिक क्रान्ति भएको समयमा मात्र होइन, त्यो नभएको समयमा राज्यविरूद्धको जनताको बलवान वा निर्णायक सशस्त्र विद्रोहलाई समाधान गर्नको लागि पनि त संविधान सभाको जरूरत त पर्न जाँदोरहेछ ।

### ❍ गणतन्त्र ल्याउनु छैन भने किन चाहियो संविधानसभा ?

संविधानसभासम्बन्धी बहसका दौरानमा उठ्ने गरेको अर्को प्रमुख तर्क के देखिन्छ भने २०४६ सालको शक्ति सन्तुलन र अहिलेको शक्ति सन्तुलनमा कुनै आधारभूत भिन्नता आएको छैन र यो शक्ति-सन्तुलनमा संविधानसभाबाट गणतन्त्र आउनै सक्दैन र राजासहितकै संविधान आउने हो भने किन चाहियो संविधानसभा ?

२०४६ सालको शक्ति सन्तुलन र अहिलेको शक्ति-सन्तुलनमा आधारभूत भिन्नता आएको छैन भन्ने जुन पहिलो प्रस्थापना छ, त्यो प्रस्थापना नै गलत छ । यसबीचमा देशको राजनीतिक शक्ति सन्तुलनमा आधारभूत भिन्नता आएको छ । २०४६ सालमा सेनासहितको निरंकुश राजतन्त्र, सेनाविनाको नेपाली कांग्रेस र वामशक्ति- यी तीनवटा शक्ति केन्द्रहरू अस्तित्वमा थिए । अहिले सेनासहितको निरंकुश र सक्रिय हुन खोजिरहेको राजतन्त्र, सेनासहितको विद्रोही माओवादी र बाँकी सबै सेनाविनाका संसदीय, गैर संसदीय शक्तिहरू मुख्य शक्ति केन्द्रका रूपमा छन् । शक्ति केन्द्रको स्वरूपमै यसरी व्यापक हेरफेर आएको छ । त्यतिखेर देशभरि राजाको एकछत्र हालीमुहाली थियो, राजाबाहेक अरू कसैसित सैन्यशक्ति थिएन, जनसमर्थनको शक्तिमात्र थियो । अहिले राजाको सैन्य शक्तिको अलावा माओवादीसित पनि सैन्य शक्ति छ । र, राजाको सैन्य-शक्ति र राज्यको पकड मूलतः जिल्ला सदरमुकाम, ब्यारेक र सडक पुगेका शहर बजारसम्म मात्र सीमित भएको छ, बाँकी भूभागमा माओवादीको हाल-हुकूम चलिरहेछ । यो त्यतिबेला र अहिलेको शक्ति सन्तुलनमा भएको गुणात्मक हेरफेर हो । यसबाहेक, राजतन्त्र त्यतिबेला त्यति अलोकप्रिय थिएन, जति राजदरबार हत्याकाण्डपछि अहिले छ । अहिले तीनमध्ये जुन दुईटा शक्तिकेन्द्र मिले उनीहरू नै राजनीतिमा हावी र विजयी हुने स्थिति छ ।

अहिलेको यो राष्ट्रिय शक्ति-सन्तुलनमा संविधान सभाबाट गणतन्त्र आउनै सक्दैन भन्ने कुरा होइन । आउन सक्छ । तर जुन मूल्य चुकाएर गणतन्त्र ल्याउनुपर्ने हुन्छ, त्यो मूल्य चुकाएर ल्याउनु उपयुक्त हुन्छ कि हुँदैन ? ल्याएमा त्यो दिगो हुन्छ कि हुन्न ? भन्ने मात्र सवाल हो । माओवादीहरू त गणतन्त्रको पक्षमा स्पष्टतः देखिन्छन्, कांग्रेस-एमालेको राजा र गणतन्त्रप्रतिको नीति के हुन्छ, त्यसैले नै गणतन्त्र आउने कि नआउने निर्धारित गर्ने देखिन्छ ।

देशको शक्ति सन्तुलन यस्तो भएको बेलामा गणतन्त्र ल्याउनु छैन भने संविधानसभा किन चाहियो भनेर तर्क गर्नु गणतन्त्र ल्याउने परिस्थिति आफूले भूमिका खेलेर तैयार नगर्ने, आफ्नै कारणले त्यस्तो परिस्थिति आउनै नदिने, अनि बनीबनाउ परिस्थिति स्वस्फुर्त रूपमा कतैबाट बकसमा खोज्ने कुरामात्रै हुन्छ । यस्तो कुराको के तुक रहन्छ र ?

गणतन्त्र ल्याउनु छैन भने संविधानसभा आवश्यक नै हुँदैन भन्ने तर्क 'पाए १०० मा नै जाने, नभए शून्यमै रहिरहने' दृष्टिकोणको पनि उपज हो । संविधानसभा र गणतन्त्र जुम्ल्याहा दाजुभाइ त होइनन् । संविधानसभा संविधान निर्माणको एउटा सबैभन्दा लोकतान्त्रिक विधिमात्रै हो, यसबाट गणतन्त्र आउन पनि सक्छ, नआउन पनि । यो तत्कालीन शक्ति सन्तुलन र निर्णायक शक्तिहरूको मूर्त भूमिकामा भर पर्ने कुरा हो । नेपालको सन्दर्भमा कुरा गर्दा, नेपालमा यतिखेर संविधान सभाबाट गणतन्त्र आउन ज्यादै कम संभावना छ, किनकि कांग्रेस र एमाले यसका लागि तयार नै देखिन्नन् । परन्तु संविधान सभाबाट संविधान संशोधनले ल्याउन सक्नेभन्दा ज्यादा प्रगतिशील संविधान आउनसक्ने भने टड्कारो संभावना छ । कमसेकम यसबाट जनतालाई वास्तविक अर्थमा सार्वभौम बनाउने दुईटा अति महत्वपूर्ण कुरा आउन सक्छन् : एउटा, संविधानमा जनमत संग्रहको प्रावधान ; अर्को, सेनालाई संसद र नागरिक सरकारको मातहतमा ल्याउने प्रावधान । यो पनि नेपाली समाज र लोकतान्त्रिक राजनीतिको विकासमा निर्णायक महत्वका उपलब्धी नै हुन सक्छन् । अर्को, यसबाट माओवादी विद्रोहको समाधानसमेत संभव छ, जुन राष्ट्रको निम्ति ज्यादै ठूलो उपलब्धी हो ।

### ❍ संविधान सभाबाट माओवादी विद्रोह साम्य हुन्छ नै भन्ने ग्यारेन्टी के ?

बहसका दौरानमा यो प्रश्न एउटा महत्वपूर्ण प्रश्नका रूपमा उठ्ने गरेको छ । संविधानसभाबाट विद्रोह साँच्चै साम्य हुन्छ भने ठीक छ, नत्र किन व्यर्थैमा जोखिम मोल्ने भन्ने धारणा बहसका दौरानमा व्यक्त भएको देखिन्छ ।

यो प्रश्न माओवादीप्रति संसदीय पार्टीहरूको विश्वासको संकटले गर्दा पैदा भएको छ । विगतमा माओवादी नेतृत्वका नीति र कार्यवाहीहरू पूर्वानुमानयोग्य नहुनु र संसदीय पार्टीहरूमाथि दिइएका बचनहरूविपरीत माओवादीले लगातार हिंसात्मक आक्रमण गर्नुले गर्दा यो विश्वासको संकट सृजना भएको हो । माओवादी नेतृत्वले अहिले आएर यो व्यवहारमा केही केही परिवर्तन त अवश्य गरेको छ, परन्तु यो पर्याप्त भएको छैन । माओवादी नेतृत्वले सिंगो देशलाई आश्वस्त तुल्याउन जरूरी छ कि संविधान सभा भएमा परिणाम जे भए पनि उसको सशस्त्र विद्रोहको अवश्यमेव बैठान हुनेछ र उसको सेना राष्ट्रिय सेनासित एकीकृत हुनेछ । यस सवालमा माओवादी अध्यक्ष क. प्रचण्डले आफ्नो पार्टी प्रकाशनमा आफ्नो प्रतिबद्धता सार्वजनिक त गरेको देखिन्छ, तर त्यो आम जनसमुदायसमक्ष पुग्न सकेको देखिँदैन । तसर्थ, यो सवालमा दुई अर्थ नलाग्ने भाषामा माओवादी नेतृत्वको प्रतिबद्धता सार्वजनिक रूपमा आउनु आवश्यक छ, ता कि सिंगो देशले त्यसमा भरोसा गर्न सकोस् ।

यी दुई सवालमा उसको भरलाग्दो बचनले सिंगो राष्ट्र संविधानसभाका निम्ति तैयार हुन निर्णायक भूमिका खेल्नसक्छ । साथै, उसले प्रतिगमनका विरूद्ध खडा भएका सबै राजनीतिक शक्तिमाथि आक्रमण वा अपहरण गर्न पूर्णतया बन्द गर्नु जरूरी छ ।

मुख्य कुरो, माओवादी नेतृत्वको वचनको सख्त पालना हुनु पर्‍यो । उसका नीति र व्यवहारहरू पूर्वानुमानयोग्य हुनु पर्‍यो ।

## अन्य तर्कहरू

संविधान सभा भएमा अहिलेभन्दा झन् खराब र प्रतिगामी संविधान पनि त आउन सक्छ भन्ने तर्क पनि बहसका दौरानमा उठ्ने गरेको छ । जोखिम त जुनसुकै राम्रो कामको पनि हुन्छ, यसमा जोखिम नै छैन भन्ने कुरो होइन । तर अहिलेको शक्ति सन्तुलनमा एमाले र कांग्रेसले सक्रिय राजतन्त्रको पक्षमा मत खसाले भने मात्र त्यो जोखिम हुनसक्छ । नत्र कसरी यतिबेला अहिलेभन्दा खराब र प्रतिगामी संविधान आउनसक्छ र ? दरबारले सेनाको दुरूपयोग गरेर धाँधली पनि त गर्नसक्छ भन्ने कुरा पनि उठ्ला र त्यस्तो संभावना नभएको पनि होइन । तर सेना दरबारसित मात्र होइन, माओवादीसित पनि त छ । अनि दरबारी सेनाको पड्क सदरमुकाम, ब्यारेक र शहरबजारभन्दा बाहिर छैन भन्ने कुरा पनि त जगजाहेर कुरो हो । धाँधलीरहित चुनाव गर्ने हो भने दुवै सेना आ-आफ्नो ब्यारेकमा मात्र सीमित रहनुपर्छ ।

संविधान सभा माओवादीको माग हो, त्यसैले संविधानसभा भयो भने राजनीतिमा माओवादी हावी हुन्छ, बाँकी पाखा पर्छन् र माओवादीको पुच्छर हुन्छन् भन्ने तर्क पनि उठ्ने गरेको छ । यो इतिहाससिद्ध कुरो हो कि माओवादी जन्मनुभन्दा धेरै पहिले, २००७ सालदेखि नै संविधानसभा नेपाली राजनीतिको मुख्य मुद्दा बन्दै आएको हो । सबभन्दा पहिले राजा त्रिभुवनले देशमा संविधानसभाको चुनाव गर्ने बाचा गरेका हुन्, जुन कहिल्यै पूरा भएन । त्यसपछि २०१४ सालमा भद्र अवज्ञा आन्दालनको क्रममा पनि यो नै कांग्रेस-कम्युनिष्टको प्रमुख राजनीतिक माग थियो । त्यसैले, यो माओवादीको मात्र माग हो भन्ने कुरामा कुनै तुक छैन ।

जहाँसम्म भविष्यको राजनीतिमा को हावी हुन्छ भन्ने प्रश्न छ, त्यो त त्यतिबेला सबैभन्दा जनमुखी र जनआधारित राजनीति कसले गर्ला र कसले वचन र व्यवहारबाट जनसमर्थन ज्यादा हासिल गर्ला भन्ने कुरासित गाँसिएको छ । पार्टीहरूले आफ्नो क्षमता र सामर्थ्यमा आत्मविश्वास राख्न सक्नुपर्दछ, जसको आफ्नो क्षमता र सामर्थ्यमा विश्वास हुँदैन, त्यो त प्रतिस्पर्धाको राजनीतिमा मैदानबाट बाहिरिन्छ नै । तसर्थ, संविधान सभाको सवालमा माओवादी फोबिया पाल्नु कुनै जरूरी छैन । यतिबेला माओवादी फोबियाबाट ग्रस्त भएर नै संविधान सभाको सबभन्दा ज्यादा विरोध भइरहेको देखिन्छ । ❑



# अग्रगामी निकासको माध्यमः संविधानसभा

**शंकर पोखरेल**, केन्द्रिय सदस्य नेकपा (एमाले)

**मुलुकमा** विद्यमान राजनीतिक द्वन्दको सघनता, शक्तिसन्तुलनमा आएको परिवर्तन, नयाँ शक्तिसन्तुलनको आवश्यकता र सामाजिक परिवर्तनप्रति नेपाली जनतामा विकास भएको नवीन चेतनाका आधारमा नेपालको प्रजातान्त्रिक व्यवस्थालाई सम्वैधानिक रूपले पुनसंरचना गर्न अव हामी तयार हुनुपर्दछ ।

राजाको प्रतिगमन वा माओवादी समस्याको राजनीतिक समाधान खोज्ने कुरासंग नेपाली समाजमा विद्यमान आर्थिक-सामाजिक द्वन्द र आधारहरूलाई पनि विचार गर्नुपर्ने हुन्छ । वर्तमान समयमा नेपाली समाजमा विद्यमान राजनीतिक संकटको निदानका लागि राजाका पछाडि फर्किएका प्रतिगमनकारी कदमहरूलाई रोक्न र सच्याउन सक्नुपर्दछ । राजाको असोज १८ गतेको शाही घोषणा र त्यसपछिका कदमहरूले नेपाल अधिराज्यको संविधान २०४७ पूर्णतः निष्कृय भएको छ । वहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रप्रतिको राजाको ओठे भक्तिले संवैधानिक प्रकृया पुरानो अवस्थामा फर्कने स्थिति देखिँदैन । जनआन्दोलनको राप र ताप समेत सेलाइसकेको अवस्थामा पूर्ण सम्वैधानिक प्रकृया आरम्भ गर्नका लागि नयाँ आन्दोलनको विकास गर्नु र त्यसको राप र तापमा नयाँ सम्विधानको निर्माणको प्रकृया आरम्भ गर्नु अनिवार्य भएको छ । अबको सम्विधान निर्माणको प्रकृयामा राजा र प्रजातान्त्रिक शक्तिहरूमात्र होइन, माओवादीहरूलाई समेत सहभागी बनाउन सक्नु मुलुकका लागि उपयोगी हुन सक्ने कुरालाई ध्यानमा राखेर संविधानसभाको निर्वाचनका लागि तयार बन्नु पर्दछ ।

राजाको प्रतिगमनका विरूद्धको संघर्षको समयमा होस् वा सम्वैधानिक प्रकृया पुनः आरम्भ भएको अवस्थामा होस्, माओवादी आन्दोलनलाई उपेक्षा गरेर जान सकिने अवस्था छैन । तर अहिलेसम्मको अनुभववाट माओवादी समस्याको सैनिक समाधान सहज छैन भन्ने कुरा स्पष्ट भइसकेको छ । नेपालजस्तो जटील भूवनौट भएको, जाति-भाषा, धर्म र संस्कृतिमा अनेकौं विविधता रहेको मुलुकलाई लामो समयसम्म द्वन्द्वमा अल्झाइराख्नु पनि उपयुक्त हुँदैन । यस्तो अवस्थामा माओवादी समस्याको संवैधानिक र राजनीतिक समाधानका बारेमा नै सवैको ध्यान जानुपर्दछ ।

विगतमा नेकपा (एमाले) लगायतका राजनीतिक दलहरूले माओवादी समस्याको संवैधानिक समाधानको कुरा अघि सार्दै आएका थिए । माओवादीहरू संवैधानिक सिमाभन्दा बाहिरवाट समाधान चाहने र राजनीतिक दलहरू संवैधानिक सिमाभन्दा बाहिर जान तयार नभएका कारण पनि वार्तावाट माओवादी समस्याको समाधान जटिल वन्न पुगेको थियो । तर अहिले राजावाट नै संवैधानिक प्रकृया अवरूद्ध गराइएको र मूल धारका राजनीतिक दलहरू संवैधानिक समाधानको विकल्प दिन र कार्यान्वयन गर्न सक्ने अवस्थामा नरहेका कारणले राजनीतिक समाधान दिनु पर्ने अवस्था उत्पन्न भएको छ । यस प्रकारको सच्चाइलाई ध्यानमा राखेर माओवादी समस्याको राजनीतिक समाधानका रूपमा संविधानसभाको चुनावलाई स्वीकार्न सक्नुपर्दछ ।

जनआन्दोलको सफलतापश्चात्को अवधिमा खुला समाजका अवसरहरूलाई उपयोग गर्दै जाति, भाषा, धर्म र संस्कृति तथा विभिन्न भू-अवस्थितिमा वसोवास गर्ने नेपालीहरूले आफू पछि पर्नुका कारणहरूको खोजी गर्ने प्रयास गरेका छन् र आफ्नो समुदायको विकासका लागि अनेकौं ढंगले प्रयास आरम्भ गरेका छन् । विभिन्न कारणले अहिले उनीहरूमा आफ्नो समुदायको विकासका लागि वर्तमान राज्यको एकात्मकतावादी संरचना वाधक रहेको धारणा प्रवल बन्दै गएको छ । जाति, भाषा, धर्म र सस्कृति र भूक्षेत्रका हिसावले नेपाल वास्तवमै विविधतापूर्ण छ र त्यसले वहुलवादी चरित्रको विकास गरेको छ । नेपाली समाजको वहुलवादी चरित्र र राज्यको एकात्मकतावादी चरित्रका बीचमा रहेको द्वन्दलाई उपयोग गरेर माओवादीले मुलुकलाई संघात्मक स्वरूपमा लैजाने प्रयास गरेका छन् । नेपाली समाजको विकासको वर्तमान अवस्थालाई ध्यानमा राखेर मुलुकलाई अव संघात्मक ढांचामा लैजाने कुरा सम्भव छैन । तर उत्पीडित र पछि परेका जाति, समूह तथा समुदायको चाहना एवं असन्तुष्टिलाई उपेक्षा गरेर राज्यलाई एकात्मकतावादी ढंगले नै अघि बढाउने कुरा पनि उपयुक्त देखिँदैन । यस्तो अवस्थामा मुलुकलाई जातीय र जनजातीय सघनता, भौगिलिक क्षेत्रको विशिष्ठता, जातीय र जनजातीय सम्मिलनका आधारमा विकसित विशेष सांस्कृतिक क्षेत्र र आर्थिक तथा प्रशासनिक अन्तरसम्वन्धको सुगमता आदि पक्षहरूलाई समेत ध्यानमा राखेर विकेन्द्रित र स्वशासित २०-२५ जिल्लामा विभाजन गरेर अघि बढाउनु पर्दछ । विगतको बाईसे र चौबीसे राज्य भाइ-भाइको फुटको कारण मात्र थिएन, त्यसको आफ्नै सांस्कृतिक र ऐतिहासिक आधार समेत थियो । यस अर्थमा अव आधुनिक नेपाललाई वहुलवादी एकीकृत राज्य, स्वशासित जिल्लाका आधारमा अघि बढाउनु पर्दछ । यसै आधारमा राष्ट्रिय सभालाई प्रत्येक स्वशासित जिल्लाहरूवाट प्रतिनिधित्व गर्ने जातीय सभाको रूपमा विकास गरिनु पर्दछ । नेपाली समाजमा विकास भएको नवीन चेतना, जातीय पुनर्जागरण तथा नेपाली समाजको वहुलवादी चरित्रको विशिष्टतालाई वेवास्ता गरेर अघि बढ्ने कुराले अतिवादलाई नै फाइदा पुग्न गएका स्पष्ट छ । यी सवै पक्षलाई ध्यानमा राखेर मुलुकलाई संविधान सभाका माध्यमबाट नयाँ संविधान निर्माणको प्रकृयामा अघि बढाउनु पर्छ ।

**अहिले नेकपा (एमाले) भित्र नजानिदो ढंगले संविधानसभाको विरोधलाई सैद्धान्तिक प्रतिवद्धताको विषयका रूपमा प्रस्तुत गर्ने प्रयास भएको छ**

संविधान सभाको विषय वर्तमान समयमा नेकपा (माओवाद)ले अघि सार्दै आएको प्रमुख विषय भए पनि नेपालको राजनीतिक इतिहासमा यो निकै पुरानो र वहुचर्चित विषय हो । राजा त्रिभुवनले दिल्ली संझौतापश्चात् नेपाल फर्केपछि संविधानसभावाट तयार भएको संविधानअन्तरगत राज्यसंचालन गर्ने कबुल गरेका थिए । दिल्ली संझौताको विरूद्धको आन्दोलनलाई नेतृत्व गर्दै आएको नेकपाले संविधानसभाको विषयलाई शुरूमा त्यति महत्व दिन सकेन, पछि त्यो राजाको उपेक्षा र षडयन्त्रका कारणले सम्भव हुन सकेन । २०१७ सालको फौजीकाण्डपछि आयोजना भएको दरभंगा प्लेनमले संविधानसभालाई कार्यनीतिकको मुख्य विषयका रूपमा उठाउने

> **संविधानसभाको निर्वाचनका सन्दर्भमा कुरा गर्दा संम्प्रभु संसदको निर्वाचनको कुरा बढी व्यवहारिक हुनसक्छ । जुन संसदले नयाँ संविधान निर्माण गरोस् र मुलुकको राजकीय सत्ताको प्रयोग पनि गर्न सकोस्**

निर्णय गरेको थियो । तर नेतृत्वको वहुमतले प्लेनमको निर्णय मान्न केन्द्र वाध्य छैन भन्दै अस्वीकार गरेको थियो । तेस्रो महाधिवेशनले सम्विधान निर्माण गर्नसक्ने किसिमको सर्वाधिकारसम्पन्न संसदको कुरा अघि सारेको थियो । निरंकुशताविरूद्धको सशक्त संघर्षको अभावमा त्यस विषयले पनि खासै महत्व पाउन सकेन । पछि मोहनविक्रम सिंहको नेतृत्वमा पुनर्गठित नेकपा (चौम) ले संविधान सभाको विषयलाई सैद्धान्तिक महत्वको विषयका रूपमा अघि सारेको थियो ।

अहिले नेकपा (माओवादी) ले गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको चुनावलाई वार्ताको न्यूनतम् विषय बनाएर प्रस्तुत गरेका कारणले संविधानसभाको विषयले महत्व र चर्चा पाएको छ । जहाँसम्म नेकपा (एमाले)को कुरा छ, सिद्धान्तः नेकपा (एमाले) संविधान सभाको विरोधी हुनसक्तैन, हुनु पनि हुँदैन । तर संविधानसभालाई कम्युनिष्ट आन्दोलनका लागि रणनीतिक महत्वको विषयका रूपमा प्रस्तुत गर्ने र सैद्धान्तिक प्रतिवद्धताको विषय बनाउने कुराको ऊ विरोधी रहँदै आएको हो । तर अहिले नेकपा (एमाले) भित्र नजानिदो ढंगले संविधानसभाको विरोधलाई सैद्धान्तिक प्रतिवद्धताको विषयका रूपमा प्रस्तुत गर्ने प्रयास भएको छ । जसरी संबिधानसभालाई सैद्धान्तिक प्रतिवद्धता वा अडानको विषय बनाउनु गलत कुरा हो, त्यसरी नै वर्तमान संविधानको रक्षा र संविधान संशोधनलाई सैद्धान्तिक प्रतिवद्धता र अडानका रूपमा प्रस्तुत गर्ने कुरा त्यत्तिकै गलत हो । किनकि सम्विधानसभा संविधान निर्माणको एउटा प्रकृया हो । जतिवेला मुलुकका लागि यसको आवश्यकता पर्दछ, त्यतिवेला यसलाई सहजै प्रयोग गर्न सक्नुपर्दछ । वर्तमान समयमा प्रतिगमनका आधारहरूलाई भत्काउन, शान्तिपूर्ण ढंगले माओवादी समस्याको समाधान खोज्न र नेपाली समाजमा विद्यमान अनेकन् समाजिक द्वन्द्वहरूको उपयुक्त समाधान दिनका लागि संविधानसभाको उपयोगिता बढेको कुरालाई महसूस गर्दै त्यस दिशामा दृढतापूर्वक अघि बढ्न तयार हुनुपर्दछ ।

संविधानसभाको निर्वाचनका सन्दर्भमा कुरा गर्दा संम्प्रभु संसदको निर्वाचनको कुरा बढी व्यवहारिक हुनसक्छ । जुन संसद्ले नयाँ संविधान निर्माण गरोस् र मुलुकको राजकीय सत्ताको प्रयोग पनि गर्न सकोस् । तेस्रो महाधिवेशनमा नेकपाले समेत सर्वाधिकारसम्पन्न संसदको कुरा अघि सारेको थियो, जुन प्रजातान्त्रिक शक्तिहरूका बीचको विभाजन र राजा महेन्द्रको स्वेच्छाचारी कदमका कारणले सम्भव हुन सकेको थिएन । तर अहिले त्यो सम्भावना विगतको तुलनामा बढेर गएको छ । माओवादी आन्दोलनको चुनौति र मूल धारका प्रजातान्त्रिक शक्तिहरूका बीचको एकता र राजा कमजोर र एक्लो भएका कारणले पनि त्यो सम्भावना प्रकट भएको छ । तर पनि अहिले नै संविधान सभा वा सम्प्रभु संसद भनेर वहस वा अडानको विषय बनाउनु हुदैन । सम्प्रभु संसद वा संविधान सभा जुन विषयमा सहमति हुन सक्छ, त्यस बाटोवाट मुलुकलाई अघि बढाउने प्रयास गर्नु पर्दछ । नयाँ संविधानको माग अहिलेसम्म मूल धारका राजनीतिक पार्टीहरूको माग नभइरहेको अवस्थामा माओवादी आन्दोलन र राजाको प्रतिगमनकारी कदम तथा १२ वर्षको सम्वैधानिक अभ्यासमा देखिएका त्रुटी र जनतामा विकसित भएको नवीन चेतनाका कारणले पनि सामयिक बन्न पुगेको छ । त्यस कुरालाई महसूस गरेर मूल धारका राजनीतिक दलहरूले संविधानसभाको चुनावलाई समस्या समाधानको माध्यमका रूपमा अघि बढाउनु पर्दछ । नेकपा (एमाले)को सातौं महाधिवेशन त्यस दिशामा अघि बढ्न सकेमा महाधिवेशनको ऐतिहासिक महत्व स्वतः कायम हुनेछ । ❑


# मकालु यातायात

फोन नं. २७७५५२

| जाने स्थान | छुट्ने समय |
| --- | --- |
| काठमाण्डौ - काकडभिट्टा- | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर- | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला- | बिहान ५:२० बजे |
| काठमाण्डौ - बिराटनगर- | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज- | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर- | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा- | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो- | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान- | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर- | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर- | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज- | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया- | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा- | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर- | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर- | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली- | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक- | दिउँसो २:२० बजे |
| काठमाण्डौ - विरगंज रात्री- | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**



**देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीब्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।**

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
# सूचना विभाग

# वर्तमान राजनीतिको निकास

■ डा. लोकराज बराल

**आज** प्रतिगमनको लक्षण र माओवादीधार सँगसँगै गएको देखिन्छ । चपेटामा पर्ने चाहिं संसदीय दल, नागरिक समाज र लोकतान्त्रिक विकास क्रममा विश्वास गर्नेहरू पर्दछन् । तर प्रतिगमनको रूप र क्रियाकलाप भने बीचको शक्तिका कमजोरीको परिणाम नै देखिन्छ । ठूला ठूला दलहरूले प्रतिगमनका सूत्रधारलाई लिस्नु लगाउने काम गरेकाले र आफ्नो अस्वच्छ छवि र असक्षमता देखाउँदा लोकतान्त्रिक अभ्यासप्रति नै सर्वसाधारणको चासो हराउन थाल्यो ।

प्रतिगमन के हो र यसका टिक्ने आधार के हुन सक्छन् ? भन्ने पनि बुझ्नु पर्ने भएको छ । साधारण अर्थमा प्रतिगमन वर्तमान यथास्थितिभन्दा पछितिर जाने पाइलो हो । पहिलो त, २०४६ सालले निर्धारण गरेअनुसारको सम्वैधानिक प्रकृया र भावनाबाट पछि जाने र दोस्रो, संविधानको भावना विपरीत सरकार चलाउने दलहरूले सम्झौता गरेर विकृतिमूलक पारेको राजनैतिक स्थितिबाट पछि जाने । पछिल्लोमा संविधानको भावना विचलित भसकेको हुन्छ र लोकतन्त्र अवधारणामा मात्र सीमित रहन्छ । आज प्रतिगमनको अर्थ यही पछिल्लो परिपाटीबाट पनि अझ पछि जाने भन्ने बुझनुपर्छ । किनभने संविधानको भावना त सही रूपको सम्वैधानिक राजतन्त्र र संसदीय व्यवस्था हो, जसमा निर्वाचित सरकार नै सर्वेसर्वा हुन्छ र ऊ जनताप्रति मात्र उत्तरदायी हुन्छ । तर आज विकृतिमूलक सम्वैधानिक परिपाटी पनि सकिएको छ । राजाले असोज १८, २०५९ को शाही घोषणाद्वारा सबै कार्यकारी अधिकार आफैंमा नीहित रहेको भन्दै सरकार विघटन गरेको र आजसम्म निर्वाचनको घोषणा नभएकोले यो अवधारणा सकिएको हो ।

यस परिस्थितिमा शाही सरकार चलेको छ, जसको विरोध सबै प्रमुख दलबाट भएको छ । अतः राजनीति दुईथरिबाट बन्दी भएको छ–एक, राजाबाट र अर्को माओवादीबाट । राजाबाट किन छ भने राजा स्वयं शक्तिका रूपमा आएको तर त्यसबाट राजनैतिक निकासका निमित्त केही पहल भैरहेको पाइँदैन । माओवादीका माग ठीक भए पनि डर, त्रास र आतंकले गर्दा राष्ट्रका हरेक पक्ष प्रभावित भएका छन् । भएको सम्वैधानिक प्रकृया अवरूद्धमात्र होइन, माओवादीकै निहुँमा लोकतन्त्रको आवरणसम्म पनि हराएको छ । राजनीतिको बाटो कुन हो कसैलाई थाहा छैन ।

यस्तो अस्थिरता, अस्प्रष्ट र दिशाविहीन राजनीतिको निकास के हुनसक्छ ? सामान्य रूपमा केही विकल्प निम्न प्रकारका देखिन्छन् : (क) संविधानलाई पुनः स्थापित गर्ने र यसमा आवश्यक सुधार गर्दै जनमुखी बनाउने , (ख) सर्वदलीय सरकार गठन गरी यसै मातहत माओवादीसित वार्ता गर्ने र दुवैथरिका भावना र मागलाई मिलाउने, (ग) संविधान सभाका लागि सबै पक्षलाई मान्ने र त्यसका निमित्त कस्तो संयन्त्रको आवश्यकता पर्छ, तय गर्ने , (घ) गोलमेच सभा (Round Table Conference) गर्ने र मूल बुँदामा सर्वसम्मत धारणा बनाउने र कार्यान्वियनमा लाग्ने ।

मेरो विचारमा भावी राजनैतिक स्वरूप (मोडेल) यकिन हुनपर्दछ । माओवादीले पनि आजसम्म उनीहरूको राजनीतिक ढाँचा के हुन्छ भन्न सकेका छैनन् । एकातिर बहुदलीय व्यवस्थाप्रति प्रतिवद्धता देखाइन्छ भने अर्कोतिर यसलाई स्थायी पार्ने खालका भोलिको कार्यक्रम केही देखाइंदैन । कस्तो खालको बहुदलीय व्यवस्था हो, यकिन हुनुपर्छ र सबै दल र नागरिक समाजको भरसक समर्थन प्राप्त गर्न सक्नुपर्छ ।

संविधान सभा बलियो विकल्पको रूपमा जनसमक्ष आइरहेको छ । संविधान सभा २००७ सालको क्रान्तिपछि राजा त्रिभुवनद्वारा जारी गरिएको शाही घोषणामा परेको र देशको भावी राजनीति त्यही संविधान सभाले तय गरेको बाटोमा चल्ने भन्ने थियो । तर राजनैतिक घात प्रतिघातले त्यो बाटो अलमलियो र राजामै सार्वभौम सत्ता सर्न पुग्यो । त्यही अधिकार प्रयोग गरी बहुदलीय व्यवस्थालाई नै विभाजनकारी भन्ने आरोप लगाउँदै शाही शासन प्रणाली शुरू गरियो ।

> जनतालाई वास्तविक रूपमा सार्वभौम सत्ताको आधार मान्न सक्नुपर्छ । नत्र नेपालको सामन्तवादी राजनीतको अवेशषले अवरोधको काम गरिरहनेछ ।

संविधान सभाकै चुनावले मात्र देशको राजनीति सुदृढ हुने त होइन, किनभने राजनैतिक शक्तिहरूमै लोकतन्त्रलाई बलियो पार्ने इच्छा शक्ति र संस्कार हुनुपर्छ । संविधान राम्रो भएर मात्र पुग्दैन । संस्कार निर्माण नहुँदा वर्तमान संविधानका जनमुखी पक्ष पनि पछिल्तिर परेको महशूस सबैले गरेका छन् । तथापि आजको राजनीतिको सन्दर्भमा संविधानसभा एकमात्र सर्वसम्मत विकल्प हुन सक्ने संभावना बढिरहेको छ ।

कत्तिले संविधान सभाको कुरा विखण्डनकारी हुन सक्ने आशंका पनि व्यक्त गर्छन् । वर्तमान संविधानलाई राम्ररी कार्यान्वयन गर्दा नै समस्याको समाधान हुन सक्ने तर्क राख्छन् । संविधानको दोष नभए पनि नेपालका प्रमुख राजनैतिक दलहरूको शक्ति मोह र सम्झौतावादी आचरणले गर्दा संविधानको प्रयोगमा आलोकतान्त्रिक पक्ष हावी हुँदै गएको पाइयो । आज माओवादी एक शक्तिका रूपमा आएकाले यस समूहको सहभागिता नभई राजनीतिको विकासमा अवरोध आएकाले सबैको सहमति हुँदा संविधान सभाको मागको चर्को विरोध गरिनु पर्ने आवश्यकता रहँदैन ।

संविधानसभाले राजनीतिलाई प्रतिगमनतिर लान्छ भन्ने आधार पाइँदैन । बरू जनतालाई अझ बढी शक्तिशाली पार्न र राजनीतिलाई अग्रगामी दिशातिर लान संविधान सभाको प्रावधान प्रभावकारी र स्थायी होला भन्ने आधार बन्दै गइरहेछ । संविधान सभाद्वारा निर्मित संविधानले सही रूपमा सार्वभौम सत्ता जनतामा गएको ठहर गर्छ र त्यसमा तलमाथि पर्न सक्तैन भन्ने मान्यता र आधारमा लोकतन्त्रको उच्चतम अभ्यास चलेको पाइन्छ । तर संविधान सभाद्वारा निर्दिष्ट राजनीतिको स्वरूप भने यकिन हुन सक्नु पर्छ ।

लोकतन्त्रको सर्वमान्य सिद्धान्त र व्यवहारलाई छर्लङ्ग पार्दै जनतालाई वास्तविक रूपमा सार्वभौम सत्ताको आधार मान्न सक्नुपर्छ । नत्र नेपालको सामन्तवादी राजनीतिको अवेशषले अवरोधको काम गरिरहनेछ । अतः सम्पूर्ण शक्तिले संविधान सभाको बहसलाई निर्णयमा पुऱ्याउन सकेर त्यही अनुरूपको संविधान निर्माण गरी लोकतन्त्रको उच्चतम अभ्यासमा लाग्न सके वर्तमान समस्याको निकास पाउन सक्थ्यो । सायद नेपालको राजनीतिले स्थायित्व पनि यसै माध्यमद्वारा पाउन सक्थ्यो कि ? ❑

# बाह्र वर्षभरि पार्टीहरूको एजेण्डा नबनेको कुरा

हरिगोविन्द लुइँटेल

**विगत** बाह्र वर्षहरूमा नेपालका जनआन्दोलन पक्षधर पार्टीहरूले एजेण्डा नै नबनाएको महत्वपूर्ण कुरा हो संस्कृति ।

पंचायती व्यवस्थालाई पार्टीहरूले राजनीतिक अर्थमा नै ज्यादा बुझे, यसको आर्थिक अर्थ कम मात्र बुझे र यसको सांस्कृतिक अर्थ त ठ्याम्मै बुझेनन् । निरंकुश राजनीति ढल्यो २०४६ सालमा । तर यसले ३० वर्ष लगाएर निर्माण गरेको संस्कृति जस्ताकोतस्तै रह्यो । राजनीति जस्तै संस्कृति ठूलो धक्काद्वारा एकैपल्ट ढल्ने कुरा थिएन । यसको ढल्ने क्रम सुस्त र बांगोटिंगो नै हुन्थ्यो । तर अफसोच ! यसलाई ढाल्ने प्रक्रियाको शुरूवात नै गरिएन । शुरूवात गरिएको भए पो यो क्रम अघि बढ्थ्यो र यसले आज मुलुकमा देखापरेको २०४६ का शक्तिहरूमा नालायकी बृद्धि र यसकारण उनीहरूप्रति व्यापक वितृष्णाको स्थिति आउन दिने थिएन ।

विगत बाह्र वर्षमा परिवर्तनकारी भनिएका मूल मूल पार्टीहरूले, अझ सत्तामा गएका पार्टीहरूले पार्टीमार्फत् र आफू संलग्न सरकारमार्फत् नेपाली समाजमा प्रजातान्त्रिक संस्कृति निर्माण गर्नेतर्फ सिन्को पनि नभाँच्नुले गर्दा निम्न कुराहरू भए :

- देशमा आम जनताको विश्व-दृष्टिकोण परिवर्तन गर्ने दिशामा सचेत र संगठित प्रयत्न कतैबाट पनि भएन । वस्तुलाई, समाजलाई, घटनालाई वा कुनै पनि कामलाई, कारणलाई, समाधानको उपायलाई बुझ्नको लागि जनताको दिलदिमागमा स्थापित परंपरागत अवस्तुवादी, रूढीवादी सोच जस्तोकोतस्तै रह्यो । पुरानो भाग्यवाद र नयाँ भोगवाद झन्झन् स्थापित भए । जनताले आफूलाई कर्ता सोचन, परिवर्तनको संवाहक सोचेन । सबै कुरा पार्टी र सरकारहरूलाई ठेक्कामा दिएझैं दिएर जनता आसे मात्र बन्यो, गुनासोकर्ता मात्र बन्यो । यसले शुरूमा परिवर्तनको जुन महत्वकांक्षा जनतामा पैदा गरेको थियो, त्यसलाई यथार्थवादी बनाउने प्रयत्न कतैबाट पनि भएन । "हामीले अवसर पाएमा धर्तीमा स्वर्गै झार्नेछौं' भन्ने पार्टीगत चुनावी दावीहरूले जनतालाई झन् अवस्तुवादी बनायो ।

> एमालेले पनि, फेरि पनि वास्ता गरेन

- आम जनताको उन्नत विचारधारा निर्माणमा पनि सिन्को भाँचिएन । त्यसैले जनता जीवनका हरेक क्षेत्रमा उन्नत र प्रजातान्त्रिक विकल्प सोचन प्रेरित नै भएन । हिजो तानाशाही, सामन्ती व्यवस्था र समाजमा शिक्षा लगायत कृषि, उद्योग-व्यवसाय, जागिर-धन्दा, समाजसेवा आदि कुराहरू जुन ढर्रामा ढालिएका थिए, तिनीहरू त्यही ढर्रामै कायम भए । तिनमा प्रजातान्त्रिक, समाजवादी वा वैज्ञानिक विकल्प र बाटाहरूको मूर्त रूपमा खोजी नै गरिएन । जनता यो मूर्त खोजीमा सामेल भएन, अमूर्त गुनासोको स्तरबाट ऊ माथि उठेन ।
- जीवन जीउने शैली र प्रक्रियामा निहित दासतावादी र सामन्तवादी अवशेषहरूको पहिचान गरी तिनीहरूको ठाउँमा उन्नत, लोकतान्त्रिक प्रणालीको स्थापनाका निम्ति जरूरी सचेत प्रयत्न कतैबाट पनि भएन ।
- चाडपर्व, रीति-रीवाज, मेला-जात्रा, विहे-न्वारान-पास्नी, भोज लगायतका परंपराहरूको छानवीन गरी मौलिकता र वैज्ञानिकताका आधारमा तिनमा सुधार र परिवर्तन गरी तिनलाई अद्यावधिक बनाएर समाजलाई छरितो र अग्रगामी बनाउने संगठित प्रयत्न कतैबाट पनि भएन । पंचायती बेलामै बनेको विहेमा ५१ जनाभन्दा बढी जन्ती जान नपाइने खालका सामाजिक सुधारका कानूनहरूलाई समेत मुर्दातुल्य बनाइयो, तिनमा कुनै नौलो आयाम थप्ने कुरा त परै रह्यो ।
-जात-भात, छुवाछूत र सामाजिक होची-अर्गेलीलाई हटाउन राज्यस्तरबाट र प्रमुख पार्टीहरूको पार्टीस्तरबाट कुनै उल्लेख्य प्रयत्न नै गरिएनन् । बरू रूढीवादीहरूलाई परोक्ष रूपमा पोस्ने कामहरू भए ।
- जात-जाति, जनजाति र भाषाहरूलाई मायाँ गर्ने हैन, हेप्ने र पेल्ने कामहरू रोकिएनन्, तिनलाई 'प्रजातन्त्र' दिनु कुनै पार्टीको पनि व्यवहारको एजेण्डा बनेन ।
- समाजमा धामी-झाँक्री, बोक्सी, भाकल जस्ता रूढीवादी प्रथाहरूलाई जस्ताकोतस्तै झाँगिंदै जान दिइयो ।
- धर्मलाई उदार र मानवीय बनाउनेभन्दा ज्यादा कर्मकाण्डवादी र भाग्यवादी बनाउने होडबाजीहरू थपिए ।
- भाषा, साहित्य र संस्कृतिमा कि त राष्ट्रिय वा जातीय अन्ध र रूढीवादी पक्षधरतालाई बढावा दिइयो, कि. त पराईको हस्तक्षेपलाई स्वागत गरियो । साम्राज्यवादका सामु 'दास' र 'हीनताबोधयुक्त' मान्छेको रूपमा युवापुस्ता हुर्कन थालेकोप्रति कसैको चासो नै गएन ।
- साहित्य र संस्कृतिका हरेक पक्षमा प्रजातान्त्रिक र प्रगतिशील अन्तवरस्तुलाई प्रेरित गर्नुको साटो पुरातन मण्डले, निरंकुशतावादी प्रवृत्तिलाई नै बढावा दिने काम गरियो । जनपक्षीय कलाले प्रेरणा हैन, दमन र उपेक्षाको शिकार बन्नुपर्ने 'पंचायतकालीन' स्थितिको अन्त गर्ने कोशिस नै गरिएन ।

**बस्**, यी सबै कुराको नतीजा स्वरूप १२ वर्ष प्रजातन्त्र भोगेको जनताको चेतना र संस्कृतिको आम स्तर बढ्न सकेन । फलस्वरूप जनता भीडतन्त्रमा विश्वास राख्ने, भाग्यवादी, आत्मकेन्द्रित र भोगवादी बन्दै गयो । उसबाट पार्टी र सरकारलाई सपार्न वा सचेत पार्न हुनुपर्ने आलोचनात्मक क्रियाशीलता वास्तवमा संभव भएन ।

पार्टी र सरकार जनताबाट पृथक यो स्थिति भनेको प्रजातन्त्रको लागि ठूलो खतराको संकेत हो । यही देखेर र यही खतरनाक सांस्कृतिक स्थिति बुझेर नै हाल यति सजिलै प्रतिगामीहरू जनतालाई भ्रम दिन र आफूतिर तान्न आँट गर्ने हदको दुस्साहस गर्दैछन् । विराटनगरमा राजाको अभिनन्दनको गत महिनाको भीड यसको एउटा संकेत मात्र हो । त्यो भीड पार्टीरूले राम्रो काम गर्न नसकेकाले उनीहरूप्रतिको वितृष्णाको कारण मात्र त्यहाँ जम्मा भएको हैन, न त त्यो 'नयाँ राजाबाट देशको मुहार फेरिएला' भन्ने विश्वासमै त्यहाँ जम्मा भएको हो । यसको जगमा विगत बाह्र वर्षमा प्रजातान्त्रिक संस्कृति निर्माणमा भएको लापरवाही वा धोकाको ठूलो हात पनि छ । जनता अलिकति पनि दीर्घकालीन सोच र गंभीर छानवीन गरिरहेको छैन । हा-हामा कुदिरहेछ, विगतमा 'ऋत्विक रोसन' काण्डमा कुदेझैं ।

जनतालाई आत्मिक रूपले उन्नत, क्रियाशील र आलोचनात्मक चेतले युक्त बनाउनु भनेको त्यस्तो आधारभूत कुरा हो, जसले अन्ततः पार्टी र राज्यलाई बेठीक हुनबाट जोगाउन सक्छ । पार्टी र राज्यले जनतालाई त्यस्तो बनाउन भूमिका खेल्ने, त्यस्तो जनताले पार्टी र राज्यलाई नराम्रो हुन नदिन र राम्रो हुन भूमिका खेल्ने, यो चक्रको निरन्तरताको अर्को नाम नै सामाजिक सुधार हो, सामाजिक प्रगति हो । यो चक्र चलाउने कोशीस नै यहाँ भएन । यति मात्र हैन, यो चक्र चलाउनु पर्छ भन्ने चिन्तन नै पार्टीहरूमा भएन । नेताहरू कुसंस्कृतिका बाहक भए, कार्यकर्ता तिनका दलाल भए र आम जनता ट्वाँ परेर हेर्ने दर्शक मात्र भए । यसैको प्रतिक्रियामा मुलुकमा दक्षिणपन्थी वा वामपन्थी अतिवादको बढोत्तरी भयो ।

पार्टीहरूका घोषणापत्रहरू हेरौं, तिनका अखवारहरू हेरौं, नेताका भाषण र वक्तव्यहरू सुनौं पढौं: हामी तिनमा सांस्कृतिक रूपले समाजलाई

**नेताहरू कुसंस्कृतिका बाहक भए, कार्यकर्ता तिनका दलाल भए र आम जनता ट्वाँ परेर हेर्ने दर्शक मात्र भए**

सचेत पार्ने, प्रजातान्त्रिक र प्रगतिशील पार्ने, उन्नत पार्ने चिन्तनको पूर्णतः खडेरी भेट्छौं । यो बाह्र वर्षमा जनताको आत्मिक जीवन र जगतलाई फेर्न मद्दत गर्ने अनगिन्ती पुस्तक, पुस्तिकाहरू निस्कनु पर्थ्यो, अनगिन्ती चिन्तन र शोधहरू हुनुपर्थ्यो, अनगिन्ती प्रशिक्षण, भेला, अन्तर्क्रिया र जुलूस लगायतका जागृति-आन्दोलनहरू हुनुपर्थ्यो । पटक्कै भएनन् । वापमन्थी खेमाले यस क्षेत्रमा हिजो पंचायती शासनको चेपिलो समयमा बरू केही ध्यान दिने गरको थियो, आजको खुला समयमा आएर यो खेमा पनि यस मामलामा सुस्त बन्यो । कांग्रेसी खेमामा त सांस्कृतिक पक्षमा चिन्तन, सक्रियता र जीवन-व्यवहार, तीनवटै क्षेत्रमा विराट [illegible]टपल्टाई हिजै थियो, आज त्यो झन् ज्यादा बढेर गयो । समग्रमा भ्रष्टता, विलाश र तडकभडकका बाहक पो भए २०४६ पछिका पार्टी र नेताहरू ।

कुनै समय यस्तो थियो- कतिपय देशमा आम जनता वा कुनै कार्यकर्ता गाउँबाट निराश भएर नेतालाई भेट्न जान्थ्यो र नेतालाई नजिकैबाट देखेर ऊ आशावादी हुन्थ्यो, नेताको त्याग, मिहेनत, सादापन, समर्पण, विद्या, बुद्धि साहस, मानवीयता जस्ता सद्‌गुणहरू देखेर ऊ आफूमा उर्जा थप्थ्यो । अन्ततः ऊ उत्साहित भएर पुनः गाउँ फर्केर सामाजिक काममा जुट्थ्यो । तर आज आफ्नै देशमा हामी देखिरहेछौं- स्थिति ठीक उल्टो छ । गाउँबाट उत्साहित भएर केन्द्रमा आएको कार्यकर्ता नेतालाई नजीकैबाट हेर्दा उसका पाखण्डी, स्वार्थी र निकृष्ट गुणहरू देखेर निराश हुन्छ र ऊ हतोत्साही भएर गाउँ फर्कन्छ ।

सांस्कृतिक पक्षलाई यहाँ थोरै बाँकी रहेका इमान्दार नेता वा कार्यकर्ताहरूले पनि पटक्कै ध्यान नदिनु नेपालको अर्को ठूलो विडंवना हो । रोग सांस्कृतिक तहमा छ भने उपचार पनि त्यही तहमै खोजौं भन्ने सोच इमान्दारहरूमा पनि पैदा नहुनु भनेको उनीहरूको पनि बौद्धिक पट्यौटेपन नै हो ।


पार्टीहरूले अन्य पक्षमा अनेक प्रतिवद्धताहरू व्यक्त गरेका छन्, तिनीहरू व्यवहारमा कति उतारिए, त्यो अर्कै प्रश्न हो । सांस्कृतिक सुधारको पक्षमा त त्यस्तो कुनै अनौपचारिक प्रतिबद्धता समेत उनीहरूले व्यक्त गरेका छैनन् । कांग्रेसको घोषणापत्र वा पार्टी दस्तावेज वा एमाले घोषणापत्र वा दस्तावेज हेर्दा यो कुरा प्रष्ट हुन्छ ।

एमालेलाई यसको गत पाँचौं महाधिवेशनको बेलादेखि नै प्रगतिशील संस्कृति निर्माणप्रतिको प्रतिबद्धता जाहेर गर्न आव्हान गरिएको हो । तर छैठौं महाधिवेशनको मात्र हैन, यसको हालको सातौं महाधिवेशनको दस्तावेज पनि यसबारे बिल्कूल मौन छ ।

एमाले पनि जनताले २०४६ को आन्दोलनले दिएको अधिकार प्रयोग गरेर आफैं कुनै प्रजातान्त्रिक वा प्रगतिशील संस्कृति निर्माण गरेमा त्यसलाई छुटसम्म दिने वाचा मात्र गर्छ । विगत छैठौं, महाधिवेशनमा झलनाथ खनालले प्रस्तुत गर्नु भएको 'जाति, भाषा र संस्कृतिसंवन्धी दस्तावेज यसको उदाहरण हो । एमाले आफैं प्रजातान्त्रिक वा प्रगतिशील संस्कृतिको निर्माणका निम्ति अगुवाइ र सक्रियता चाहिँ प्रस्तुत गर्दैन, त्यसको जरूरत नै ऊ ठान्दैन । ठानेको भए त प्रतिबद्धता जाहेर गर्थ्यो होला, जसरी देशकै पनि अन्य कतिपय वामपार्टीहरू र भारत लगायतका विदेशका वामपार्टीहरूले यस्तो प्रतिवद्धता जाहेर गरेका छन् ।


कांग्रेस त स्वयं 'प्रजातान्त्रिक' भैहाल्यो, उसले त कुहिएको सामन्ती र जाली साम्राज्यवादी संस्कृतिलाई प्रोत्साहित गरे पनि ऊ प्रजातान्त्रिक नै रहीरहने उसको 'दृढ विश्वास' देखिन्छ । उसको यो विश्वासको जगमा नै विगतमा अद्वितीय 'भ्रष्टाचारको संस्कृति' मौलाएको हो, जसको आडमा आज प्रतिगामीहरू २०४६ सालको आन्दोलन स्वयंलाई नै नैतिक रूपले प्रहार गरिरहेछन् । ०००


# सोलार बिजुली प्रयोग गरौं, अंध्यारोमा नबसौं !



सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचलन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।



**SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.**

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ, फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

# एशियाली सामाजिक मंचको सन्देश

■ पद्मलाल विश्वकर्मा



समापन समारोह : जनवरी ७
श्रोतादीर्घा

**केही** समय पहिले विश्व आर्थिक मंच (World Economic Forum) ले 'बजार अर्थतन्त्रमा कुनै विकल्प छैन' भन्ने हवाला दिएपछि त्यसको जवाफस्वरूप 'अर्को संसार संभव छ' भन्ने नारासहित सन् २००१ मा 'विश्व सामाजिक मंच' (World Social Forum-WSF) अस्तित्वमा आयो । सन् २००२ को जनवरीमा ब्राजिलको पोर्टो अल्गेरमा सम्पन्न भएको विश्व सामाजिक मंचको दोस्रो सम्मेलनबाट प्रेरित भएर विश्व सामाजिक मंच, भारतद्वारा 'यही २००३ जनवरी २ देखि ७ सम्म आन्ध्र प्रदेशको ऐतिहासिक शहर हैदरावादमा 'अर्को एशिया सम्भव छ' भन्ने नाराका साथ एशियाली सामाजिक मंच भव्यताका साथ सम्पन्न भयो ।

पूँजीवादी राष्ट्रहरूद्वारा बलजफ्ती लादिँदै आएको भूमण्डलीकरणका विरूद्ध कार्य गर्ने सन्दर्भमा यस विश्व सामाजिक मंचले विकल्पबारे छलफल चलाउने, अनुभव आदान-प्रदान गर्ने अनि सामाजिक आन्दोलनहरू, श्रमिक संगठनहरू तथा एन.जि.ओ.हरू बीच साझा मंच खडा गर्न ठाउँ बनाइदिनेछ । एशियाली सामाजिक मंच, २००३ त्यही मंचयात्राको कोशेढुङ्गा साबित भयो । विश्व सामाजिक मंचकै भावनालाई आत्मसात् गरी एशियाली सामाजिक मंचको प्रक्रिया अगाडि बढाउने क्रममा यो सबैलाई समेट्ने खुला तथा लचिलो बन्यो भने एशियाभरमा पूँजीवादद्वारा नेतृत्व गरिएको भूमण्डलीकरणविरोधी अभियानकै रूपमा प्रकट हुन पुग्यो ।

हैदरावादमा सम्पन्न उक्त एशियाली सामाजिक मंचको सम्मेलनमा जम्मा प्रतिनिधि संख्या १४,४२६ पुगेको थियो भने विदेशी प्रतिनिधि संख्या ७८० थियो । त्यसैगरी त्यहाँ सामेल भएका संगठनहरूको कूल संख्या ८४० पुगेको थियो भने दैनिक ५०० स्वयंसेवक खटाइएका थिए । त्यस अवसरमा त्यहाँ जम्मा १६० वटा सेमिनार र १६४ वटा कार्यशालाहरू सम्पन्न भएका थिए । उद्घाटनका दिनदेखि समापनका घडीसम्म हरेक दिन सम्मेलन परिशर निजाम कलेज मैदानदेखि र्‍याली-जुलुसहरू निस्किएर शहर परिक्रममा गरेको देखिन्थ्यो । निजाम कलेज मैदानमा जताततै साम्राज्यवाद, भूमण्डलीकरण तथा नवउदारवाद, जातिवाद एवं छुवाछूतविरोधी थरिथरिका पोष्टर, होर्डिङ्ग बोर्ड, ब्यानर, झाँकी देखिन्थे भने आदिवासी दलितहरूले परम्परागत बाजागाजा बजाएर, सांस्कृतिक कार्यक्रम निरन्तर जारी राखेका थिए । यस सम्मेलनको उल्लेखनीय पक्षको रूपमा आदिवासी दलितहरूको बाहुल्यता, बाद्यवादन तथा नाचगान, जुलूस प्रदर्शन, ब्यानर-पोष्टर-पम्प्लेटिङ्गजस्ता कुराहरूले गर्दा पनि कताकति यो दलितहरूकै सम्मेलन हो कि जस्तो भान हुन्थ्यो । यद्यपि यस अवसरमा विभिन्न विषयहरूमाथि धेरैवटा सेमिनार र कार्यशालाहरू सम्पन्न भए ।




हैदरावद : नेपाली दलितहरुको र्‍याली, ४ जनवरी

## हैदरावादमा १६० सेमिनार र १६४ कार्यशालाहरू सम्पन्न

जम्मा ४१ वटा राष्ट्रहरूबाट यस भेलामा सहभागीहरू उपस्थित भएका थिए । यस सम्मेलनका मुख्य विषयहरू यस्ता थिए- विश्वव्यापार संगठन (WTO) सँगको टकराव, दलित (जातिच्यूत) अधिकार, पुरातनपन्थी आन्दोलनको चेतावनी, महिला सशक्तीकरण, खाद्यान्नको सार्वभौम हक, ठूला बाँधहरू, प्यालेष्टेनी संघर्ष, प्राकृतिक स्रोतमाथिको लूट-खसोट अनि वैकल्पिक अर्थतन्त्र । विश्व सामाजिक मंच, भारतको नीति र निर्देशनअनुसार नै एशियाली सामाजिक मंचले उपरोक्त सवालहरू छलफल बहसका लागि प्रस्तुत गरेको थियो । यसरी नव उदारीकृत भूमण्डलीकरणका नीति तथा अभ्यासहरूको परिणामबाट सिर्जित मान्छेलाई अवमूल्यन गर्ने विश्वव्यापी चलनको विकल्पको खोजीका निम्ति खुला छलफल, बहस तथा निर्क्योल गर्ने एक साझा चौतारीको रूपमा देखापर्‍यो- एशियाली सामाजिक मंच ।

२००३ जनवरी २ का दिन क्रान्तिकारी कवि श्री श्रीका गीतहरूले गुन्जायमान वातावरणमा उद्घाटित त्यस एशियाली सामाजिक मंचमा विभिन्न व्यक्तित्वहरूले साम्राज्यवादी भूमण्डलीकरणविरूद्ध धावा बोल्दै शोषण, भेदभाव तथा प्रभुत्वको अन्त्य गरी नयाँ संसारको निर्माणमा निरन्तर जुट्न अपील गरे । एशियाका विविध संस्कृतिहरू, परिपाटीहरू, जीवनशैलीहरू प्रतिविम्बित भएको उक्त भेलाको एउटै उद्देश्य देखिन्थ्यो- साम्राज्यवादी भूमण्डलीकरणको विरोध र नयाँ एशिया तथा नयाँ संसार खडा गर्ने । सिंगै सम्मेलनस्थल 'साम्राज्यवादी भूमण्डलीकरणलाई परास्त गरौं' 'अन्तर्राष्ट्रिय मुद्रा कोष' (IMF) र विश्व बैंकको पत्ता साफ गरौं, 'अमेरिकी साम्राज्यवाद मुर्दावाद',

'पर्यावरणको रक्षा गरौं' भन्ने भण्डा व्यानरले ढाकिएका थिए भने साम्प्रदायिकतावाद, पुरातनवाद तथा भूमण्डलीकरणविरोधी नाराहरू यत्रतत्र लागिरहेका हुन्थे । उद्घाटनका अवसरमा विभिन्न देशी-विदेशी वक्ताहरूले बोल्ने क्रममा एशियाको शान्ति र स्थिरताको आवश्यकतामाथि प्रकाश पारे ।

अर्जेन्टिनाकी नोरा डे कोर्टिनासले अमेरिकाले गरेको इराकमाथि र अन्य राष्ट्रमाथि युद्धको तयारीको विरोध गरिन् भने मेधा पाटकर तथा बाल्डेन बेलो र प्रभात पटनायकले राष्ट्र बचाउने र राष्ट्र बनाउने कुरादेखि साम्राज्यवादका विरूद्ध संयुक्त रूपमा मुकाविला गर्नुपर्ने आवश्यकताको पुष्टि गरे । भारतीय रिपब्लीकन पार्टी नेता भोजा तारकमका अनुसार भूमण्डलीकरणका कारण कतिपयले आफ्नो अस्तित्व गुमाउँदै छन्, कतिपयले काम-व्यवसायबाट हात धुनु परेको छ भने दलितहरूले आत्मसम्मान गुमाउँदैछन् । इजिप्टका प्राध्यापक समिर अमिनले उद्घाटनका अवसरमा बोल्दै उत्पीडन र सीमान्तीकरणबाट मुक्त अर्को संसार निर्माणको संभावना पक्का भएको बताएका थिए ।

त्यस सम्मेलनमा नेपालबाट विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै ३०० जतिको सहभागिता रहेको थियो । दलित गैरसरकारी संस्था महासंघको पहलकदमीमा गठित विभिन्न दलित संस्थहरू संलग्न भएको दलित तयारी समिति- ASF, नेपालका तर्फबाट जम्मा ४६ जना दलित प्रतिनिधिहरू त्यहाँ पुगेका थिए ।

जनवरी ५ का दिन 'दलित तथा अन्य समूह र भू-मण्डलीकरण, शीर्षकमा मूल अधिवेशन भयो । भारत, नेपाल, श्रीलंका र जापानका दलित संघ संस्थाहरूले संयुक्त आयोजना गरेको त्यस कार्यक्रममा एशियाली सामाजिक मंच दलित तयारी समिति, नेपालका तर्फबाट दलित मुक्ति समाजका अध्यक्ष पदमलाल विश्वकर्मालाई नेपाली दलितका तर्फबाट मुख्य वक्ताको अवसर मिल्यो । नेपाल मुख्य रूपमा हिन्दू राष्ट्र भएकोले मुलुकमा धार्मिक असमानता कायम रहेको, हिन्दू धर्मको प्रभावमा परेर ब्राम्हण क्षेत्रीबाहेक आदिवासी जनजातिले पनि दलितमाथि जातीय विभेद र छुवाछूतको दुव्यवहार गर्ने गरेको, दलितहरू शिक्षा, स्वास्थ्यका अवसरबाट बंचित हुनु परेको अनि मुलुकको शासन, सेवा तथा स्रोतमाथि ब्राम्हण-बनियाको हालीमुहाली रहेको अवस्था प्रष्ट पारियो । मुलुकमा विद्यमान शोषण विभेद, उत्पीडन तथा भ्रष्टाचारकै परिणामले माओवादी जनयुद्ध जारी भएको यथार्थ प्रष्ट पार्दै, वर्तमान अवस्थामा संविधानलाई राजाले हातमा लिएपछि मुलुकमा जनतन्त्र संकटमा परेपछि त्यसको प्रत्यक्ष असर सबैभन्दा बढी दलितमाथि पर्दै गरेको पीडा पनि त्यहाँ व्यक्त भयो ।

त्यस अवसरमा बोल्ने सबैजसाको निचोड के थियो भने एशियाका दलित र उस्तै सीमान्तीकरणमा रहेका समूहहरू विश्व बैंक, IMF र WTO जस्ता निकायहरूद्वारा लादिएको आर्थिक उदारिकरण प्रकृयाद्वारा सबैभन्दा बढी घाटामा छन् । त्यसबेला बोल्ने भारत, नेपाल, श्रीलंका तथा जापानका सबै वक्ताको एउटै मान्यता के थियो भने राज्यले आर्थिक-सामाजिक शासनमा भू-मण्डलीकरणलाई निम्ता दिनुले सीमान्तीकरणमा पुगेका समूह निजी क्षेत्रको पकडमा फालिएका छन् र उनीहरूले त्यहाँ पहुँचमा भेदभाव र बहिष्कार भोग्नुपरेको छ, यसले गर्दा त्यहाँ बेरोजगारी र गरीबीमा बृद्धि भएको छ ।

३ जनवरीका दिन प्रियदर्शिनी सभा भवनमा नेपालको प्रजातन्त्रमा आइरहेका चुनौतीहरू संबन्धमा एउटा विशेष सेमिनारको आयोजना भएको थियो । यसमा प्रमुख वक्ताका रूपमा हरि रोका र श्याम श्रेष्ठ हुनुहुन्थ्यो । उहांहरूले त्यहाँ एशियालीहरूबीच नेपालको प्रजातन्त्रमा आएका संकटहरू र चुनौतीहरूका बारेमा प्रकाश पार्ने कार्य गर्नुभएको थियो ।

नेपाली प्रतिनिधिहरूको तर्फबाट 'नेपालमा प्रजातन्त्र' विषयमा एक बेग्लै कार्यशाला पनि चलेको थियो । त्यस कार्यक्रममा उपसभामुख चित्रलेखा यादव, श्याम श्रेष्ठ, हरि रोक्का, प्रदीप गिरीलगायतका वक्ताहरूले नेपालमा माओवादी जनयुद्ध, असोज १८ को शाही कदमपछि जनतन्त्रमा उत्पन्न संकट तथा आगामी राजनैतिक निकास लगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।

७ जनवरी २००३ का दिनको समापन समारोहका प्रमुख अतिथि थिए- भारतका भू.पू. राष्ट्रपति के. आर. नारायणन् । बर्माकी नेतृ आङ साङ सुकीले टेलिफोन भाषणद्वारा संसारभरि सबै तहका लागि सामाजिक आर्थिक-राजनैतिक स्वतन्त्रताको आह्वान गरिन् । प्रमुख अतिथिले भू-मण्डलीकरणको रूपमा नयाँ साम्राज्यवादको उदय भएको बताउँदै विवेकहीन भूमण्डलीकरणले सम्पूर्ण विकासशील जगतलाई कब्जामा लिएको छ भन्दै सरकारी स्तरका निकायलाई निजीकरण हुनबाट रोक्न अपील गरे । जनतासँग सरकोकार रहने गरी भूमण्डलीकरणलाई सुधार गर्नुपर्ने राय पनि त्यस अवसरमा उनले दिएका थिए ।

यथार्थमा एशियाली सामाजिक मंचको सन्देश सारसंक्षेपमा भन्दा पूँजीवादद्वारा लादिएको साम्राज्यवादी भूमण्डलीकरणको घनघोर विरोध हो । साम्राज्यवादी ताकतहरूले भूमण्डलीकरणमार्फत् विकासशील राष्ट्रका आर्थिक तथा निर्णय निर्माणका प्रकृयाहरूलाई नियन्त्रणमा लिएका छन् । यो कुरा प्रष्ट भयो कि साम्राज्यवादी शक्तिहरूले तेस्रो विश्वमाथि पुनः उपनिवेशीकरण गर्ने चाहना बाहेक अर्को कुरा होइन, भूमण्डलीकरण प्रकृया । निजीकरणका कारण कृषि मजदूर, भूमिहीन किसानहरू बेरोजगार छन् भने शिक्षा तथा स्वास्थ्य सेवा धनी वर्गको मात्रै उपभोगका साधन बनेका छन् । भूमण्डलीकरण र ब्राम्हणवादी हिन्दू परिपाटीको घनिष्ट नाता कायम भइरहेको छ । यसर्थ विकृति जातपात एवं छुवाछूत प्रथाले गर्दा दलितहरू सबैभन्दा बढी पिसिएका छन् ।

एशियाली सामाजिक मंचमा निक्कै विचारणीय रूपमा खडा भएको सवाल थियो- भूमण्डलीकरण विना बाँचन सकिन्छ कि सकिदैन ? साम्राज्यवादीहरूको ऋणविना देश चल्छ कि चल्दैन ? भूमण्डलीकरणद्वारा प्रजातन्त्रको नाममा प्रजातन्त्रलाई ध्वस्त गर्ने काम भइरहेको छ, मानव अधिकारको नाममा जिउने हक लुटिदैछ, यो आजको यथार्थ हो । संसारभरि नै भूमण्डलीकरणमार्फत् प्रजातन्त्रलाई कुँजो पार्ने कार्य हुँदैछ । जनतालाई बहिष्कृत गर्न प्रजातन्त्रको प्रयोग भइरहेको छ । पूँजीवादी अर्थनीतिमा जन्मिएको राक्षसी संस्कृतिको प्रकट रूप हो- भूमण्डलीकरण ।

राजनेताहरू तथा विज्ञहरूको प्रश्न थियो- भूमण्डलीकरणको आलोचनासहित त्यसैमा बस्ने वा त्यसमा सुधार गर्ने वा त्यसलाई छोड्ने ? यसैलाई बेहोरेर गरीबी तथा विसमताको अन्त्य गर्ने कुनै उपाय भेटिन्छ ? उहाँहरूको दृढ उत्तर थियो- यो असंभव छ । अरूको ऋणविना पनि बाँच्न सकिने वैचारिक शक्ति हुनु जरूरी छ । विना विदेशी ऋण पनि आफ्नो मुलुक बनाउन सकिने इच्छा शक्तिको आवश्यकता छ । मनुष्यको शक्ति नै असली शक्ति हो । क्रान्तिकारी शक्तिबाट नयाँ राजनैतिक शक्तिको जन्म हुन्छ । यस्तो राजनीति संसदबाट शुरू नभई खेती-किसानीबाट शुरू भएर संसदमा पुग्नुपर्छ । वास्तवमा भूमण्डलीकरण विरोधी आन्दोलन राजनैतिक आन्दोलन हो । समाजवाद नै अन्तिम विकल्प हो । बहुजनताको आन्दोलनलाई राजनैतिक आन्दोलनमा रूपान्तरण गर्नुपर्छ । जनआन्दोलनका नयाँ रूपहरू सिर्जना गर्नुपर्छ । राजनैतिक अधिकारबाट मात्रै सामाजिक अधिकार उत्पादन हुने कुरामा दुई मत छैन । एशियाली सामाजिक मंचको सम्मेलनका अवसरमा हामीले सिकेको सन्देशको निचोड हो- साँचो अर्थमा न्याय, समानता, स्वतन्त्रता एवं भातृत्वमा आधारित अर्को नेपाल, अर्को महादेश तथा संसार निर्माणको संभावना छ मात्र होइन, त्यसको अत्यावश्यकता छ । ❑



दलित तथा पछौटे समुदाय विषयक गोष्ठीमा वक्ता सहभागीहरु : श्रीलंकाका शिव पारागम, नेपालका पद्मलाल विश्वकर्मा, भारतको जे.एन.यु.का प्रो. थोर्‌याट, मुम्वई युनिभर्सिटीका उपकुलपति प्रो. मुंगेकर र आन्ध्र प्रदेश युनिभर्सिटीका प्रो. चालम

**'बजार अर्थतन्त्रमा कुनै विकल्प छैन' भन्ने मान्यतालाई जवाफ - 'अर्को संसार संभव छ !'**



# यस्तो पनि कहीं सरकारको लक्ष्य हुन्छ ?

**- राघवध्वज पन्त**


अहिले नेपालको आर्थिक स्थिति सन्तोषजनक छैन । २०५८/५९ मा नेपालको आर्थिक वृद्धिदर ऋणात्मक रहेको थियो- प्रति व्यक्ति आय भण्डै ३ % ले ह्रास भयो । १९ वर्षपछि पहिलोपटक नेपालको अर्थतन्त्रको वृद्धिदर यसरी ऋणात्मक हुनपुगेको छ । यसअघि आर्थिक वर्ष २०३९/४० मा मात्र नेपालको आर्थिक वृद्धिदर ऋणात्मक भएको मलाई सम्भना छ । आर्थिक वृद्धिदर ऋणात्मक हुनु भनेको अघिल्लो वर्षको तुलनामा यो वर्ष अर्थतन्त्रको वृद्धिदर उकालो लाग्नु पर्ने ठाउँमा उल्टो ओरालो लाग्नु हो, उत्पादन र आम्दानी घट्नु हो ।

नेपालमा अहिले पनि आर्थिक वृद्धिदर माथि जान सकेको छैन, शोधनान्तर स्थितिमा पनि घाटा देखिएको छ । यसले गर्दा विदेशी विनिमय आयभन्दा खर्च बढिरहेछ । बृहत् आर्थिक स्थितिको तस्वीर हेरियो भने खाली एउटामात्र सन्तोष लिने ठाउँ देखिन्छ, त्यो हो- मूल्य स्थिति । त्यो पनि आफ्नो कारणले होइन, भारतसितको हाम्रो स्थिर विनिमय दरका कारणले । स्थिर विनिमय दर भएपछि हाम्रो मुद्रास्फीति दर बाहिरबाटै निर्धारित हुन्छ । त्यसैले मात्र हाम्रो मूल्यस्थिति त्यति बिग्रन पाएको छैन । नत्र गत आर्थिक वर्षमा देखिएको हाम्रो आर्थिक वृद्धिदर चिन्ताजनक छ । सबैभन्दा चिन्ताजनक स्थिति गैर कृषि क्षेत्रमा देखिएको छ : गैर कृषि क्षेत्रको आयमा २.६ प्रतिशतले ह्रास भएको छ । त्यसमध्ये पनि उद्योगको क्षेत्रमा -१० प्रतिशतका दरले वृद्धिदर घट्नु ज्यादै गम्भीर घटना हो । पश्चिमका औद्योगिक मुलुकमा दोस्रो युद्धको समयमा समेत यति चर्को दरमा औद्योगिक उत्पादन घटेको थिएन । अभ्र व्यापार, होटेल र रेष्टुराँजस्ता पर्यटन सम्बन्धित क्षेत्रमा आर्थिक वृद्धिदर -११ प्रतिशतका दरले ऋणात्मक रहेको देखियो । यसैबीच हाम्रो बचत दर १६ प्रतिशतले घटेको छ । वस्तु र सेवाको निर्यात २५ प्रतिशतले घटेको छ । यस हिसावले हाम्रो अर्थतन्त्र तलतिर ओरालो लागेकोलाग्यै छ । यही तरिकाले धेरै दिन राष्ट्र जान सक्दैन, जाने हो भनेदेखिन् दुईतीन वर्षको बीचमै देशमा भोकमरीको समस्या देखापर्छ । त्यसैले, वर्तमान आर्थिक संकटलाई सकेसम्म छिटो हल गर्नु र गति दिनु जरूरी छ ।

यसरी आर्थिक वृद्धिदर ऋणात्मक हुँदै जानुमा आर्थिक, वित्तीय तथा भ्रष्टाचारका कारणहरू पनि छन् । यो १० /१२ वर्षमा जेजस्तो आर्थिक स्थितिको सृजना भयो, त्यो अवस्था किन भयो ? यसको गहन अध्ययन त गर्न नै बाँकी छ । कसैले अध्ययन नै गरेको छैन । यसमा हाम्रो आर्थिक नीति तथा कार्यान्वयन पक्षको कति दोष छ, बढ्दो भ्रष्टाचारको कति दोष छ, अनुशासनहीनताको कति दोष छ, राजनैतिक कारणको कति दोष छ, त्यसको अध्ययन त गरिएकै छैन । मुख्य जरो चाहिं गैर जिम्मेवारीपन र अनुशासनहीनता नै हो । यहाँ राम्रा नीतिहरू आउँदा पनि आएनन् । आएका राम्रा नीतिहरू कार्यान्वियन पनि भएनन् । केही पनि भएन भन्ने पनि होइन । केही राम्रा कुराहरू पनि भएका छन् ।

सरकारले दशौं योजना प्रकाशित गर्दैछ । योजनाअघि आधारपत्र तयार गर्नुपर्छ र आधारपत्रकै आधारमा योजना बन्ने गर्छ । नेपालमा दशौं योजनाको आधारपत्र एक वर्षअघि प्रकाशित गरिएको थियो । यो एक वर्षमा देशमा यति धेरै आर्थिक-राजनीतिक हेरफेर भएको छ कि पुरानो आधारपत्रमै परिवर्तन गर्नु आवश्यक भएको थियो । पहिलेको आधारपत्र त म्याद नाघेको ओखतीभैं भइसकेको थियो । तर आधारपत्रमा परिवर्तन गर्नका निम्ति राष्ट्रिय विकास परिषद्को बैठक बस्नुपर्छ । विकास परिषद्को बैठकमा पार्टीका प्रतिनिधिहरू हुनुपर्ने हुन्छ । तर कुनै पनि प्रमुख राजनैतिक दलले वर्तमान मन्त्रिपरिषद्लाई मान्यता नदिएको स्थितिमा उनीहरूले राष्ट्रिय विकास परिषद्मा आफ्ना प्रतिनिधि पठाउँने सम्भावना थिएन । पुरानो आधारपत्रलाई आधार बनाएर योजना बनाउन पनि समस्या देखिए त प्रष्ट थियो, तर नयाँ आधारपत्र बनाउन पनि राष्ट्रिय विकास परिषद्को बैठक डाक्न पनि समस्या थियो । सरकार दोहोरो अप्ठ्यारोमा परेको थियो ।

सरकार उम्कने बाटोको खोजिमा देखिन्थ्यो । तसर्थ दशौं योजनाको आर्थिक वृद्धिदरसम्बन्धी लक्ष्य नै दुईथरि तोकेको छ : एउटाचाहिं सामान्य स्थिति भयो भने हुने, अर्को, असामान्य स्थिति भयो भने हुने । सामान्य स्थिति भयो भने दशौं योजनामा ६.२ प्रतिशतका दरले आर्थिक वृद्धि हुने लक्ष्य राखिएको छ, असामान्य स्थिति भयो भने ४.३ प्रतिशत । यस्तो पनि कहीं सरकारको लक्ष्य हुन्छ ? यो त रत्नपार्कमा बसेर हात हेर्ने जोतिषीको जस्तो देखिन्छ, जस्तो कुनै व्यक्तिको ग्रहदसाअनुसार उसले भोग गर्नुपर्ने कुराको सूचि प्रस्तुत गर्छ । मिले मिल्छ नमिले जोतिषलाई समात्न मिल्दैन । सरकारको त एउटा निश्चित कार्यक्रम हुनुपर्छ । नवौं योजनाकालमा देशमा सामान्य स्थिति हुँदा त वास्तविक आर्थिक वृद्धिदर ३.५ प्रतिशतमात्रै रह्यो, अहिले देशमा भन् अत्यन्त असामान्य स्थिति भएको बेलामा आर्थिक बृद्धिदर कसरी ४.३ प्रतिशत हुनसक्दछ ? यो त पत्याउनै नसकिने कुरा भयो ।



**अर्थमन्त्री बद्रीप्रसाद श्रेष्ठ : वर्तमान आर्थिक चुनौतीको समाधान के ?**

**यो त रत्नपार्कमा बसेर हात हेर्ने जोतिषीको जस्तो देखिन्छ**

देश अहिले पूरै हचुवामा चलिरहेको छ । न त स्वीकृत गरेको आधारपत्रअनुसार नै दशौं योजना तयार भयो, न त आधारपत्रमुताविक दशौं योजना बन्न नसकेपछि नयाँ आधारपत्र बनाएर त्यसलाई राष्ट्रिय विकास परिषद्मार्फत् पार्टीहरूद्वारा स्वीकृत गराइएको छ । त्यसैले, अहिले म यो दशौं योजनाको कुनै ठोस आधार देख्दिनँ । दशौं योजनाको निर्माणमा न दलहरूको संलग्नता देखिन्छ, न यसप्रति कुनै दलको प्रतिवद्धता देखिन्छ । यस्तो भएपछि यो योजनालाई मानेर, अनुशरण गरेर हिंड्नु पर्ने कसैलाई कुनै आवश्यकता नै देखिएन । एक त देश आर्थिक रूपमा उँधो लागिरहेको छ, अर्कोतिर बलजफ्ती किसिमले दशौं योजना ल्याइएको छ ।

राजनीतिक द्वन्दका कारणले २०५७/५८ को गतिमा देशको अर्थतन्त्र जान नसकेको हुनाले मेरो अनुमानमा यो वर्षमात्रै हामीलाई रू. ४३ अर्बको आर्थिक नोक्सानी भएको छ । २०५७/५८ को गतिमा अर्थतन्त्र जान सकेको भए स्वतः बढ्न सक्ने गार्हस्थ उत्पादन बढेन, त्यसैले नोक्सानी भयो भन्ने मेरो तर्क हो । त्यो ४३ अर्बमध्ये १३ अरब रूपैयाँ कृषिमा नोक्सानी हुनआएको छ, बाँकी ३० अर्ब चानचुन गैरकृषि क्षेत्रमा नोक्सानी हुन गएको छ । गैरकृषि क्षेत्रमध्ये उद्योगमा मात्रै भण्डै ८ अर्बको नोक्सानी भएको छ । ८ अर्ब चानचुनको नोक्सानी पर्यटनमा भएको छ ।

पुस २४ गते बजेटको अध्यादेशको समय सकियो, फेरि बजेट ल्याउनु पर्‍यो । बजेट ल्याउन संसद छैन । अध्यादेश जारी गरियो । त्यसको पनि असार २४ गते समय सकिन्छ । श्रावण १ गतेसम्मको लागि फेरि अर्को अध्यादेश ल्याउनुपर्‍यो । तीन तीनवटा अध्यादेश त यो वर्षको बजेटको

लागिमात्र चाहियो । देशमा यस्तो अवस्था आइरहेको छ । अहिले तीन महिनादेखि मैले हेरिरहेको छु- कुनै पनि राजनीतिज्ञले आर्थिक क्षेत्रसम्बन्धित एउटा कुरा पनि बोलेका छैनन् । राजनीतिज्ञहरूलाई पनि अब आर्थिक दृष्टिकोणबाट सचेत पार्नुपर्ने भइसकेको छ । अर्को कुरा, यसरी आर्थिक स्थिति बिग्रेर गयो भने पछि सत्तामा जो आए पनि उसले महामारी भोग्नैपर्ने हुन्छ ।

गत वर्ष कमसेकम कृषि क्षेत्रमा आर्थिक वृद्धिदर सकारात्मक थियो । अहिले कृषि क्षेत्रमा हुँदै गएको नकारात्मक वृद्धिदरले गर्दा कतिपय जिल्लाहरूमा अन्नको समस्या हुन थालिसकेको छ ।

आर्थिक वृद्धिदर ऋणात्मक भएर अहिले बेरोजगारी बढ्न थालेको छ । जस्तो : सन् १९९२/९३ देखि १९९६/९७ सम्म कूल विदेशी ऋण २७ अर्ब भएको थियो । यसबीचमा विदेशी विनिमय संचय १६ अर्बले बढ्यो । हामीले निर्यातबाट परिवर्त्य विदेशी मुद्रा त्यति कमाएनौं । अहिले आएर रेमिट्यान्स पनि घट्न थालेको संकेत प्राप्त छन् । त्यसैले १६ प्रतिशतले राष्ट्रिय बचत घटेर गएको छ । यसमा हाम्रो रेमिट्यान्सको रकम पनि परेको हुन्छ । त्यसैले राष्ट्रिय बचत घट्नु भनेको विदेशबाट आउने रकम पनि घट्नु हो । यो एउटा ठूलो समस्या हुनसक्छ । यसो हुनुमा अन्धउदारीकरणको नीति पनि केही हदसम्म जिम्मेवार छ ।

यदि अहिले तीव्र गतिमा ओरालो लागिरहेको राष्ट्रको अर्थतन्त्रलाई उकालोतिर लैजाने हो भने एउटैमात्र उपाय अहिले भइरहेको राजनैतिक समस्या हल गर्नु नै हो । अरू सानासाना समस्या भनेका त त्यसपछि समाधान गर्न सकिने कुराहरू हुन् । यहाँ भइरहेको राजनैतिक समस्याले गर्दा अहिले देशमा न त विदेशी लगानी आइरहेको छ, न त स्वदेशी लगानी नै वृद्धि हुन सकेको छ । त्यसैले सबै राजनैतिक पार्टी तथा सम्बन्धित व्यक्तिहरूमा एउटा मतैक्यता हुनुपर्‍यो । कहाँ कस्तो गल्ती भएको छ भन्ने कुरा बुझेर अगाडि बढ्नुपर्‍यो । त्यति गर्न सकियो भने यो आर्थिक समस्या हल गर्न नसक्ने कुरा हो जस्तो मलाई लाग्दैन । □

### ओरालो लागेको अर्थतन्त्रको एक झलक केही मुख्य परिसूचकहरू

| | प्रतिशत | आधार वर्ष |
|---|---|---|
| ◆ नेपालको आर्थिक वृद्धिदर | -०.६३ | २०५८/५९ |
| ◆ कृषि उत्पादन वृद्धिदर | २.२३ | २०५८/५९ |
| ◆ गैरकृषि क्षेत्रको उत्पादन वृदिद्धर | -२.६३ | २०५८/५९ |
| ◆ उत्पादन समूहको वृदिद्धर | -९.९२ | २०५८/५९ |
| ◆ व्यापार, होटेल र रेष्टुरेण्ट | | |
| समूहको उत्पादन वृद्धिदर | १०.७९ | २०५८/५९ |
| ◆ विद्युत, ग्याँस तथा खानेपानी | | |
| समूहको उत्पादन वृद्धिदर | ५.४७ | २०५८/५९ |
| ◆ नेपालीको प्रतिव्यक्ति आय | -८.० | २०५८/५९ |

(गत वर्षको प्रतिव्यक्ति आय २४० अ. डलर यस वर्षमा प्रतिव्यक्ति आय २२० अ. डलर)

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५९ मंसिर*

नवौं योजना निकाल्दा प्रतिपरिवार एक रोजगारको नारा दिइएको थियो । त्योअनुसार काम भएन, त्यो नारामा नै सीमित हुनगयो । जब एक ठाउँमा बिग्रिन थाल्छ, सबैतिर बिग्रँदै जान्छ । सप्रँदै जाँदा सबैतिर सप्रँदै जान्छ । यत्ति कारणले बिग्रियो भन्न सक्ने ठाउँ छैन, सबै कारणले बिग्रिरहेको छ । अहिले नेपालमा जुन किसिमले आर्थिक वृद्धिदर ऋणात्मक रूपले गइरहेको छ, त्यो विश्वयुद्धको बेलामा समेत कुनै राष्ट्रमा पनि भएको थिएन ।


विदेशी ऋण र रेमिट्यान्सले हामीलाई राम्रो पनि गर्‍यो, नराम्रो पनि गर्‍यो । अहिले राष्ट्र बैंकमा जति विदेशी विनिमय संचय भएको छ, विदेशी ऋणको ठूलो योगदान

*(वार्तामा आधारित)*



# हामीले बुझेको मार्क्सवादबारे टिप्पणी

**- घनश्याम भूसाल**



सफा पोखरीमा सानै ढुंगाले पनि तरंग उत्पन्न गर्छ, दलदले हिलोमा पाँच मनको ढुंगो फाले पनि भ्याप्त मात्रै गर्छ, छाल उठ्दैन । त्यस्तै पूर्वाग्रहरहित संग्लो बौद्धिक संस्कृतिमा स-साना प्रश्नहरूले समेत क्रिया-प्रतिक्रियाहरू उत्पन्न गर्छन् । तर पूर्वाग्रहहरूको लेधो जमेको तथाकथित बौद्धिक जमातमा जतिसुकै ठूला प्रश्नहरूको बज्रवर्षा भए पनि त्यो जमात निस्लोट र प्रतिक्रियाहीन नै रहन्छ । हाम्रो नेपाली बौद्धिक पोखरी दलदले खाल्टो भएकाले समाज र राष्ट्रका चुनौति र संभावनाको गहिरो र मसिनो अध्ययन, छलफल ज्यादै कम हुने गर्छ । पूँजीवादी बौद्धिकहरूका लागि त्यस्तो अध्ययनको खाँचो छैन, चिन्ता पनि छैन । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष वा पूँजीवादी सत्ताकेन्द्रका 'बुद्धि उद्योग'का उत्पादनहरूको आपूर्ति नै पर्याप्त छ । चिन्ता हुनुपर्ने मार्क्सवादी कम्युनिष्टहरूलाई हो, उनीहरूमा पनि त्यस्तो चासो नदेखिनु चाहिँ अध्ययनको क्षेत्रको वास्तविक समस्या हो ।

यहाँ मेरो पुस्तक 'नेपालको अर्थ-राजनीति : संकटको पुनरूत्पादन र रूपान्तरणको दिशा' बारे 'मूल्यांकन' मासिकको पूर्णाङ्क १०४ मा प्रकाशित खगेन्द्र प्रसाईंको समीक्षासँग सम्बन्धित भएर केही कुरा राख्न गइरहेको छु । नेपालको सामाजिक चरित्र 'अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक हो' भन्ने निष्कर्ष र त्यस वरिपरिका अरू कतिपय मुद्दाहरूको आलोचनात्मक अध्ययन गर्ने प्रयासमा मैले उक्त पुस्तक लेखेको हुँ । उक्त पुस्तकको समीक्षा गर्दा प्रसाईंले धेरै प्रश्नहरू उठाउनु भएको छ । तर उक्त पुस्तकका मुख्य निष्कर्षहरूमा उहाँको खास विमिति देखिँदैन । उहाँले उठाउनु भएका प्रश्नहरूले मेरो प्रयासलाई अझै सजिलो र प्रष्ट पार्न सघाउने छन्, जसका बारेमा अलि विस्तृत छलफल पछि गर्नेछु । मैले उक्त पुस्तक लेख्नुको उद्देश्य हाम्रो आलोचनात्मक सामाजिक अध्ययनका क्षेत्रमा केही योगदान गर्न सकियोस् भन्ने नै हो । पुस्तक प्रकाशन भएपछि केही प्रतिक्रियाहरू आएका छन्, प्रकाशित पनि हुँदैछन् । तर मैले पोखरीको जुन केन्द्रिय भागमा प्रश्नहरूको ढुंगो फालेको थिएँ, त्यहाँ भने कुनै प्रतिक्रिया उत्पन्न भएन । त्यसले गर्दा पोखरी हिलो जमेको दलदले नै हो भन्ने मेरो पूर्वधारणालाई पुष्टि गरेको छ भन्ने ठानेको छु । यदि पोखरी संग्लो पानीले भरिएको हुन्थ्यो भने डा. चैतन्य मिश्र र श्याम श्रेष्ठका धेरै पहिले प्रकाशित प्रश्नहरू नै प्रतिक्रिया उन्पन्न गर्न पर्याप्त थिए । त्यसपछि पनि 'तेश्रो धार'को गोष्ठी र ने.क.पा माले‌को राष्ट्रिय सम्मेलनमा ती प्रश्नहरू अझै जोडजोडले उठाइएका थिए । तर मार्क्सवादी आन्दोलनको राजनीतिक नेतृत्व त्यस्ता प्रश्नहरूप्रति प्रायः संवेदनहीन र असहिष्णु रहने गरेको छ । कुनै व्यक्तिका अध्ययनका निष्कर्षहरू कति ठीक छन् वा छैनन् भन्ने कुरा त्यति धेरै महत्वका हुँदैनन्, जति समाजिक आन्दोलनका आधार, मान्यता र दिशासम्बन्धी निष्कर्षहरू गलत वा सही हुनुले महत्व राख्दछन् । यसर्थ, खगेंद्र प्रसाईंले उठाउनु भएको प्रश्न नै फेरि पनि महत्वपूर्ण प्रश्न हो- त्यस्ता विषयमा नेपालको राजनीतिक आन्दोलनको नेतृत्वका विचारकहरू किन संवेदनहीन छन् ? किन प्रर्याप्त छलफल, अध्ययन हुँदैन ? मार्क्सले कम्युनिष्टहरूलाई 'भविष्यको साम्यवादी समाजका नागरिक'

भनेका थिए, अर्थात् भविष्यको सभ्यतम् समाजको दूरदृष्टि भएका मानिसहरू । त्यस हिसाबले हामी २१ औं शताब्दीमा प्रवेश गर्दा २२ औं शताब्दीको चेतना लिएर आउनु पर्थ्यो, तर अहिले पनि हामी २० औं शताब्दीका धड्धडीबाट ब्यूँभन सकेका छैनौं । मार्क्सको परिभाषा अनुसार हामी कम्युनिष्ट हुनै सकेका छैनौं, छौं त केवल शब्द वा नामका कम्युनिष्ट । चेतनाका हिसाबले हामी किन अग्रगामी हुन सकेनौं ? प्रश्न फर्कीफर्की त्यहीं आउँछ ।


समय र घटनाक्रमका हिसावले भन्ने हो भने भियतनामका विरूद्ध अमेरिकी युद्धपछि विश्व क्रान्तिको नयाँ चरण (जमाना) आरंभ भएको छ । त्यसभन्दा अगाडिको सामाजिक क्रान्तिका बेग्लै आधारहरू थिए, जुन आधारहरूमाथि क्रान्ति वा सामाजिक परिवर्तनसम्बन्धी सम्पूर्ण अवधारणाहरू (समाजिक चरित्रको निर्धारण, क्रान्तिका शत्रु र मित्रहरूको विश्लेषण, रणनीति-कार्यनीतिहरूको निरूपण, कार्य दिशाको आँकलन, सामाजिक आर्थिक व्यवस्थाको कार्यक्रम संयोजन आदि)को निर्धारण गरिन्थ्यो । त्यस जमानाका मुख्य आधारहरू ३ वटा थिए -

१. निरपेक्ष अतिरिक्त मूल्यको शोषण
२. सामन्ती शोषण, र
३. औपनिवेशिक शोषण

कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स, भ्ला.इ. लेनिन, माओत्सेतुङ हुँदै हो चि मिन्हसम्मले ती तीन वटा समस्याहरूका आधारमा क्रान्ति सम्बन्धी चिन्तन, अध्ययन आरंभ गरे र ती समस्यालाई समाधान गर्न विभिन्न निष्कर्षहरू निकाले । तर मजदूर तथा सर्वहारा श्रमिक जनताको संघर्ष, समाजवादका सफलताहरू, पूँजीवादको विकास र साम्राज्यवादबाट राष्ट्रहरूको मुक्तिको ऐतिहासिक सन्दर्भमा शोषणका नयाँ संरचना, संयन्त्रहरू निर्माण हुँदै गए । त्यसैले क्रान्तिको नयाँ चरण- नयाँ जमाना आरंभ भईसकेको छ । यी नयाँ संरचना, संयन्त्रहरू र आधारहरूको सामग्रिक र गहन अध्ययन नगरिकन आजको जमानालाई बुझ्न सकिन्न । र, आजको समाजमा क्रान्ति वा परिवर्तन गर्न सकिन्न । अहिलेसम्म हामीले बुझेको मार्क्सवाद पुरानो जमानाको मार्क्सवाद हो, त्यसले अहिलेका समस्याहरूको समाधान गर्न सक्दैन । हाम्रा अवधारणाहरू असान्दर्भिक भइसकेका छन् । असान्दर्भिक अवधारणाहरूमा आधारित सिद्धान्त, विचार र संगठनहरूले अपेक्षा गरेअनुसार प्रतिफल दिंदैनन् । त्यसैले मार्क्सवादी अध्ययन तथा विश्लेषण प्रणालीको आलोकमा नयाँ जमानाका समस्या र समाधानका उपायहरूको निर्धारण गरेर मात्र मार्क्सवादलाई समयानुकुल बनाउन सकिन्छ ।

नेपालका सन्दर्भमा राणाशाहीको अन्तिम तथा कम्युनिष्ट आन्दोलनको आरंभ कालमा तयार गरिएका क्रान्तिसम्बन्धी अवधारणाहरूको आधार नेपाली समाजको 'अर्ध-सामन्ती, अर्ध औपनिवेशिक' चरित्र थियो । विगत ५० वर्षमा विश्व स्तरमा र सँगसँगै, नेपालमा भएका उत्पादन प्रणाली र सामाजिक-राजनीतिक व्यवस्थामा आएका परिवर्तनहरूले गर्दा हाम्रो सामाजिक आधारमा रहेको 'सामन्ती' प्रभाव हराउँदै गयो र त्यसका स्थानमा दलाल पूँजीवाद प्रभावशाली भयो । तर क्रान्ति र त्यसका आधारसम्बन्धी हाम्रा सोचाइहरू पुरानै रहे । कम्युनिष्ट पार्टीहरूका सहमति र विमतिहरू पनि पुरानै रहे । त्यसैले उनीहरूका बीचका विभाजनका कारणहरू पनि काल्पनिक छन् । भ्रामक छन् । भ्रममा बाँच्नु मनोवैज्ञानिक हिसावले सुखद् हुन्छ, किनकि उसले वस्तुगत जीवनका जटीलतासँग जुध्नै पर्दैन ।

हाम्रो कम्युनिष्ट आन्दोलनको मूल स्वरूप १९४० मा माओत्सेतुङद्वारा तयार गरिएको 'नयाँ जनवाद'बाट निर्देशित छ । त्यसै हिसावले सबै कम्युनिष्ट पार्टीहरूले जमीन बाँडेर कृषि क्रान्ति गर्ने र राष्ट्रिय पूँजीवादको विकास गर्ने कार्यक्रम बनाएका छन् । के अब पनि हामीकहाँ जमीन बाँडेर कृषि क्रान्ति गर्ने र त्यसका जगमा राष्ट्रिय पूँजीवादको विकास गर्ने संभावना छ ? त्यसका लागि हामीकहाँ वस्तुगत परिस्थिति छ ? के आजको कम्युनिष्ट आन्दोलनको विशुद्ध रूप सर्वहारा मजदूर र किसान आन्दोलन हो ? अथवा, के आजका कम्युनिष्ट पार्टीहरूका नारा, माग, संघर्ष र संगठनले उनीहरू स्वयंले घोषणा गरेका कार्यक्रमिक लक्ष्यलाई सहयोग गरेका छन् ? यी र यस्तै महत्वपूर्ण प्रश्नहरूमा हामीले आवश्यक अध्ययन, छलफल गरेका छैनौं । कम्युनिष्ट आन्दोलनको नेतृत्वमात्रै होइन, कार्यकर्ताहरू पनि अध्ययन/छलफलप्रति उदासिन छन् । नेतृत्वको 'सर्वज्ञता'प्रति



*मार्क्स, एंगेल्स*

**'तेश्रो धार'को गोष्ठी र ने.क.पा मालेको राष्ट्रिय सम्मेलनमा ती प्रश्नहरू अझै जोडजोडले उठाइएका थिए । तर मार्क्सवादी आन्दोलनको राजनीतिक नेतृत्व त्यस्ता प्रश्नहरूप्रति प्रायः संवेदनहीन र असहिष्णु रहने गरेको छ ।**

कार्यकर्ता विश्वस्त छन्, कार्यकर्ताहरूको 'आज्ञाकारिता'प्रति नेतृत्व 'आश्वस्त' छ । रजनीशले मुर्छित् चेतनामाथि कटाक्ष गर्दै कतै भनेका छन्- आमाहरूले 'राधेश्याम ! राधेश्याम ! भनेर भजन गाउँदै नानीहरूलाई अंगालोमा हल्लाएपछि नानीहरू निदाउँछन् । आमाहरू ठान्दछन्- भगवानको पवित्र नाम सुनेर नानीहरू शान्त हुन्छन्, निदाउँछन् । बस्तुतः नानीहरूलाई भगवान भन्ने कुनै चीज नै थाहा हुँदैन , बरू नबुझिने कुरा एकोहोरो रटेपछि नानीहरूको दिमाग पाट्टीन्छ र निदाउँछन्, अचेत हुन्छन् । त्यस्तै नेतृत्वले सनातनकालदेखि जप्दै आएको 'मार्क्सवादको फर्मुला' रटिरहेपछि र कार्यकर्ताले त्यसको अर्थ बुझ्न नसकेपछि थाक्छ, पाट्टीन्छ, निदाउँछ, मुर्छित हुन्छ, नेतृत्वलाई के लाग्छ भने मार्क्सवादको 'पवित्र मुक्ति मंच'ले कार्यकर्ताहरू सन्तुष्ट छन् । हाम्रो आन्दोलनको हालत करिब करिब यस्तै छ ।

मैले आफ्नो पुस्तकको आरंभमै के कुरा उल्लेख गरेको छु भने, मेरो अध्ययन केवल एउटा प्रयास हो , तर त्यसमा उठाइएका प्रश्नहरू मार्क्सवादी बौद्धिक जगतका ज्वलन्त प्रश्नहरू भने अवश्य हुन् । आज नेपालमा मार्क्सवादको अध्ययन गर्नु भनेको विश्व स्तरमा र नेपालभित्रै भएका सामाजिक परिवर्तन र परिवर्तनका गति र चरित्रको अध्ययन गर्नु हो । विश्वव्यापी रूपमा देखापरेका नयाँ जटिलताहरूले मार्क्सवादको सामयिक अध्ययनलाई अनिवार्य बनाउँदै छ । त्यसैगरी नेपालमा पनि हामीले बुझेको मार्क्सवाद र अगाडि आएका यथार्थका बीचका विरोधाभाषहरूले गर्दा सामाजिक अध्ययनको नयाँ उँचाइबाट आरंभ गर्नु पर्ने भएको छ । पुराना अवधारणाहरूको असफलताले नयाँ अवधारणाहरूलाई ठाउँ छोड्दै जानेछ । अध्ययन/अनुसन्धानका क्षेत्रमा नयाँ पिंढी अगाडि नआई सुखै छैन , पुरानै पिंढीबाट नयाँ चेतनाको आशा गर्न सकिन्न । अपर्याप्त रूपमै भएपनि पोखरीको किनारका खाल्टा खाल्टीमा बसेका खगेन्द्र प्रसाईंहरूमा प्रतिक्रिया उत्पन्न हुँदैछन्, जुन स्वागतयोग्य छ । भविष्यको आशाले वर्तमानलाई शक्ति दिन्छ । ❑

# ढुंगे युगतिर बाजुरेलीहरू

गोविन्द वर्तमान



**जुन बालीले तीन महिना पनि खान पुग्दैन :**
बाजुरा र पाण्डुसेनका किसानहरु
बाली भित्र्याउन धान खेतमा व्यस्त


फोटो : मोहन मैनाली

**बाजुरा**को आसन्न भोकमरी र माओवादी युद्धपछि त्यहाँ उत्पन्न संकटलाई अभिव्यक्त गर्न बनाइएको वृत्तचित्र हो- *भोकमरीको मौसम* । खोज पत्रकारिता केन्द्रका निम्ति यसको निर्माण तथा निर्देशन मोहन मैनालीले गरेका हुन् । यस वृत्तचित्रमा खाद्यान्न अपुग जिल्लाको रूपमा रहेको बाजुरा यस वर्ष अनिकालको यात्रातिर अग्रसर हुँदैछ भन्ने तथ्यहरू चित्रित गरिएका छन् ।

बाजुराका किसानहरू, खुद्रा व्यापारीहरू, उत्तरी गाउँहरूबाट सदरमुकाम मार्तडी र व्यापारिक केन्द्र कोल्टीसम्म खाद्यान्नका निम्ति आउने सर्वसाधारणहरू र रित्तिएको बाजुराबाट छिमेकी जिल्ला आछामको साँफेबगरसम्म ४ दिनको पैदल यात्रा गरेर चामल किन्न हिँडेका निमुखाहरू यस वृत्तचित्रभित्र देखिएका छन् ।

गएको कार्तिक महिनामा अन्नबाली भित्र्याउँदै गरेका बाजुराका किसानहरूको दृष्यबाट यो वृत्तचित्र शुरू हुन्छ । धान काट्न, सुकाएको धान खलामा चुट्न, धान बताएर भुस छुट्याउन लागेका ती किसानहरू एउटै उमेर समूहका छैनन् । बालक, जवान र वृद्ध-वृद्धाहरू सबै ती कामहरूमा सक्रिय छन् । तर उनीहरूको अनुहार उजाड र कान्तिहीन देखिन्छ । किनभने त्यसरी भित्र्याएको बालीले उनीहरूको गुजारा तीन महिनाभन्दा बढी चल्दैन । तैपनि उनीहरू काममा जुटेका छन् । धानको काम सकिएपछि त्यही खेत वा बारीमा चिस्यान छँदै गहुँ छरिसक्नु पर्छ । नत्र गहुँ उम्रँदैन ।

यसवर्ष अति वर्षा र असिनाले बाजुराको बाली बिग्रिएको छ । बाजुराको कोल्टीस्थित एउटा सानो किराना पसलका बृद्ध पसले सूर्यप्रसाद गिरी भन्छन्- "तीन रोपनीमा मेरो ५ क्वीन्टल धान फल्ने ठाउँ । ....त्यो अहिले तीन रोपनी जग्गामा एक क्वीन्टल धान भयो...।"



बाजुरा मार्तडी, ढम्कने गाउँका हर्क बोगटी : 'ढम्कनेमा धान हुँदैन, कोदो फलेन, मकै भालुले खाइदियो, मान्छेले के खाने ?'

फोटो : मोहन मैनाली

धानका बालामा चामल नफलेर पगटामात्र फलेपछि बाजुराका बासिन्दाको अत्यास झन् बढेको छ । खाद्य संस्थानले जिल्लावासीलाई २५ किलो चामल सहुलियत दरमा उपलब्ध गराउँथ्यो । तर संस्थानमा चामल घट्दै गएकाले कार्तिकदेखि प्रतिव्यक्ति १० किलोमात्र विक्री गर्न थाल्यो । त्यसपछि टाढाटाढाका गाउँहरूबाट चामल लिन सदरमुकाम मार्तडी आउनेहरू खिन्निक्क परे ।

त्यसमाथि, खाद्य संस्थानको गोदाममा चामल नभएकोले मंसीरदेखि त संस्थानले चामलको विक्री नै बन्द गरिदियो ।

एकातिर यस्तो स्थिति छ भने अर्कातिर सीमित मात्रामा पाइने खाद्यान्नका निमित्त पनि त्यहाँ गाउँलेहरूलाई झमेला छ । जिल्ला प्रशासन कार्यालयबाट सिफारिस लिएपछि मात्र जिल्लाबासीहरू अर्को जिल्ला अछामको साँफे पुगेर खाद्यान्न किन्न जान सक्छन् । त्यसरी सिफारिस लिन पनि एक दिनभन्दा बढी समय पैदल हिँडेर दुःख उठाउनु पर्छ । यसरी खाद्यान्न किन्न जान नसक्नेहरू भोकभोकै मर्न विवश छन् ।

कोल्टीकै युवा जसीराम साहनी भन्छन्- "मेरो विचारमा सर, आधी बाँच्छन्, आधी मर्छन् होला जस्तो छ । भोकैले मरिहाल्छ । "

बाजुरामा द्रुत गतिमा भोकमरी आइरहेको छ । विकट पहाडी क्षेत्रमा अन्यत्र पनि यस्तै स्थिति आउने अनुमान गर्छन् समाजशास्त्रीहरू । तर सरकारले यस प्रकारका समस्याहरूलाई राम्ररी समाधान गर्ने सुरसार कसैको संकेतसमेत पाइँदैन । अर्कोतिर माओवादीहरू छन्, जसले गाउँका दुःखहरूलाई अझै बढाउने काम मात्र गरेका छन् । नून बोकेका च्याङ्ग्राहरूको ताँती देखाउँदै वृत्तचित्र 'भोकमरीको मौसम'ले भन्छ :

"साँफेबाट बाजुराको सदरमुकाम मार्तडी पुग्न कम्तीमा पनि चार दिन लाग्छ । यस बीचमा कुनै पनि ठाउँमा सुरक्षा निकाय छैन । प्रहरी चौकी वा सैनिक ब्यारेक छैनन् । निर्जन बाटोमा

रात-विहानको यात्रा डरलाग्दो हुन्छ । नून बोकेको हुनाले यी च्याङ्ग्रावालालाई लुटिने डर छैन । चामल बोकेको भए माओवादीले लुट्ने डर हुन्छ । गएको भदौमा १०० वटा खच्चरमा बोकाएको चामल उनीहरूले लुटेका थिए ।"

माओवादीकै कारण बाजुरामा मट्टितेल, ब्याट्री र जुत्ताहरू विक्रीमा पनि प्रशासनले रोक लगाएको छ । बाजुराका कायम मुकायम प्रमुख जिल्ला अधिकारी मुक्तिनारायण भण्डारीले वृत्तचित्रमा यसको पुष्टि गरेका छन् । उनको भनाइमा ती वस्तुहरू माओवादीहरूले 'मिसयुज' गर्न सक्ने संभावना देखेर त्यसो गरिएको हो । यस्तो अवस्थामाथि कोल्टीका खुद्रा पसले जसीराम साहनीको प्रतिक्रिया एकदम मार्मिक सुनिन्छ । उनी खुलस्त भन्छन् : "जुत्ता ल्याउन पाइँदैन सर ! यहाँका आइमाईहरू वनपात जाँदा नाङ्गो खुट्टा जानुपर्ने अवस्था छ । यहाँका मान्छेहरू अब ढुङ्गेयुगमा पुग्दैछन् । चप्पल लाउन पाउँदैनन्, जुत्ता लाउन पाउँदैनन्, खाना खान पाउँदैनन्, हिंडडुल गर्न पाउँदैनन् । अब त्यहाँ भन्दा ढुङ्गे अवस्था के हुन्छ सर ?"

वृत्तचित्रमा माओवादी र सुरक्षा फौजबीच भीडन्त हुँदा निर्दोष गाउँलेहरू मारिएको कुरा पनि छ । तर त्यसलाई खुलस्त ढाँचामा व्यक्त गरिएको छैन । मृतकका आफन्तहरूको विलापका एक दुई दृश्यहरू देखिन्छन् । ती दृश्यहरू कसरी पैदा भए भन्ने पक्षमा वृत्तचित्रकर्मीले कुटनीतिक ढंगले वैचारिक पलायन गरेको बुझिन्छ । त्यस क्षेत्रमा औषधिहरूसमेत खरीद विक्री गर्न प्रतिबन्धित छ, तर यस विषयमा पनि वृत्तचित्रले मौनता साधेको छ । यो वृत्तचित्र राम्रै हुँदाहुँदै पनि राज्यपक्षलाई भन्दा पनि विद्रोही पक्षलाई बढी आलोचना गर्न इच्छुक देखिन्छ । निर्माण कार्यमा स्थानीय प्रशासन, सेना र प्रहरीको सहयोगप्रति अनुगृहित हुँदा ती पक्षका त्रुटीहरूलाई लुकाउने बाध्यता आइलागेको हुनसक्छ । तसर्थ वृत्तचित्रकर्मी मोहन मैनालीलाई यस वृत्तचित्रले अर्को चर्चित वृत्तचित्र 'जोगीमाराका ज्यूँदाहरू'ले पारेको 'असन्तुलन'लाई सन्तुलित गर्न जाँगर चलेको हो कि भन्ने प्रश्न सोध्न सकिन्छ । ❑

# संगीतका नाममा मूल्यहीन आदर्शको खेती

नारायण अमृत

पछिल्ला दिनहरुमा सुगम सङ्गीतको चर्चा बढ्दो छ । सङ्गीतको गुण र दोषका आधारमा भन्दा पनि धेरै विज्ञापन र केही समाचारमूलक शैलीमा सुगम सङ्गीतको चर्चा भइरहेको छ, खासगरी नेपाली मिडीयामा । धेरै किसिमका लवज र शैली देखिने पप सङ्गीतका पछिल्ला दुई भव्य साङ्गीतिक कार्यक्रमहरु पनि त्यतिकै चर्चामा रहे । दशरथ रंगशालामा सम्पन्न गत मंसीर २८ को *काल्सवर्ग रक यात्रा* र पुस २०, २१ को *शिखर म्युजिक बिट कन्टेस्ट* व्यावसायिक उत्पादनको बजार प्रवर्द्धनका लागि आयोजित साङ्गीतिक कार्यक्रमहरु थिए । आयोजकहरु बियर र चुरोट उत्पादक भएर होला कार्यक्रमहरु भव्य थिए र प्रचारमुखी पनि । व्यापारमा भव्यता र प्रचार-प्रसार स्वाभाविक मानिन्छ ।

प्रसङ्ग *रक यात्रा* र *शिखर म्युजिक बिट कन्टेस्ट*को हो । यीमध्ये *रक यात्रा*को प्रस्तुति नेपाली सङ्गीतप्रेमीका लागि झन् चासोको विषय थियो । 'रक' नेपाली शब्द होइन र नेपाली सङ्गीतको शैली पनि होइन । यसलाई पाश्चात्य सङ्गीतको एक आधुनिक शैली मानिन्छ । युरोप र अमेरिकी देशहरुलाई पानी-पँधेरो बनाउने काठमाण्डौका परम्परागत हुनेखानेहरु र नवधनाढ्य वर्गका तन्नेरीहरु रक सङ्गीतसँग धेरथोर परिचित होलान् । रङ्गशालामा *रक यात्रा* हेर्ने अग्रिम पंक्तिमा यिनै तन्नेरीहरु थिए । यो वर्ग नेपाली समाजमा कम उपस्थिति भएको, तर रोब रबाफ, ऐश आराम र तामझाममा विश्वास राख्ने जमात पनि हो । खासगरी ०४६ सालपछिको बदलिँदो परिस्थितिमा देखिएका नवधनाढ्यहरुका घरमा रक म्युजिक बज्ने गर्दछ । उनीहरुकहाँ यसले सङ्गीतप्रतिको प्रेम र रुचिका कारणले भन्दा पनि पृथक देखिने आत्मरतिका कारणले गर्दा स्थान पाएको छ ।

रंगशालामा *रक यात्रा* हेर्न आउने अग्रिम पंक्तिमा त्यस्ता युवाहरु थिए, जसले संगीतलाई कम सुन्छन् र बढी हेर्छन् । विश्वप्रसिद्ध भारतीय संगीतकार पण्डित रविशंकरले संगीत हेर्ने संस्कार भएकाहरुलाई संगीतप्रेमी होइनन् भनेका छन् । त्यसैले पनि *रक यात्रा*मा गिटार बज्दा वा गायन शुरु हुँदाभन्दा ८० हजार वाटको लाइट बाल्दा वा गायकले आफ्नो झ्यापुल्ले कपाल हल्लाउँदा बढी तालीको गड्गडाहट सुनियो । दर्शकदीर्घामा कम तन्मयता र बढी चञ्चलता देखियो । यही कारण होला- कार्यक्रम भइरहँदा कण्डमका बेलुनहरु उडे, मिनरल वाटरका बोतलहरु फ्याँकिए र 'आइ लभ यू' का स्वरहरु गुञ्जिए ।

आयोजक गोर्खा ब्रुअरीले एक महिना पहिलेदेखि नै त्यति भव्य विज्ञापन गरेर रङ्गशालामा अम्बर गुरुङ वा धर्मराज थापालाई उतारेको भए त्यो कार्यक्रम पक्कै पनि कण्डम उडाउने खालको हुने थिएन । रक म्युजिक आफैँमा नराम्रो सङ्गीत पक्कै होइन । मूल कुरा त आम नेपालीहरुको मनोविज्ञान, जीवनशैली, आस्था र मान्यताहरुलाई यस्तो आयातित र दुरुह शैलीले कत्तिको चित्त बुझाउन सक्छ भन्ने हो ।

हो, *रक यात्रा*मा माथि उल्लेख गरिएका हुनेखाने तन्नेरीहरुमात्र थिएनन् । रक सङ्गीत भनेको कस्तो होला भन्ने सर्वसाधारण जिज्ञासुहरु पनि त्यत्तिकै थिए । यस्ता सङ्गीतप्रेमी दर्शकहरु भने कार्यक्रम सकिएपछि नाक खुम्च्याउँदै घर फर्केका थिए ।

सूर्य नेपाल प्रा.लि.ले आयोजना गरेको *शिखर म्युजिक बिट कन्टेस्ट* पनि तात्विक रुपमा *रक यात्रा*भन्दा फरक र अर्थपूर्ण थिएन । सो प्रदर्शनमुखी र प्रतियोगितात्मक कार्यक्रमका लागि ९० वटा साङ्गीतिक समूहहरुबाट छानेर जम्मा २० वटा समूहहरुलाई प्रतियोगितामा समावेश गरिएको थियो । प्रतियोगितामा समावेश हुन नपाएका कतिपय समूहका सङ्गीतकर्मीहरुले पप गीतबाहेक लोक र आधुनिक गीत गाउने समूहलाई आयोजकहरुले ठाडै पन्छाएको बताएका थिए । त्यसो त आयोजक संस्थाका ब्राण्ड म्यानेजर बालकृष्ण गुरुङले पत्रकार सम्मेलनमा गीत-सङ्गीत र नेपाली कला संस्कृतिको जगेर्ना गर्न सो कार्यक्रम गरिएको बताएका थिए । तर वास्तविकता अलिक भिन्न देखियो । प्रतियोगिताको परिणाममा सङ्गीतको पूर्वीय परम्परागत मेलोडीभन्दा पश्चिमा सङ्गीतका शैलीहरुलाई अनुशरण गर्ने समूहहरु पुरस्कृत भए । रक एण्ड रोल र र्‍याप म्युजिकलाई आफ्नो आदर्श सङ्गीत मान्ने *निभा, प्रेरणा र द पनाम* समूह क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए- सो प्रतियोगितामा । विजेता समूहहरुमात्र होइनन्, रङ्गशालामा उत्रेका कुनै पनि साङ्गीतिक समूहले नारायण गोपाल या रामेश, रायनलाई सङ्गीतको आदर्श ठान्दैनन् । त्यसकारण *रक यात्रा* र *शिखर बिट कन्टेस्ट* नेपाली सङ्गीतको विकास क्रमलाई अन्तै मोड्ने प्रयासको प्रतिकमात्र बने ।

**रक यात्रा**
**र**
**शिखर म्युजिक बिट कन्टेस्ट**

समाजमा सङ्गीतको मूल्य र महत्व सांस्कृतिक छविका रुपमा विकसित हुनुपर्दछ । संगीत मनोरञ्जन पनि भएको हुनाले यसले मान्छेको मनोविज्ञानलाई समेत छोएको हुन्छ । त्यसैले वर्तमान अवस्थामा सार्थक संगीतको महत्व खट्किँदै गइरहेको छ । पप सङ्गीतका नाममा नेपालीहरुको रुचीलाई पश्चिमा शैलीतिर डोर्‍याउनु कत्तिको कला र संस्कृतिको जगेर्ना हो ? यो प्रश्नमा बृहत् बहसको आवश्यकता छ ।

कुनै पनि साङ्गीतिक कार्यक्रम आयोजना गरेर भीड जम्मा गर्नु ठूलो कुरा होइन । भीड जम्मा गरेर सार्थक किसिमको साङ्गीतिक मनोरञ्जन दिन सकियो भने बल्ल आयोजकहरु र कलाकारहरु सफल भएका मानिन्छन् । तर व्यवसायका नाममा निरर्थक ढङ्गले साङ्गीतिक अतिक्रमणको बाटो तय गर्नु भनेको एक प्रकारको अपराध हुनसक्दछ ।

बि.सं. २०४० को दशकदेखि नेपाली सङ्गीतमा देखिएको पप सङ्गीतले विविधता दर्शाएको छ । तर नेपाली पप सङ्गीत भनेको यस्तै खाले सङ्गीत हो भनेर भन्न सकिने अवस्था छैन । यसबारे खासै बहस पनि भएको छैन । मूलतः पश्चिमा ढङ्गका सबै गीतहरुलाई पप गीत भन्ने गरिएको पाइन्छ । सुगम सङ्गीतका रुपमा देखिएको यो आलो शैलीभित्र समाज र सङ्गीतका लागि लाभदायकभन्दा बढी विकृत तत्वहरुको बहुलता रहेको छ । रचनाधर्मिता र कला संस्कृतिका दृष्टिकोणले यही सिलसिलामा देखिएका 'रक यात्रा' र 'शिखर बिट कन्टेस्ट' त्यत्तिकै खल्लो र औचित्यहीन रहे । ❑



## कृपया, मलाई मेरो टाउको देऊ !


आहुति

धेरै दिनदेखि हरेक दिन
घरबाट मन्दिर जान जब निस्कन्थें
टाउको नभएको एउटा गिंड- एउटा मुर्कट्टा
मलाई सधैं पर्खिरहेको हुन्थ्यो
म नदेखेझैं गर्थें, ऊ मुस्कुराउँथ्यो
म छल्न खोज्थें, ऊ पच्छ्याउँथ्यो
म झोक्किन्थें, ऊ हात जोड्थ्यो
म टाढा पुग्थें, ऊ डाकिरहन्थ्यो
"मलाई तिम्रो सुन्दर टाउको देऊ !"
चिच्याई चिच्याई भनिरहन्थ्यो
टाउको नभएको एउटा गिंड - एउटा मुर्कट्टा
आखिर म जिउँदो मानिससँग के चाहन्थ्यो ?

जब बनेथें पार्टीको कार्यकर्ता
जब आँखा चिम्लेर पर्खन्थें आदेशहरु
पार्टी कार्यालयमै ऊ मलाई भेटिरहन्थ्यो
लोभिएर मेरो टाउकोलाई हेरिरहन्थ्यो
जब बनेथें पत्रिकाको हर्ताकर्ता
जब विनाविलम्ब छाप्थें 'रेडिमेड' खबरहरु
सम्पादन टेबुलमै ऊ मलाई पच्छ्याइरहन्थ्यो
माया गरेझैं मेरो टाउकोलाई सुम्सुम्याइरहन्थ्यो
जब भएथें प्रकाण्ड बुद्धिजीवी
जब भट्याउँथें पुस्तकका श्लोकहरु
कार्यक्रमको डबलीमै ऊ मलाई च्याप्प समात्थ्यो
बालकले झैं जिद्दी गरिरहन्थ्यो
कस्तो अचम्म ! रीस उठ्ने गरी भनिरहन्थ्यो-
'तिम्रो टाउको तिमीलाई के काम ?
मलाई तिम्रो सुन्दर टाउको देऊ
मलाई तिम्रो महान टाउको देऊ !'
टाउको नभएको एउटा गिंड- एउटा मुर्कट्टा
आखिर म जिउँदो मानिससँग के चाहन्थ्यो ?

जब आज इतिहासले सुम्पेको छ महान् जिम्मेवारी
जब आज बसेको छु मन्त्रीको यो गौरवमय कुर्सीमा
छ्यालब्याल्ल छ देश, असरल्लै छन् कामहरु
लण्डनदेखि वासिङ्टनसम्मका आइपुगेका छन् योजनाहरु
दिल्लीदेखि जेनेभासम्मका थाती छन् फाइलहरु
हतार छ, मलाई हतार छ
काम गर्दागर्दै थाकेको छु
सही गर्दागर्दै लखतरान परेको छु
तर धेरै वर्ष पहिलेझैं
फेरि आज मलाई कार्यालयमै सताउन आइपुगेको छ
त्यो टाउको नभएको एउटा गिंड- एउटा मुर्कट्टा
म टेबुल ठटाउँछु र चिच्याउँछु-
"म तिमीलाई मेरो टाउको दिन सक्दिनँ !"
ऊ रिसाउँदै झोक्राउँछ/मलाई एकनास हेर्छ र भन्छ-
"म पनि त टाउको नभएको मानिससँग टाउको माग्न सक्दिनँ !"
म झस्किन्छु आफ्नै टाउको छाम्छु
म आत्तिन्छु ऐनामा पटक पटक हेर्छु
मेरो टाउको खै ? साँच्चै मेरो टाउको खै ?
कसले लग्यो मेरो टाउको ?
गुहार गुहार ! मेरो टाउको खै ?

कृपया, मलाई मेरो टाउको देऊ ! ! ❑



## अब मन्दिर मानिसहरुलाई यातना घर बनेको छ

मीनबहादुर विष्ट



अब मन्दिर मानिसहरुलाई
यातना घर बनेको छ
मन्दिरमा जलिरहेको धूपमा
अब मानिसहरुलाई बारुद गन्हाउछ
सहन नसकेर बारुदको गन्ध
अब मानिसहरु नाक छोप्न थालेका छन् ।

अब मन्दिरमा बज्ने शंख र घण्टको आवाज
मानिसहरुलाई बमको आवाजजस्तो लाग्न थालेको छ
सुन्न नसकेर त्यो बमको आवाज
अब मानिसहरु कान छोप्न थालेका छन् ।

अब पुजारीले बाँड्ने चन्दन र फूलपातीमा कुनै सुवास छैन
तिनीहरुमा आफन्तहरुको
कुहिएको लाशको दुर्गन्ध आउँछ
मानिसहरु अब आफ्नो शिरमा
त्यो दुर्गन्धित चन्दन र फूलपाती चढाउन तयार छैनन् ।

कुनै पुजारीले अब पुराण हाल्नु पर्दैन मण्डपमा बसेर
ऋचा, श्लोक वा वेदध्वनि उच्चारण गर्नु पर्दैन
पुजारीको हरेक उच्चारणले
मानिसहरुलाई तीखो बाणले जस्तो घोच्न थालेको छ
र मानिसहरु अब पुजारीको गोडा समाएर
आफ्नो शिर निहुर्‍याउन तयार छैनन् ।

मानिसहरु पापी वा अपराधी होइनन्
तिनीहरुले कुनै पाप वा अपराध गरेका छैनन्
र तिनीहरुलाई कुनै पारलौकिक पुण्य चाहिएको छैन
अब पाप र पुण्यको नाटक खेलाएर मानिसहरुलाई
घरिघरि रुवाउनुको कुनै अर्थ छैन
बस्, अब कुनै आस्था बचेको छैन, विश्वास बचेको छैन
त्यसैले
कुनै कोटीहोम वा महायज्ञको षडयन्त्र गरेर
यातना घर अब मन्दिर हुन सक्दैन
अब मन्दिर मानिसहरुलाई यातना घर बनेको छ । ❑

# मेरी माइजू

■ सुधा त्रिपाठी

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सभाकक्ष आज खचाखच छ । सिट नपुगेर मानिसहरू उभिइरहेका छन् । क्यामरा, भिडियो क्यामराहरूको ओइरो छ । देशी-विदेशी महिला प्रतिनिधिहरू प्रसन्न मुद्रामा बसिरहेछन् । मञ्चमा मेरी माइजू एउटी नवयुवतीझैं जोशजाँगर देखाएर फन्याकफुरुक गरिरहनुभएको छ । उहाँ आफ्नो सिटमा बसिरहन पाउनुहुन्न, उठेर यताउता गइरहनुपर्छ । आज सबैलाई उहाँकै निर्देशन र परामर्शको खाँचो छ । नेपालमा आज पहिलो पटक यति वृहद् अन्तर्राष्ट्रिय महिला सम्मेलन भइरहेछ । र, यसको मूल जिम्मेवारी माइजूको काँधमा छ । उहाँ सभाध्यक्ष हुनुहुन्छ । नेपालकी प्रथम महिला प्रधानमन्त्रीद्वारा सम्मेलन उद्घाटन भइसकेको छ । अतिथिहरू पालैपालो महिला हक र हितका विषयमा भाषण गरिरहेछन् । मञ्चमा पुरूषहरू पनि अतिथिका आसनमा बसेका छन् । नेपालका एकजना पुराना प्रधानमन्त्री बोलिरहेछन् । मलाई भने उनलाई देख्दा कता-कता आफ्ना दिवङ्गत मामाको झझल्को आइरहेछ । मेरा मामा पनि महिला हितका सम्बन्धका कति मीठा भाषण गर्नुहुन्थ्यो । उहाँको भाषणको बीच-बीचमा तालीको गड्गडाहट आइरहन्थ्यो ।

आजभन्दा २० वर्ष अगाडिको कुरा हो । त्यस बेला म २० वर्षकी थिएँ । मेरो स्नातक तहको अध्ययन पूरा भइसकेको थिएन । मैले आफूले पाएको सूचनानुसार आफ्नी साथीलाई भनें- "काठमाण्डौमा महिलासम्बन्धी एउटा गोष्ठी हुँदैछ । यसमा महिलासम्बन्धी क्रान्तिकारी भाषणहरू हुनेछन् र भावी गुरू योजनाहरू बन्नेछन् । यो ऐतिहासिक गोष्ठी हुनेछ । जाऊँ काठमाण्डौं । यो गोष्ठी छाडिस् भने पछुताउनेछस् ।" काठमाण्डौमा मेरै मामाघरमा बस्ने प्रबन्ध भएपछि ऊ पनि मसँगै विराटनगरबाट काठमाण्डौं आई ।

मामाघरमा हजूरआमा, मामा, भाइबहिनीका अतिरिक्त एउटी सारै जाँगरिली माइजू हुनुहुन्छ । मामा बिहानभरि सुत्छन्, चिया खाने बेलामा उठ्छन्, पत्रिका पढ्छन्, भात खान्छन्, अफिस जान्छन्, अफिस छुटेर पनि ढिलो घर आउँछन्, गफ गर्छन्, भात खान्छन्, टि.भि. हेर्छन् र हेर्दाहेर्दै निदाउँछन् ।

मेरी मावलकी हजूरआमा अर्थात् माइजूकी सासू- माइजूभन्दा २० वर्षले जेठी- त्यतिखेर ६० वर्षकी, अहिलेकी माइजूकी उमेरकी । उनी घरमा यति निष्क्रिय बस्थिन् कि उनले नुहाएर फेरेको लुगासमेत पनि माइजूले नै धोइदिनुपर्थ्यो । इष्टमित्र, पाहुनापात घरमा बटुलेर घरको कामकाज बढाइदिने काममा भने उनको विशेष सक्रियता हुन्थ्यो ।

गृहस्थीको सारा जिम्मेवारी माइजूका काँधमा हुन्थ्यो । भात पकाउने, भाँडा माझ्ने, लुगा धुने, घर सफा गर्ने, बालबच्चाको रेखदेख गर्ने, सासूको सेवा गर्ने, पाहुनापासाको आतिथ्य गर्ने, अफिस जाने, बेलुका अफिसबाट फर्केर आउँदा घरमा खाँचो भएका चीजबीज सम्झेर किनेर ल्याउने, घरमा आएर परिवारलाई चिया खुवाउने, बिहानका भाँडा माझ्ने, चूलो सफा गर्ने, केटाकेटीलाई गृहकार्य गर्न सघाउँदै गर्ने, भात पकाउने-खुवाउने, धन्दा गर्ने, बिहानका लागि दाल-चामल-तरकारी केलाई-पखाली गर्ने, दूध तताएर सासू-श्रीमान्-बच्चाबच्चीलाई कोठा-कोठामा पुऱ्याइदिने र सुत्न जाने । त्यसपछि पनि श्रीमान्का लागि एउटा निजी सेवा पुऱ्याउन त बाँकी नै रहेको हुन्थ्यो ।

बिहान खाना पकाइसकेपछि सबैभन्दा पहिला पस्केर अलग्ग बसेर खाने छुट थियो- माइजूलाई । किनभने त्यति नगरे जागिर धानिँदैनथ्यो । जागिर नरहे घरमा पैसा भित्रिँदैनथ्यो र मामा एकजनाको कमाईले घर चल्न सक्तैनथ्यो । यसैलाई माइजूको परिवारले क्रान्तिकारिता मानेको थियो- र बिगुल फुक्थ्यो- "हामी त बुहारीलाई अरूले जस्तो नराम्रो गर्दैनौं । जागिर खान जान्छे । बिहान सबैभन्दा पहिले भात पनि ऊ नै खान्छे ।"

म बसुन्जेल माइजूलाई होलो भयो । माइजूको आग्रह थियो- "भाञ्जी सधैं यहीं बस्नुस् न, आफ्नो मामाघरमा बस्नु हुँदैन र ! एउटी भाञ्जीलाई हामी राख्न पाउँदैनौं र !"

माइजूसँग चाहिँ मेरो अर्कै आग्रह हुन्थ्यो- "माइजू ! म हजूरभन्दा सानी होइन र ? मलाई माया गरेर तँ भन्नुहोस् न, किन यसरी परचक्रीलाई जसरी 'हजूर' भन्नुहुन्छ ?" माइजू मुसुक्क हाँस्नुहुन्थ्यो । उहाँलाई धेरै कुरा गरिरहने फुर्सद नै हुँदैनथ्यो ।

कार्यक्रमको दिन पनि आइपुग्यो । राष्ट्रिय सभागृहमा कार्यक्रम भइरहेको थियो । कुनै महिला मन्त्री प्रमुख अतिथि थिइन् । अरू केही महिला एवं पुरूष अतिथिहरू पनि मञ्चमा विराजमान थिए । दुईजना प्रमुख वक्ता थिए । ती दुईजनामध्ये एकजना त मेरी माइजू नै हुनुहुन्थ्यो । एकछिन त मलाई विश्वास नै भएन । उहाँको नाम उद्घोषण गरेपछिमात्र मलाई पूरा विश्वास भयो । मेरो आँखामा एकातिर हतार-हतार साधारण मैला लुगा लगाएर गृहस्थीको काम सम्हालिरहेकी माइजूको स्वरूप झुल्किरहेथ्यो, त अर्कोतिर मन्द मुस्कान र स्वाभिमानी शिर लिएर मञ्चमा विराजमान माइजू हुनुहुन्थ्यो । म यही कार्यक्रमका लागि विराटनगरदेखि काठमाण्डौसम्म आएकी हुँ भन्ने त उहाँलाई थाहा थियो, तर उहाँले यस विषयमा केही भन्नुभएन । घर गृहस्थी र जागिरमा व्यस्त रहेकी माइजूलाई यस्ता काममा फुर्सद निकाल्न मुस्किल होला भनी ठानेर मैले पनि थप कुरा गरिँन ।

उहाँको वक्तृता साँच्चै नै ओजस्वी थियो । कति मीठो भाषाशैली । कति गम्भीर भाव । माइजूका दुई नितान्त पृथक स्वरूप देखेर मेरो आश्चर्यको सीमा रहेन । कार्यक्रम सकिएपछि म मञ्चमुनि माइजूको प्रतिक्षामा बसें । माइजू ओर्लनासाथ मैले उहाँको गालामा एक थप्पड हानें । त्यसको लगत्तै, उहाँ सम्हालिन नपाउँदै उहाँका गोडामा शिर राखेर ढोगिदिएँ । यी दुवै कुरा यति अप्रत्याशित घटित भए कि ती दुवै क्रियालाई उहाँले रोक्ने मौकै पाउनुभएन । मेरो थप्पड- आफ्ना प्रतिभा र क्षमतालाई जूठा भाँडासँगै मस्काएर फाल्ने ती अबोला, मितभाषी माइजूलाई थियो । मेरो ढोग आज मञ्चमा देखापरेको उहाँको प्रतिभा र क्षमतालाई थियो । यी अर्थलाई मैले तत्काल उहाँका अगाडि स्पष्ट पारें, किनभने त्यहाँ मेरो क्रियाकलाप हेरिरहेका थुप्रै जिज्ञासु आँखाहरू थिए, जसलाई जवाफ चाहिएको थियो । त्यसपछि माइजूले मलाई आफ्नो अँगालोमा कस्नुभयो र धेरै बेरसम्म छाड्नु भएन । मेरा आँखा बगिरहेका थिए र माइजूको अनुहारले थिचिएको मेरो काँध पनि भिजिरहेको थियो । त्यस दिनदेखि मैले सधैं उहाँका गोडामा ढोगें ।

त्यस दिन माइजूले मेरो अनुहारलाई आफ्ना दुवै हत्केलाले थामेर भन्नुभएको थियो- "घरमा मैले विद्रोह गरेकी भए घरमा सधैं अशान्ति हुन्थ्यो । म अहिले कार्यालय समयमा घरबाहिर रहेर जति मात्रामा आफ्नो क्षमताको विकास गरिरहेकी छु, त्यति पनि गर्न नसक्ने हुने थिएँ । यसैले त मलाई कार्यालय प्यारो छ । ज्वरो आउँदा पनि सिटामोल खाई-खाई कार्यालय धाउँछु । सार्वजनिक बिदाको दिनबाहेक अरू दिन कहिल्यै पनि बिदा

> माइजू ओर्लनासाथ मैले उहाँको गालामा एक थप्पड हानें । त्यसको लगत्तै, उहाँ सम्हालिन नपाउँदै उहाँका गोडामा शिर राखेर ढोगिदिएँ

लिन्न । भाञ्जी, अरू बाँकी काम तेरो पुस्तालाई !" यति भनेर माइजूले मेरा दुवै गालामा म्वाइँ खानुभयो ।

मलाई माइजूका कुरा चित्त बुझिरहेको थिएन । मैले असन्तुष्ट अनुहार लगाउँदै माइजूलाई भनें- "के यसरी हजूरले प्रवचनमा भन्नुभएजस्तो महिलामुक्ति प्राप्त होला त ? आदर्शको यो दोहोरो मापदण्डले हामीलाई कतातिर लैजाला ? आन्दोलन घरबाटै शुरू गर्नुपर्छ, अनिमात्र सफल हुन्छ । के घर महिलाको मात्रै आवश्यकता हो र ? घरबाट सहुलियत प्राप्त गर्न सक्नुभएको भए हजूरको क्षमतामा अझै वृद्धि हुने थिएन र ?"

त्यसपछि माइजू केही बोल्नु भएन । मेरो पिठ्यूँ दुई पटक थपथपाउनुभयो । अँगालो हालेरै सभाकक्षभन्दा बाहिरसम्म ल्याउनुभयो । त्यसपछि झल्याँस्सजस्तो भएर मसँगै काठमाण्डौं आएकी मेरी साथीले पनि माइजूलाई गोडामा ढोगिदिई । त्यसपछि हामी तीनै जनासँगै घर फर्क्यौं ।

र, त्यसको २० वर्षपछि, आज माइजू एक्लै हुनुहुन्छ । उहाँकी सासु-मेरी हजूरआमा बितेको निक्कै वर्ष भइसक्यो । मामा पनि १५ वर्ष अगाडि नै बितिसक्नुभयो । भाइबहिनीलाई शिक्षादीक्षा दिलाउन एक्ली माइजूलाई निक्कै कठिन भयो, तर पनि उहाँले त्यसमा कुनै कमी रहन दिनुभएन । आज भाइबहिनी आ-आफ्ना व्यक्तित्व विकासमा मग्न छन् र विदेशमा छन् । कहिलेकाहीं उनीहरू माइजूलाई भेट्न काठमाण्डौं आउँछन् । कहिलेकाहीं माइजू आफैं उनीहरूलाई भेट्न विदेश जानुहुन्छ ।

र, आज माइजू ६० वर्षकी हुनुहुन्छ । युवा जोश र जाँगरका साथ उहाँ डटिरहनुभएको छ, खटिरहनुभएको छ । उहाँ भर्खरै-भर्खरै युवती हुनुभएको छ । उहाँले अनिकालमा बिउ जोगाउनुभएको थियो । त्यसमा अहिले बाली झुलिरहेको छ ।

आज पनि मैले माइजूलाई त्यसरी नै मञ्चमुनि पर्खिरहें । उहाँ ओर्लनुभयो । मैले आफूले पनि माइजूलाई गोडामा ढोगें र मेरी दश वर्षकी सानी छोरीलाई पनि उहाँका गोडामा ढोग्न लगाएँ । माइजूले आँखाबाट चस्मा झिक्दै भन्नुभयो- "यो मेरी नातिनी हो ? यति ठूली पारिसकिछस् !"

माइजूले आज पनि मलाई अँगालोमा कस्नुभयो । फेरि पनि हाम्रा काँधहरू भिजिरहे । ❑





# बुद्ध दर्शनका विशेष योगदानहरू

■ प्रज्ञानरत्न

## आदिम द्वन्दवादी चिन्तनको पहिलो किरण बुद्ध दर्शन

### निर्वाणको अवधारणा

चार आर्यसत्यलाई स्वीकार गरेर, अष्टाङ्गमार्ग अपनाएर प्राप्त हुने कुरा बुद्धको विचारमा 'निर्वाण' हो । 'निर्वाण' शब्दको तात्पर्य निभ्नु हो । बुद्धले 'निर्वाण' भनेर त्यस अवस्थालाई भन्नुभएको छ, जहाँ मान्छेमा तृष्णा क्षीण भयो, राग, द्वेष, मोह बाँकी रहेन, ती सबै बत्तीझैं, आगोझैं बल्दाबल्दै निभे । जब तृष्णा निभ्छ, राग, द्वेष, मोह र भोगको इच्छा निभ्छ, जन्म-पुनर्जन्मको इच्छा पनि निभ्छ, मान्छेको धर्तीमा आवागमन गर्ने र दुःख भोग्ने प्रक्रियाको पनि अन्त्य हुन्छ भन्ने बुद्धको धारणा देखिन्छ । ठीक यही अवस्थाको नाम 'निर्वाण' हो ।

बुद्धको प्रगतिशीलता केमा देखिन्छ भने तत्कालीन उपनिषद्हरूले र पण्डा पुरोहितहरूलेझैं मरेपछिको स्वर्गमा बुद्ध विश्वास गर्नुहुन्नथ्यो । बुद्धले भनेको 'निर्वाण' यहीं र अहिल्यै व्यक्ति जीवित रहँदै प्राप्त गर्न सकिने कुरो हो, यो मरेपछिको स्वर्ग होइन । हरेक व्यक्ति लगातारको साधनाबाट जब सबै किसिमका तृष्णा वा आसक्तिबाट मुक्त हुन्छ, अस्तित्वको स्वभावसम्बन्धी अज्ञानता (बुद्धको शब्दमा अविद्या)बाट मुक्त हुन्छ, उसले यहीं र अहिल्यै 'निर्वाण' प्राप्त गर्नसक्छ । 'निर्वाण' त्यो अवस्थाको नाम हो, जहाँ व्यक्तिले प्रयत्न गरेर आफूभित्र दुःखको जरो कारण निमिट्यान्न पार्छ । हामीले पटक पटक भनिसकेका छौं- बुद्धको ठम्याइमा दुःखको जरो कारण भनेको तृष्णा र आसक्ति हो, अविद्या हो । जुन व्यक्तिले निर्वाण प्राप्त गर्छ, त्यसले सदासर्वदाको लागि धर्तीमा आइरहनु पर्ने, अस्तित्वमा रहिरहनु पर्ने र दुःख पाइरहनु पर्नेजस्ता बन्धनबाट मुक्ति प्राप्त गर्छ । जसले निर्वाण प्राप्त गर्छ, त्यसलाई बुद्धको शब्दमा 'अर्हत्' भन्ने गरिन्छ । 'अर्हत्' को अर्थ हो- योग्य, पवित्र वा आदरणीय ।

'निर्वाण' शब्दको अर्थलाई लिएर बुद्ध धर्मका पक्षपोषक र विरोधीहरू दुवैथरि बीच ठूलो विवाद देखिन्छ । एकथरि यस्ता छन् जो 'निर्वाण'को शाब्दिक अर्थ निभ्नु हो भन्ने व्याख्यालाई आफ्नो ढंगले विस्तार गर्दै निर्वाणको तात्पर्य त्यसैले अस्तित्वको अन्त वा विनाश हो भनेर भन्छन् । बुद्धले 'निर्वाण'मार्फत् मान्छेलाई आफ्नो अस्तित्व नै निभाउन वा समाप्त गर्न सिकाउनु भयो भन्ने उनीहरूको तात्पर्य देखिन्छ । तर प्रारम्भिक बुद्ध धर्मका अहिलेसम्म उपलब्ध सामग्रीहरू हेर्दा निर्वाणको त्यस्तो विनाशकारी नकारात्मक अर्थ भएको देखिँदैन । बुद्ध स्वयंले आफ्नै जीवनकालमा निर्वाण प्राप्त गर्नुभएको देखिन्छ । बुद्धका अनुसार निर्वाणको अर्थ व्यक्तिको अस्तित्वको समाप्ति होइन, न त निर्वाणको अर्थ अस्तित्वको बत्ती निभ्नु वा मृत्यु हुनु हो । निर्वाणको अर्थ मान्छेमा सम्पूर्ण इच्छाहरू र आसक्तिहरूको समाप्तिको अवस्था हो, जुन स्थितिमा पुग्दा व्यक्तिमा दुःख र दुःखको कारण रत्तिभर बाँकी रहँदैन, जन्म-पुनर्जन्मको इच्छा र आवश्यकता बाँकी रहँदैन । निर्वाणको अर्थ निभ्नु त निभ्नु नै हो, तर मान्छेको अस्तित्व नै निभ्नु होइन, बरू उसका कामना र इच्छाहरू निभ्नु हो, कुनै पनि कुराप्रतिको मोह वा आसक्ति निभ्नु हो, त्यो प्राप्त नहुँदा हुने द्वेष निभ्नु हो । सारमा, निर्वाणको अर्थ बुद्धको विचारमा दुःखको जरो कारण निभ्नु हो । यो भनेको मान्छेमा पूर्ण होश, शान्ति र समत्वको अवस्था हो । उहाँका अनुसार निर्वाणको अर्थ व्यक्तिको मृत्यु वा अस्तित्वको समाप्ति होइन, यो मान्छेको जीवनकालमै शील, समाधि र प्रज्ञामार्फत् यहीं र अहिल्यै हरेक व्यक्तिले आफ्नो लगातारको साधनाबाट हासिल गर्नसक्ने कुरो हो । यो व्यक्ति वा व्यक्तित्वको मृत्यु होइन, यो व्यक्तिमा सबै किसिमको अहंकार र मोहको मात्र मृत्यु हो, यो अविद्या वा अज्ञानताको मात्र मृत्यु हो ।

बुद्धको जीवनकालमै उहाँका

शिष्यहरूद्वारा बुद्धलाई सोधियो- जसले निर्वाण प्राप्त गर्छ त्यो मान्छे मृत्युपछि अस्तित्वमा रहन्छ कि रहँदैन ? बुद्धले यो प्रश्नको जवाफ दिन नै इन्कार गर्नुभयो । यो प्रश्नको जवाफमा उहाँले पूरै मौनता साध्नुभयो । यो मौनताको अर्थ बुद्धको अज्ञानता भन्ने देखिन्न, बरू यस्ता प्रश्नहरूमा छलफल केन्द्रित गर्नु नै बेकार छ र यो समयको खेरो र बुद्धि विलासमात्रै हुन्छ भन्ने उहाँको धारणा देखिन्छ । अरू थुप्रै यस्तै सैद्धान्तिक-दार्शनिक प्रश्नहरूमा पनि बुद्धले हमेशा बुद्धिविलास र व्यर्थको बहसलाई निरूत्साहित पार्न खोजेको भेटिन्छ । बुद्ध यस मामलामा व्यवहारनिष्ठ हुनु भएको देखिन्छ । तिनै सवालमा उहाँले छलफललाई प्रोत्साहित गर्नु भएको देखिन्छ, जसले दुःखबाट तत्काल मुक्ति दिलाउन व्यक्तिलाई मद्दत गर्छ ।

बुद्धले भन्नुभएको 'निर्वाण'को तात्पर्य ध्यान वा समाधिमा लीन भएर विश्व र समाजबाट अलग्गै बस्नु हो । पूर्णतः निष्क्रिय र समाजका ओराली-उकालीप्रति बेमतलब हुनु हो भनेर अर्थ लगाउनेहरू पनि एकथरि छन् । यो 'निर्वाण'बारे गलत र भ्रमपूर्ण बुझाइ हो । बुद्ध स्वयंको जीवन यसको सबैभन्दा ठूलो प्रमाण हो । उहाँले बुद्धत्व प्राप्त गरेको दिनदेखि मृत्युको घडीसम्म पूरै ४५ वर्ष कहिल्यै निष्क्रिय र समाजप्रति बेसरोकारको जीवन बिताउनुभएको देखिँदैन । बुद्धत्व प्राप्त गर्नासाथ ध्यानमा लीन भएर निष्क्रिय जीवन बिताउनुको सट्टा तत्काल समाजमा पुग्दै, दुःख व्यहोरिरहेका सबै फाँटका अनगिन्ती मान्छेहरूबीच प्रत्यक्ष संवाद गर्दै उनीहरूलाई दुःखबाट मुक्त हुन अमूल्य सल्लाह, सहायता र शिक्षा दिँदै मानिसहरूमा जागरण ल्याउनमा उहाँले अत्यन्त सक्रिय भूमिका खेल्नुभएको देखिन्छ । विष शरीरमा फैलिनाको कारणले जलन भएर आफू अब मर्ने भनेर घोषणा गरेर अन्तिम सुताइ सुतिसकेपछि पनि शिक्षाका लागि उहाँलाई खोज्दै एकजना मान्छे उहाँको मृत्युशैयानेर भौंतारिँदै आइपुगेको उहाँले चाल पाएपछि फेरि जागृत मृत्यु निद्राबाट ब्यूँझेर उसलाई अन्तिम शिक्षा दिएको ज्वलन्त उदाहरण बुद्ध स्वयंको जीवनमा भेटिन्छ । यी जम्मै यथार्थहरू केलाउँदा बुद्धले भन्नुभएको निर्वाणको अर्थ पूर्ण निष्क्रियता हो, विश्व र समाजप्रति बेसरोकार हुनु हो भन्नु पूर्णतया गलत र भ्रामक कुरा हो ।

निर्वाण प्राप्त गर्नुको तात्पर्य निष्क्रिय र समाजप्रति बेसरोकार हुनु होइन, व्यक्ति आफू अज्ञानता र दुःखको जरो कारणबाट मुक्त हुनु हो र समाजलाई पनि त्यही बाटोबाट दुःखबाट मुक्त गर्न क्रियाशील हुनु हो । यो समाजबाट अलग्गिँदै ध्यानमा मात्र लीन हुँदै जोगी वा साधुको जीवन जिउनु होइन । निर्वाण प्राप्त गरेको व्यक्ति भनेको आसक्ति, अहंकार र अज्ञानताबाट मुक्त जागृत मान्छे हो र उसको काम भनेको समाजका तमाम दुःखी मान्छेलाई पनि आफूले अपनाएकै बाटो अपनाएर दुःखबाट मुक्त जागृत मान्छे बनाउन सहायता गर्नु हो । ध्यान त्यसको लागि साधनमात्रै हो, त्यो आफैं साध्य होइन ।

## बुद्धका दार्शनिक विचारहरू

### *क्षणिकवाद*

बुद्धको शिक्षाको एउटा सबैभन्दा महत्वपूर्ण पक्ष हो- क्षणिकवाद । संसारमा कुनै पनि कुरा स्थिर र स्थायी छैन, हरेक कुरा परिवर्तनशील अनित्य छ भन्ने बुद्धको शिक्षाको एउटा मुख्य सार थियो । बुद्धको विचार थियो- जुन कुराको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ । जुन कुराको शुरू हुन्छ, त्यसको अन्त्य पनि हुन्छ । जहाँ मिलन हुन्छ, त्यहाँ बिछोड पनि हुन्छ । जुन कुरा अस्तित्वमा आउँछ, त्यो अस्तित्वबाट जान्छ पनि, जहाँ उत्पत्ति हुन्छ, त्यहाँ विनाश पनि हुन्छ । यी सबै कुराको परिप्रेक्ष्यमा अस्थायित्व र परिवर्तन सम्पूर्ण अस्तित्वको अधारभूत विशेषता हो । *(हेर्नुहोस् : सत्युक्त-निकाय-३.६६, मिलिन्द प्रश्न-२५, २८, विशुद्धिमाग्ग अध्याय-१७, महानिदासन्सुत्त-दीघ्घ निकायको -अंग्रेजी अनुवाद, पृष्ठ १३५-१३७) ।*

बुद्धका यी विचारहरू नितान्त द्वन्दवादी छन् । मार्क्स एंगेल्सले ग्रीक दार्शनिक हेराक्लिटसका यस्तै विचारहरूलाई आदिम द्वन्दवादी चिन्तनको भ्रूण भन्ने नाम दिनुभएको थियो । तर बुद्धका विचारहरू हेराक्लिटसभन्दा पनि केही पुस्ता अगाडिका देखिन्छन् । यस हिसावले बुद्धका यी विचारहरूलाई आदिम द्वन्दवादको अहिलेसम्म थाहा भएको पहिलो भ्रूण विचार भनेमा अत्युक्ति हुँदैन । बुद्धका साहित्यहरू मार्क्स, एंगेल्सको समयमा पश्चिममा त्यति उपलब्ध नहुनाले त्यतिखेर प्राप्त साहित्यका आधारमा मार्क्स, एंगेल्सले हेराक्लिटसको विचारमा आदिम द्वन्दवादको पहिलो किरण देखेको हुन सम्भव छ । अन्यथा वैज्ञानिक चिन्तन र सत्यका त्यति महान पक्षपोषकहरूले यो मामलामा गल्ती गर्नु सम्भव थिएन ।

बुद्धका अनुसार प्रत्येक वस्तुको त्यही क्षण उत्पत्ति पनि भइरहेछ, विनाश पनि भइरहेछ । संसारमा कुनै पनि वस्तु एक क्षण पनि उस्ताकोउस्तै बसिराख्दैन । यो लगातार बदलिरहन्छ । बदलाहटको प्रक्रिया नै वस्तु हो । आत्मा र भौतिक जगत दुवै लगातार बदलिरहन्छन् । स्थायी आत्मा भन्ने संसारमा कुनै कुरा छैन । बुद्धको यो विचार उपनिषद्हरूमा विद्यमान स्थायी आत्माको अवधारणाभन्दा बिल्कुल विपरीत देखिन्छ ।

बुद्ध भन्ने गर्नुहुन्थ्यो, "यो संसार प्रायः 'यो छ' र 'यो छैन', यस्तो द्वैतमा चल्नेगर्छ । तर हे कच्चान, संसारमा वस्तुहरूको उत्पत्ति कसरी हुन्छ भन्ने कुरालाई जो सत्य र विवेकका साथ हेर्ने गर्छ, उसको दृष्टिमा यो संसारमा 'यो छैन' भन्ने कुरा छैन । हे कच्चान, यो संसारमा वस्तुहरू कसरी नष्ट हुन्छन् भन्ने कुरालाई जो सत्य र विवेकसाथ हेर्ने गर्छन् उनीहरूको दृष्टिमा 'यो छ' भन्ने कुरा छैन ।" *(हेर्नुहोस् 'भरतीय दर्शनको रुपरेखा'नामक पुस्तकमा एम हिरियन्नाद्वारा उद्धृत अंश, पृष्ठ १४२/१४३)* एम. हिरियन्नाका अनुसार बुद्धका अनुसार सत्य न सत् हो, न त असत्, यो परिवर्तन हो ।

बुद्धका यी विचारहरूले कुनै पनि वस्तु उही समयमा छ पनि र छैन पनि भन्ने द्वन्दवादी धारणालाई निक्कै राम्ररी अभिव्यक्त गरेका छन् । संभवतः भारतीय दर्शनमा मात्र होइन, विश्व दर्शनमै यो आदिम द्वन्दात्मक चिन्तनको पहिलो किरण थियो । तर यो कुनै वैज्ञानिक खोजबाट निक्लेको विचार थिएन, तत्कालीन पण्डा पुरोहितवाद र उपनिषद्हरूविरूद्ध संघर्ष गर्दा निक्लेको धार्मिक प्रतिक्रियामात्रै थियो ।

हामीले प्रारम्भमै बुद्धको प्रतीत्य समुत्पादको मौलिक सिद्धान्तबारे पर्याप्त चर्चा गरिसकेका छौं । बुद्धको क्षणिकवाद यही प्रतीत्य समुत्पादको सिद्धान्तमा आधारित देखिन्छ । ❑

अर्थतन्त्र ■

## जापानमा टाट पल्टेका कम्पनीको रेकर्ड बृद्धि

जापानमा टाट पल्टेका कम्पनीहरुको संख्या दोस्रो विश्वयुद्ध यता दोस्रो सबभन्दा ज्यादा हुन पुगेको छ । गत वर्ष टाट पल्टेका जम्माजम्मी कम्पनीहरु १९,४५८ रहेकोमा अहिले त्यसमा ०.१ प्रतिशत बृद्धि भएको छ । लामो आर्थिक मन्दीका कारणले टाट पल्टेका उद्योगहरुको संख्यामा यति ज्यादा बृद्धि भएको हो ।

स्मरणीय छ, दोस्रो विश्वयुद्धपछि सन् १९८४ मा पहिलोपटक सबभन्दा ज्यादा कम्पनीहरु टाट पल्टेका थिए । त्यतिखेर २०,८४१ कम्पनीहरुले टाट पल्टेको घोषणा गरेका थिए ।

यो तथ्याङ्क जापानको प्रसिद्ध अनुसन्धान संस्था टेइकोकु डाटा बैंकले जनवरी २० मा प्रकाशित गरेको हो । त्यस संस्थाका अनुसार जापानमा गत डिसेम्बर महिनामा मात्रै टाट पल्टाइ गत वर्षको १५५७ बाट ३.५ प्रतिशत बढेको थियो । ❑

## चीनमा बेरोजगारहरू

चीनको श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार चीनमा शहरी क्षेत्रको ताजा बेरोजगारी दर ३.९ प्रतिशत पुगेको छ । यो गत सेप्टेम्बर महिनाको तथ्याङ्क हो । स्मरणीय छ, त्यहाँ सन् २००० को अन्त्यमा शहरी बेरोजगारी दर ३.१ प्रतिशत थियो भने २००१ को अन्त्यमा यो ३.६ प्रतिशत पुगेको थियो । सन् २००२ को अन्त्यसम्ममा चीनको बेरोजगारी दर ४ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

चीनमा बेरोजगारी दर यसरी चुलिनुको कारण त्यहाँका राज्य नियन्त्रित उद्योगहरुमा व्यापक मात्रामा मजदूर कटौती गर्नु हो । स्मरणीय छ, सन् १९९८ देखि २००२ को आधाआधीसम्ममा चीनमा राज्य नियन्त्रित उद्योगहरुबाट २ करोड ६० लाख मजदूर कटौतीमा परेका थिए । त्यसमध्ये १ करोड ७० लाखलाई मात्र पुनः रोजगारी प्रदान गरियो, बाँकी अझै बेरोजगार नै छन् । ❑




# यो एउटी कविताको मात्र कथा हैन

"जीवन त्यसै पनि संघर्ष हो । त्यसमा पनि हामी क्रान्तिको बाटोमा लागेका कम्युनिष्ट हौं । हामी सामन्ती निरंकुश पंचायती व्यवस्थाको विरोधमा नलागेका भए पक्कै हामीले त्यस्ता दुःख व्येहोर्नु पर्ने थिएन । प्रश्रितजी लुम्बिनी कलेजमा पढाउँदा-पढाउँदै, हाइस्कूलको प्रधानाध्यापक भएर काम गर्दागर्दै जेल पर्नु भएको थियो । उहाँ आयुर्वेदका डाक्टर पनि हुनुहुन्छ । र, लेखक, चित्रकार, पत्रकार पनि हुनुहुन्छ । राजनीतिमा नलागेको भए उहाँले प्रशस्त कमाउन सक्नुहुन्थ्यो । म पनि धेरै काम गर्न सक्थें । छोराछोरीलाई राम्ररी पढाएर धेरै आरामसाथ हामी बस्न सक्थ्यौं । तर देशमा तानाशाही व्यवस्थाको दमन देख्दा हामीले सहन सकेनौं र श्रीमान-श्रीमतीले सल्लाह गरेर नै राजनीतिमा लागेका हौं । त्यसैले दुःख र कष्टहरुले हामीलाई घेरिदैरहनु स्वाभाविकै हो । फेरि पनि हामी मान्छे हौं । मानिसका कमजोरी हामीभित्र पनि छन् । त्यसैले साह्रै अप्ठ्रो पर्दा हामीलाई दुःख लाग्छ, आँशु आउँछ, मन दुख्छ, त्यस्तै त हो नि संसार ।"

जीवनका बारेमा व्यक्त गरिएका यी विचारहरु जीवन संघर्षको क्रममा खारिएकी कविता पौडेलको अभिव्यक्ति हो । उहाँको हालै प्रकाशित कृति "काँडेधारीको यात्रा"मा उहाँले आफ्नो आत्मसंस्मरणका माध्यमबाट आम नेपाली महिलाहरुको दारुण जीवनको चित्र उतार्नु भएको छ । यति मात्र हैन, यस कृतिमा उहाँले हिजो पंचायतविरोधी राजनीतिक आन्दोलनमा लागेको एउटा परिवारले थप कति हण्डर र पीडा भोग्नु परेको थियो भन्ने कुराको पनि सजीव चित्र कोर्नु भएको छ । नारीले अगुवा सोच बोकेर सामाजिक सुधारको काममा अघि बढ्दाको संघर्षको झलक पनि यसमा पाइन्छ ।

यसबाहेक साहित्यकार र राजनीतिज्ञ मोदनाथ प्रश्रितलाई संघर्षमय कठिन जीवनयात्रा पार गरेर साँच्चै नै 'प्रश्रित' बन्नमा सहयोद्धा जीवनसंगिनी कविता पौडेलको कत्ति महत्वपूर्ण योगदान थियो भन्ने कुराको खुलासा पनि यो पुस्तकले दिएको छ । प्रश्रित र उहाँको ध्येयप्रति श्रीमती कविता पौडेलको भौतिक, शारीरिक र मानसिक ऐक्यवद्धता र उदात्त समर्पण अत्यन्त सम्मानयोग्य देखिन्छ । किताव पढिसक्दा अनुभव हुन्छ- आम नेपाली नारीहरुको जीवन स्वयंमा एउटा काडाघारी हो, प्रश्रितजस्ता पूर्णकालीन आन्दोलनकारीहरुका जीवन-संगीनीहरुको जीवन त झन बाक्लो काँडाघारी हो । त्यसमाथि पनि कविता त आफैं पनि राजनीतिक र सामाजिक आन्दोलनमा लाग्नु भएको छ । त्यसैले उहाँको जीवन कस्तो काँडामय भयो होला ? प्रश्रितको जेल, नेल र हतकडीभन्दा कम कष्टपूर्ण रहेनछ- कविताले जेलबाहिर खप्नुपरेका सामाजिक पीडाहरु ।

यस कितावको भूमिकामा प्रश्रितले व्यक्त गर्नुभएजस्तै- "यो कथा केवल एकजना कविताको मात्र होइन, मात्राको अन्तर होला, तर यो हाम्रो देशका हजारौं क्रान्तिकारी कार्यकर्ता र समर्थक परिवारले देशमा विभिन्न भागमा क्रियाशील भएर आफैं सृजना गरेको साझा कथा हो ।"

वास्तवमै 'काँडेधारीको यात्रा' लाई फगत लेखिकाको संस्मरणमात्रै भन्न सकिन्न । यो त्यस्तो एउटा दस्तावेज हो, जसले नेपाली समाजका थुप्रै पाटाहरुको प्रतिनिधित्व गरेको छ । बालककालमै बिहा भएर घर गएकी बुहारीलाई गरीवी र असचतेनताले ग्रस्त सासूको बुहार्तन खप्न गाऱ्हो भएको प्रसंगदेखि लिएर पछि पार्टीमा संगठित भई भूमिगत रुपले काम गर्दा खप्नु परेका अप्ठेराहरु, गिरफ्तारी र कारावासहरुसम्मका उहाँका संस्मरणहरु अत्यन्त जीवन्त छन् । त्यसमाथि, उहाँले आइमाईले हलो जोत्नुहुन्न, छानु छाउनु हुन्न, मलामी जानु हुन्न र खसी काट्नुहुन्न भनिएका कुरीतिहरुलाई ठाडठाडै व्यवहारले चुनौती दिनु भएका प्रसंगहरु थप रोचक र प्रेरणादायी छन् ।

छोरो पाउन दोस्रो विहा गरेका कविताका पिताजी, आमाहरुको सौतेनी व्यवहार, आमाको दृढताका सामु निहुरिन नमानेको बाबुको 'अहं' र सन्यास धारण अनि शंकास्पद मृत्यु, अभाव र गरीबी, माइतीले पनि ढाडस दिन नसकेकी छोरीको अवस्था, मदन पुरस्कारमा प्राप्त चाँदीको प्रमाणपत्र बेचेर पढाएको भाइले पछि दाजु भाउजूले बाध्य भएर घर बेचेको कुरामा रिसाएर १० कक्षा पढ्दै गरेको भतिजलाई पठाउन सक्दिनँ भनी लखेटेको प्रसंग, दाजु भाइले आमालाई पत्तै नदिई घरबार बेचेर बसाइ सर्न गरेको निर्णय आदि आदि प्रसंगहरुले हाम्रो परंपरागत समाजको विसंगतिपूर्ण प्रवृत्तिको तस्वीर जस्ताकोतस्तै खिचेको पाइन्छ ।

कविताले निरन्तर श्रम र साहस गरेको कुराले नारी पाठकहरुलाई ठूलो हौसला दिन्छ । उहाँले उमेर घर्केपछि पनि पढ्न थालेको र औषधी उपचार सिकेको जस्ता प्रेरक प्रसंगमा पाठकले नारीलाई उच्च शिक्षा र शीपको अत्यावश्यकता तीव्र रुपमा अनुभव गर्छ । कविताको समकालीन समाजका बालविवाह, अनमेल विवाह, बहुविवाहका दुस्परिणामहरु, अवला र विधवा नारीलाई सामन्ती समाजले गर्ने दुर्व्यवहार, एक्ली महिलामाथि हुने गुण्डागर्दी आदि विकृतिहरु हाम्रो समाजका आजको समयका पनि यथार्थहरु हुन् ।

पुस्तक पढ्दा कविता पौडेल क्रमशः एउटी जब्बर, सचेत, दृढ महिलामा विकासित हुनभएको प्रष्ट हुन्छ । उहाँको परिवार नै सामाजिक, राजनैतिक आन्दोलनमा जोडिएको प्रसंग पनि प्रेरणास्पद पाइन्छ ।

समग्रमा भन्नुपर्दा कविता पौडेलको यो कृतिबाट नेपाली नारी र पुरुष दुवैले धेरै कुरा सिक्न सक्छन् । यसर्थ यो पठनीय र संग्रणीय कृतिका निम्ति उहाँ बधाइ र धन्यवादकी पात्र बन्नु भएको छ ।

❑ उर्मिला पोखरेल






## कोम्प्रोङ खोला बाँचे भेट होला

विधा : यात्रा संस्मरण
लेखक : सुकुम शर्मा
प्रकाशक : राधा बुढाथोकी मगर, गुल्मी
पृष्ठ : ६३+१२
मूल्य : ४०/-

## संकटकालमा कुन्साङ काका




विधा : लेखहरुको संगालो
लेखक : खगेन्द्र संग्रौला
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
पृष्ठ : ११९+४
मूल्य : रु. ५५/-




## यसरी देश मरिरहेछ

विधा : कविता संङ्ग्रह
लेखक : ईश्वरचन्द्र ज्ञवाली
प्रकाशिका : श्रीमती रेणु ज्ञवाली, काठमाण्डौ
पृष्ठ : ९६
मूल्य : रु. २५/-

## मोहनविक्रम सिंह (जीवनी र व्यक्तित्व)




विधा : जीवनी
लेखक : बालाराम पोखेल
प्रकाशक : प्रगति पुस्तक सदन, काठमाण्डौ
पृष्ठ : १५४+१४
मूल्य : रु. १२५/-




## महाकालीवारि महाकालीपारि

विधा : लेखहरुको संगालो
लेखक : चैतेन्द्रजंग हिमाली
प्रकाशक : देशभक्त प्रजातान्त्रिक मञ्च, नेपाल
पृष्ठ : १८६
मूल्य : रु. १२५/-

## दयालु ढेडु




विधा : बाल-कथासंङ्ग्रह
लेखक : नवराज रिजाल
प्रकाशक : प्रज्ञापन प्रकाशन, नेपाल
पृष्ठ : ४०
मूल्य : रु. २०/-

# मानव क्लोन के ठट्टा नै हो ?

## के क्लोनिङ्गबाट धेरै विन लादेनहरू जन्माउन सकिन्छ ?

■ तुल्सीदास महर्जन



स्केच साभार : Times Of India जनवरी १२, २००२

गत पुस १२ गते तदनुसार सन् २००२ को डिसेम्बर महिनाको २७ तारिखमा विश्वभरि एउटा सनसनीपूर्ण समाचार हावाको वेगसरी फैलियो । त्यो समाचार थियो- 'वैज्ञानिकहरूले मानव क्लोन निर्माण गर्ने सफलता प्राप्त गरे, क्लोनिङ्गबाट हिजोमात्रै अर्थात् डिसेम्बर २६ तारिखमा एउटी बच्चीको जन्म भयो , पहिलो पटक अमैथुनिक प्रक्रियाबाट मानव बच्चीको जन्म...' आदि आदि ।

त्यस्तैगरी पहिलो क्लोन बच्चाको हल्ला चलेको ठीक ९ दिन पछाडि अर्थात् गत पुस २१ गते दोस्रो क्लोन बच्चाको जन्मको हल्ला पनि चल्यो । हल्ला अनुसार दोस्रो क्लोन बच्चाको जन्म गत पुस १९ गते अर्थात् सन् २००३ जनवरी महिनाको ३ तारिखमा भयो ।

मानव क्लोन-बच्चाको जन्मको हल्ला सँगसँगै पत्र-पत्रिकाहरूमा बिभिन्न तर्क बितर्कहरू चल्न थाले । साँच्ची, के अब फोटोकपी मेशिनले कागजातको दुरूस्त अर्को प्रति निकालेझैं क्लोनिङ्गले एउटा मान्छेको दुरूस्त अर्को मान्छे जन्म गराउँछ ? त्यस्तो हो भने भोलिको संसार कस्तो होला ? यस्तो खाले वैज्ञानिक पद्धतिको दुरूपयोग गरी कहीं नाजीवादीहरूले थुप्रै नयाँ हिटलरहरू त जन्माउँदैनन् ? यी प्रश्नहरूको वरपर थुप्रै वहसहरू संसारभरि चले । तर मानव क्लोनको काम सम्पन्न गरेको दावी गर्ने कम्पनीले क्लोनिङ्ग गरी जन्माएको भनिएको बच्चा कसले जन्माएको हो, अहिले त्यो कहाँ छ ? आदिबारे केही जानकारी नदिनु र बच्चाको DNA जाँच गर्ने बन्दोवस्त नमिलाउनुले क्लोनिङ्ग गरी बच्चा जन्माएको भनिएको कुरा नै साँचो हो कि होइन भन्ने प्रश्न उठेको छ । के यो करिब डेढ वर्ष पहिले अमेरिकी वैज्ञानिकहरूले मंगल ग्रहमा जीवनको अस्तित्व भेट्टाए भन्ने जस्तो हल्ला नै मात्र त होइन ?


### घटनाको शुरूवात

गत पुस १२ गते एक जना फ्रेन्च महिला वैज्ञानिक ब्रिजित्ते बोइस्सेलायरले अचानक आफू संलग्न 'क्लोनाइड' नामक मानव क्लोनिङ्ग सोसाइटीको पहलमा पहिलो पटक मानव क्लोन-बच्चा जन्माएको कुरा प्रकाशमा ल्याइन् । उनको त्यो भनाइले विश्व वैज्ञानिक जगतलाई तुरून्तै तातायो । वैज्ञानिक बोइस्सेलायर 'क्लोनाइड' की अध्यक्ष हुन् । उनी 'रेलिएन' नामक एक धार्मिक सम्प्रदायकी एक सदस्य पनि हुन् ।


४६ वर्षीया वैज्ञानिक बोइस्सेलायरको कुराले विश्वमा सनसनी फैलाए पनि उनको कुरालाई वैज्ञानिक जगतले तुरून्तै विश्वास भने गरेन । किनकि विज्ञानको एउटा चरित्र नै के छ भने त्यसले बिनाप्रमाण कुनै कुरालाई पनि विश्वास गर्दैन । त्यसैले वैज्ञानिक जगतले उनलाई प्रमाणस्वरूप त्यो बच्चीकी आमा को हुन्, अहिले तिनी कहाँ छिन् भन्नेजस्ता प्रश्नहरूको जवाफ दिन आग्रह गऱ्यो । त्यस्तैगरी साँच्ची, त्यो बच्चा क्लोनिङ्गबाट जन्मेको हो होइन थाहा पाउन उसको र उसकी आमाको DNA जचाँउन लगाउन वैज्ञानिक बोइस्सेलायरलाई आह्वान गरियो । तर उनले भने थप केही कुरा गर्न चाहिनन् । साथै उनले त्यो बच्चालाई कुनै प्रेस सम्मेलनमा पनि उपस्थित गराउने बचन दिइनन् ।

क्लोनाइडकी प्रवक्ता नादिन ग्यारीले भने


दोश्रो क्लोन 'क्यूम्यूलिना' मुसा
सन् १९९७, अक्टोबर ३, हवाई, अमेरिका




तेस्रो क्लोन- एकजोडा बाच्छाहरु
सन् १९९८, जापान



चौथो क्लोन- पाँच उस्तै सुँगुरहरु
सन् २०००, भर्जिनिया, अमेरिका






गर्भाधान भइनसकेको डिम्बभित्रको न्यूक्लेसलाई क्लोनिङ्ग गरिने व्यक्तिको कोषको न्यूक्लेसद्वारा विस्थापन (१) पुनर्निर्मित डिम्बलाई विद्युतीय झड्का दिई कोष विभाजन प्रक्रियामा जन प्रेरित गरिँदा कोष विभाजन भई भ्रूणको विकास (२) भ्रूणलाई आमाको पाठेघरमा प्रतिस्थापन (३) क्लोन बच्चाको जन्म, जसमा DNA सहितको न्यूक्लेस प्रदान गर्ने व्यक्तिको मात्र वंशाणुहरु हुन्छन् (४)

क्लोन बच्चाको बारेमा यतिमात्र भनिन्-" हामी धेरै खुशी छौं, यो एउटा विजय हो ।"

तर उनले पनि बच्चा र आमा दुबैको DNA जाँच गराउने सम्बन्धमा क्लोनाइडले के गर्छ भन्ने सवालमा केही बोल्न चाहिनन् ।

उनीहरू दुबैले यतिमात्र खुलासा गरे- पहिलो क्लोन बच्चा एक अमेरिकी दम्पत्तिको कोखमा जन्मेको छ र उनीहरूले छोरी पाएका छन् । र, ३१ वर्षीया आमाले त्यस बच्चीलाई अस्पतालमा जन्माएकी हुन् । तर उनीहरूले बच्चा जन्माउने अस्पताल कुन देशको र कुन नामको हो भन्ने बारेमा केही बताउन चाहेनन् ।

क्लोनाइडले पहिलो क्लोनिङ्ग बच्चालाई 'एभ' भनी नाम दिएको छ । इसाई धार्मिक ग्रन्थमा पृथ्वीमा 'ईश्वर'ले पठाएको पहिलो मानव 'एभ' बताइएको छ । त्यसैले क्लोनाइडले त्यस बच्चाको नाम धार्मिक मान्यताअनुसार राखेको बुझिन्छ ।

यसैबीच पहिलो क्लोन-बच्चाको बारेमा शंका उपशंका उठ्दै गरेको केही दिनपछि पुनः अर्को अर्थात् दोस्रो क्लोन-बच्चा जन्मेको कुरा सोही क्लोनाइड कम्पनीले बाहिर प्रचारमा ल्यायो । त्यस कम्पनीका अनुसार दोस्रो क्लोन-बच्चा गत पुसको १९ गते नेदरल्याण्डमा एक समलिङ्गी जोडीको कोखमा जन्मेको हो । तर यसपटक पनि क्लोनाइड कम्पनीकी अध्यक्ष वैज्ञानिक ब्रिजित्ते बोइस्सेलायर र प्रवक्ता नादिन ग्यारीले न क्लोन बच्चालाई सार्वजनिक गरे, न त त्यस बच्चा र उसलाई जन्म दिने आमाको DNA जाँच गर्न लगाउने कुनै पहल नै गरे ।

बोइस्सेलायरले यतिमात्र भनिन् बच्चा जन्माउने आमा र उनकी जोडी अत्यन्त खुशी थिए र बच्चाको साथमा रहेका डाक्टरका अनुसार सबै कुरा ठीकठाक नै छ ।

## पुष्टिको प्रयत्न र दावीमाथि सन्देह :

कुनै पनि वैज्ञानिक अन्वेषणको पुष्टिको लागि पर्याप्त प्रमाणहरू जुटाउनु जरूरी हुन्छ । त्यसैले क्लोनाइड कम्पनीले क्लोन-बच्चाको सन्दर्भमा के के प्रमाण जुटाउन सकेको छ भनेर हेर्नु जरूरी हुन्छ । यसैबीच, क्लोनाइड कम्पनीले आवश्यक प्रमाण के के जुटाउन सक्छ भनेर बुझ्न एक फ्रेन्च विज्ञान-पत्रकार माइकेल गुइलेन खटिए । तर उनले गत जनवरी महिनाको ६ तारिखमै त्यस कार्यबाट आफू अलग भएको घोषणा गरे । उनले के महशूस गरे भने, क्लोन-बच्चाको किस्सा एक ठट्टामात्र रहेछ । उनका अनुसार क्लोनाइड कम्पनीको मूल ध्येय भनेको नै रेलियन धार्मिक सम्प्रदायलाई प्रचारमा ल्याउनु रहेछ । र, त्यसको लागि नै त्यसले क्लोन-बच्चाको ठट्टाको सिर्जना गरेको रहेछ । किनकि त्यस कम्पनीले क्लोन-बच्चा जन्माएको जति नै प्रचार गरे पनि त्यसलाई सार्वजनिक गर्ने जमर्को गरेन । स्वतन्त्र पुष्टिको लागि क्लोन-बच्चालाई सार्वजनिक गर्न तथा आमा र बच्चा दुबैको DNA जाँच गराउन पटक पटक आह्वान गरिँदा पनि त्यसले त्यस कार्यप्रति रूचि देखाएन । शुरूमा बच्चालाई पत्रकार सम्मेलनमा ल्याइने तथा DNA जाँच गराउन पहल गरिने जस्ता कुरा गरे पनि त्यो काम त्यसले कहिल्यै गरेन ।




सातौं क्लोन- 'एम' मानव (?) सन् २००२, डिसेम्बर, 'क्लोनाइड' कम्पनी (पुष्टि नभएको)

त्यसैले अहिले क्लोनाइड कम्पनीको दावीलाई सर्वत्र सन्देहको दृष्टिले हेर्न थालिएको छ । क्लोनाइड कम्पनीसँग स्वतन्त्र पुष्टिको माग गरिरहेका क्लोनिङ्ग विशेषज्ञहरू वैज्ञानिक समुदायमा क्लोनाइड कम्पनीप्रति कहिल्यै विश्वास नभएको कुरा बताउँछन् ।

यसै सन्दर्भमा अमेरिकाको वाशिङ्गटन डिसिस्थित 'अमेरिकी प्रजनन् चिकित्सा समाज' का प्रवक्ता सीन टिप्टोन भन्छन्- "हामी यसलाई किन अनौठो ठान्दैनौं भने उनीहरू (क्लोनाइडहरू) कुनै पनि सूचकाङ्क (data) दिन सक्ने स्थितिमा छैनन् ।" त्यस्तैगरी विश्वविख्यात विज्ञान-पत्रिका 'नेचर'का सम्पादक नाटाली डेविट भन्छन्-"हामी यसलाई (क्लोनाइडको दावीलाई) वेवास्ता किन गरिरहेछौं भने हामीलाई त्यसको विज्ञप्ती वैज्ञानिक रूपले मान्य लाग्दैन ।" यसअघि सन् १९९७मा त्यस पत्रिकाले पहिलो क्लोन-जन्तु 'डोली' भेंडाको बारेमा विस्तृत विवरण दिएको थियो ।

विज्ञान पत्रकार माइकेल गुइलेनले के भनेका छन् भने क्लोनाइड कम्पनीको दावी कुनै बढाइचढाइ गरिएको प्रायोजित झूठको एक भाग हो, जुन रेलियन धार्मिक सम्प्रदायको प्रचारको लागि प्रकाशमा ल्याइएको छ । ❑





इयान विल्मट : पहिलो चोटि क्लोनिङ्गको सफल परीक्षण गरी क्लोन भेडी 'डोली'को जन्म गराउने वैज्ञानिक (बायाँ) र ब्रिजित्ते बोइस्सेलायर : 'क्लोनाइड' कम्पनीकी प्रमुख तथा रसायनशास्त्री, जसले पहिलो मानव-क्लोन 'एम'को जन्म गराएको दावी गर्दैछिन् (दायाँ)

# ईश्वरानन्द सक्रिय राजनैतिक कार्यकर्ता हुनुहुन्थ्यो

- प्रो. माणिकलाल श्रेष्ठ -



स्व. ईश्वरानन्द श्रेष्ठाचार्य

**यही** माघ २ गते ईश्वरानन्द श्रेष्ठाचार्यजी बित्नुभयो । उहाँ बित्नुभएपछि संचारमाध्यमले उहाँलाई एकजना साहित्यकार, कवि, नाटककार तथा भाषाविद्को रूपमा मात्र प्रचार गर्‍यो । त्यस प्रचारबाट ईश्वरानन्द एकजना शुद्ध साहित्यकार र संस्कृतविद्को रूपमा मात्र देखिनुभयो । र, उहाँको योगदान साहित्य र संस्कृतिमा मात्र देखियो । तर सत्य कुरा यो होइन । उहाँ एकजना सक्रिय राजनैतिक कार्यकर्ता पनि हुनुहुन्थ्यो । २००७ सालमा राणाविरोधी तथा प्रजातन्त्र स्थापनाको पक्षमा आन्दोलन हुँदा उहाँ र म सँगसँगै आन्दोलनमा लागेका थियौं । म त्रि-चन्द्र कलेजबाट विद्यार्थी आन्दोलनमा सक्रिय थिएँ भने उहाँ आफ्नै सर्कलको विद्यार्थी आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो । त्यतिबेला आन्दोलनको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको थियो । हामी पनि कांग्रेससँग सम्पर्क नभए पनि करिब करिब नजिकै थियौं । २००७ सालमा दिल्ली सम्झौतापछि नेपाली कांग्रेसले आन्दोलन समाप्त भएको घोषणा गरेपछि हामीहरू दिल्ली सम्झौताको विरोधी आन्दोलनमा लाग्न थाल्यौं । 'दिल्ली सम्झौता देश बेचुवा सम्झौता हो र यो सम्झौता राणा र कांग्रेसको मात्र सम्झौता नभएर नेपाललाई दिल्लीले लादेको सम्झौता हो, भन्ने हाम्रो धारणा थियो । त्यसैले हामीहरू नेपाली कांग्रेस र भारतीय हस्तक्षेपको विरूद्ध आन्दोलनमा लाग्यौं ।

त्यसपछि ईश्वरानन्द प्रेमबहादुर कंसाकार तथा पूर्णबहादुर मानवको नेतृत्वमा चलेको 'नेपाल जनवादी प्रजातन्त्र संघ' मा लाग्नुभयो र त्यस संघको मुख पत्र 'राँको' का सम्पादक भएर काम गर्नुभयो । त्यसबेला राँकोले भारतीय हस्तक्षेपको विरोध गर्दै संसदीय प्रजातन्त्र भनेको पूँजीवादी प्रजातन्त्र हो, त्यसले जनताको आकांक्षा पूरा गर्दैन, नेपाली जनता राणाहरूको शोषणको मात्र होइन, वर्गीय शोषणको पनि विरोधमा छन् भन्ने कुरा निक्कै धेरै प्रचार गरेको थियो । त्यसैबेला राँकोमा प्रेमबहादुर कंसाकारको 'एकै लातमा थचक्क पार, एकै वारमा खत्तम गर' भन्ने शीर्षकको एउटा लेख प्रकाशित भयो । त्यो लेखको सार प्रतिगमन, प्रतिक्रियावादीहरू तथा राष्ट्रविरोधी विदेशी दलालहरूका विरूद्ध अन्तिम निर्णायक संघर्ष गर्नुपर्‍यो भन्ने थियो । त्यसले संकेत गरेको संघर्ष अहिले माओवादीले गरेको संघर्षजस्तो थिएन, त्यो खालि प्रजातान्त्रिक संघर्ष मात्र थियो । तैपनि त्यतिबेला मातृकाप्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसको सरकारले 'राँको' पत्रिकामाथि प्रतिबन्ध लगाएको तथा लेखक प्रेमबहादुर कंसाकार र हकरहरूलाई समेत जेल चलान गरेर तानाशाही प्रवृत्ति देखायो । 'राँको'को सम्पादक ईश्वरानन्दजीलाई पनि वारेन्ट जारी गरियो, तर उहाँ पक्राउ पर्नु भएन । उहाँ धेरै समय भूमिगत बस्नु भयो । तीन महिनासम्म त मेरै घरमा भूमिगत रहनुभयो ।

मातृकाको सरकार ढलेर महाविर शमशेरको सरकार आयो । त्यो सरकारको गृहमन्त्री सूर्यप्रसाद उपाध्यायले ईश्वरानन्दको नजिकका साथी भन्ने कुरा पत्ता लगाएर 'ईश्वरानन्दजीलाई पहिलेको सरकारले लगाएको वारेन्ट काट्न त सकिँदैन तर उहाँले आत्मसमर्पण गर्नुभयो भने पाँच महिनाभित्रै उहाँलाई छोड्न लगाउने छु' भन्ने खबर मलाई पठाए । मैले त्यो कुरा उहाँलाई भने । तर उहाँले 'म आत्मसमर्पण गर्दिनं, समात्न सक्छ भने मलाई समातियोस्' भनेर आत्मसमर्पण गर्न मान्नु भएन । अनि मैले नै आत्मसमर्पण नगर्ने तर पुलिस स्टेशनमा गएर 'मलाई वारेन्ट भएको हल्ला छ हो कि होइन ?' भनेर सोध्न जाने भन्ने उपाय निकालें । त्यसैअनुसार उहाँ र म पुलिस स्टेशन गयौं । त्यहाँ उहाँलाई पक्रेर ५ मिनेटमै छाडियो ।

त्यसपछि उहाँ के कारणले हो, राजनीतिमा सक्रिय रहनुभएन । उहाँ साहित्य लेखनमा लाग्नुभयो । तर उहाँको साहित्य हेर्दा सबैजसो कृतिहरू वामपन्थी राजनीतिबाट प्रभावित भएको देखिन्छ । उहाँले लेख्नुभएको धेरैजसो नाटक र उपन्यासहरूमा इब्सेनवादी शैली र मार्क्सवादी विचार प्रयोग भएको देखिन्छ । जर्ज बर्नाड श र इब्सेनले जसरी आफ्ना रचनाहरूमा समाजका विभिन्न समस्याहरू प्रस्तुत गरेका थिए, त्यस्तै नै ईश्वरानन्दले आफ्ना रचनाहरूमा नारी समस्यालाई बढी उठाउनुभएको छ । यसरी नेपालमा सबैभन्दा पहिले नेपाल भाषामा ईश्वरानन्दजी र नेपालीमा गोपालप्रसाद रिमालजीले सँगसँगै इब्सनवादी शैली प्रयोग गर्नुभएको देखिन्छ ।

उहाँको जीवनी हेर्दा उहाँ एउटै क्षेत्रमा मात्र सीमित रहनुभएन । उहाँमा नयाँ नयाँ कुराहरू सृजना गर्ने र नयाँ कुरामा योगदान दिने प्रवृत्ति देखियो । त्यसैले उहाँ साहित्यिक क्षेत्र एउटैमा मात्र सीमित रहनुभएन । उहाँ सबभन्दा पहिले कविको रूपमा देखिनुभएको थियो । त्यसपछि नाटक र उपन्यास अनि शब्दकोषमा लाग्नुभयो । सबभन्दा पहिले उहाँ कविको रूपमा देखिनु भयो, त्यसपछि नाटककारको रूपमा र नाटकमा सफलता प्राप्त गरिसकेपछि उपन्यासतिर लाग्नुभयो । त्यतिबेलासम्ममा उपन्यासको क्षेत्रमा नेपाली भाषामा 'रूपमती'जस्तो सामाजिक र नेपाल भाषामा 'भृकुटी'जस्तो ऐतिहासिक उपन्यासमात्र प्रकाशित भएका थिए । उहाँले 'अब त्यतिमा मात्र सीमित नरहौं उपन्यासमा पनि नयाँ शैली र विषयवस्तुको प्रयोग गरौं' भनेर अचेतन मनलाई व्याख्या गर्ने फ्रायडवादी सिद्धान्तलाई उदाहरण दिने किसिमले नेपाल भाषामा 'न्ह्याकं' उपन्यास लेख्नुभयो । यो उपन्यास निक्कै प्रसिद्ध भयो । त्यो उपन्यासमा उहाँले 'श्रेष्ठ सिरपा' पुरस्कार पनि पाउनु भएको थियो । त्यसपछि उहाँ शब्दकोषतिर लाग्नुभयो । यसमा उहाँले पहिले निक्लेका नेपाल भाषाका शब्दकोषहरूभन्दा भिन्दै खालका शब्दकोषहरू निकाल्नुभयो । ती शब्दकोषहरूमध्ये 'नेवारी रूट भर्वस्' जुन क्रियापदहरूको मात्र थियो, 'नेवार टाउन्स् एण्ड विल्डिङ्स्' (नेपालका पुराना घर तथा मन्दिरहरूका विभिन्न पार्टसहरू र डकर्मी सिकर्मीका ज्यावलहरूको बारेमा), ज्यापू र अरूहरूको भाषामा के फरक छ भन्ने किसिमले लेखेको 'ज्यापू भोकावलरी' मुख्य शब्दकोषहरू हुन् । यी शब्दकोषहरू निकाल्नको लागि उहाँले विदेशीहरूसँग मिलेर काम गर्नु भएको थियो । जीवनको अन्त्यमा उहाँले फेरि नयाँ किसिमको 'स्वापु' कविता लेख्नुभएको छ ।

यसरी उहाँको जीवन हेर्दा नयाँ नयाँ किसिमको अनुभव गर्ने र नयाँ योगदान गर्ने खालको स्वभाव उहाँमा देखिन्छ । त्यो स्वभाव देखेर मानिसहरूले उहाँमा अहं छ कि भन्ने कुरा पनि गरे । तर कुरा त्यो होइन, उहाँमा जर्ज वर्नाड शमा जस्तै परंपरादेखि आएको कुरालाई नमान्ने, त्यसको सट्टामा नयाँ कुरा दिने स्वभाव रहेको छ ।

त्यही स्वभावले गर्दा उहाँ घरबाट समेत अलग्गिनु पर्‍यो । उहाँ आत्मा तथा धर्मकर्ममा विश्वास नगर्ने मान्छे हुनुहुन्थ्यो । त्यसैले उहाँले धर्मसँग सम्बन्धित कुनै पनि संस्कारलाई पालना गर्नु भएन । उहाँको बाबुको मृत्यु हुँदासमेत जेठो छोरो भइकन उहाँले बरखी बार्ने तथा श्राद्ध गर्ने कामहरू गर्नुभएन । त्यसैले गर्दा उहाँलाई उहाँकी आमाले घरबाट समेत निकालिदिएकी थिइन् । त्यसैगरेर उहाँले पछिल्लो पटक छोराछोरी जन्मँदा न्वारन गर्ने, छोरीको 'इही'(बेल विवाह) गर्ने, 'बाह्रा' (गुफा राख्ने) र छोराको ब्रतबन्ध गर्ने काम पनि गर्नुभएन । उहाँका बाबुको मृत्युमा मसँग कुरा हुँदा मैले 'धर्मसँग सम्बन्धित रहेको श्राद्ध गर्ने, पूजापाठ नगर्ने तथा पिण्ड दिने काम नगर्नुस् तर संस्कृतिसँग सम्बन्धित बरखी बार्दा के आपत्ति हुन्छ र ?' भनेको थिएँ । तर उहाँले बरखी बारेपछि मैले पूजा गरेको नगरेको, पिण्ड दिएको नदिएको अरूले कसरी थाहा पाउँछन् । त्यसैले परम्परा तोड्नको लागि बरखी बार्न पनि छोड्नुपर्छ' भनेर उहाँ त्यस कुरामा अडिग रहनुभयो ।

यसरी ईश्वरानन्दजी जस्तोसुकै परिस्थितिमा पनि जोसुकैबाट अलग्गिनु परेतापनि आफूले सोचेको र गरेको कुरामा अडिग र अटल रहनुभयो । ❑

# अमेरिकाको मृत्यु-उत्सव

राजेन्द्र महर्जन

## कम्बोडिया !

यो एउटा त्यस्तो देशको नाउँ हो, जुन औपनिवेशिक शासन, सैनिक आक्रमण, 'कार्पेट बम्बिङ' र नरसंहारद्वारा थिलथिलो भएको राष्ट्रको रूपमा चर्चित छ । पहिले 'कम्पुचिया'को नामले परिचित यो त्यस्तो देशको नाउँ हो, जसका जनताले जत्ति महाशक्ति राष्ट्रहरूद्वारा थोपरिएको बाह्य युद्ध र प्रायोजित गृहयुद्धको विनाश, संहार र हिंसाको पीडा संसारका धेरै कममात्रै देशका मानिसहरूले भागेका छन् ।

आज कम्बोडिया नाउँ स्वयं नरसंहारको प्रतीक भइसकेको छ । त्यस्तो नरसंहार, जसमा लाखौंलाख मानिसहरूको हत्या भएको थियो । त्यस्तो नरसंहार, जसमा संलग्न भएको आरोपमा खमेर रूजलाई हिंसाको चिनो नै बनाइएको छ र खमेर रूजका नेता पोल पोटलाईचाहिँ 'बीसौं शताब्दीका राक्षस'का रूपमा प्रस्तुत गरिएका छन् । कम्बोडियाली नरसंहारको सवालमा खमेर रूज र पोल पोटको टाउकोमा नरसंहारका सम्पूर्ण दोषहरू थोपरिएका छन् । र, सबै कम्युनिष्टहरू तिनीहरूजस्तै हत्या–हिंसाका पुजारी हुन्छन् भन्ने दुस्प्रचार जोड्दार रूपमा गर्न खोजिएको छ ।

कम्बोडियाली नरसंहारको इतिहास खोतल्दा खमेर रूज र पोल पोटमाथि धुँवाधार रूपमा लगाइने आरोपमा कति हदसम्म सत्यता छ भन्ने पक्षलाई बेवास्ता गर्न मिल्दैन । यो विषयमा खोतल्न र निर्धक्क भएर बोल्न एकसेएक कम्युनिष्ट नेताहरू पनि हिच्किचाउने स्थितिमा तथ्यहरूका आधारमा सत्यको नजीक नजीक पुग्ने काम गर्नुपर्ने हुन्छ । सम्पूर्ण पूँजीवादी संचार माध्यमहरूको एकोहोरो र धुँवाधार प्रचार अभियानको बाक्लो अँध्यारोलाई चिरेर तथ्य खोज्नु भनेको महाभारत नै हुनेरहेछ ।

### सवालहरूको घेरामा नरसंहार

के साँच्चै खमेर रूज र पोलपोट नरसंहारकारी नै थिए त ? उनीहरूले ४४ महिनाको छोटो शासन अवधिमा महिनाको कति हजारका दरले कम्बोडियालीहरूको बध गरेको थिए ? 'किलिङ फिल्ड्स' (बधशाला)का नामबाट परिचित कम्बोडियाको इतिहासमा खमेर रूजहरूलाई मात्रै नरसंहारकारीका रूपमा किन कुख्यात पारियो ? के कम्बोडियामाथि औपनिवेशिक शासन चलाउने फ्रान्सका साम्राज्यवादी शासकहरूले त्यहाँ अहिंसा र शान्तिले भरिपूर्ण भूस्वर्ग निर्माण गरेका थिए ? के राजकुमार नरोद्दम सिंहानुकको दुई दशक लामो प्रत्यक्ष राजतन्त्रले हिंसा र अशान्तिको वातावरण बन्नै नदिने काम गरेको थियो ? सिंहानुकको राजतन्त्रलाई उखेलेर फ्याँक्ने प्रधानमन्त्री जनरल लोंन नोल र उनलाई सम्पूर्ण रूपमा नीति-निर्देशन दिने अमेरिकी साम्राज्यवादले कम्बोडियाली जनताविरूद्ध सैनिक अभियान 'चलाउँदा र 'कार्पेट बम्बिङ' गर्दा कोही पनि हताहत भएकै थिएनन् कि कसो ?

यी सवालहरूको घेरोमा परेको कम्बोडियाली नरसंहारको इतिहासमा खमेर रूजको शासन भनेको ४४ महिनाको अवधिमात्रै हो भन्ने यथार्थलाई कदापि बिर्सनु हुँदैन । यो अवधिलाई मात्रै 'नरसंहारको दशक' मान्नेहरूले यी सबै सवालहरूलाई बेवास्ता गर्दै आइरहेका छन् भन्दा अत्युक्ति हुँदैन । खमेर रूज र पोल पोटको टाउकोमा नरसंहारका सम्पूर्ण जिम्मेवारीहरू थोपर्नेहरूले फ्रान्स र अमेरिकी शासकहरूले कम्बोडियामा औपनिवेशिक र नव औपनिवेशिक शासन लाद्ने क्रममा मच्चाएको नरसंहारको ताण्डव नृत्यलाई ढाकछोप गर्ने दुस्प्रयत्न गर्दै आइरहेका छन् । त्यस्तो अमानवीय वैदेशिक शासनविरूद्ध क्रियाशील वाम-प्रजातान्त्रिक वा कम्युनिष्ट शक्तिहरूलाई नरसंहारकारी र हिंसाचारी आरोपले रंगाउनमात्रै यस्ता भ्रमपूर्ण तथ्य र अर्धसत्यहरूले भरिएका प्रचारहरूको बाढी ल्याइएका त छैनन् भन्ने सवाललाई मध्यनजरमा राख्नु जरूरी छ । र, नजरअन्दाज गर्नै नमिल्ने अर्को आन्तरिक सवाल हो : सिंहानुकको प्रत्यक्ष राजतन्त्रद्वारा मारिएका कम्बोडियालीहरूको रगतको खोलो के कम्बोडियालाई शान्त र सुखी राष्ट्र बनाउन नै बगाइएको थियो त ?

खमेर रूजको शासनभन्दा अगाडि र पछाडिको





राष्ट्रपति निक्सन (बायाँ)को आदेशमा कम्बोडियामाथि भएको 'कार्पेट बम्बिङ'मा मारिएकाहरूको कंकाल

**कम्बोडियामा ६ लाख मानिसहरूको संहार**



*आफ्ना सैनिकहरुका साथ तत्कालीन अमेरिकी रक्षामन्त्री रबर्ट म्याकनमारा*

# खमेर रूज र पोल पोटलाई नरसंहारकारी भन्ने फ्रान्स, अमेरिका र सिंहानुकले बगाएको रगतको खोलो के अहिंसा र शान्तिका लागि थियो ?

समयावधिलाई 'सुन्दर र शान्त' ठान्ने, त्यसबेला र अहिले त्यहाँको जनता खुसीले भरिपूर्ण जीवन बाँचिरहेको मान्नेहरूले कम्बोडियाको यातनामय इतिहास र पीडादायी वर्तमानलाई भुल्ने र भुलाउने प्रयास अत्याधिक मात्रामा गरिरहेका छन् । तथ्यहरूका आधारमा सत्य खोतल्दा स्पष्ट देखिन्छ : सुन्दर र शान्त ठानिएको कम्बोडियाका जनताको 'मुस्कान'को पछाडि हिंसा र उत्पीडनको लामो पृष्ठभूमि लुकिरहेको छ । सिंहानुकका फ्रान्सिसी सल्लाहकार चार्ल्स मेयर स्वयंले विगतको इतिहासलाई प्रशस्त मात्रामा हिंसा र दुःखले भरिपूर्ण रहेको भनी गरेको विश्लेषणलाई संभन्दा कम्बोडियाका विशेषज्ञ मिशेल भिकरीको गहन मूल्यांकनलाई पनि कदापि बिर्सन सकिँदैन । उनको मूल्यांकनमा खमेर रूजको शासनभन्दा अगाडिको सिंगो इतिहास राज्यद्वारा सार्वजनिक रूपमा गरिने हत्या, हिंसाचार, यातना, एम्बुश, गाउँ-बस्ती जलाउने दुष्कर्म र जबर्जस्ती शरणार्थी बनाउने अभियानका घटनाक्रमहरूले भरिपूर्ण थियो ।

## रगताम्य इतिहास

खमेर रूजहरूलाई जबर्जस्ती आन्तरिक शरणार्थी बनाएको र शहरका जनतालाई गाउँ-गाउँमा लखेटेको आरोप लगाउनेहरूले सधैँ नजरअन्दाज गर्ने पक्ष हो- कम्बोडियामाथि पुनःविजय प्राप्त गर्न १९४० को दशकमा आक्रमण गर्ने फ्रान्सिसी उपनिवेशवादीहरूले लगभग एक लाख ग्रामीण जनतालाई बलपूर्वक लखेटेका थिए भन्ने ऐतिहासिक तथ्य ।

त्यस्तै १९७० को दशकको शुरूमै अमेरिकी साम्राज्यवादले गाउँ-गाउँमा बम्वर्षा गरेर, जंगली शैलीमा लडाइँ थोपरेर पछिल्लो चरणको इतिहासमा विशाल मात्रामा कम्बोडियालीहरूलाई भेँडा-बाख्रासरी शहर शहरमा धपाएको तथ्य पनि धेरैले वास्तै गर्दैनन् । भिकरीको अध्ययनअनुसार, १९७५ मा खमेर रूजको शासनकालको शुरूवातमा राजधानी नोम्ह पेन्हलगायतका शहरहरूबाट कम्बोडियालीहरूलाई गाउँ-गाउँमा फिर्ता पठाइएको थियो, त्यसमा अमेरिकीहरूद्वारा गरिएको दुष्कर्मको प्रतिक्रिया वा स्वाभाविक क्रिया पनि झल्किन्छ ।

यस्तो 'अनौठो र अभूतपर्व खालको इतिहास' भएको कम्बोडियामा फ्रान्सदेखि अमेरिकासम्मका शासनका सैनिकहरूद्वारा प्रतिरोध आन्दोलनका छापामार वा छापामार समर्थकहरूमाथि गरिएका विभत्स अत्याचारहरूलाई पनि बिर्सन सकिँदैन । फ्रान्सिसी सैनिकहरूले फ्रान्सिसी उपनिवेशवादविरोधी कम्बोडियालीहरूलाई हिटलरी शैलीमा दमन गरेका थिए ।

उनीहरू कम्बोडियाबाट फर्किनासाथ लोन नोलको नेतृत्वमा रहेका शाही सैनिकहरूले पनि गाउँ-गाउँमा थोक मात्रामा नरसंहार मच्चाएका थिए । त्यस्ता वीभत्स हत्याहरूको क्रममा गाउँले बच्चाहरूलाई टाउको तल, खुट्टा माथि पारेर भुण्ड्याउने, दुईवटा खुट्टा दुईतिर तानेर शरीर सिँगै च्यात्ने र देख्नासाथ गोली हानेर मार्ने काम गरिएको थियो । भिकरीका अध्ययनअनुसार, त्यस्ता अमानवीय हत्या देख्ने भोग्नेहरू नै खमेर रूजका छापामारमा रूपान्तरित भएपछि उनीहरूद्वारा लोन नोलका सैनिकहरूलाई निर्ममतापूर्वक मारिएको हुनसक्छ, अन्धतापूर्वक बदला लिने उद्देश्यले ।

भिकरीको निष्कर्षअनुसार 'कम्बोडियाका ८०-९० प्रतिशत गाउँले जनताले १९७० को युद्ध र क्रान्तिभन्दा दशकौं दशक अगाडिदेखि नै देख्दै-भोग्दै आइरहेको स्वेच्छाचारी न्याय, राजनीतिक उत्पीडन, हिंसात्मक मृत्यु, धर्मको शोषणकारी दुरूपयोग तथा तिनको हिंसात्मक र निष्क्रिय प्रतिरोधले पोल पोटवादलाई मलजल दिने र भ्रूण तयार गर्ने कार्य गरेको देखिन्छ', जुन पक्षलाई अमेरिकालगायत सबैजसो पूँजीवादी खेमाले पूरै बेवास्ता गरिरहेका छन् ।

## निरंकुश राजतन्त्रको निर्ममता

फ्रान्सको उपनिवेशकालदेखि अमेरिकाको नव औपनिवेशिक शासनबीचको अवधिमा सिंहानुकको प्रत्यक्ष राजतन्त्रको ढुलमुले विदेश नीति र दमनकारी आन्तरिक प्रशासनको प्रतिफलस्वरूप त्यहाँ भएको हत्या-हिंसामा वाम र प्रजातान्त्रिक खेमाका मानिसहरू र किसान विद्रोहीहरूको संहार कति भयो, त्यसको कुनै लेखाजोखा नै छैन ।

राजकुमार सिंहानुकले १९५३ देखि 'साम्यवादको विजयलाई रोक्न' कहिले 'खमेर समाजवाद' त कहिले 'बुद्धिष्ट समाजवाद'को नारा उराल्दै, कहिले देखावटी रूपमा संसदीय प्रणाली लागू गर्दै र भित्रभित्रै हिंसाचार गर्दै लगभग दुई दशकसम्म शासन गरेका थिए । उनको राजतन्त्र कति हदसम्म निरंकुश र निर्मम थियो भने कम्युनिष्टहरूद्वारा दर्ता गरिएको 'प्राचीयाचोन पार्टी'का नेता-कार्यकर्ताहरूको खुलेआम रूपमा शिकार गर्ने, गाउँमा त छानीछानीकन हत्या गर्ने र व्यापक रूपमा हिंसाको वातावरण फैलाउने काम गरिएको थियो । उनको राजतन्त्रले औद्योगिक संघर्ष गरिरहेका मजदूरहरूमाथि सैनिक दमन गरी हड्ताल तोड्नेदेखि लिएर प्राचीयाचोन अखवारका प्रकाशकलाई कार्यालय अगाडि नै गोली हानी हत्या गर्ने क्रमलाई तीव्र पार्दै सो पार्टीका ९० प्रतिशत नेता-कार्यकर्ताहरूलाई सखाप पारेको थियो ।

१९६० मा 'कम्युनिष्ट पार्टी अफ कम्पुचिया'को नाममा संगठित भई प्राचीयाचोन पार्टीको नामबाट बाहिर क्रियाशील रहेका कम्युनिष्टहरूप्रति सिंहानुकको राजतन्त्रको व्यवहार पत्याउनै गाह्रो हुने हदसम्म निर्मम थियो । एकातिर, जनसमर्थन प्राप्त सो पार्टीका नेताहरू खिऊ साम्फानलाई वाणिज्य मन्त्री, होउ यूओनलाई आर्थिक योजना मन्त्री र हु निमलाई नेशनल असेम्बलीका उपसभामुख बनाइएको थियो । अर्कोतिर, कम्युनिष्ट पार्टी अफ कम्पुचियाका महासचिव तोउ सामोथलाई अपहरण गरी हत्या गरिएको थियो । एकातिर कम्युनिष्टहरूसँग सहकार्यको व्यवहार, अर्कोतिर कम्युनिष्ट समर्थक विद्यार्थीहरूको संघर्षमाथि निर्मम प्रहरी दमन र खमेर रूज (लाल खमेर)का केन्द्रीय नेताहरूलाई नष्ट गर्ने अभियान ! -यस्तो थियो सिंहानुकको राजतन्त्रको शाही व्यवहार !

१९६३ मा सीआईएले दक्षिण भियतनामका आफ्नै मतियार शासक डियमलाई हत्या गर्न लगाएपछि सिंहानुक पनि अमेरिकाबाट पूरै त्रस्त भएका थिए भने इण्डोनेशियामा संसदीय राजनीति गरिरहेको इण्डोनेशियाली कम्युनिष्ट पार्टी (PKI) लाई नष्ट गर्ने क्रममा १० लाख कम्युनिष्ट र कम्युनिष्ट समर्थकहरूलाई सीआईएका मतियार जनरल सुहार्तोको नेतृत्वमा संहार गरिएपछि कम्बोडियाली कम्युनिष्टहरू पनि खुला संसदीय राजनीतिबाट भूमिगत र सशस्त्र राजनीतितिर उद्यत भएका थिए ।

## सिंहानुकविरूद्ध अमेरिकी षडयन्त्र र आक्रमण

यसरी वामपन्थी विपक्षीहरूमाथि निर्मम दमन अभियान चलाएर अनि दक्षिणपन्थी शहरीया कुलीन वर्गको हातमा शासन सुम्पेर आफ्नो निरंकुश राजतन्त्र टिकाउन खोज्ने सिंहानुकले भू-राजनीतिक बाध्यतावश धेरै हदसम्म तटस्थ परराष्ट्र नीति अँगाल्न खोजेका थिए ।

उनको तटस्थतालाई पटक्कै मन नपराउने अमेरिकी शासकहरू र तिनका सहयोगीहरूले

उनलाई सहयोग गरेगरे जस्तो पनि गर्ने अनि आक्रमण पनि गर्ने व्यवहार देखाएका थिए । १९५७ मा अमेरिकाभक्त दक्षिण भियतनामको डियम सरकारले सीमा क्षेत्रमा गरेको आक्रमण, थाईल्याण्डको सरकारले सीमा अतिक्रमण गरी फैलाएको सैनिक उत्तेजना, १९५९ मा सीआईएको प्रायोजनमा गरिएको असफल सैनिक विद्रोह, १९६३ देखि अमेरिकाको सरसहयोगमा खमेर सेराइका सशस्त्र डफ्फाहरूद्वारा दक्षिणी भियतनाम र थाइ सीमाबाट गर्न थालिएका आक्रमणहरू र १९६६ मा खमेर सेराइद्वारा गरिएको युद्धघोष र भीषण आक्रमणले कम्बोडियालाई शान्त र सुन्दर मुलुक बन्न नै दिएनन् ।

अमेरिकी विद्वानहरू नोम चोम्स्की र एड्वार्ड एस. हर्मनका अनुसार, अमेरिका र दक्षिण भियतनामको सैगोन सरकारका सैनिकहरूले १९६० को दशकको शुरूदेखि गर्न थालेका आक्रमणहरूको फलस्वरूप वर्षमा सयौं कम्बोडियालीहरूको ज्यान जखम हुने र हजारौंको संख्यामा घाइते हुने क्रम बढ्न थालेको थियो । १९६७ को शुरूदेखि दक्षिण भियतनाममा अमेरिकी सैनिकहरूले चलाएको नरसंहारकारी अपरेशनको फलस्वरूप किसान र छापामारहरू कम्बोडिया पस्न बाध्य भएपछि उनीहरूले 'कम्युनिष्टहरूद्वारा तटस्थ कम्बोडियालाई युद्धमा धकेलेको' आरोप लगाउँदै त्यहाँ थप आक्रमण गर्न थालेका थिए ।

'पेन्टागन पेपर्स'मा दिइएको अमेरिकी शासकहरूको विश्लेषण अनुसार मे, १९६७ मा अमेरिकी सैनिक अपरेशनपछि कम्बोडिया भियतनामी छापामारहरूका लागि शुरूमा खाद्यान्न र औषधीको र पछि गएर हतियार र बन्दोबस्तीका सामानहरूको सप्लाई गर्ने आधार बन्न थालेको आरोपमा आक्रमण गर्न थालिएको थियो । तर ती आरोपहरू अमेरिकी पर्यवेक्षक र सीबीएस टीभीको अनुसन्धानको क्रममा झूठा साबित भएका थिए ।

१९६२ देखि मे, १९६९ भित्र भएका आक्रमणहरूका बारे कम्बोडियाली सरकारले संयुक्त राष्ट्र संघमा दर्ता गराएको विरोधपत्रका आधारमा नोम चोम्स्की र हर्मनले १३६४ वटा स्थल आक्रमणहरू र ५१४९ वटा हवाई आक्रमणहरूको गहन विश्लेषण गरेका थिए । त्यसको आधारमा नोम चोम्स्की र हर्मनले लेखेका थिए- १९६७ मा अमेरिका, दक्षिण भियतनाम, थाइल्याण्ड र दक्षिण कोरियाका सैनिकहरूले कम्बोडियाली भूमिमा जबर्जस्ती पसेर गाउँ-गाउँ नै जलाउने दुष्कर्म गरेका थिए । अप्रिल, १९६९ मा रबरको बगानमाथि हवाई आक्रमण गरी पातविहीन बनाउने कुकर्म गरेका थिए ।


जनवरी १९७० मा दर्ता गरिएको अर्को विरोधपत्रमा यस्ता अनगिन्ती हवाई र स्थल आक्रमणहरूको फलस्वरूप हजारौं कम्बोडियालीहरूको हत्या भएको प्रत्यारोप लगाएको थियो । तर ती दुर्घटना र आक्रमणहरूबारे अमेरिकाभित्र र बाहिर कुनै रिपोर्टिङ नगरिएकोमा गुनासो गर्दै चोम्स्की र हर्मनले लेखेका छन्- यो संचार माध्यमद्वारा प्रदर्शन गरिएको अमेरिकी सरकारप्रतिको बफादारिता हो ।

## अमेरिकी बमवर्षा : कम्बोडियाको विनाशलीला

खमेर रूज र पोल पोटद्वारा गरिएको नरसंहारको धुँवाधार प्रचारमा लिप्त रहेकाहरूले सकेसम्म उल्लेख नगर्ने र उल्लेख गर्नै परे भ्रमात्मक तरिकाले मात्रै उल्लेख गर्ने पक्ष हो : अमेरिकी सरकारद्वारा भियतनाम र लाओसमा जस्तै कम्बोडियामा पनि भीषण बमवर्षा गरेर लाखौंलाख जनताको संहार गरिएको र त्यस देश सिंगैको सर्वनाश गरिएको कटु सत्य । 'फिनिश इन्क्वायरी कमिशन'ले नरसंहारकारी दशक (decade of genocide) को प्रथम चरण नामाकरण गरेको यस जनसंहार र सर्वनाशको क्रममा ७० लाख जनसंख्या भएको तत्कालीन कम्बोडियामा अमेरिकी सरकारद्वारा मात्रै लगभग ६ लाख मानिसहरूको हत्या गरिएको थियो ।

त्यहाँ पटक पटक आक्रमण गर्दै आइरहेको अमेरिकाको कुख्यात 'गोप्य बमवर्षा' (secret bombings) को शुरूवात मार्च १८, १९६९ देखि भएको थियो, जुन 'कार्पेट बम्बिङ'को नामले विश्वभरि कुख्यात छ । त्यसको एक हप्तापछि नै सिंहानुकको सरकारले भियतनाम र थाइल्याण्डसँग जोडिएको कम्बोडियाली सिमानाका गाउँहरूमा अमेरिकी बमवर्षक विमानहरूद्वारा दैनिकजसो बमवर्षा गरिएको, शान्तिका पक्षधर सयौं निहत्था किसानहरू, महिला र बालबच्चाहरूको निर्मम हत्या गरिएको र गाउँघर जलाएर विनाशलीला मच्चाइएकोमा कडा विरोध गरेको थियो । तर अमेरिका र अमेरिकाभक्त मानिने विलियम शाओक्रस, फ्रान्कोइस पोञ्चाउद र विलियम बीचरजस्ता लेखक-पत्रकारहरूले सिंहानुक सरकारद्वारा बमवर्षाको कुनै विरोध नगरिएको र उल्टै सीमामा रहेका भियतनामी छापामारहरूमाथि बमवर्षा गर्न अनुमति दिइएको कथा लेखेर प्रचार गरेका थिए ।

गोप्य बमवर्षाकै क्रममा अमेरिकी शासकहरूले बहुमुखी योजना लागू गर्न थालेका थिए । एकातिर सीआईएमार्फत् प्रधानमन्त्री जनरल लोन नोललाई उचालेर सिंहानुकको राजतन्त्रविरूद्ध सैनिक विद्रोह गर्ने । अर्कोतिर, अमेरिकी स्पेशल फोर्स (ग्रीन बेरेट्स)मार्फत् सोन न्गोक थान्हको नेतृत्वमा क्रियाशील 'कम्पुचिया खमेर क्रोम' (KKK) लाई दक्षिण भियतनामबाट निरन्तर आक्रमण गर्न लगाइराख्ने । र, अमेरिकी हवाई र स्थल सेनामार्फत् गोप्य बमवर्षाद्वारा नरसंहार र विनाशलीला मच्चाइराख्ने । सोखोम हिंङले आफ्नो पुस्तक The CIA Against Combodia मा १८ मार्च, १९७० को सैनिक विद्रोहभन्दा केही महिना अगावै लोन नोल, सोन न्गोक थान्ह र सीआईएका अधिकारीहरूबीच त्यस्तो गोप्य समझदारी कायम गरिएको तथ्य उल्लेख गरेका थिए ।




सिंहानुकको राजतन्त्रद्वारा गरिएको हिंसामा वाम र प्रजातान्त्रिक व्यक्तिहरू र किसान विद्रोहीहरूको संहार कति भयो ?

सोखोम हिङले अक्सफोर्ड यूनिभर्सिटीका प्राज्ञ टी.डी. अलम्यानद्वारा डिस्प्याच न्यूज सर्भिस इन्टरनेशनलमा पठाइएको समाचार-विश्लेषणलाई उद्धृत गर्दै लेखेका थिए- पेरिसस्थित अमेरिकी अस्पतालमा लोन नोललाई सीआईएले सम्पर्क कायम गरी नोम्ह पेन्हलगायतका शहरहरूमा उत्पात मच्चाउने, सिंहानुक फ्रान्स भ्रमणमा गइरहेको बेला तख्ता पल्टाउने, खमेर क्रोमको आक्रमण र अमेरिकी सैनिकहरूको बमवर्षाद्वारा तख्तापलटलाई सघाउने टुंगो लगाइएको थियो । र, त्यसै क्रममा तख्तापलटभन्दा दुई दिन अगाडिमात्रै सीआईएले 'कोलम्बिया ईगल' नामक अमेरिकी कार्गो जहाजभरि हातहतियार राखेर कम्बोडिया पुऱ्याएको थियो ।

यसरी षडयन्त्रको चक्रब्यूह रचना गर्ने क्रममै गोप्य बमवर्षा गर्न शुरू गरिएको ठीक एक वर्षपछि १९७० को १८ मार्चकै दिन पारेर राजकुमार सिंहानुकलाई सत्ताच्यूत गरिएको थियो । र, राजतन्त्रद्वारा विपक्षीहरू, विशेषतः कम्युनिष्टहरूमाथि निर्मम दमन गर्न खटाइएका प्रधानमन्त्री लोन नोल नै राजतन्त्र उन्मूलनकर्ता र अमेरिकी हुकुमका गुलाम बनेका थिए । अमेरिकाभक्त शहरीया कुलीन वर्गको यो सैनिक विद्रोहको सफलतासँगै बमवर्षाको क्रम अझ तीव्र पारिएको थियो । खमेर रूज छापामारहरू र उनीहरूका समर्थक गाउँलेहरूमाथि भीषण दमन, उत्पीडन र हिंसाकर्मको सिलसिलालाई तेज गति दिइएको थियो ।

## ७० हजार सेनाका साथ खुलेआम युद्ध

सैनिक विद्रोहको दुई दिन पछाडि नै अमेरिकी उक्साहटमा दक्षिण भियतनामी सैनिकहरूले विशेषतः स्वे रिङ प्रान्तमा स्थल र हवाई आक्रमणलाई ब्यापक र तेज पारेका थिए । यो क्रम अप्रिल महिनामा अमेरिकाद्वारा खुला आक्रमणको घोषणासँगै अझ तेज र व्यापक भएको थियो । २९ अप्रिल, १९७० देखि अमेरिका र दक्षिण भियतनामको सरकारले भियतनामी छापामारहरूविरूद्ध आक्रमण गर्ने नाममा कम्बोडियाविरूद्ध औपचारिक रूपमै आक्रमण गर्न थालेका थिए । गोप्य युद्ध (Secret War) बाट खुलेआम युद्धमा उत्रेका अमेरिकाका ३० हजार सैनिकहरू र दक्षिण भियतनामका ४० हजार सैनिकहरू आक्रमणमा संलग्न थिए । उनीहरूले भियतनामी छापामारहरूलाई जरैदेखि सखाप पार्ने सगर्व घोषणाका साथ पूर्वी कम्बोडियामा दुई महिनासम्म स्थल र हवाई मार्गबाट भीषण आक्रमण गरेका थिए । त्यही आक्रमणको परिणामस्वरूप सीमा क्षेत्रका धेरै कम्बोडियालीहरूले ज्यान

गुमाएका थिए । हवाई आक्रमण र बमवर्षाले गर्दा शहर र गाउँहरू मसानघाटमा परिणत भएका थिए ।

र, भियतनामबाट पछि हट्दै हट्दै कम्बोडियाका भित्री वस्तीसम्म पुगेका भियतनामी छापामारहरूले पनि कम्बोडियाली छापामारहरूलाई प्रशिक्षण दिने र सैनिक विद्रोहका कारणले आक्रोशित कम्बोडियाली किसानहरूको प्रतिरोधलाई टेवा दिने गर्न थालेका थिए । कम्बोडियाली छापामारहरूद्वारा कब्जामा लिइएका अमेरिकी संवाददाता रिचार्ड दुदम्यानले प्रत्यक्ष अनुभवको आधारमा लेखेको Forty Days with the Enemy नामक पुस्तकअनुसार अमेरिकी बमवर्षा र आक्रमणको बढ्दो सिलसिलाले ग्रामीण किसानहरूलाई आमूल परिवर्तनवादी बनाउने र ग्रामीण इलाकाहरूलाई प्रतिबद्ध, कर्तव्यनिष्ट, जुझारू क्रान्तिकारीहरूको बलियो आधार इलाकाका रूपमा विकास गर्ने कार्य गरेको थियो ।




**खमेर रूज र पोल पोटमाथि धुँवाधार रूपमा लगाइने नरसंहारको आरोपमा कति हदसम्म सत्यता छ भन्ने पक्षलाई बेवास्ता गर्न मिल्दैन**

सैनिक विद्रोहद्वारा सत्ताच्यूत् भएपछि पेरिसबाट सिधै पेकिङ उडेका सिंहानुकले खमेर रूजसँग संयुक्त मोर्चा बनाई अमेरिकी साम्राज्यवादविरूद्ध कम्बोडियाली जनतालाई सशस्त्र संघर्ष गर्न आह्वान गरेपछि त्यहाँको समीकरण पूरै फेरिएको थियो । खमेर रूजका छापामारमाथि आधारित 'नेशनल यूनाइटेड फ्रन्ट अफ कम्बोडिया' (फ्रान्सिसी भाषामा FUNK) को निर्माण र त्यसको निर्वासित सरकार- 'रोयल गभर्मेन्ट अफ नेशनल यूनियन'का प्रमुखमा सिंहानुकको नियुक्तिपछि अमेरिकी साम्राज्यवादविरोधी युद्धको आगो पूरै देशभरि फैलिएको थियो ।

यसरी फैलिएको चरम गृहयुद्धको क्रममा १९७० को शुरूतिर ५० हजार स्थानीय मिलिशिया र ५ हजार छापामारहरूमात्रै भएको खमेर रूजको सशस्त्र बलको संख्या एकै वर्षमा डब्बल भएको थियो । उनीहरूले भियतनामी छापामारहरू र चीन सरकारसँग नजीकको सम्बन्ध राख्ने र अमेरिकी हतियारहरू लुटेर तिनीहरूमाथि नै प्रत्याक्रमण गर्ने रणनीति लिएका थिए ।

## देश सिंगैको विनाश गर्ने दुष्कर्म

खमेर रूज र सिंहानुकका सैनिकहरूको प्रतिरोधलाई धूलोपिठो पारी आफ्ना मतियार लोन नोलको सत्तालाई बलियो बनाउन अमेरिका र दक्षिण भियतनामी सैनिकहरूले झन् झन् ठूलो मात्रामा बमवर्षा गर्न थालेका थिए । त्यहाँबाट अमेरिका र दक्षिण भियतनामका सैनिकहरू फिर्ता लाने काम भएपछि पनि बमवर्षाको क्रमचाहिँ रोकिएको थिएन । त्यसले मूलतः नागरिकहरूको संहार, गाउँ-वस्तीहरूको विनाश र शरणार्थीहरूको ओइरो लगाउनेजस्ता समस्याहरू सिर्जना गर्ने काम गरेको ठहर 'जनरल अक्याउन्टिङ अफिस'ले सन् १९७१ को सर्भेक्षणको आधारमा गरेको थियो । त्यसको निष्कर्ष-अनुसार, अमेरिका र दक्षिण भियतनामी सैनिकहरूको बमवर्षाले गर्दा ७० लाख जनसंख्या भएको कम्बोडियाका ३३ प्रतिशत मानिसहरू शहर शहरमा शरणार्थी हुन बाध्य भएका थिए ।

अमेरिकी सरकारको जासूसी रिपोर्टलाई उद्धृत गर्दै चोम्स्की र हर्मनले लेखेका छन्- तोपको आक्रमण र लडाकू विमानहरूद्वारा गरिने बमवर्षाबाटै अधिकांश कम्बोडियाली नागरिकहरू शरणार्थी बन्ने र मृत्युको मुखमा पुग्ने काम भएको थियो । उनीहरूको विश्लेषणअनुसार, अमेरिका र दक्षिण भियतनामको सैनिक आक्रमण र निरन्तरको बमवर्षाद्वारा कम्बोडियालाई नियोजित र व्यवस्थित ढंगले विनाश गरिएको थियो । र, सिंहानुकको राजतन्त्रमा सानो छापामार समूहको रूपमा क्रियाशील खमेर रूज अमेरिकी आतंकको शिकार भएको भित्री कम्बोडियाका लाखौं किसानहरूको समर्थन, सहयोग र सहभागितामा सशक्त र व्यापक छापामार आन्दोलनको रूपमा विकसित भएको थियो । अमेरिकी आडभरोसामा दुष्कर्ममा टिकिरहेको लोन नोलको सरकारको पिठ्ठू मानसिकता, परनिर्भर-परजीवी आचरण र विदेशीहरूलाई देश विनाश गर्न-नरसंहार गर्न सहयोग गर्ने व्यवहारले निकै धेरै सघाएको मूल्यांकन भिकरीको थियो ।

उनीहरू सबैको मूल्यांकनअनुसार, अत्याधुनिक युद्धकलाका आधारमा गरिएको राष्ट्रको विनाश र नरसंहारको श्रृंखलाका प्रायोजक अमेरिका, दक्षिण भियतनाम र नोम्ह पेन्हको कठपुतली सरकारका सम्पूर्ण प्रयत्नका बावजूद खमेर रूज बलवान, आक्रामक र विजयोन्मुख भएको थियो । त्यसको पृष्ठभूमिमा देश र जनताको सवालमा 'मालिक र दासकोजस्तो सम्बन्ध'लाई तोड्ने र सचेतनतापूर्वक संगठित तथा विचारद्वारा प्रशिक्षित व्यक्ति र समूहहरूको आत्मनिर्भर, स्वतन्त्र र प्रजातान्त्रिक राष्ट्र निर्माण गर्ने किसानहरूको सपना स्पष्ट रूपमा देखिन्थ्यो ।

## ६ लाखको हत्याद्वारा मृत्यु-उत्सव

जतिसुकै ठूल्ठूला दुष्कर्महरूबाट पनि पराजित नभएका खमेर रूजहरूबाट पराजयको पीडा भोग्नु पर्ने डरले १९७३ को शुरूतिर अमेरिकी बमवर्षालाई अझ तेज, अझ घनीभूत र अझ व्यापक पारिएको थियो । त्यसै वर्ष भियतनामी छापामारहरूसँग पेरिस शान्ति संझौतामा हस्ताक्षर गर्न बाध्य भएपछि अमेरिकी बमवर्षा कम्बोडिया र लाओसविरूद्ध मात्रै केन्द्रित गरिन थालिएको थियो । फिनिश इन्क्वायरी कमिशनको रिपोर्टअनुसार, पेरिस संझौतापछिका पाँच महिनाको अवधिमा पहिलेका तीन वर्षमा गरिएको बमवर्षाको बराबरीमा भीषण बमवर्षा गरी नरसंहारकारी मृत्यु-उत्सव मनाइएको थियो । यस्तो मृत्यु-उत्सवको क्रम अमेरिकी कंग्रेसद्वारा अगस्ट महिनामा अमेरिकी सरकारलाई बमवर्षा रोक्न आदेश दिइएपनि गोप्य रूपमा जारी राखिएको थियो । र, अमेरिकाद्वारा समर्थित दक्षिण भियतनामी र कम्बोडियाली सरकारहरूले लाखौंको संख्यामा सेना र सयौंको संख्यामा बमवर्षक विमानहरू परिचालन गरी अमेरिकी नीति-निर्देशन र सप्लाईका आधारमा आक्रमण र बमवर्षा जारी राखेका थिए ।

यस्ता मृत्यु-उत्सवहरू कति भयानक साबित भएका थिए भने गृहयुद्धको तीव्र विस्तार, नरसंहार र बमवर्षाको व्यापकतासँगै गाउँ गाउँबाट विस्थापित भएका १० लाखभन्दा बेसी जनता नोम्ह पेन्हमा शरणार्थी हुन बाध्य भएका थिए र नोम्ह पेन्ह स्वयं नै 'हरर च्याम्बर'जस्तो भएको थियो । र, गाउँ-वस्तीहरू खण्डहरमा परिणत भएका थिए अनि जमीनहरू बी-५२ बमवर्षकहरूको बमको मारमा परी खाल्डाखुल्डी र मरूभूमिमा रूपान्तर भएका थिए ।


विलियम शाओक्रसले आफ्नो पुस्तक 'साइड शो'मा बी-५२ बमवर्षक विमानहरूद्वारा कम्बोडियाका अत्यन्त घनावस्ती भएका गाउँ र शहरहरूमा समेत निरन्तर बमवर्षा गरिएको कारणले अमेरिकी हवाई सेनाको नक्सामा हजारौं हजार स्क्वायर माइल उच्च जनघनत्व भएका वस्तीहरू, उच्च उर्वराशक्ति भएका जमीनहरू कालो रंगले पूरै पोतिएको चिन्ह देखाइएको तथ्य उल्लेख गरेका थिए । र, यो हदसम्मको जीवनविरोधी आक्रमण र मृत्युमुखी विनाशलाई उनले मसिनो स्वरमा 'ह्वाइट हाउसको लापर्वाहीपूर्ण नीतिको परिणाम'को रूपमा मात्रै आलोचना गरेका थिए ।

१९६९ देखि १९७५ सम्मको सैनिक आक्रमणको क्रममा अमेरिका र दक्षिण भितनामका सैनिकहरूले त्यहाँ कति पटक आक्रमण गरे, त्यसको कुनै लेखाजोखा नै छैन । शाओक्रसले आफ्नो पुस्तकमा बी-५२ बमवर्षक विमानहरूले मात्रै ३,३६० पटक हवाई आक्रमण गरी ५ लाख ४० हजार टन बमवर्षा गरेको तथ्य खुलाएका थिए । उनका अनुसार, अप्रिल, १९७५ मा युद्ध समाप्त हुनुभन्दा अगाडिको ६ महिनाको अवधिमा मात्रै १ लाख टन बम प्रहार गरिएको थियो ।

मार्च १९६९ देखि अप्रिल १९७५ सम्म गरिएको आक्रमण र बमवर्षाको क्रममा कति लाख कम्बोडियाली अमेरिकी गोली र बमको शिकार भए भन्ने कुरा यकिन साथ कसैले पनि भन्न सक्ने स्थिति छैन । तर पनि फिनिश इन्क्वायरी कमिशनको अनुसन्धान र सीआईए स्वयंको अध्ययनअनुसार बमवर्षा र आक्रमणको परिणामस्वरूप ६ लाख कम्बोडियालीहरूको मृत्यु भएको थियो र २० लाख मानिसहरू शरणार्थी भएका थिए । भिकरीले चाहिँ ५ लाखभन्दा बढी मानिसहरू युद्धमा सखाप भएको तथ्य उल्लेख गरेका थिए । ❑❑

■ सुधीर शर्मा

# किन आयो अमेरिकी सेना ?



*राष्ट्रपति बुश र विदेशमन्त्री कोलिन पावेल*

अमेरिकाको 'शान्तिका लागि युद्ध' भन्ने नीति इराकतर्फ मात्र लक्षित रहेनछ, नेपालमा पनि उसले यस्तै नीति अपनाएको छ । फरक के छ भने इराकमा त्यहाँका शासक सद्दाम हुसेन उसको तारो बनेका छन् भने यहाँ शासकविरूद्ध हतियार उठाएका विद्रोहीलाई दबाउने अभियानलाई अमेरिकाले सघाउँदैछ ।

नेपालले माओवादीविरूद्धको लडाइमा अमेरिकाबाट भौतिक सहयोग मात्र पाएको छैन, शाही नेपाली सेनालाई तालिम दिने भनेर अमेरिकी सेनाको प्यासिफिक कमाण्डबाट एउटा प्लाटुन नै भित्रिएको छ । यही पुसको अन्त्यमा आएको ४९ सदस्यीय अमेरिकी सैन्य टोली करिव डेढ महिना नेपालमा बस्ने सुरक्षा स्रोतहरूले बताएका छन् । तिनका अनुसार, त्रिभुवन विमानस्थलमा उत्रिएपछि अमेरिकी टोलीलाई अध्यागमन कक्षमा समेत नलगी सोझै रन-वेबाटै गाडीमा चढाएर बाहिर ल्याइएको थियो । उनीहरू अहिले मध्य क्षेत्रका पहाडी जिल्लाहरूमा शाही सेनासँगै मार्च गरिरहेका छन् ।

अमेरिकाले विभिन्न २५ राष्ट्रहरूमा चलाइरहेको 'यूएस प्रोग्राम्स अफ इन्टरनेसनल मिलिटरी एजुकेसनल ट्रेनिङ' अन्तर्गत शाही सेनालाई पनि तालिम दिन आफ्ना विशेषज्ञहरू पठाएको बताएको छ । काठमाडौंस्थित अमेरिकी दूतावासका नायव प्रमुख रबर्ट बग्सले माघ ६ गते समाचार एजेन्सी 'एएफपी' लाई दिएको अन्तर्वार्तामा अमेरिकी टोली माओवादीविरूद्ध संयुक्त सैनिक कार्वाही गर्नका लागि नभई नेपाली सेनालाई सघाउन आएको दाबी गरेका छन् । जसअनुसार, सो टोलीले प्रतिकूल अवस्थामा गरिने औषधोपचारलगायतका तालिम दिनेछ ।

औपचारिक कारण जे बताइए पनि मुलुकमा युद्ध चर्केको बेला अमेरिकी सैनिकहरू आउनुको उद्देश्य विद्रोही माओवादीतर्फ नै लक्षित रहेको बुझ्न कठिन छैन । ल्याटिन अमेरिकालगायत विभिन्न देशमा भएका वामपन्थी विद्रोहमा अमेरिकी हस्तक्षेपको शुरूवात सैनिक विशेषज्ञ र सल्लाहकारहरूको आगमनबाटै हुने गरेको दृष्टान्तलाई हेर्दा नेपालमा पनि कतै त्यसकै पुनरावृत्ति हुन लागेको त होइन भन्ने कतिपयले आशंका गरेका छन् ।



**नेपालमा अमेरिकी सेनाको युद्ध तालिम**

अमेरिकी सैन्य प्रशिक्षकहरू आउनुभन्दा ठीकपूर्व अमेरिकी कंग्रेसले नेपाललाई १ करोड २० लाख डलर बराबरको सैन्य सहयोग उपलब्ध गराउने निर्णय गरेको थियो । बुश प्रशासनले त २ करोड डलर बराबरको सहयोग उपलब्ध गराउने प्रस्ताव राखेको थियो, तर कंग्रेसले त्यसमा कटौती गऱ्यो । सैन्य सहयोगका अतिरिक्त नेपाललाई २ करोड ४० लाखदेखि ३ करोड ८० लाख डलरसम्मको छुट्टै विकास बजेट पनि उपलव्ध गराउने योजना ह्वाइट हाउसले बनाएको छ, तर त्यससम्वन्धमा टुंगो लाग्न बाँकी छ । यसवीच शाही सेनाको मानवअधिकार इकाईको सशक्तीकरण र मानवअधिकारसम्वन्धी प्रशिक्षणका लागि ३९ करोड रूपैयाँ चाहिँ दिइहाल्ने अमेरिकाले बताएको छ ।

अमेरिकी कंग्रेसले नेपाललाई दिने सैन्य सहायता अनुमोदन गरेलगत्तै ३००० थान एम-१६एर राइफल समेत उपलव्ध गराएको छ, जुन पुस २० गते काठमाडौं आइसकेको छ । अव निकट भविष्यमै थप २००० थान सोही राइफलको अर्को 'कन्साइनमेन्ट' आउने थाहा भएको छ ।

हाल प्राप्त सहयोग २०५९ वैशाखमा अमेरिकी सेनाका एक लेफ्टिनेन्ट कर्णेलको नेतृत्वमा १२ जना उच्चस्तरीय सैनिक विशेषज्ञहरू आएर गरेको

नेपालको स्थलगत अध्ययनमा आधारित छ । त्यसवेला प्यासिफिक कमाण्डको 'लजिस्टिक प्लान्स डिभिजन' का प्रमुख, इन्जिनियरिङ डिभिजनका उप-प्रमुखलगायत 'मरिन कोर' का अधिकारीहरू आएको रक्षा स्रोत उल्लेख गर्छ । उनीहरूले रोल्पा, अछाम र गोरखाको स्थलगत भ्रमण गर्नुका साथै खरीपाटी, शिवपुरी, पाँचखाललगायत सबै सैनिक तालिम केन्द्रको निरीक्षण गरेर पाठ्यपुस्तकदेखि हतियारसम्मको जानकारी लिएका थिए । र, शाही सेनाको क्षमता र आवश्यकता सम्बन्धमा पेन्टागनलाई प्रतिवेदन दिएका थिए, जसअनुसार नेपाललाई दिइने सैनिक सहयोग निर्धारण गरियो ।

सोही टोलीले हाल करिव ५० हजारको संख्यामा रहेको शाही सेनालाई विस्तार गरेर दुई लाखसम्म पुऱ्याउनु पर्ने तथा 'एयर ब्रिगेड' को रूपमा रहेको नं. ११ बाहिनीलाई दीर्घकालीन रूपमा वायुसेनाका रूपमा विकसित गर्नुपर्ने सुझाव दिएको सुरक्षा स्रोत उल्लेख गर्छ । त्यसअघि २०५७ फागुनमा 'भूकम्प प्रतिरोधात्मक आकस्मिक उद्धार भवनको निर्माण गर्ने' करिव ५० जना अमेरिकी सैनिक सम्मिलित एउटा प्लाटुन नेपाल आएको थियो । लेफ्टिनेन्ट क्लिन्ट करीको नेतृत्वमा रहेका ती सैनिकहरू झण्डै तीन महिना नेपाल बसेका थिए । यसबाहेक अमेरिकी सेनाका 'मोबाइल ट्रेनिङ टीम' हरू पनि बेलाबखत आइरहेका छन् ।

गत सालबाट माओवादी गतिविधि आकासिएपछि अमेरिकाले नेपाललाई ठूलो परिमाणमा सैनिक सहायता दिनुका अतिरिक्त यहाँ आफ्नो कुटनीतिक र सैनिक उपस्थिति बढाउँदै लगेको छ । उदाहरणका लागि, अमेरिकाले २००२ जुनमा काठमाडौंमा स्थापना गरेको 'अफिस अफ डिफेन्स कोअपरेसन' लाई लिन सकिन्छ, जसको नेतृत्व अमेरिकी सेनाका एक मेजरले गरेका थिए । तर त्यसको एक महिनापछि सो कार्यालयका कर्मचारीको संख्या बढाइयो र दूतावासका सैनिक सहचारीका रूपमा एक लेफ्टिनेन्ट कर्णेललाई नियुक्त



माओवादीका तीव्र आलोचक :
अमेरिकी राजदूत माइकल ई. मालिनोभ्स्की

**४९ सदस्यीय अमेरिकी सैन्य टोली अहिले मध्यक्षेत्रका पहाडी जिल्लाहरूमा शाही सेनासँगै मार्च गरिरहेको छ**

गरियो । नेपालका सुरक्षा निकायमा काम गरेका व्यक्तिहरूलाई राखेर खोलिएको 'सर्विलेन्स डिटेक्सन युनिट' लाई सक्रिय बनाइयो ।

अमेरिकाले नेपालमा बढाएको सहयोगलाई पनि आतंकविरूद्धको उसको विश्वव्यापी अभियानकै अंग मानेको छ । अमेरिकी राष्ट्रपति जर्ज बुशले त्यहाँको कंग्रेसमा पेश गरेको नेपाललाई आर्थिक सहयोग दिनु पर्नाको कारण उल्लेखित प्रस्तावमा भनिएको छ- "नेपालमा अल-कायदाको उपस्थिति रहेको प्रत्यक्ष आधार हाल हामीसँग छैन तर कमजोर सरकारले छिमेकी मुलुकका आतंकवादी, अपराधी र जासुसहरूलाई निम्त्याउने कुरा प्रमाणित भइसकेको छ.....नेपालको निरन्तरको अस्थिरताले आतंकवादीलाई सजिलै गतिविधि गर्नसक्ने स्थिति सिर्जना गर्नसक्छ, खासगरी सुदूर पश्चिमको दुर्गम क्षेत्रमा ।"

अमेरिकाका निम्ति आतंकवाद-विरोधी युद्ध विश्वमा हैकम जमाउने पुरानै उद्देश्यबाट प्रेरित रहेको प्रष्ट हुन्छ । यसका लागि उसले कतिपय ठाउँमा अल-कायदाको उपस्थिति रहेको नाममा हस्तक्षेप गरिरहेको छ भने अन्यत्र अर्कै बहानामा । विश्वव्यापी रूपमा मुस्लिम उग्रवादीविरूद्ध सक्रिय रहेको अमेरिकाले नेपालमा माओवादीविरूद्ध सरकारलाई सघाएर आफ्नो अभियानमा गैर-मुस्लिम मुद्दा पनि रहेको देखाउन चाहेको केही विश्लेषकहरूको भनाइ छ । यसमाथि पूँजीवादी अमेरिकाका निम्ति कम्युनिष्ट माओवादीहरूको बढ्दो क्रियाकलाप टाउको दुखाइको विषय बन्नु यसै पनि अस्वाभाविक हैन ।

अमेरिकाको स्टेट डिपार्टमेन्टले हालसम्म माओवादीलाई आतंकवादी समूहको सूचीमा राखेको छैन तर एक वर्षदेखि त्यही रूपमा सम्बोधन गर्ने गरेको छ । यस अवधिमा भएको अमेरिकी दूतावासका दुई सुरक्षा गार्डको हत्याको जिम्मेवारी लिएपछि चाहिं माओवादीलाई सो सूचीमा राखिने सम्भावना बढेको छ । अमेरिकाले आफ्ना नागरिक, सम्पत्ति र कुटनीतिक नियोगमाथि प्रहार गर्ने समूहलाई आतंकवादी घोषित गर्ने गरेको छ, जसमा पेरूको साइनिङ पाथ, फिलिपिन्सको न्यू पिपल्स आर्मी, कोलम्बियाको नेसनल लिबरेसन आर्मी जस्ता कम्युनिष्ट समूहलाई उसले यसअघि नै राखिसकेको छ ।



**"भूमण्डलीय आतंकविरोधी कार्वाहीमा नेपालको ठूलो उपयोगिता रहनेछ भन्ने आशा राख्छौं"**

प्रधानमन्त्रीदेखि सैनिक कमाण्डर र राजासँग भेटपछि विदेशमन्त्री कोलिन पावेल

## आक्रामक बनेको अमेरिका

अमेरिकाले चार दशकअघि नेपाली भूमिबाट चीनविरोधी खम्पाहरूलाई परिचालन गर्दाताका यहाँ उसको थोरथोर रणनैतिक चासो देखिएको थियो । त्यही सेरोफेरोमा २०२५ सालमा तत्कालीन उपराष्ट्रपति स्पाइरो एग्न्यू काठमाडौं आउँदा अमेरिकाले भियतनाममा आक्रमण गरेको विरोधमा कम्युनिष्ट विद्यार्थीहरूले कालो झण्डा देखाएका थिए । त्यसयता लामो अवधिसम्म कुनै पनि उच्चपदस्थ अमेरिकी अधिकारी नेपाल भ्रमणमा आएनन्, १७ वर्षअघि भूपू राष्ट्रपति जिम्मी कार्टरले निजी भ्रमण गरेको अपवादबाहेक । यस अवधिमा अमेरिकी बहालवाला राष्ट्रपतिहरूले छिमेकका भारत, बंगलादेश र पाकिस्तानको कैयौंपटक भ्रमण गरे तापनि कोही पनि नेपाल आएनन् । यसले देखाउँछ, अमेरिकाले नेपालमा

रूचि राख्नुपर्ने कुनै ठूलो मुद्दा थिएन र अमेरिकाको विदेश नीतिमा नेपाल प्राथमिकतामा परेन ।

माओवादी विद्रोहप्रति पनि शुरूवाति वर्षहरूमा अमेरिकाको उतिसारो चासो देखिदैनथ्यो । यहांसम्म कि, अमेरिकी विकास नियोगका लागि कार्यक्रम चलाइरहेको अमेरिकी फर्म- ग्रामीण बजार विकास परियोजना (मार्ट)का इञ्चार्ज रविन्द्र श्रेष्ठ २०५५ जेठ १७ गते सल्यानमा माओवादीले बिछ्याएको विद्युतीय धरापमा परी मारिंदा पनि अपेक्षित कडा प्रतिक्रिया आएन । तत्कालिन अमेरिकी राजदूत राल्फ फ्यांकले 'खुलापत्र' जारी गरेर त्यसको सामान्य भर्त्सना मात्र गरे । साँच्चै भन्ने हो भने उसबेला 'जनयुद्ध'का कारणप्रति त अमेरिकीहरूको विरोधभन्दा सहानुभूति नै देखिन्थ्यो । फ्यांकले २०५७ माघमा एक अन्तर्वार्तामार्फत् भनेका थिए, "मेरा विचारमा अधिकांश सद्दे मानिस माओवादीको ४० बूँदे मागका धेरैजसो कुरासँग सहमत हुनेछन् ।"

अमेरिकामा सेप्टेम्बर ११ मा भएको विध्वंसकारी प्रहार र त्यसको लगत्तै नेपालमा माओवादीले युद्धविराम भंग गरेपछि चाहिं अमेरिकी नीति प्रष्टसँग कडा देखियो । त्यस बेलासम्ममा वाशिङ्टनमा डेमोक्रेटिक पार्टीका बिल क्लिन्टनको ठाउँमा अनुदारवादी रिपब्लिकन पार्टीका जर्ज बुस राष्ट्रपतिको पदमा पुगिसकेका थिए भने यता नेपालमा माइकल मालिनोस्की नयाँ राजदूत नियुक्त भए । बहुदल आएलगत्तै २०४७ सालबाट चार वर्ष काठमाडौंस्थित अमेरिकी दूतावासमा 'डेपुटी चीफ अफ मिसन' रहिसकेका मालिनोस्की दोस्रो पटक यहाँ आउनासाथ माओवादीको तीव्र आलोचना गर्ने कुटनीतिज्ञका रूपमा चर्चित भए । अछाम र सल्यानमा भएको माओवादी आक्रमणको प्रत्यक्ष अवलोकन गरेपछि उनले माओवादीलाई अल-कायदा, खमेर रूज र अबु-सैयफ जस्ता 'आतंककारी समूह'को समकक्षमा राखे । माओवादीले पनि उनको नामै लिएर आलोचना गर्ने गरेका छन् ।

नेपालले पनि माओवादीविरूद्धको कार्वाहीमा अमेरिकी सहयोगको अपेक्षा पहिलेदेखि राखेको थियो । शाही सेनाले लागू गर्न खोजेको एकीकृत आन्तरिक सुरक्षा तथा विकास कार्यक्रम पनि अमेरिकाले विकसित गरेको 'आईड्याड' (इन्टरनल डीफेन्स एण्ड डेभलपमेन्ट) अवधारणाकै नेपाली संस्करण थियो । एक वर्षअघि देशमा संकटकाल लगाएर माओवादीविरूद्ध सेना परिचालन गरेपछि अमेरिकाले सुरक्षाकर्मीलाई तालिम र सहयोगको क्रम मात्र बढाएन, दुई देशबीच सन् १९४९ मा कुटनीतिक सम्बन्ध स्थापित भएपश्चात पहिलो पटक अमेरिकी विदेशमन्त्रीले नेपालको भ्रमण गरे । २०५८ पुसमा आएका त्यहाँका विदेशमन्त्री कोलिन पावेलले प्रधानमन्त्रीदेखि सैनिक कमाण्डर र राजासँग समेत भेटे र भने, "भूमण्डलीय आतंकविरोधी कार्वाहीमा नेपालको ठूलो उपयोगिता रहनेछ भन्ने आशा राख्छौं ।"

यसअघि सोही वर्ष असोजको पहिलो साता अफगानिस्तानमा हमला गरिनासाथ नेपालले अमेरिकालाई 'आतंकवादविरूद्धको कार्वाही'मा आफ्नो हवाई क्षेत्र प्रयोग गर्न तथा लडाकु विमानहरूलाई 'रिफ्युलिङ' सुविधा दिने घोषणा गरेको थियो । र, त्यसबेला अमेरिकी दूतावासले नेपाल आयल निगमसँग हवाई इन्धन मौज्दातसम्बन्धी जानकारीसमेत लिएको थियो । त्यसयता नेपालको अमेरिकी झुकाव क्रमशः बढ्दै गयो । २०५९ वैशाखमा तत्कालीन प्रम शेरबहादुर देउवा अमेरिका गएर सहयोगको लागि आग्रह गरे भने सोही सिलसिलामा अमेरिकी सहायक विदेशमन्त्री क्रिस्टिना रोक्का आफ्नो डेढ वर्षे कार्यकालमा तीन चोटी नेपाल आइसकेकी छन् । गएको मंसीर अन्त्यमा पछिल्लो पटक काठमाडौं आउँदा उनले भनिन्, "अमेरिकाले माओवादीविरूद्धको अभियानमा थप सहयोग उपलब्ध गराउनेछ ।" त्यसको लगत्तै नेपालले सैन्य सहयोग पाउन थाल्यो ।

अमेरिकाले शस्त्रास्त्र सहयोग बढाउँदै माओवादीले उठाएको बन्दूकलाई बन्दूकले नै जवाफ दिनुपर्ने नीति लिएको देखिन्छ । बेलायतले पनि शब्दमा केही हेरफेर गरे पनि मूलतः अमेरिकाकै बाटो पछ्याएको छ । तर यूरोपेली यूनियनका बाँकी सदस्य राष्ट्रहरूले युद्धभन्दा शान्ति वार्तामै जोड दिइरहेका छन् । स्वीट्जरल्याण्ड, नर्वे र जर्मनीले त यसका लागि प्रयत्न पनि गर्दैछन् । मूलतः तिनकै पहलमा संयुक्त राष्ट्र संघका महासचिव कोफी अन्नानले नेपालमा शान्ति वार्ताका लागि प्रयास गर्न सकिने बताइसकेका छन् ।


### त्रिकोणात्मक खेल

अमेरिकाले माओवादीलाई 'जित्न नदिन' जस्तोसुकै कदम चाल्न सक्ने संकेतका साथ नेपाललाई सहयोग उपलब्ध गराइरहेको छ । माओवादी रणनीतिकारहरूले समेत अन्तिम युद्ध थाल्नासाथ प्रत्यक्ष विदेशी हस्तक्षेप हुने ठानेको देखिन्छ । माओवादी समूहहरूको अन्तर्राष्ट्रिय गठबन्धन 'रिम'को सर्कुलर नं. ३-१० मा उल्लेख भएअनुसार, नेकपा (माओवादी) ले रिमलाई जुलाई २००२ मै पठाएको जनयुद्धको मूल्यांकन विवरणमा भनिएको छ- "वास्तवमा यदि अमेरिका र बेलायतबाट प्रत्यक्ष एवम् भारी संख्यामा सैन्य सहयोग नपाउने हो र/वा भारतले आक्रमण नगर्ने हो भने पार्टीले अनुमान गरेको छ कि रणनैतिक आक्रमणमा जाने तयारी गर्न र प्रतिक्रियावादी सशस्त्र फौजलाई निर्णायक रूपले हराउन सम्भव छ ।"

माओवादीले अहिले आफ्नो युद्ध रणनैतिक सन्तुलनको चरणमा पुगेको ठहर गरेको छ, तर उसको मूल्यांकन छ- यो चरण लामो समयसम्म रहँदैन, रहन सक्दैन । यसका लागि कि अगाडी बढेर 'जनयुद्ध'को अन्तिम चरण अर्थात् रणनीतिक आक्रमण थाल्नुपर्ने हुन्छ, नत्र रक्षात्मक चरणमा फर्कनु पर्ने हुन्छ । आफूले आर्जन गरेको शक्तिका कारण पछाडि फर्कन गाह्रो भएको तर अगाडि बढेर मानौं राजधानीमा फौजी हमला गर्ने हो भने तत्कालै विदेशी हस्तक्षेप हुने माओवादीको आकलन रहेको सम्बद्ध स्रोतहरू बताउँछन् । त्यही भएर उनीहरूले मध्यमार्गका

*अमेरिकी राष्ट्रपति बुश, भारतीय प्रम बाजपेयी र चिनियाँ क.पा.का महासचिव हु जिन्ताओ*






पूर्व नेकपा मालेनिकट अखिलद्वारा विगतमा गरिएको विरोध प्रदर्शनको एक दृश्य

# अमेरिका वा अफगानिस्तानमा आक्रमण हुँदा सडकमा उत्रनेहरू आफ्नै भूमिमा अतिक्रमण हुँदा किन विरोध गर्दैनन् ?

रूपमा राजनीतिक सहमतिको कुरा गरिरहेका छन् । र, संविधानसभाको नारा दिएर 'बुर्जुवा गणतन्त्र' को लाइन लिएका छन्, जसमा संसदीय शक्तिहरूको पनि समर्थन जुट्नसक्छ ।

माओवादीले गत साल संकटकाल लाग्नासाथ अमेरिकी राष्ट्रपतिलगायत विदेशी राष्ट्र प्रमुखहरूलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न 'आग्रह' गरेका थिए । तर त्यसविपरीत अमेरिकाले गतिविधि बढाएपछि उनीहरूले सांकेतिक प्रहार थालेका छन् । अमेरिकी दूतावासमा कार्यरत् दुई जना सुरक्षाकर्मी रमेश मानन्धर र दीपक पोखरेलको हत्याको जिम्मेवारी लिंदै "अमेरिकालगायत सबै कुटनीतिक नियोगहरूलाई हामी विनम्र अनुरोध गर्दछौं कि सुराकीहरूलाई कुनै आवरणले ढाक्ने कार्य बन्द गरियोस्" भनेका छन् । अमेरिकी बहुराष्ट्रिय कम्पनी कोकाकोलाको फेक्ट्रीमा पनि दुईचोटी बम पड्काइएको छ । अमेरिकाको विरोध गर्ने गैर-कम्युनिष्ट समूहहरूलाई समेट्ने गरी माओवादीले 'विश्व जनप्रतिरोध आन्दोलन' नामको संयुक्त मोर्चा समेत गठन गरेका छन्, जसको यूरोप र दक्षिण एशियामा पनि शाखा खोलिएको छ ।

नेपालमा भइरहेको अमेरिकी गतिविधिप्रति दिल्लीका नीति निर्माताहरूको एउटा हिस्सा पनि असन्तुष्ट देखिन्छ । त्यहाँका विदेश सचिव कन्वल सिवलले पुस २ गते पेरिसस्थित फ्रेन्च इन्स्टिच्युट फर इन्टरनेसनल रिलेसन्समा बोल्दै भनेका थिए, "नेपालको आन्तरिक द्वन्द्व बढ्न नदिन पश्चिमी मुलुकहरूले नेपाललाई सैनिक सहयोग बढाउने सम्बन्धमा सावधान हुनुपर्दछ ।" अहिलेसम्म भारतले आफ्ना सुरक्षा एवम् आर्थिक स्वार्थहरू पूरा गर्न माओवादी मामिलालाई कार्डका रूपमा उपयोग गर्न चाहेको धेरैको अनुमान छ । तर भारतको अमेरिकासँग बृहत स्वार्थसहितको साझेदारी भएको खण्डमा स्थिति उल्टन पनि सक्छ । "त्यस्तो भएमा उनीहरूबाट नेपालमा संयुक्त हस्तक्षेप हुने खतरा छ", एक राजनीतिक विश्लेषक भन्छन् । दुई वर्षअघि भारतले दिल्लीमा अमेरिकी जासूसी संस्था एफबीआईलाई क्षेत्रीय कार्यालय खोल्न दिएर 'आतंकवादविरूद्ध अन्तर्राष्ट्रिय सहकार्य गर्ने' तत्परता देखाएको थियो । दक्षिणपन्थी भारतीय जनता पार्टी सत्तामा पुगेयता भारतको अमेरिकासँग निकटता बढ्दो छ ।

**अमेरिका र भारतबाहेक नेपालमा भूमिका खेल्न सक्ने तेस्रो अन्तर्राष्ट्रिय खेलाडी चीन अहिलेसम्म निदाएजस्तै देखिन्छ**

नेपालकै सन्दर्भमा पनि भारत सरकारले माओवादीको भातृ संगठन अखिल भारतीय नेपाली एकता समाजमाथि गत असारमा प्रतिवन्ध लगायो । र, समाजका सचिव बामदेव क्षेत्रीलगायत केही नेता-कार्यकर्त्तालाई पक्रेर नेपालसमक्ष बुझायो । यसअघि दक्षिण एशियाका माओवादी समूहहरूले 'कम्पोसा' नामको संयुक्त मोर्चा गठन गरेपछि भारतले नेपालसँगको सीमामा आफ्नो केन्द्रिय सुरक्षा बल स्पेशल सर्विस ब्युरो (एसएसबी) तैनाथ गर्न थालेको थियो । र, त्यसको लगत्तै भारतका तत्कालिन विदेशमन्त्री जसवन्तसिंहले माओवादीलाई 'आतंकवादी'को संज्ञा दिएका थिए, जुनबेला नेपालले चाहिं सो समूहलाई राजनीतिक शक्ति मान्दै वार्ता गरिरहेको थियो ।

भारत र अमेरिकाबीच नेपालको मामिलामा गठजोड हुनसक्ने अर्को कारक बन्नसक्छ चीन । अमेरिकाले चीनलाई घेर्ने योजनामुताविक नेपाललाई आधार बनाउन खोजिरहेको छ भन्ने दावी माओवादीले निरन्तर गर्दै आएका छन् । सेप्टेम्बर ९/११ को घट्नापछि अफगानिस्तान र मध्य एशियामा अमेरिकी सैन्य बलको तैनाथिपछि साँच्चै एउटा रणनैतिक घेरा खडा हुन पुगेको छ, जुन पूर्व, दक्षिणपूर्व तथा मध्य एशियासम्म फैलिएको छ । नेपालमा पनि सैनिक आधार हुनु पक्कै अमेरिकाको सामरिक स्वार्थविपरीत हुने छैन । अमेरिकी राजदूतले गत वैशाख २० गते एक सार्वजनिक कार्यक्रममै आफूहरूले नेपालमा सैनिक आधार स्थापना गर्न नखोजेको बताए । तर चालीस वर्षअघि नेपालको हिमाली बेल्टमा अमेरिकाकै सीआईएले तिब्बती खम्पाहरूको क्याम्प खडा गरेर चीनविरूद्ध कार्वाही गर्न खोजेको घट्ना धेरैले बिर्सन सकेका छैनन् ।

अमेरिकी सरकारले नेपालजस्तो सानो देशको अत्याधिक चासो लिनुको र यहाँ आउनुको मुख्य कारण भने चीन नै देखिन्छ, जुन अबको १५/२० वर्षमा अमेरिकालाई पनि उछिन्ने आर्थिक महाशक्ति बनेर उदाउने टड्कारो संभावना छ । अमेरिकी रक्षा मन्त्रालयका दस्तावेज हेर्दा– नेपाल अब अमेरिकाको निम्ति अर्को महाशक्तिको उदय हुन नदिन भूमिका खेल्ने हिसावले ज्यादै महत्वको रणनीतिक विन्दु हुन पुगेको छ । अमेरिकी मूल्यांकनमा अर्को महाशक्ति हुनसक्ने देश- चीन, रूस र भारत हुन् । नेपाल त्यसको केन्द्रमा पर्छ ।

अमेरिका र भारतबाहेक नेपालमा भूमिका खेल्न सक्ने तेस्रो अन्तर्राष्ट्रिय खेलाडी चीन अहिलेसम्म निदाएजस्तै देखिन्छ, जुन उसको पुरानै शैली हो । चीनले नेपालका विद्रोहीलाई 'माओवादी' वा 'आतंककारी' नभनी 'सरकारविरोधी समूह' भन्ने गरेको छ । र, सो समूहले आफ्ना अध्यक्ष माओको नामको दुरूपयोग गरेको तिनको भनाइ छ । यसबाहेक चीनले प्रकट रूपमा आफ्नो भूमिका देखाएको छैन । सम्भवतः माओवादी एपिसोडको निर्णायक घडी नआउञ्जेलसम्म उसको मौनता तोडिने पनि छैन । ❑

एम्नेष्टीको रिपोर्ट

# ब्यारेकमा दुई किशोरीको जघन्य बलात्कार

▶ विनोद ढुंगेल

**विश्वप्रसिद्ध** अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एम्नेष्टी इन्टरनेशनलले शाही नेपाली सेनाका अधिकारीहरूको संलग्नतामा भएको बलात्कारको एउटा गम्भीर अपराधलाई चासोका साथ अध्ययन र अनुगमन गरिरहेको बेला नेपालका प्रमुख राजनीतिक दलहरू पनि त्यसबाट ध्यानाकृष्ट भएका छन् । प्रतिगमनका विरूद्ध 'शान्तिपूर्ण संयुक्त आन्दोलन'का कार्यक्रमहरू गर्ने निष्कर्ष निकालेर समापन भएको माघ ८ गतेको संयुक्त बैठकमा ती प्रमुख दलका शीर्षस्थ नेताहरूले लिखित रूपमा नै सो ध्यानाकर्षणलाई सार्वजनिक गरे । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल, जनमोर्चाका अध्यक्ष अमिक शेरचन र नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले जारी गर्नुभएको संयुक्त प्रेस-वक्तव्यमार्फत् सरकारी सुरक्षाकर्मीद्वारा निर्दोष र निहत्था जनतालाई मार्ने, पक्राउ गर्ने, महिलाहरूलाई बलात्कार गर्ने, निर्दोष व्यक्तिहरूलाई गिरफ्तार गर्नेलगायत नागरिकका मानवअधिकारहरू हनन् गर्नेजस्ता घटनाहरूको निन्दा गर्दै सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउने काम भयो । कुनै घटना विशेषलाई किटेर उल्लेख नगरिएपनि सो वक्तव्यले बाँकेको चिसापानी सैनिक व्यारेकमा भएको एउटा चर्चित बलात्कारको घटनालाई सम्बोधन गरेको छ ।

गत असारको मध्यतिर नेपालगंजका दुई मुस्लिम किशोरीहरूमाथि भएको बलात्कारको सो घटना पुस ४ गते एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन सार्वजनिक भएपछि मात्रै विश्वभर एकसाथ सार्वजनिक हुन पुगेको थियो र बीबीसी टेलिभिजनले पनि सोही दिन दक्षिणाली दर्शकहरूलाई त्यसबारे समाचार दिएको थियो । घटना विवरण अनुसार, नेपालगंज- ३, मट्टीटोल निवासी मजित मनियारलाई २०५८ चैत २ गते राती शाही नेपाली सेनाको चिसापानी व्यारेकका करिब ३० जनाको सुरक्षा फौजले सुतिरहेको अवस्थामा गिरफ्तार गरेको थियो । तर तस्करीको आरोपमा गिरफ्तार गरिएका मजितलाई व्यारेकमा ३ महिना १० दिनसम्म थुनामा राखी यातना दिइयो । त्यसपछि १८ लाख रूपियाँ तिर्ने सहमतिमा २०५९ असार ११ गते छाडियो । एम्नेष्टीको प्रतिवेदनअनुसार क्याप्टेन रमेश स्वाँर उनको घरमै आएपछि मजितकी श्रीमतीले आफ्ना गहनाहरू स्थानीय "पोरावर ज्वेलरी"मा बेचेर र आफन्तहरूसँग मागेर ७ लाख बुझाएको उल्लेख छ । बाँकी ११ लाख रूपियाँ एक हप्ताभित्र सेनालाई बुझाउनुपर्ने शर्त भए पनि मजितले रकम जम्मा गर्न सकेनन् । फलतः पुनः पक्राउ र यातनाको डरले उनी २०५९ असार १५ गते भारततर्फ भागे ।

कबुलअनुसारको रकम असुल गर्ने सुरले करिब १५ जनाको टोलीसहित क्याप्टेन स्वाँर असार १७ गते मजितकोमा आए । तर मजित थिएनन् । त्यसपछि रिसको झोंकमा पैसाको सट्टा मजितकी १८ वर्षीया छोरी तबसुम मनियार र १६ वर्षीया भतिजी तरनुम मनियारलाई गिरफ्तार उनले गरे । ती किशोरीहरू लुक्ने प्रयासमा त थिए, तर भाग्न सकेनन् । एम्नेष्टीका अनुसार स्वाँरले तरनुमलाई आफ्नो गाडीमा आफैसँग राखे भने तबसुमलाई अरू सैनिकहरूसँग अर्को गाडीमा राखियो । उनीहरूलाई चिसापानी व्यारेक पुऱ्याउञ्जेलसम्म पनि क्याप्टेन स्वाँरले मजित भागेको कारणले उनीहरूलाई पक्राउ गर्नु परेको बताइरहेका थिए । व्यारेक पुऱ्याएपछि उनीहरूलाई घरको छतमा सुत्न भनियो, कम्बलहरू दिइयो र विहान भएपछि कफी दिइयो । क्याप्टेन स्वाँर मजित भागेकोले

## सेना र एम्नेष्टीका दावीहरूबीच टक्कर

मात्र उनीहरूलाई ल्याइएको बताउँदै पीर नमान्न भन्दै थिए । १८ गते उनीहरूलाई दिनभरि एउटा कोठाभित्र बन्द गरियो, मजितलाई पनि त्यही कोठामा थुनिएको कुरा उनीहरूलाई बताइयो । दिउँसो उनीहरूलाई खान दिइयो । राती ९ बजेतिर एक सैनिक आएर सरले बोलाउनु भएको छ भन्दै तरनुमलाई लिएर गए । उनलाई क्याप्टेन स्वाँरको कोठामा लगियो, जहाँ उनी बियर लिएर बसिरहेका थिए । क्याप्टेन स्वाँरले तरनुमले आफ्ना काकाको गल्तीको मूल्य चुकाउनु पर्ने बताए । तरनुम कराइन् र आफू निर्दोष भएको बताइन् । तर स्वाँरले यदि जीवनको पर्वाह छ भने सबै आदेश मान्न उनलाई चेतावनी दिए । एम्नेष्टीको प्रतिवेदनमा उल्लेख छ- उनी भन्छिन्, त्यसपछि उसले उनलाई बलात्कार गऱ्यो ।

'बलात्कृत भइसकेपछि पनि तरनुम कराइन्, तसर्थ उनलाई हिरासत कोठामै फिर्ता गरियो । त्यही बेला तबसुमलाई अर्का अधिकारी भएतिर लगियो, जसलाई सैनिक क्याम्पका सबैले 'साहेब' भनेर बोलाउँथे । उनलाई पनि बलात्कार गरियो । हिरासत कोठामा फर्काइयो । उनीहरू दुवैलाई चुपचाप बस्न धम्की दिइएको थियो' एम्नेष्टीको प्रतिवेदनमा उल्लेख छ ।

'अढाई घण्टापछि तरनुमलाई पुनः क्याप्टेन रमेश स्वाँरको कोठामा लगियो । क्याप्टेनले उनलाई दाँत माझ्ने एउटा ब्रश र तौलिया दिए । नुहाउन लगाए । उनले त्यसै गरिन् । त्यसपछि उनी पुनः बलात्कृत भइन् ।' एम्नेष्टी भन्छ- 'क्याप्टेन रमेश स्वाँरले उनलाई त्यसै रात तीनपटक बलात्कार गऱ्यो । बिहान ५ बजेतिर उनलाई लुगा लगाउन लगाइयो र हिरासत कोठामा पठाइयो ।'

'बलात्कारका कारण तरनुमको नराम्ररी रक्त श्राव भइरहेको थियो । तबसुम पनि विरामी भएको महसूस गर्दै थिइन् । दुवैजना निकै कमजोर भएको महसूस गर्दै थिए । रमेश स्वाँर उनीहरूका बाबु र काकाको बदलास्वरूप मात्र उनीहरूलाई बलात्कार गरिएको बताउँदै थिए । कसैलाई नभन्ने भए रिहा गरिदिने पनि उनले बताए । यदि उनीहरूले कसैलाई भनेमा फेरि समातिने, बलात्कार गरिने र मारिने धम्की दिइयो । उनीहरूले ठाउँ छोडे नछोडेको र कसैलाई भने नभनेको पक्का गर्न हरेक हप्ता उनले हेर्दै गर्ने पनि उनीहरूलाई बताए ।' एम्नेष्टी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा अगाडि भनेको छ- "तरनुमको नराम्ररी रक्तस्राव भइरहेकै थियो । दिउँसो ३ बजेतिर क्याप्टेन रमेश स्वाँरले उनीहरूलाई गाडीमा राखे र नेपालगंज बजार पुऱ्याए । भोलिपल्ट तरनुमलाई नेपालगंजकै एक चिकित्सककहाँ लगियो र रक्तस्राव रोकिने औषधि दिइयो । तर उनले चिकित्सकलाई आफू बलात्कृत भएको बताइनन् ।"

पक्राउ गरिएको ठाउँ आफ्नै घरमा जान डराएका ती किशोरीहरूले आफ्ना एक नातेदारकहाँ टेलिफोन गरे र त्यहीं गए । प्राप्त जानकारीअनुसार उनकी काकीले गोप्य रूपमै चिकित्सककहाँ लगेर रजस्वलामा अत्याधिक रक्तश्राव भएको बताएर उपचार गराएकी थिइन् । परिवारका सदस्यले सो घटनाको जानकारी एक स्थानीय राजनैतिक नेता र नेपालगंज नगरपालिकाका प्रमुखलाई गराए । त्यसपछि भदौ ९ गते एक मानवअधिकार संस्थालाई थाहा दिइएपछि असोजमा उनीहरू र केही समाजशास्त्रीहरूले ती किशोरीहरूलाई भेटे । असोजमै एम्नेष्टीको अन्तर्राष्ट्रिय सचिवालयका दुईजना प्रतिनिधि नेपाल आएका थिए । गत कार्तिक २० गते भाइटीकाको दिन एम्नेष्टीले सो घटनाबारे सेनाको ध्यानाकर्षण गरायो । एम्नेष्टीका अनुसार, "तर केही कारवाही गरिएको थाहा छैन ।" त्यसपछि बीबीसीका प्रतिनिधि ड्यानियल ल्याकले मंसीरमा ती किशोरीहरूको अन्तरवार्ता लिए र पुस ४ गते एम्नेष्टीको प्रतिवेदन सार्वजनिक भएकै दिन प्रसारण गरे । ती दुई किशोरी सैनिक व्यारेकमा

बलात्कृत भएको घटना बीबीसीले पीडितहरूसँगको कुराकानीसहित पटक-पटक प्रसारण गरेपछि थप बिग्रिएको सेनाको छवि जोगाउन केही सैनिक अधिकारीहरू संलग्न भए । त्यस क्रममा उनीहरूले बलात्कार भएको भन्ने कुराको खण्डन गराउन पीडित र उनीहरूको परिवारका सदस्यहरूलाई दवाव दिनथाले । नेपाली पत्र-पत्रिकाहरूले पनि एम्नेष्टीको प्रतिवेदनका आधारमा सो घटना सार्वजनिक गर्न थालेपछि दवावको प्रकृया तीव्र हुन पुगेको थियो ।

'नेपालमा गहिरिंदो मानवअधिकारको संकट' शीर्षकमा प्रकाशित एम्नेष्टीको प्रतिवेदनमा उल्लेखित घटनालाई पीडित तथा तिनका परिवारकै मुखबाट खण्डन गराउने क्रममा क्याप्टेन स्वाँरले केही स्थानीय व्यक्तिहरूसमेतको साथ लिएका थिए र सार्वजनिक भएको घटना झुठ्ठा हो भनेर वक्तव्य नदिएमा सम्पूर्ण परिवारका विरूद्ध थप कारवाही गर्ने चेतावनी पुस ७ गते दिएका थिए । सेनाको डरले असारदेखि नै लुकेर बसेका तबसुमका बाबु मजित मनियारले छिमेकमा फोन गरेर भाइ कमाल सिद्धिकीलाई परिवारको बारेमा सोधे । तर कमालकै घरमा रहेका स्वाँर आफैं फोनमा गएर धम्क्याएपछि मजित नियमित फोन गर्ने ठाउँबाट पनि बेपत्ता भए ।

स्वाँरलाई साथ दिने व्यक्तिहरूले पनि पीडितको घरमा पुगेर सैनिकले भनेको नमाने मारिनु पर्नसक्ने चेतावनी दिइरहेका थिए । यसरी सम्पूर्ण परिवार नै आतंकित भइरहेको बेला मजितले फेरि भाइ कमाललाई फोन गरे । त्यतिबेला कमालले खण्डन गर्नु वा मर्नु विकल्प नरहेको अत्यधिक दवावको स्थिति सुनाउँदै दाइलाई भने- "विष खाएर आत्महत्या गर्ने योजना बनाएको छु ।" सोही दिन एम्नेष्टीले ती घटनाहरूलाई नजिकैबाट अनुगमन गरिरहेको जनाउँदै प्रेस-विज्ञप्ति जारी गऱ्यो । एम्नेष्टीले सो विज्ञप्तिमार्फत् नेपाली अधिकारीहरूलाई पीडित, उनीहरूको परिवार एवं साक्षीहरूको बचाउ र सुरक्षाको सुनिश्चितताको माग गर्दै उनीहरूलाई कुनै पनि प्रकारको दवाव नदिन आह्वान गऱ्यो । यसलाई लिएर नेपाली सञ्चार माध्यममा थप समाचारहरू प्रकाशित भएपछि पुस ९ गते थप नाटकीय घटनाहरू भए ।

सो दिन सैनिक अधिकारीहरू एम्नेष्टीको प्रतिवेदनलाई पीडितहरूकै मुखबाट खण्डन गराउन सफल भए । समाचार स्रोतहरूबाट प्राप्त जानकारीअनुसार सो दिन चिसापानी व्यारेकका मेजर अजित थापा र क्याप्टेन स्वाँर पीडितहरूको घरमा पुगे र इस्लाम धर्मअनुसार पनि त्यस प्रकारका कुराहरू सार्वजनिक गर्न नहुने बताएर बयान फेर्न दवाव दिए । सो कुराको खण्डन नगरे 'अत्यन्तै नराम्रो परिणाम' भोग्नुपर्ने जस्ता निरन्तर दवावहरूलाई सहन नसकी कमाल एकजना साथी दिवाकर थापाको घरमा लुक्न पुगेका थिए । तर क्याप्टेन स्वाँरसँग भने उनले खानाको लागि रकम नभएकोले ५ सय रूपियाँ माग्न गएको बताए । क्याप्टेन स्वाँरले 'जे कुरा चाहिएको भए पनि पहिले नै मलाई भने हुन्थ्यो' भनेर ५ सय रूपियाँ कमाललाई दिए । सोही दिन मेजर थापा, क्याप्टेन स्वाँर, टेलिभिजन खिच्ने व्यक्तिहरू र दुई जना स्थानीय व्यक्तिहरूले पीडितको घरमै अन्तरवार्ता लिए । केही समयपछि केही स्थानीय मानवअधिकारवादी संस्थाका कार्यकर्ता र पत्रकारहरू त्यहाँ पुग्दा पीडितहरूले बयान फेर्न बाध्य भएको जानकारी दिएका थिए र, त्यसपछि त्यहाँ पुगेको पत्रकार टोलीलाई भने पीडितहरूले सैनिक व्यारेकमा उनीहरूमाथि 'बेटी समान' व्यवहार भएको झूठो बयान दिए, जति बेला सशस्त्र सुरक्षाकर्मीहरू त्यहीं थिए । ती पत्रकारहरूलाई पनि सेनाले नै भेला गराई पीडितको घरसम्म लगेको थियो । त्यहाँबाट सुरक्षाकर्मीहरू हिंडेपछि पनि थप केही कुरा खोल्न नचाहेका पीडित परिवारका सदस्यहरू संचारकर्मीहरूसँग रोएका थिए । सो दिन पत्रकारहरूसँग उनीहरूले एम्नेष्टीको प्रतिवेदनलाई झूठोमात्रै भनेनन्, कुनै पनि मानवअधिकारवादी संस्था उनीहरूसँग भेट्नै नआएको समेत बताए ।

सोही दिनमा राष्ट्रिय मानवअधिकार आयोगले एक प्रेस-वक्तव्य जारी गरी एम्नेष्टीको प्रतिवेदनप्रति आयोगको ध्यानाकर्षण भएको उल्लेख गर्दै सो सम्बन्धमा अनुसन्धान गरी दोषीलाई कारवाही गर्न सरकारसँग माग गऱ्यो । वक्तव्यमा आयोगको ध्यान विशेष गरी चिसापानी व्यारेकमा बलात्कार गरिएका दुई केटीहरूको घटनाप्रति गएको उल्लेख गर्दै आरोपितहरूलाई गरिएको कारवाही एवं पीडित, उनीहरूको परिवार र साक्षीहरूलाई दिइएको संरक्षणका सम्बन्धमा चालिएका कदमहरूबारे आयोगलाई जानकारी गराउन आग्रह गरिएको उल्लेख छ ।

**ती दुई किशोरी सैनिक ब्यारेकमा बलात्कृत भएको घटना बीबीसीले पीडितहरूसँगको कुराकानीसहित पटक-पटक प्रसारण गरेपछि थप बिग्रिएको सेनाको छवि जोगाउन केही सैनिक अधिकारीहरू संलग्न भए**

आयोगले 'कारवाही गर्ने सम्बन्धमा' रक्षा मन्त्रालयलाई लेखेको तीन बूँदे पत्रमा 'बाँके जिल्लाको चिसापानी व्यारेकभित्रको बलात्कारको घटनामा संलग्न भएको भनिएका क्याप्टेन रमेश स्वाँर र त्यस व्यारेकका जिम्मेवार व्यक्ति अजित थापालाई के-कस्तो कार्वाही अघि बढाइएको छ, सो सम्बन्धमा तीन हप्ताभित्र आयोगमा जानकारी गराउन' अनुरोध गरिएको छ । तर तीन हप्ता बित्दासम्म पनि आयोगलाई त्यससम्बन्धी कुनै जानकारी नगराइएको आयोग स्रोतबाट बुझिएको छ । आयोगले एम्नेष्टीको प्रतिवेदनमा उल्लेख गरिएका पीडित, तिनका परिवार तथा साक्षीहरूलाई सताउने कार्य नगर्न र उनीहरूको संरक्षणको प्रत्याभूति गर्न मन्त्रालयमार्फत् सेनाको संगठनमा जानकारी प्रवाहित गर्नसमेत अनुरोध गरेको थियो । तर पीडितहरूमाथिको मानसिक दमन कायमै राखिएको थाहा भएको छ ।

पीडितहरूको बयान फेरिएकै दिन सो घटनाप्रति आकृष्ट हुँदै एम्नेष्टीले अर्को प्रेस-विज्ञप्ति जारी गऱ्यो । 'रक्षा मन्त्रीसमेत रहनुभएका प्रधानमन्त्रीलाई ती केटीहरू तथा तिनका परिवारको संरक्षणका निम्ति तुरून्त कदम चाल्न आह्वान गर्दछौं' विज्ञप्तिमा भनिएको छ । एम्नेष्टीले घटनाको अनुसन्धान गर्न र सो कार्य पूरा नभएसम्म आरोपितहरूलाई निलम्बन गर्नसमेत आह्वान गऱ्यो । साथै, सेना प्रमुखलाई समेत एक सन्देश पठाउँदै केटीहरूलाई धम्क्याउने कार्य बन्द गर्न र उनीहरूको मानवअधिकारको संरक्षण गर्न एम्नेष्टीले आग्रह गरेको थियो । तर न आरोपितहरूलाई निलम्बन गरिएको छ, न त पीडितहरूमाथि दवाव घटाइएको छ ।

त्यसको भोलिपल्ट पुस १० गते मेजर थापा, क्याप्टेन स्वाँरलगायत तीनजना सैनिक अधिकारीहरू सादा पोशाकमा स्थानीय मस्जिदमा पुगे र कमाललाई बोलाए । त्यस दिन उनीहरूले कमालसँग विगतमा गल्ती भएको स्वीकार्दै त्यसलाई बिर्सन र मिली बस्न प्रस्ताव राखे । उनीहरूले मजितलाई कुनै कारवाही नगर्न, परिवारसँग मिलेर बस्न पाउने र उनीहरूको सम्पूर्ण सुरक्षा सेनाले गर्ने तथा पहिला लिएको ७ लाख रूपियाँ फिर्ता गर्नेसम्मको प्रस्ताव राखेपछि कमाल पनि बयान फेर्न सहमत भए ।

सोअनुसार कमाल उनका भाइ मजित लुकेको ठाउँमा भोलिपल्टै पुगे । उनीहरूले यो घटनामा निरन्तर सम्पर्कमा रहेको मानवअधिकार संस्थालाई फोन सम्पर्क गरी सैनिक दवावको बारेमा जानकारी दिए । उनीहरूले दिएको सो जानकारीअनुसार उनीहरू त्यसै दिन नेपालगंज फर्किनुपर्थ्यो र मजितले सेनाद्वारा उनलाई केही गरेको भनाइ सार्वजनिक गर्नुपर्थ्यो । 'बाँचनका लागि' त्यसो गर्नुको विकल्प नरहेको गुनासो उनले गरेको पनि बुझिएको छ ।

अन्ततः एम्नेष्टीको प्रतिवेदनमा आएको घटना र आरोप अस्वीकार गर्दै पुस ११ गते शाही नेपाली सेनाले पत्रकार सम्मेलनको आयोजना गऱ्यो । त्यहाँ सेनाले पीडितसँगको अन्तरवार्ताको भिडिओ टेप देखाएर उनीहरूले नै घटना नभएको बताएका बयानका आधारमा बलात्कारको आरोप झूठो भएको दावी गऱ्यो । आधा घण्टा जतिको सो भिडिओ टेपमा तबसुम, उनको परिवारका केही सदस्य तथा नाम र अनुहार नखुलाएका एक सामाजिक कार्यकर्ताले बलात्कारको घटना नभएको बताएका थिए । सो पत्रकार सम्मेलनमा सेनाको मानवअधिकार सेलका संयोजक उपरथी बीएकुमार शर्माले सो आरोपका सम्बन्धमा छानबीन गर्न सेनाको महासेनानी स्तरका अधिकृतको संयोजकत्वमा एक उच्चस्तरीय छानवीन टोली गठन गरेको र त्यसले छिट्टै काम पूरा गर्ने जानकारी दिनुभयो ।

तर पहिले 'आरोप अस्वीकार'को जगमा खडा गरिएको सेनाको 'छानवीन' माथि तुरून्तै प्रश्न उठ्यो । सर्वसाधारणउपर सैनिक सुरक्षा निकायद्वारा घटाइएको घटनाको छानवीन स्वयं आरोपित व्यक्तबाट हुन सक्दैन भन्दै एडभोकेसी फोरमका अग्नि खरेल, इन्सेकका सुबोध प्याकुरेल, नेपाल बार एशोसेशनका सिन्धुनाथ प्याकुरेल, सिभिक्टका डा. भोगेन्द्र शर्मा, नेपाल ग्रामीण पुनर्निर्माण संस्थाका अर्जुन कार्की, सिविनका गौरी प्रधान, इन्हुरेडका डा. गोपालकृष्ण शिवाकोटी, महिला पुनरस्थापना

केन्द्रकी ज्योति पौडेल, मानवअधिकार संचार प्रतिष्ठानकी शोभा गौतम र पूर्व सभामुख दमननाथ ढुंगानाले एक संयुक्त प्रेस-विज्ञप्तिमार्फत् भोलिपल्टै विरोध जनाउनुभयो । बालात्कारजस्तो गम्भीर घटनामा पीडित महिलाहरूले सुरक्षा निकायसमक्ष बयान गर्ने कुरा कुनै पनि ढंगले न्यायसंगत हुन सक्दैन । उहाँहरूले भन्नुभयो- 'तसर्थ उक्त घटनाको निष्पक्ष छानवीनको लागि उच्चस्तरीय स्वतन्त्र र निष्पक्ष छानवीन आयोग अविलम्ब गठन गर्न माग गर्दछौं ।' सो छानवीनलाई निष्पक्ष र सहज बनाउनका लागि घटनामा संलग्न सैनिकहरूलाई तत्काल निलम्बन गर्नुपर्ने मागसमेत उहाँहरूले गर्नुभएको छ ।

तर त्यसपछि पीडितमाथि थप निगरानी राख्ने कामहरू भए । तबसुमका बाबु मजितलाई त सेनाबाहेक कसैसँग भेट गर्न दिइएन । पीडितहरूमाथि योजनाबद्ध पीडा थपियो । उता पुस १५ गते एम्नेष्टीले पीडितहरूलाई सेनाले दवाव दिएर टीभी क्यामराअगाडि बलात्कारको घटनालाई खण्डन गर्दै बयान दिन लगाएको, राष्ट्रिय टेलिभिजन प्रसारणबाट तीन पटक त्यो 'फुटेज'प्रसारण गरेकोसमेत उल्लेख गर्दै वरिष्ठ अधिकारीहरू नै एम्नेष्टीको प्रतिवेदनलाई अपमानित गर्ने र सेनाले केटीहरूमाथि गरेको व्यवहारको बारेमा प्रचार गराउने काममा संलग्न भएको देखिएको टिप्पणी गर्‍यो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, प्रधानसेनापति प्यारजंग थापा र राष्ट्रिय सुरक्षा परिषद्का सचिव रूक्माङ्गत कटुवाललाई पठाइएको र नेपालमा रहेका कुटनीतिक प्रतिनिधिहरूलाई बोधार्थसमेत दिइएको सो पत्रमा पुस ९ गते प्रधान सेनापतिलाई पठाइएको पत्रको कुनै जवाफ नपाएको भए पनि सेनाको मानवअधिकार सेल अनुसन्धानको निम्ति घटना स्थलतर्फ गइसकेको अपेक्षा उल्लेख छ । दुईवटा सिफारिससमेत गरिएको सो पत्रमा एम्नेष्टीले भोलिपल्ट अर्थात् पुस १६ गतेको एउटा सार्वजनिक सुनुवाई कार्यक्रम रोक्ने अपेक्षा पनि देखिन्थ्यो ।

"बाँकेका प्रमुख जिल्ला अधिकारीले नागरिक समाजका स्थानीय नेताहरूको एउटा सार्वजनिक भेलामा उपस्थित हुन केटीहरू र तिनका बाबुलाई आदेश दिएका छन् ।" एम्नेष्टीले सो पत्रमा भनेको थियो- "भेलाका क्रममा स्थानीय समुदायका अगाडि केटीहरूले उनीहरूमाथि बलात्कार भएको कुराको प्रतिवाद गर्ने अनुमान छ ।" वास्तवमा त्यस्तै भयो । कथित सार्वजनिक सुनुवाइको नाममा पीडितहरूलाई अनावश्यक सार्वजनिक गरी बालात्कार भएको होइन भनी प्रमुख जिल्ला अधिकारीको कार्यालयमा सेना र प्रजिअको रोहवरमा पत्रकारहरूसँग बयान गर्न लगाएको सो घटनालाई मानवअधिकार संस्थाहरूले औपचारिक रूपमै विरोध गरे । "सरकारले पीडित तथा पीडितका परिवार, पत्रकार र मानव अधिकारकर्मीहरूलाई नै धम्क्याउने, डर, त्रास देखाउने काम, गरी पीडितहरूबाट सो घटना घटेको होइन भन्न जबर्जस्ती लगाउने काम गरी अपराध र अपराधीको संरक्षण गरिरहेको छ" भन्ने कुराको 'घीनलाग्दो उदाहरण'को रूपमा सार्वजनिक सुनुवाइ चित्रित हुन पुग्यो ।

सोही मानव अधिकारवादीहरूले प्रधानमन्त्रीलाई भेटी सो घटनाको छानवीन गर्न 'उच्चस्तरीय, निष्पक्ष र स्वतन्त्र छानवीन टोली' गठन गर्न ज्ञापन-पत्र दिए । सोही दिन महिलासँग सम्बन्धित विषय भएकोले एड्भोकेसी फोरमकी मन्दिरा शर्मा र मानवअधिकार संचार प्रतिष्ठानकी शोभा गौतमसमेतले नागरिक समाजका तर्फबाट सो घटनाको अनुसन्धान गर्ने निर्णय भयो । तर पीडितहरूको आतंकित मनस्थितिका कारण त्यो काम सहज हुन नसकेको जानकारी शर्माले दिनुभयो । उहाँले *मूल्यांकन*सँग भन्नुभयो- 'हामीले सबै मानवअधिकार संस्थाको तर्फबाट तयार पार्ने प्रतिवेदन सार्वजनिक हुनेछ ।' प्रधानमन्त्री चन्द पनि सो प्रतिवेदनमाथि 'विचार गर्ने कुरामा सहमत' हुनुभएको जानकारी प्रतिनिधिमण्डलका सदस्यहरूले दिएका छन् ।

त्यसको एक हप्तापछि सशक्त र प्रभावकारी पहलको निम्ति मानवअधिकार संस्थाहरूले प्रमुख राजनीतिक दलहरूलाई एउटा ज्ञापन-पत्र बुझाए । नेपाली कांग्रेस, एमाले, जनमोर्चा, नेमकिपा, राप्रपा र सद्भावना पार्टीलाई बुझाइएको सो पत्रमा त्यस्ता

> **शाही नेपाली सेनाको गौरवशाली छविलाई बलात्कारजस्तो जघन्य अभियोगबाट मुक्त गर्न दोषी सैनिक अधिकृतहरूलाई कारवाही गर्ने कुरामा अन्यथा नहोला भनेर विचार गर्ने हो भने पनि केही कदमहरू तत्काल थालिनु जरूरी हुन्थ्यो**

घटनाका सम्बन्धमा राजनैतिक दलहरूसमेत मौन रहनुले शक्तिको आडमा जस्ता अपराध पनि लुकाउन-छिपाउन सकिन्छ भन्ने मनोविज्ञान शक्तिहरूमा बढ्दै गइरहेको' उल्लेख छ । 'जिम्मेवार राजनैतिक दलहरूले जबसम्म राजनैतिक मुद्दाका रूपमा यस्ता कुराहरू उठाउन सक्दैनन्, मुलुकमा मानवअधिकार उल्लंघनका यस्ता घटनाको श्रृखला दोहोरिइनै रहन्छ ।' सो घटनालाई 'अपराधिक, निन्दनीय, दर्दनाक र पाशविक' भनिएको सो ज्ञापन-पत्रमा उल्लेख छ । सम्भवतः त्यसको पनि केही प्रभाव हुनुपर्छ, माघ ८ गतेको संयुक्त विज्ञप्तिमा शीर्षस्थ नेताहरूद्वारा नै सुरक्षाकर्मीद्वारा महिलाहरूलाई बलात्कार गर्ने सन्दर्भको उठान ।

राजनीतिक दलहरूलाई मानवअधिकार संस्थाहरूले बुझाएको ज्ञापन-पत्रमा 'नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा भएको व्यवस्थाअनुसार यस्ता घटनाको छानवीन गर्न सरकारले निष्पक्ष र स्वतन्त्र आयोग गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था' भएको स्मरण गराइएको छ । तर त्यस्तो आयोग गठन गर्नेतर्फ सरकारी चासो देखिएको छैन ।

यस अलावा पनि केही सवालहरू उठेका छन् । सेनाभित्रैबाट गठन गरिएको समितिले कस्तो प्रतिवेदन देला, त्यो त हेर्न बाँकी नै छ । शाही नेपाली सेनाको गौरवशाली छविलाई बलात्कारजस्तो जघन्य अभियोगबाट मुक्त गर्न दोषी सैनिक अधिकृतहरूलाई कारवाही गर्ने कुरामा अन्यथा नहोला भनेर विचार गर्ने हो भने पनि केही कदमहरू तत्काल थालिनु जरूरी हुन्थ्यो । सर्वप्रथम त विवादित अधिकारीहरूलाई निलम्बन गरी छानवीन शुरू गरिएमा छानवीन कार्यमा सहजता आउने थियो भने पीडितहरूमाथि परिरहेको निरन्तर दवाव पनि बाँकी रहने थिएन ।

त्यसबाहेक, उल्लेख्य के छ भने, छानवीनको कार्य नै खण्डनबाट शुरू गरिएको छ । एम्नेष्टीको प्रतिवेदनमा प्रकाशित दुई किशोरीहरूमाथिको ज्यादतीको सवाललाई पहिल्यै नकारेजसरी शुरू भएको छानवीनमाथि मानवअधिकारवादी र नागरिक समाजले प्रश्न उठाउनु नाजायज होइन ।

मजितले गरेको गल्तीको भागीदार उनका छोरी भतिजी हुनुपर्ने कुरा किमार्थ न्यायसंगत हुँदैन । यसलाई कानून र मानवअधिकार क्षेत्रले विरोध जनाएको छ । यद्यपि '६ दिनमा आउनुपर्ने व्यक्ति नआई बोर्डर पार गरिसकेको भन्ने थाहा भएपछि ऊ आउँछ कि र अनुसन्धानमा सहयोग होला कि भनेर ती केटीहरूलाई लैजानु परेको' तर्क पुस ११ गतेको पत्रकार सम्मेलनमा शाही नेपाली सेनाको मानवअधिकार सेलका संयोजक उपरथी बीएकुमार शर्माले गर्नुभएको थियो ।

बलात्कार गरेको सन्दर्भ अनुसन्धानकै विषय भएकोले प्रतिवेदन पर्खिने हो भने पनि मजित तथा किशोरीहरूलाई पक्राउ गरेको कुरा सेनाले स्वीकारेको छ । पक्राउ गरेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था न मजितको तीन महिनाभन्दा लामो थुनाको अवधिमा, न त उनका छोरी भतिजीकै हकमा पूरा गरेको दावी सेनाले गरेको छ ।

हिरासतभित्रको बलात्कार यातना हो भन्ने कुरा यातनाविरूद्धको महासन्धि, जसलाई नेपालले समेत अनुमोदन गरिसकेको छ- ले परिभाषित गरिसकेको अवस्थामा यसको विश्वव्यापी क्षेत्राधिकारका आधारमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पनि मुद्दा चल्नसक्छ । तसर्थ ती दिनहरू भोगेर नेपालको प्रतिष्ठा थप स्खलित हुन नदिनेतर्फ सजग हुनु जरूरी छ ।

सेनाले सर्वसाधारण नागरिकलाई यातना दिएको सम्बन्धमा सैनिक अदालत नभएर सामान्य अदालतले पनि न्याय निरूपण गर्नसक्छ भन्ने नजीर सर्वोच्च अदालतले करिव दुई वर्ष अघिमात्र स्थापित गरिदिएकोले पनि यस्ता मुद्दाहरू अन्तर्राष्ट्रिय अदालतसमक्ष पुग्ने स्थिति नआउने मार्ग प्रशस्त भइसकेको छ ।

मानवअधिकार सेल नै गठन गरेर नागरिक अधिकारको सम्मानको थालनी गरेको शाही नेपाली सेनाले राजनीतिक र नागरिक विश्वास आर्जन गरी छवि उजिल्याउने र सम्मान आर्जन गर्ने कुरामा आफ्नै अधिकारीहरूलाई पनि आवश्यक कारवाही गरी पीडितलाई क्षतिपूर्ति दिने कुरामा अविश्वास गर्न सकिँदैन । यस्ता घटनाहरूले आगामी दिनमा घट्न सक्ने अरू घटनालाई पनि प्रभाव पार्ने निश्चित छ । ❑

६ पेजको बाँकी

**■ अहिले भरखरै तपाईहरूले चारवटा पार्टीहरू मिलेर संयुक्त संघर्ष गर्ने निर्णय गर्नुभयो । यो संघर्ष कहिलेदेखि शुरू हुन्छ र यसको स्वरूप कस्तो हुन्छ ?**

- अहिले हामीले चार जनाको कार्य दल बनाएका छौं । त्यसले विषयहरूको बारेमा छलफल गर्छ, नीतिगत अवधारणापत्र तयार पार्छ र अरू शक्तिहरूको अवधारणा बुझ्ने काम पनि यस अवधिमा हुन्छ । माओवादीसँग हाम्रा एकता र भिन्नताका कुराहरू पनि छन् । सबभन्दा पहिले उनीहरू प्रजातन्त्रकै कुरामा आउनु पर्‍यो । अरू पार्टीहरूलाई निमिट्यान्न पार्न खोज्नेहरूसँग एकता हुन सक्दैन । जनताको सार्वभौमसत्ताभन्दा माओवादीको बन्दूकको सार्वभौमसत्ता हो भने हामी स्वीकार गर्दैनौं । राजाको पनि कुरा त्यही हो । राजाले बन्दूक देखाएर जे जे भन्छन्, त्यो मान्नै पर्ने कुरा हामीलाई स्वीकार छैन । पार्टीहरूलाई निषेध गरेर चालेको राजाको कदमलाई हामी मान्न तयार छैनौं । यी सबै न्यूनतम शर्त तय भएर राजनीतिक न्यूनतम सहमतिका आधारहरू खोजेर अगाडि बढ्ने काम हुन्छ । यसरी सहमत भएका विषयहरूलाई लिएर आन्दोलन अगाडि बढ्नेछ । र, त्यो आन्दोलन अझै व्यापक प्रजातन्त्र र त्यसको प्रक्रियालाई विस्तार गर्नको लागि सहयोगी हुनेछ । यो प्रजातन्त्र र जनताको हितमा हुनेछ । त्यसको निम्ति नेकपा एमालेको महाधिवेशन सकिएपछि हामी बसेर छलफल गर्नेछौं । र, संघर्षको टुंगो लगाउँछौं ।

**■ आन्दोलन कुन विन्दुसम्म चल्छ ?**

- मुद्दा तय भएपछि त्यो प्राप्त नभएसम्म आन्दोलन चल्छ ।

**■ यसअघि गत महिनाहरूमा आन्दोलन भइरहेको बेलामा तपाईहरूले राजासँग भेटघाट गरेपछि आन्दोलन तुहिएको इतिहास छ । कतै यस पटक पनि राजासँग भेटघाट भएर केही आश्वासन प्राप्त भयो भने फेरि आन्दोलन तुहिने त होइन ?**

- राजासँग भेटघाट गरेर आन्दोलन तुहियो भनेर मान्छेहरूले भन्न सक्छन् । तर हाम्रो आन्दोलन तुहिएको छैन अहिलेसम्म । हामीले प्रधानमन्त्रीको राजीनामा गराएरै छाडेका थियौं । अहिले पनि राजाको खोक्रो आश्वासनको भरमा आन्दोलन तुहिंदैन । ❑

प्रस्तुति : मुक्ता श्रेष्ठ

घटना र प्रवृत्ति



संयुक्त बैठकमा नारायणमान बिजुक्छे, माधव नेपाल र गिरिजा प्र. कोइराला

# संयुक्त आन्दोलनको खोजी


**राप्रपाले बैठकले चन्द सरकारसित आफ्नो असहमति व्यक्त गरे पनि असहमतिको एउटा पनि मुद्दा असोजको प्रतिगमनसित जोडिएको छैन । सरकारले राप्रपाका कार्यकर्ताहरूको हित नगरेको विषय नै प्रमुख रूपले सतहमा प्रकट भएका छन् ।**

**नेपालको** प्रजातान्त्रिक आन्दोलनमा लामो इतिहास भएको पार्टी नेपाली कांग्रेसको माघ ६ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकपछि संयुक्त जनआन्दोलनको गन्तव्यमा नयाँ दिशा र संभावनाहरु प्रकट भएका छन् । सो दिन पाँच घण्टा लामो समय लिएर गरिएका निर्णयहरुको केन्द्रीय कार्यसूची संयुक्त जनआन्दोलनको दिशामा अघि बढ्ने मर्मसित स्पष्ट गाँसिएका थिए । कांग्रेसको त्यो बैठकको लगत्तै नेपाली राजनीतिका चारवटा महत्वपूर्ण दलहरु समावेश भएको सर्वदलीय बैठकले साझा आन्दोलनको साझा अन्तरवस्तु निर्माण गर्न एउटा कार्यदल निर्माण गरेको छ । सो कार्यदलमा नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौला, नेकपा एमालेका सुवास नेम्वाङ, जनमोर्चाका नवराज सुवेदी र नेमकिपाका सुनिल प्रजापति रहनुभएको छ । सो समितिले चाँडै नै प्रतिगमनविरुद्ध सहमतिका साझा विषयहरुको संग्रह गर्दै भावी आन्दोलनको प्रकृति, नीति, अवधारणा र स्वरुप निर्माण गर्नेछ ।

संयुक्त जन-आन्दोलनको औचित्य र उपादेयतालाई लिएर धेरै अगाडिबाट नै नेपाली प्रजातान्त्रिक राजनीतिका पक्षपाती दलहरु सकारात्मक नदेखिएका चाहिं होइनन् । तर त्यसको गोरेटो र आयामबारे मूर्त आकार कतैबाट आएको थिएन । जनमोर्चा र नेमकिपाबाहेकका अरु ठूला दुई राष्ट्रिय राजनीतिक दलहरु आफ्नै अन्तरपार्टी व्यवस्थापनको मुद्दामा बढी गहिरिएका थिए । खासगरी नेपाली राजनीतिको एउटा ठूलो शक्ति नेकपा एमाले अझै पनि आफ्नो सातौं राष्ट्रिय महाधिवेशनको चपेटामा बढी केन्द्रित भइरहेको छ । तर नेपाली कांग्रेसको यो पछिल्लो बैठक र तत्परतापछि स्थितिमा आधारभूत परिवर्तनहरु देखापरेका हुन् । यसलाई नेपालमा अब हुने प्रतिगमनविरोधी संघर्षमा सकारात्मक घटनाका रुपमा लिन सकिन्छ ।

अबको संयुक्त आन्दोलनमा यी चारवटा राजनीतिक दलहरुबाहेकका राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीहरु समावेश हुने संभावना एकदमै क्षीण देखिएको छ । यसको मूल कारण ती दुवै दलहरुले गत असोज १८ गतेको प्रतिगामी शाही घोषणाको विषयमा ढुलमुल, आत्मसमर्पणवादी एवं अवसरवादी नीति लिएकोले नै हो । राप्रपाले आफ्नो चर्चित पोखरा महाधिवेशनदेखि नै नेपाली राजनीतिमा विकसित भएको 'असोजतन्त्र'लाई परोक्ष रुपमा समर्थन जनाउदै आएको छ । यसैबीच गत माघ ७ गतेको राप्रपाको बैठकले चन्द सरकारसित आफ्नो असहमति व्यक्त गरे पनि असहमतिको एउटा पनि मुद्दा असोजको प्रतिगमनसित जोडिएको छैन । सरकारले राप्रपाका कार्यकर्ताहरुको हित नगरेको, तथाकथित दौडाहा टोलीमा पार्टीको सिफारिसलाई लत्याइएको विषय नै प्रमुख रुपले सतहमा प्रकट भएका छन् । तर असली यथार्थ चाहिं त्योभन्दा पनि अझ अर्को छ । खासगरी राप्रपाका नवनिर्वाचित अध्यक्ष पशुपति शमशेर सत्ताको नयाँ खेल र महत्वाकांक्षामा सरिक हुनुहुन्छ भनेर प्रकाशित समाचारहरुले त्यो समूहको राजनीतिक दिशा आन्दोलनतर्फभन्दा अहिलेकै यथास्थितिमा शक्तिकेन्द्रको सहायक हुने दिशातिर अभिमुख छ भन्ने स्पष्ट संकेत गरेका छन् ।

नेपाल सद्भावना पार्टीमा यस किसिमको अवसरवादको अझ चर्को अभिव्यक्ति मुखरित भइरहेको छ । सो पार्टीले विद्यमान प्रतिगामी गन्तव्यमा आफूलाई सामेल गराएपछि आफ्ना सबै पूर्वस्थापित र सनातन कार्यसूचीहरु परित्याग गरिसकेको छ । दलको पुरानो हिन्दी प्रेम, नागरिकतासम्बन्धी चर्को राग एवं तराइवासीको उपेक्षाका कार्यसूचीहरु अध्यक्ष बद्रीप्रसाद मण्डलको उपप्रधानमन्त्रीत्वको सपथग्रहण सँगसँगै समाप्त भइसकेका छन्, तसर्थ पनि यो शक्ति संयुक्त जनआन्दोलनको पक्षमा आउने संभावना पूर्ण रुपले निसिद्ध हुन गएको हो ।



आयोजक जनमोर्चा नेपालको नेता अमिक शेरचन

असोज १८ को घटनाले सिर्जना गरेको निरंकुशतन्त्रतर्फको यात्रालाई रोक्न संयुक्त जन-आन्दोलन नै एकमात्र बाटो हो । यसो हुँदाहुँदै पनि अहिले समावेश राजनीतिक दलहरुले आन्दोलनको कार्यसूचीलाई आम जनताको सरोकारसित सफलतापूर्वक गाँस्न सकेको देखिंदैन । त्यसको कारण संयुक्त आन्दोलनको निम्ति जोडिएका चारवटा घटकमध्येका दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको विगतको व्यवहार पनि हो । विगत बाह्र वर्षमा सत्तामा रहँदा नेपाली कांग्रेसले सामाजिक रुपान्तरणको मुद्दालाई कहिल्यै पनि सार्थक रुपमा उठाउन सकेन । प्रारम्भदेखि नै त्यो आफूभित्रका चरम यथास्थितिवादीहरुको चंगुलमा फस्न पुग्यो । र, यस्तै स्थिति नेकपा एमालेको हकमा पनि देखियो । त्यसले यो सिंगो कालखण्डमा कहिल्यै पनि आफ्नो सबल प्रतिपक्षीय एवं अग्रगामी स्वभावलाई प्रदर्शन गर्न सकेन ।

संयुक्त जनआन्दोलनको निम्ति सबभन्दा ठूलो चुनौति चाहिं त्यसभित्रका संघटक दलहरुले कस्तो व्यवहार अवलम्बन गर्छन् भन्ने शर्तमा बढी निर्भर हुन्छ । आन्दोलन पनि गर्ने, तर भित्रभित्रै र एक्लाएक्लै प्रतिगामी केन्द्रहरुसित चोसोमोसो पनि मिलाउने कार्यनीति लिइयो भने आन्दोलनको विश्वसनीयता स्वत: कमजोर भएर जानेछ । खासगरी यसमा नेपाली कांग्रेस र नेकपा एमालेले बढी सतर्कता र उत्तरदायित्व प्रदर्शन गर्नुपर्ने देखिन्छ ।

❑ नारायण ढकाल

## महासचिवको आरोप

*मूल्यांकन*को मंसिर अंक अलि ढीलो हात पर्‍यो । उक्त अंकमा पाठकको कुरो स्तम्भ पढेपछि मलाई केही अन्योल, केही खुल्दुली र केही सकसक् लागेर आयो । ने.क.पा. एमाले पनि नेपाली कांग्रेसजस्तै अवसरवादी हो भनेर आरोप लगाउने काम *मूल्यांकन*ले गरेको छ, ने.क.पा. एमालेका विरूद्ध नकारात्मक धारणा दिनको लागि *मूल्यांकन*का लेखहरू लगातार लागिरहेका छन्, स्वयं सम्पादकको दृष्टिकोण पनि यस्तै छ, राजनैतिक पार्टीहरूलाई बदनाम गर्ने र प्रतिगमनकारीहरूलाई प्रेरित गर्ने काममा सहयोग गर्ने काम यस पत्रिकाले गरिरहेको छ । यो गम्भीर आरोप एमाले महासचिव माधव नेपालको हो ।

*मूल्यांकन* नेपालको कम्युनिष्ट र प्रजातान्त्रिक आन्दोलनका लागि सहयोग पुर्‍याउने एउटा स्वस्थ्य अन्तरक्रियामुखी पत्रिका हो, त्यसकारण पनि यस पत्रिकाको हरेक अंक उपलब्ध भएसम्म नछुटाई पढ्ने गरिन्छ । नेपालको कम्युनिष्ट आन्दोलनका लागि वैचारिक रूपले सहयोगी भूमिका निर्वाह गरिरहेको यस पत्रिकामाथि कम्युनिष्ट नाम भएकै पार्टीका महासचिवले प्रतिगमनकारीहरूलाई सहयोग गरिरहेको छ भनी आरोप लगाउनु भनेको सामान्य कुरा होइन । त्यसकारण वास्तविकता के हो स्पष्ट पारिदिनु भए मजस्ता अरू पाठकहरू पनि अन्यौलमुक्त हुने थिए होलान् ।

– दर्लामी माईला
*हजरिया, सर्लाही*

## अन्तरक्रियामा माओवादी

१०१ अंक ज्यादै पठनीय देखिन्छ । 'हाम्रो मूल्यांकन' धुन्धकारी सरकार र माओवादी दुवै पक्षलाई सन्देशमूलक देखिन्छ । आवरण कथा 'कस्तो छ माओवादी क्षेत्रभित्रको जीवन ?' का लेखकले ठूलो मेहनत गरेका देखिन्छन् । आगामी दिनहरूमा पनि यस्तै निष्पक्ष, सत्य-तथ्य, एवं सामयिक लेखको अपेक्षा गर्दछु । 'कम्युनिष्ट विश्व' पठनीय छ । खगेन्द्र संग्रौलाको अन्तर्क्रियाको भाव बुझ्न भने कठिनाइ नै पर्‍यो । अन्तरक्रियामा माओवादीलाई पनि सामेल गराउन सके राम्रो हुन्थ्यो ।

– राजु बराल
*पुम्दी-भुम्दी- १, कास्की*

## खुट्टामा बञ्चरो नहानौं

नेपालमा जो पनि भनाइमा जनताको सार्वभौम सत्तालाई नै निक्कै उछाल्ने गर्छन् तर गराइमा यसैलाई कार्यान्वयन गर्न हिच्किचाउँछन् । यसैको परिणाम होइन र संविधानसभाको विवाद ? यदि जनताको जनादेश नै सर्वोत्तम हो भने जनादेश लिन किन हिच्किचाउने ? चाहे राजा हुन् या बहुलदवादी दल हुन् या माओवादी, यी सबैले विचार गर्नुपर्ने तथ्य यही हो ।

*मूल्यांकन*को बारेमा एमाले महासचिवले पनि केही जनाउन भएको रहेछ । यसमा आंशिक सहमति मेरो पनि छ । किनकि नेपालको वापमन्थी आन्दोलनको नेतृत्व एमालेबाहेक अन्यले गर्नसक्ने स्थिति अहिले छैन । ऊसँग अझै पनि जनाधार उल्लेख मात्रामा छ । तर अहिले उसले लिएको ढुलमुले नीति भने आलोचना गर्नलायक छ । यसैको परिधिमा रहेर 'मूल्यांकन'ले एमालेको बारे पनि मूल्यांकन गर्दिए सबै पक्षक आश्वस्त हुने थिए कि ?

– रविन 'विरही' पुन (मगर)
*कुहुँ – ३, म्याग्दी, हाल: सेलानगोर मलेसिया*

## के यो राम्रो हो त ?

एम्नेष्टी इन्टरनेशनल नेपालको प्रतिवेदनअनुसार सरकारद्वारा मारिएकाहरूमध्ये ९५ प्रतिशत नक्कली भिडन्तहरूमा मारिएका छन् । यदि यो समाचार साँचो हो भने यो एउटा अत्यन्तै गम्भीर कुरा हो । चार हजारभन्दा बढी माओवादीहरू मारिएको र तिनका विरूद्ध ठूलो सफलता हासिल गरेको सरकारी दावी छ । तर ९५ प्रतिशत नक्कली भिडन्तमा मारिएको भनेपछि ३८०० जति जो मारिए, ती या त निर्दोष नागरिकहरू रहेछन्, या त हिरासतमा लिइएका निहत्था माओवादी रहेछन् । यसरी स्वतन्त्र प्रेसको मुख थुनेर, सूचना लुकाएर साँच्चैका माओवादीलाई फेला पार्न नसकेर निर्दोषहरूलाई सोत्तर पारेर 'आतंककारी' मारिए भनेर सरकारले प्रचार गरेको पो रहेछ ।

यो भनेको मानवता र मावनअधिकारको कल्पना नै गर्न नसकिने कहालीलाग्दो दुर्गति हो । तर दुःखको कुरा, यत्रो गम्भीर बहस र छलफलको विषय हुनुपर्ने विषय भए पनि अखवारहरूमा यो हेडलाइनसम्म बन्न सकेन, रेडियोहरूमा अन्तरक्रिया वा छलफलको विषयसम्म हुन सकेन, विभिन्न मानवअधिकारवादी संघसंस्थाहरू र स्वयं एम्नेष्टी इन्टरनेशनल नेपालबाट पनि पर्याप्त जमर्को भएजस्तो देखिन्न । बुद्धिजीवी वर्गमा पनि यसले कुनै हलचल पैदा गर्न सकेको देखिन्न । के यसो हुनु राम्रो हो त ?

तसर्थ, अब प्रकाशमा आएको यो तथ्याङ्क र मारिएका निर्दोषहरूका मृत्युबारे खोजपड्ताल गर्ने र यसलाई ठूलो बहसको विषय बनाउनेतर्फ तपाईंको पत्रिकामा संलग्न डा. मथुराप्रसाद श्रेष्ठ, पद्मरत्न तुलाधर, श्याम श्रेष्ठजस्ता मानव अधिकारवादीहरू र खगेन्द्र संग्रौलाजस्ता लेखकहरूको ध्यान जाओस् भन्ने आशा गर्दछु ।

– छविलाल छविन्द्र
*दाङ, हाल : काठमाण्डौं ।*

## यो त वर्ग संघर्ष भएन नि !

अहिले सर्वसाधारण निहत्था जनता दोहोरो मारमा परिरहेका छन् । माओवादीहरू अस्तित्वमा रहेर रक्षात्मक राजनीतिक भूमिका निभाउनु पर्नेमा मित्र शक्तिहरूमाथि जाइलाग्ने गरिरहेछन् । उनीहरूको जनकारवाही पनि पक्षपातपूर्ण छ । एउटा शोषकलाई मार्ने तर अर्को शोषकलाई बचाउने, यो त वर्ग-संघर्ष भएन नि । यसले गर्दा अहिले प्राप्त सीमित प्रजातन्त्र पनि गुम्ने खतरा छ ।

वर्तमान अवस्थामा मात्रात्मक रूपमा भए पनि सर्वसाधारणको लागि सरकार-माओवादीबीच वार्ता हुनु जरूरी छ ।

-श्रद्धासुब्बा
*चुलाचुली- १, कमल, इलाम*

## मूल्य

म मूल्यांकनको नियमित पाठक थिइन, यदाकदामात्रै हेर्थें । तर मजस्ता युवाहरूको वैचारिक र बौद्धिक विकासका लागि 'मूल्यांकन' अत्यावश्यक ठानेर जब मैले यसको नियमित पाठक बन्ने प्रण गरें, तब 'मूल्यांकन'को मूल्य हर्लक्कै बढेर रू. २० बाट ३० पुग्यो । पूर्णाङ्क १०२ सांस्कृतिक विशेष अंक भएका कारण पनि मजस्तो संस्कृतिप्रेमीका लागि अनिवार्य थियो । यसले संस्कृतिसम्बन्धी महत्वपूर्ण ज्ञान दियो । यद्यपि अरू अंकहरू पनि आ-आफ्नो ठाउँमा बजनदार नै छन् । तर 'मूल्यांकन'को खिन्नताको पक्ष भनेको यसको मूल्य बढ्नु नै हो ।

- सङ्गीत श्रोता
*सङ्गीतपुर, बाजुङ, पर्वत*

## महासचिवको आरोप

'मूल्यांकन' जस्तो प्रजातन्त्र र वामपन्थप्रति प्रतिवद्ध पत्रिकालाई एमालेका महासचिवले प्रतिगामीलाई मद्दत गरेको आरोप लगाएको कुरा बिल्कूलै गलत छ । एमालेलाई र अन्य वाम तथा प्रजातान्त्रिक शक्तिहरूलाई ठीक निर्णय र व्यवहार गर्न सधैं पहरेदारी गर्ने निःस्वार्थ मित्र हो- *मूल्यांकन* । यो कुरा यसका विगत १०४ अंकहरूले आफैं बताएका छन् । एमाले महासचिवको प्रतिक्रियाबाट प्रभावित भएर 'मूल्यांकन' एमालेको वा कसैको पनि तावेदार बन्न नपुगोस् । यसले आफ्नो स्वतन्त्रता र निर्भिकता नगुमाओस् । दमननाथ ढुंगानाले भन्नु भएझैं 'मूल्यांकन' हाम्रो प्रजातन्त्रको एउटा अत्यन्त सुन्दर फूल नै हो । यसले सधैं सुवास छरिरहोस् । माधव कुमार नेपाललाई यो सुवास मन पर्दैन भने त्यो उनैको कमजोरी हो ।


– सुन्दर रिमाल र त्रिभुवन थानी
*नारायणगढ, चितवन ।*

## पंच न्याली र अन्य

गतांकमा विराटनगर पंचन्यालीको चिरफार खगेन्द्र संग्रौलाले खुब मजाले गर्नुभएको रहेछ । घत लाग्यो । ओरालो लागेको अर्थतन्त्रबारे गहिरो विश्लेषण पढ्न पाउँदा ज्ञान वृद्धि भएको मानें । युवापुस्ता हावादरी संगीतमा व्यस्त भएको विवश वस्तीको विश्लेषण विचारणीय छ । सुलोचना, मानन्धर, सोन्त र गोविन्द न्यौपानेका तीनवटा कविताहरू एकै पटक पढ्न पाउँदा खुसी लाग्यो । विमल फुयाँलले *मूल्यांकन*लाई दिनुभएको सुझावमा मेरो पनि सहमति छ । प्रगतिशील लेखक संघबारे मित्रलाल पंगेनीका मागहरूमै मेरो पनि ल्याप्चे सही छाप ठोक्न चाहन्छु ।

– राजन थापा
*मानविकी प्रथम वर्ष, त्रि.वि., कीर्तिपुर*

# नेपालको एकमात्र केबुलकार मनकामना जाने सपना साकार




## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।




**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mdplstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana

DPI/mdpl/010714b

# हाम्रो प्रकाशनबाट प्रकाशित विशेष पठनीय तथा संकलनयोग्य पुस्तकहरु




**चे-ग्वेभारा**
विश्वक्रान्तिका नायक
(जीवनी)
लेखक : राजेन्द्र महर्जन

**इतिहासमा कालो पोतिएको अनुहार**
(राजदरवार हत्या काण्डबारे विशेष टिप्पणी)
लेखक : खगेन्द्र संग्रौला

**आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरु**
(जीवनीहरुको संगालो)
लेखक : तुल्सीदास महर्जन

**विश्वविख्यातहरुको सफलताको कथा**
(जीवनीहरुको संगालो)
लेखक : राजेन्द्र महर्जन

**अल्बर्ट आइन्स्टाइन र अन्य वैज्ञानिकहरु**
(जीवनीहरुको संगालो)
लेखक : तुल्सीदास महर्जन

**लुखास्त**
(हास्यव्यंग्य संग्रह)
लेखक : मनोज गजुरेल

**प्रकाशक : © अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**

# "सामुदायिक वनबारे आफूले पनि बुझौं साथीहरुलाई पनि बुझाऔं ।।"

करीव दुई दशकअघि शुरु भएको सामुदायिक वन कार्यक्रमबाट हालसम्म नेपाल अधिराज्यभर एघार हजार आठ सयभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरु गठन भई तेह्र लाख एघार हजारभन्दा बढी घर-परिवार यसका सदस्य भई लाभान्वित भएका छन् । यसरी करीव नौ लाख चालिस हजार हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भैसकेको छ । यो प्रक्रिया दिन-प्रतिदिन बढ्दो छ । यस कार्यमा सबैको समान सहभागिता अपरिहार्य छ ।

## कतै तपाईं त छुट्नु भएन ?

आउनस् आफ्नै गाउँघरमा रहेको जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेञ्जपोष्टबाट सामुदायिक वन तथा यसका गठन प्रक्रियाबारे सम्बन्धित वन प्राविधिकबाट जानकारी लिन ढिला नगरौं । यस प्राकृतिक सम्पदाको व्यवस्थापन गर्ने हामी सबैको दायित्व हो ।

**वन विभाग**
**सामुदायिक वन महाशाखा**
बबरमहल, काठमाण्डौ
फोन : ०१-२४७५९९, २२४९०३

MULYANKAN
A magazine for Thought-Interaction
लपजिपु का दन ९९/०४९/५०   मक्षेह्दन १२ ०५० ५१




उपत्यका कपी